FNJ JHAPA

# चौथो अङ्ग

२०८२/२०८३




# संकटमा छापा

नेपाल पत्रकार महासंघ झापा

# नेपाल पत्रकार महासंघ, झापा शाखा

## कार्यसमिति २०८१-०८४



**एकराज गिरी**
अध्यक्ष



**सुव्रत न्यौपाने**
उपाध्यक्ष



**बिनिता गौतम**
उपाध्यक्ष



**राजु पाठक**
सचिव



**प्रदिप परियार**
सचिव



**रमेश तिवारी**
सह–सचिव



**तिलक तामाङ योञ्जन**
सह–सचिव



**मुक्ति पौडेल**
कोषाध्यक्ष



**सन्तोष शर्मा**
सदस्य



**स्वस्तिका आचार्य**
सदस्य



**विनोद पाण्डे**
सदस्य



**द्रोण अधिकारी**
सदस्य



**भूकुमारी लिम्बू**
सदस्य



**इन्द्रकुमार राई**
सदस्य



**मनकुमार गदाल**
सदस्य



**अस्मिता साँखी**
सदस्य



**ईशा प्रधान**
सदस्य



**देवेन्द्र प्रसाई**
सदस्य



**भूमिराज पराजुली**
सदस्य



**सुदिप अधिकारी**
सदस्य



**दिपेश राजवंशी**
सदस्य



**अनुषा चुडाल**
कार्यालय सचिव

नेपाल सरकार

# सञ्चार तथा सूचना प्रविधि मन्त्रालय

मा. डा. विक्रम तिमिल्सिना
सञ्चार तथा सूचना प्रविधि मंन्त्री

सिंहदरबार, काठमाडौं
नेपाल

नेपाल सरकार सञ्चार तथा सूचना प्रविधि मन्त्रालय सिंहदरबार, काठमाडौं

## शुभकामना

नेपाल पत्रकार महासंघ झापा शाखाले "चौंथो अङ्ग" पत्रिका प्रकाशन गर्न लागेकोमा खुशी लागेको छ। संस्थाको वार्षिक साधारणसभाको अवसरमा पत्रकारिताका विविध पक्ष तथा गतिविधि समेटेर पत्रिका प्रकाशन गर्ने महासंघ झापाको कार्य सहानीय छ। महासंघ र जिल्ला शाखाहरुले पत्रकारिता र समग्र सञ्चार क्षेत्रको विकासमा खेलेको भूमिकाले पत्रकारिता क्षेत्रको अझ प्रगति हुनेछ भन्ने विश्वस लिएको छु।

सर्वप्रथम "चौंथो अङ्ग" पत्रिका प्रकाशन गर्न लागेको अवसरमा सम्बद्ध पत्रकार, कर्मचारी, आम पाठक र शुभेच्छुकहरू सबैमा हार्दिक बधाई तथा उत्तरोत्तर प्रगतिको शुभकामना व्यक्त गर्न चाहन्छु।

उन्नत लोकतन्त्रमा सञ्चार माध्यमले जनताको आवाजलाई उजागर गर्दै समाजलाई सही सूचना प्रदान गर्दछ। पूर्ण प्रेस स्वतन्त्रतालाई हाम्रो संविधानले सुनिश्चित गरेको र सरकारले जनताको सूचनाको हकलाई उच्च प्राथमिकतामा राखेको विदितै छ।

यस सन्दर्भमा, आम जनमानसमा समाजप्रतिको उत्तरदायित्व वहन गर्दै निष्पक्ष र विश्वासनीय समाचार प्रवाहद्वारा यस पत्रिका अझ सफल हुँदै जानेछ भन्ने विश्वास लिंदै पुनः हार्दिक शुभकामना व्यक्त गर्दछु।

२०८३ वैशाख ११ गते शुक्रवार।

...........................
डा. विक्रम तिमिल्सिना
मन्त्री

फोन नं. : ९७७-४२११५५५, ४२११६४०, ४२११७०१ (कार्यालय), फ्याक्स नं. : ९७७-१-४२११६००
ईमेल: bikram.timilsina@mocit.gov.np मोबाइल नं. : ९७७-९८५१४१०१०१, वेब साइट: www.mocit.gov.np

मुख्यमन्त्री

मुख्यमन्त्री
कोशी प्रदेश
विराटनगर, नेपाल

कोशी प्रदेश
पर्यटन वर्ष २०८२
कोशी प्रदेश, विराटनगर, नेपाल

## शुभकामना

नेपाल पत्रकार महासंघ झापा शाखाले झापाको पत्रकारिताको विगत र वर्तमानसहित ऐतिहासिक दस्तावेज तथा पत्रकारिताका विविध पक्ष समेटेर चौथो अंग म्यागेजिन प्रकाशन गर्न लागेको सुखद अवसरमा हार्दिक शुभकामना व्यक्त गर्दछु।

नेपालको लोकतान्त्रिक तथा गणतान्त्रिक आन्दोलनमा अग्रणी भूमिका खेलेको नेपाल पत्रकार महासंघजस्तो गरिमामय संस्थाको ओज र इतिहासले संस्था यहाँसम्म आइपुगेको मैले महसुस गरेको छु। नेपालको हरेक लोकतान्त्रिक आन्दोलनमा पत्रकार महासंघले खेलेको भूमिकालाई मैले अत्यन्तै सकारात्मक रुपमा लिएको छु। त्यसमाथि मेरो आफ्नै गृह जिल्लाका पत्रकार साथीहरुले खेल्नुभएको भूमिकालाई मैले नजिकबाट हेरेको छु। चाहे त्यो २०४६ सालको जनआन्दोलन होस् वा त्यो ६२/६३ को जनआन्दोलन होस्, यी सबै आन्दोलनमा झापाली पत्रकारहरुको योगदान अतुलनीय छ। झापाका अग्रजदेखि अहिलेसम्मका पत्रकारले समाज रूपान्तरणमा खेल्नुभएको भूमिका प्रेरणादायी छ।

झन्डै सात दशक पार गरेको झापाको पत्रकारिता आफैंमा गौरवमय छ। अझै पनि पत्रकारिताका चुनौतीहरु छन्, यी सबै चुनौतीलाई पार गर्दै लोकतान्त्रिक गणतन्त्रलाई संस्थागत गर्न पत्रकार महासंघ र पत्रकारहरूको महत्वपूर्ण दायित्व छ। नेपालको संविधानले पूर्ण प्रेस स्वतन्त्रताको ग्यारेन्टी गरेको छ। हामी नेपालको संविधानले कल्पना गरेको पूर्ण प्रेस स्वतन्त्रताको ग्यारेन्टीसहित जनजीविका, सार्वभौमसत्ता र राष्ट्रिय अखण्डताका पक्षमा दृणतापूर्वक उभिनु पर्दछ। पछिल्लो समयमा हाबी हुँदै गएको लोकप्रियतावादले कतै हामीलाई संकटको दलदलमा फसाउने त होइन भन्ने चिन्ता र चासो भइरहेको बेला पत्रकार महासंघले समाजमा सकारात्मक र सत्यतथ्य सन्देश प्रवाह गर्न योगदान गर्नेछ भन्ने अपेक्षा लिएको छु।

पत्रकार महासंघले प्रकाशन गर्न लागेको पुस्तक पत्रकारहरूको विगत र वर्तमान मात्र होइन भविष्यको विषयलाई पनि चित्रण गर्न सक्ने पठनीय र गुणस्तरीय सन्दर्भ सामाग्री हुने विश्वास लिएको छु। पत्रकारिताका विविध आयामहरु समेटेर पुस्तक प्रकाशनमा संलग्न सबै पत्रकार मित्रहरुको उन्नति र प्रगतिको कामना गर्दै प्रकाशन सफलताको पुनः शुभकामना व्यक्त गर्दछु।

११ वैशाख २०८२

हिक्मत कुमार कार्की
मुख्यमन्त्री
कोशी प्रदेश
मुख्यमन्त्री

# नेपाल पत्रकार महासंघ
## Federation of Nepali Journalists (FNJ)
केन्द्रीय कार्यालय, सञ्चारग्राम, काठमाडौं, नेपाल

Ref No. :

नेपाल पत्रकार महासंघ केन्द्रीय समिति Central Committee Federation of Nepali Journalists

मिति : २०८३।०१।०९

**शुभकामना**

स्थापनाको ३७औं वर्षमा प्रवेश गरेको नेपाल पत्रकार महासंघ झापा शाखाले वार्षिक साधारणसभाको अवसर पारेर चौथो अङ्क **म्यागेजिन** प्रकाशन गर्न लागेकोमा अत्यन्त खुसी लागेको छ । यस अवसरमा शाखा अध्यक्ष, पदाधिकारीलगायत सम्पूर्ण सदस्यहरूमा म हार्दिक बधाई ज्ञापन गर्दछु ।

झापाको पत्रकारिताको विगत, वर्तमान र ऐतिहासिक दस्तावेजसहित विविध विषयवस्तु समेटिएर प्रकाशित यो **म्यागेजिन** पत्रकारिताको अध्ययन र अनुसन्धानमा महत्वपूर्ण उपयोगी सन्दर्भ सामग्री बन्न सफल होस भनी शुभकामना दिन चाहन्छु ।

यो **म्यागेजिन**ले नागरिकमा सूचनाको पहुँच स्थापित गर्न र सूचनाको अभिवृद्धि गर्ने कार्यमा सराहनीय भूमिका निर्वाह गरी पत्रकारिताको प्रवर्द्धन र विकासमा टेवा पुऱ्याउने विश्वास लिएको छु ।

साथै, प्रेस स्वतन्त्रता र व्यावसायिक पत्रकारितालाई मजबुत बनाउन महत्वपूर्ण भूमिका निर्वाह गर्ने विश्वाससहित पत्रकारितामा रुचि राख्ने सबैका लागि यो **म्यागेजिन** उपयोगी बन्न सफल रहोस भनी हार्दिक शुभकामना व्यक्त गर्दछु ।

**निर्मला शर्मा**
**अध्यक्ष**

# नेपाल पत्रकार महासंघ
## Federation of Nepali Journalists
## कोशी प्रदेश समिति, विराटनगर
Koshi province committee, Biratnagar

☎ ०२१-४६१८२८
email:
fnjprovince1@gmail.com

प. सं.
च. नं.

मितिः २०८३ बैशाख १४



अध्यक्ष
भरत बहादुर खड्का
९८५२८३५०३३
उपाध्यक्ष
कुमोद अधिकारी
९८४२०२७८७८
उपाध्यक्ष
अम्बिका भण्डारी
९८४२६३३६१३
महासचिव
हिमाकुमारी चेम्जोङ
९८५२०५१०२५
सचिव
ध्रुब भट्टराई (सूर्यबहादुर)
९८६२००४४४३
सचिव
अरबिन्द कुमार मेहता
९८५२०२६३४२
कोषाध्यक्ष
सुदीप कोइराला
९८५२०२९९९१
सदस्यहरु
पर्शुराम थापा
९८५२८२०९९९
इन्द्र गिरी
९८५२०२३८७२
चन्द्रबहादुर कार्की
९८५२०६०४००
राजकुमार ओली
९८५१००३३०५
रामधन राई
९८४२९०५१९१
अमृता विश्वकर्मा
९८४३९०७८८९
बिनु चेम्जोङ
९८४२०७०८०६
बुद्धमाया सोङ्मी
९८५२६८५९०१
किशोर विश्वकर्मा
९८६२०१४७२८
खनेन्द्रकुमार राई (अर्जुन)
९८४२०७८६५८
लाख्पाजी शेर्पा (लाक्पा)
९८५१०६२७३४
अविनाशकुमार निधि
९८५२०२६७१४
आशीषकुमार यादव
९८५२०२५७२१
लुकमान अन्सारी
९८६२१७५९००


नेपाल पत्रकार महासंघ कोशी प्रदेश समिति Koshi Province Committee Federation of Nepali Journalists

## शुभकामना

नेपाल पत्रकार महासंघ झापा शाखाले आफ्नो ३७ वर्षे द्रविलो ऐतिहासिक यात्रालाई म्यागेजिनमार्फत बाहिर ल्याउने प्रयास गरेकोमा सर्वप्रथम नेपाल पत्रकार महासंघ कोशी प्रदेश समितिको तर्फबाट हार्दिक बधाई तथा शुभकामना व्यक्त गर्दछु ।

यस खुशीयालीमा झापा शाखाले नेपाली पत्रकारिता क्षेत्र र महासंघको गरिमालाई उच्च राख्न पुऱ्याएको योगदानको मुक्तकण्ठले प्रशंसा गर्दछु । झापामा प्रेस तथा अभिव्यक्ति स्वतन्त्रताको रक्षा गर्दै नागरिकको सूचनाको अधिकार सुनिश्चित गर्न महासंघले लिएको अग्रसरता प्रशंसनीय छ ।

कोशी प्रदेशकै सबैभन्दा बढी सञ्चारकर्मी र सञ्चार माध्यम रहेको झापा जिल्ला मोफसल पत्रकारिताको दृष्टिले मात्र नभई इतिहासमै अग्रणी रहेको छ । यस्तो ऐतिहासिक पृष्ठभूमिमा रहेको झापाको पत्रकारिता केवल सूचना सम्प्रेषण गर्ने माध्यम मात्र नभई समाजलाई सही दिशातर्फ डोऱ्याउने जिम्मेवार अभियान पनि हो । म्यागेजिन प्रकाशनले झापा जिल्लाको पत्रकारिता इतिहास, वर्तमान अवस्था, चुनौती र उपलब्धिहरूलाई दस्तावेजीकरण गर्दै भावी पुस्ताका लागि मार्गदर्शन गर्ने विश्वास लिएको छु ।

कोशी प्रदेश पत्रकारिताको उर्वर भूमि हो, जहाँ अनेकौं सक्षम, क्रियाशील र प्रतिबद्ध सञ्चारकर्मीहरू सक्रिय छन् । उहाँहरूको अनुभव, संघर्ष र उपलब्धिलाई समेटेर प्रकाशन गरिने यो म्यागेजिन निश्चित रूपमा ज्ञान, प्रेरणा र प्रतिबद्धताको स्रोत बन्नेछ । अझ भन्नुपर्दा, यो दस्तावेजीकरणको दृष्टिले अत्यन्त महत्वपूर्ण कार्य हो । साथै, यसले पत्रकारिताको व्यावसायिकता, नैतिकता र उत्तरदायित्वबोधलाई अझ मजबुत बनाउँदै नयाँ पुस्ताका सञ्चारकर्मीहरूका लागि प्रेरणाको स्रोत बन्ने विश्वास लिएको छु ।

अन्त्यमा, यस महत्वपूर्ण कार्यमा संलग्न सम्पादक मण्डल, लेखक, सहयोगी तथा नेपाल पत्रकार महासंघ झापा शाखाका सम्पूर्ण कार्यसमिति, अग्रज तथा सहकर्मीहरू धन्यवादका पात्र हुनुहुन्छ । म्यागेजिनको सफल प्रकाशन तथा प्रभावकारी प्रसारको हार्दिक कामना गर्दछु ।

धन्यवाद !

**भरत खड्का**

अध्यक्ष

☎ सम्पर्क : ०२३-५४०००७

बिर्तामोड नगरपालिका
BIRTAMODE MUNICIPALITY
नगर कार्यपालिकाको कार्यालय
OFFICE OF THE MUNICIPAL EXECUTIVE
बिर्तामोड, झापा, कोशी प्रदेश, नेपाल
Birtamode, Jhapa, Koshi Province, Nepal

# शुभकामना

नेपाल पत्रकार महासंघ झापाले आफ्नो स्थापना दिवसको ३७ औँ वर्ष पूरा गरेको यस ऐतिहासिक अवसरमा हार्दिक बधाई तथा शुभकामना व्यक्त गर्दछु ।

पत्रकारिता लोकतन्त्रको आधारस्तम्भ मात्र होइन, समाजलाई सही दिशा दिने सचेत र जिम्मेवार शक्ति पनि हो । सत्य, तथ्य र निष्पक्ष सूचनाको माध्यमबाट जनतालाई सुसूचित गर्दै राज्य र नागरिकबीचको सेतुका रूपमा पत्रकारिताले निर्वाह गर्दै आएको भूमिका अत्यन्त महत्वपूर्ण छ । यस सन्दर्भमा नेपाल पत्रकार महासंघ झापाले पत्रकारहरूको हक–हितको संरक्षण, पेशागत मर्यादाको अभिवृद्धि तथा स्वतन्त्र र जिम्मेवार पत्रकारिताको प्रवर्द्धनमा पुर्‍याएको योगदान प्रशंसनीय छ ।

साधारण सभाको अवसरमा प्रकाशन हुन लागेको चौँथो अङ्ग म्यागेजिन केवल स्मारिका मात्र नभई पत्रकारिताको इतिहास, उपलब्धि र आगामी दिनको लागि दस्तावेजका रूपमा रहने विश्वास लिएको छु । यसले पत्रकारिता क्षेत्रको अनुभव, अभ्यास र प्रतिबद्धतालाई अभिलेखिकृत गर्दै भावि पुस्ताका लागि मार्गदर्शन प्रदान गर्नेछ  भन्ने अपेक्षा गर्दछु ।

बिर्तामोड नगरपालिकाको तर्फबाट सम्पूर्ण सञ्चारकर्मीप्रति हार्दिक सम्मान व्यक्त गर्दै आगामी दिनहरूमा अझ सशक्त, निष्पक्ष, मर्यादित र जनउत्तरदायी पत्रकारिताको विकास हुँदै जाने विश्वासका साथ शुभकामना व्यक्त गर्दछु।
धन्यवाद ।

पवित्रादेवी मेहतारा प्रसाई
नगर प्रमुख

मिति २०८३/०१/१४

"पूर्वाधारयुक्त नगर, विवादी रहित कृषि र व्यवसायको अभिवृद्धि,
सभ्य र स्वस्थ नागरिक, बिर्तामोड नगरपालिकाको समृद्धि"
email: info@birtamodmun.gov.np, btmnp53@gmail.com | website: www.birtamodmun.gov.np

# विषय सूची


| | |
|---|---|
| १. झापा : पत्रकारिता र पत्रकार महासंघ | ९ |
| २. संकटमा छापा | ११ |
| ३. संकटको साथी, जानु छ अझै माथि | १८ |
| ४. सूचनाको हक सम्बन्धी ऐन कार्यान्वयनको लेखाजोखा | २० |
| ५. पत्रकारिताको कसीमा युट्युबर | २२ |
| ६. पत्रकारितामा एआइको सही प्रयोग के नेपाली पत्रकार तयार छन् ? | २४ |
| ७. कोशी प्रदेशको पत्रकारिता अवस्था, चुनौती र सम्भावना | २८ |
| ८. पञ्चायती सत्ता र त्यो बेलाको पत्रकारिता | ३१ |
| ९. झापा जिल्लाको पत्रकारिता विगत र वर्तमान | ३४ |
| १०. लेटर प्रेसदेखि अफसेट प्रेससम्मको यात्रा | ३८ |
| ११. सङ्कटको घेरामा पत्रकार महिला | ३९ |
| १२. परिवर्तित परिस्थितिमा पत्रकारिता | ४० |
| १३. पत्रकारिताको शक्ति 'स्पीड'मा होइन, विश्वासमा टिक्छ | ४१ |
| १४. झापामा रेडियो पत्रकारिता | ४३ |
| १५. झापामा दैनिक पत्रिका | ४६ |
| १६. झापामा टेलिभिजनको उदय | ४७ |
| १७. झापामा अनलाइन पत्रकारिता | ४८ |
| १८. पत्रकारितामा एआईको प्रयोग | ५४ |
| १९. सामाजिक सञ्जाल र आमसञ्चारका माध्यमहरू संकट, सहअस्तित्व र अवसर | ५६ |
| २०. मोबाइल पत्रकारिता पत्रकारिताको रूपान्तरण, अवसर र चुनौति | ५८ |
| २१. झापाली पत्रकारको सहारा पत्रकार सहारा उपचार कोष | ६० |
| २२. झापा मोडल : पत्रकार–पेन्सन | ६२ |
| २३. पत्रकार महिलालाई सुत्केरी सुविधा महासंघ झापाद्वारा आत्मबल बढाउने कार्य | ६४ |
| २४. सबल संस्थागत यात्रामा नेपाल पत्रकार महासंघ झापा | ६५ |
| २५. 'बोर्डर' पत्रकारिता आरोप, अभाव र जोखिम | ६७ |
| २६. सीमा क्षेत्रको पत्रकारिता | ६८ |
| २७. नेपाल प्रेस युनियन झापा हिजो र आज | ७० |
| २८. झापामा प्रेस चौतारी | ७२ |
| २९. प्रेस सेन्टर नेपाल : हिजो–आज | ७४ |
| ३०. झापा : पत्रकारिता र फोनिज | ७६ |
| ३१. वर्तमानको आवश्यकता स्वतन्त्र पत्रकारिता | ७७ |
| ३२. झापामा प्रेस क्लबहरू | ७९ |
| ३३. झापामा नारी सञ्चार गृह | ८१ |
| ३४. झापामा पर्यटन : पत्रकारिता र भविष्यको मार्गचित्र | ८२ |
| ३५. झापामा खेल पत्रकारिता | ८३ |
| ३६. झापामा चलचित्र पत्रकारिता | ८४ |
| ३७. गतिविधि खण्ड | ८६ |
| ३८. नेपाल पत्रकार महासंघ झापा शाखाले स्थापना गरेका पुरस्कारहरु | १२२ |
| ३९. नेपाल पत्रकार महासंघ झापाका सदस्यहरुको विवरण | १२४ |
| ४०. नेपाल पत्रकार महासंघ झापा शाखाका हालसम्मका अध्यक्षहरु | १३० |
| ४१. नेपाल पत्रकार महासंघ कोशी प्रदेश कार्यसमिति | १३४ |
| ४२. नेपाल पत्रकार महासंघ केन्द्रीय कार्यसमिति | १३५ |
| ४३. नेपाल पत्रकार महासंघका हालसम्मका अध्यक्षहरू | १३७ |
| ४४. नेपाल पत्रकार महासंघ जिल्ला शाखा/एसोसिएट संस्थाहरु | १३८ |
| ४५। नेपाल पत्रकार महासंघ झापा शाखा राष्ट्रिय परिषद् एवम् प्रदेश परिषद् सदस्यहरुको विवरण | १४२ |



प्रकाशक : **बिर्तामोड नगरपालिका** (बिर्तामोड, झापा)    भाषा सम्पादन : **राजबाबु शंकर**    ले-आउट : **सन्तोष शर्मा**    मुद्रण : **अरनिको छापाखाना** (विराटनगर)

अध्यक्षको कलम

# झापा : पत्रकारिता र पत्रकार महासंघ



● एकराज गिरी

अहिले झापाको पत्रकारिता ७३ वर्षमा हिँड्दैछ । इतिहासका दृष्टिकोणले यहाँको पत्रकारिता मोफसलकै अग्रणीमध्येको मानिन्छ । मुलुकमा प्रजातन्त्र प्राप्तिसँगै यहाँको पत्रकारिता उदय भएको पाइन्छ । प्रजातन्त्र प्राप्तिमा समेत यहाँका पत्रकार, लेखक, साहित्यकारको योगदान रहेको छ । हालसम्म प्राप्त आधिकारिक प्रमाणका आधारमा चाहिं २०१० साललाई झापाको पत्रकारिताको औपचारिक आरम्भ विन्दु मानिएको छ । २०१० साल मंसीर १२ गते झापाबाट प्रकाशन शुरु भएको 'केटो' मासिक तत्कालीन मेची अञ्चलकै पहिलो पत्रिका र त्यसका सम्पादक श्याकृष्ण उपाध्यायलाई पहिलो पत्रकारको रुपमा मानिएको छ । यसरी हेर्दा झापाको पत्रकारिताले ७२ वर्ष पार गरी ७३ वर्षमा प्रवेश गरेको छ ।

झापामा पत्रकारिताको औपचारिक आरम्भको २ वर्षपछि मात्र २०१२ साल चैत १६ गते नेपाल पत्रकार संघ केन्द्रीय समिति गठन भएको इतिहास छ । हुन त झापाको पत्रकारिता आरम्भको २ वर्ष अघि २००८ सालमै सत्यनारायण बहादुर श्रेष्ठको नेतृत्वमा नेपाल पत्रकार संघको गठन भएको बताइन्छ । यस विषयमा फोनिजले आवाज उठाउँदै पनि आएको छ । तर, गठनपछि उक्त संघ निष्क्रिय रहेको भन्दै महासंघको वर्तमान इतिहासमा त्यसलाई गणना गरिएको छैन । त्यही कारण २०१२ साल चैत १६ गते कृष्णप्रसाद भट्टराईको नेतृत्वमा गठित समितिलाई महासंघले संस्थापक मान्दै आएको छ ।

पत्रकार महासंघ केन्द्रभन्दा झापाको पत्रकारिता अग्रणी भए पनि केन्द्रमा संस्था गठनको ३६ वर्षपछि मात्र यस जिल्लामा पत्रकार संगठित भएको पाइन्छ । ९ पुस २०४६ सालमा डिल्लीराम निर्भीकको नेतृत्वमा गठन (तदर्थ समिति) भएको नेपाल पत्रकार संघ, झापा शाखा स्थापनाको ३७ औं वर्षमा छ । २०५३ साल असार ११ मा झापामा भएको केन्द्रीय अधिवेशनले तत्कालीन नेपाल पत्रकार संघलाई महासंघमा रुपान्तरण गरेको थियो ।

नेपाली पत्रकारहरूलाई संगठित गरी उनीहरूको हक-हित र अधिकारको पक्षमा क्रियाशील रहनु पत्रकार महासंघको मूल दायित्व हो । यो सँगै प्रेस तथा अभिव्यक्ति स्वतन्त्रताको रक्षा पत्रकारिताको व्यावसायिक विकास, पत्रकारको भौतिक सुरक्षा, देश र नागरिकका पक्षमा क्रियाशील रहनु महासंघको उद्देश्य हो । सारमा भन्ने हो भने, नेपाल पत्रकार महासंघ श्रमजीवी नेपाली पत्रकारहरूको साझा संस्था हो ।

आजको सूचना प्रवाह तीव्र र प्रविधिमैत्री बन्दै गइरहेको परिवेशमा पत्रकारिताको भूमिकाले झन् गहिरो अर्थ बोकेको छ । सत्य, तथ्य र निष्पक्षताको मूल्यमाथि उभिएको पत्रकारिता नै लोकतन्त्रको बलियो आधार हो । यस सन्दर्भमा झापाका अग्रज पत्रकारहरूले निर्वाह गर्दै आएको भूमिका सराहनीय मात्र होइन, प्रेरणादायी पनि छ । झापाको ७३ वर्षको पत्रकारिता र ३७ वर्षको पत्रकार महासंघले नेपाली पत्रकारिताको श्रीवृद्धिमा गर्विलो योगदान गरेको छ । झापा सम्भवत: अहिले मोफसलमै धेरै सञ्चारकर्मी तथा सञ्चारमाध्यम भएको जिल्ला बनेको छ । यहाँ पत्रिका, रेडियो, टेलिभिजन, अनलाइन न्यूज पोर्टलहरू गरी १८० को हाराहारीमा सञ्चारमाध्यम रहेका छन् । पत्रकार महासंघ झापाको सदस्य २२२ जना रहेका छन् । जसमध्ये महिला ४०, आदिवासी जनजाति ४५, मधेशी ४, दलित ९, अपांगता भएका २ र खसआर्यको संख्या १६४ रहेको छ ।

महासंघ झापा शाखाको वर्तमान कार्यसमिति १४ औं नेतृत्व हो । २८ मंसीर २०८१ सालको निर्वाचनबाट निर्वाचित कार्यसमितिको पुन: नेतृत्व गर्ने अवसर मलाई प्राप्त भयो । महासंघ झापा शाखाको इतिहासमा पहिलो पटक अध्यक्षको कार्यकाल दोहोरिन पुग्यो । यसअघि २५ चैत २०७७ सालमा १३ औं जिल्ला अधिवेशनबाट मेरो नेतृत्वमा महासंघ झापाको कार्यसमिति निर्वाचित भएको थियो । पुन: अध्यक्षको जिम्मेवारी सम्हाल्नु यथार्थमा झापाली सञ्चार क्षेत्रका अग्रजहरूको सल्लाह, आग्रह, सहकर्मी तथा नयाँ पुस्ताका साथीहरूको साथले सिर्जना गरेको अवसर हो । १३ औं कार्यसमितिको कार्यकालमा हामीले पत्रकारका हितमा तथा महासंघको विकासमा गरेका दीर्घकालीन र महत्वका कामलाई यस अवधिमा थप व्यवस्थित गर्न दिइएको जिम्मेवारीका रुपमा मैले बुझेको छु ।

कोभिड-१९ को वैश्विक असर लगायतका प्रतिकूल परिस्थितिमा पनि अघिल्लो कार्यकाल महासंघ झापाको इतिहासमै महत्वपूर्ण रहन पुग्यो । पत्रकारको सामाजिक सुरक्षाका लागि पत्रकार सहारा उपचार कोषमा रु. १ करोड ११ लाख ११ हजार १ सय ११ रकम जम्मा गरी घोषणा, भवन स्तरोन्नति, पुरस्कारहरू स्थापना र पुरस्कार अक्षयकोष व्यवस्थापन, झापाको पत्रकारिताको खोज-अन्वेषण गरिएको पुस्तक, सञ्चारकर्मी डायरी, बुलेटिन प्रकाशन, वेभसाइट सञ्चालन, क्षमता विकास, आचार-संहिता जागरण अभियान, पुस्तकालय, ई-पुस्तकालय जस्ता दीर्घकालीन महत्वका कामले त्यस कार्यकाललाई स्वर्णिम बनाएको अनुभूति छ ।

वर्तमान कार्यसमितिको कार्यकालको १७ महिना (करीब मध्यान्तर) मा छौं हामी । यसबीचमा महासंघ कोशी प्रदेश समिति, प्रेस काउन्सिल नेपाल, प्रदेश सरकार, झापाका स्थानीय सरकार सहित विभिन्न निकाय र क्षेत्रको सहकार्यमा पत्रकार र पत्रकारिताको हित प्रवर्द्धनका लागि विभिन्न कार्यक्रम सञ्चालन भइरहेका छन् । प्रेस तथा अभिव्यक्ति स्वतन्त्रता, संविधानको रक्षा, पत्रकार तथा सञ्चार गृहको सुरक्षा लगायतका विषयमा दबाबमूलक अभियान सञ्चालन भएका छन् । यस कार्यकालमा पत्रकारहरूको पेशागत सुरक्षा, सामाजिक सुरक्षा, श्रमजीवी पत्रकारहरूको हक-हित संरक्षण, क्षमता विकास लगायतका कार्यलाई

महासंघ झापाले उच्च प्राथमिकता दिएको छ। पत्रकार सहारा उपचार कोषको रकम वृद्धि, व्यवस्थित सञ्चालनमा ध्यान पुऱ्याइएको छ। प्रविधिको विकाससँगै नेपाली पत्रकारिता क्षेत्रमा देखिएका चुनौतिको सामना गर्न गर्नु पर्ने कार्यहरू, पत्रकारिता क्षेत्रमा मौलाएका विकृति-विसंगतिहरूको अन्त्यका लागि आचार-संहिता जागरण, पत्रकारिताको शुद्धीकरण र सुदृढीकरणका विषयलाई पनि प्राथमिकतामा राखिएको छ।

नेपाली मिडियामाथि बढ्दो आक्रमण, नियन्त्रण प्रयास, अवरोधहरूले अझ संकट थपेको छ। लोकतन्त्रको प्राण र सत्ताको वास्तविक प्रतिपक्ष मानिने मिडिया क्षेत्रलाई कमजोर बनाउने षडयन्त्रहरूप्रति सदैव चनाखो बन्नु पर्ने आवश्यकता छ। मिडियाप्रति अनुदार बन्ने सरकारी श्रृंखला पहिलेदेखिकै छ। संविधान जारी भई संघीयता कार्यान्वयनमा आएको दशक बित्दा पनि मुलुकमा तीनै तहका सरकारले मिडिया सम्बन्धी पूर्ण कानूनहरू बनाउन नसक्नु, बरु बेला-बेला नियन्त्रणको प्रयास गर्नुले मिडियामाथिको दृष्टिकोण र सरकारी चरित्र प्रष्ट्याउँछ। मिडियामैत्री कानून बनाएर लागू गर्नका लागि दबाब सिर्जना गर्न ढिला भइसक्यो।

स्थानीय सञ्चारमाध्यम संकटपूर्ण अवस्थामा छन्। कैयौं पत्रकारले रोजगारी गुमाएका छन्। महासंघ केन्द्र र प्रदेशले सरकारसँग समन्वय गरी मिडिया क्षेत्रको हित र दिगोपनका लागि ठोस काम गर्नु पर्ने आवश्यकता छ। स्थानीय क्षेत्रका विज्ञापन पनि राजधानीकै पत्रिकामा छाप्नु पर्ने केन्द्रीकृत सोचको उपज स्थानीय मिडिया आर्थिक रुपमा धराशायी बनेका छन्। खरीद ऐन लगायतका सरकारी कानून संशोधन र व्यावहारिक कानून बनाई स्थानीय विज्ञापन स्थानीय मिडियामा अनिवार्य प्रकाशन/प्रसारणको व्यवस्था मिलाउन सकियो भने मात्र स्थानीय तथा स्वरोजगारमूलक मिडियाको संरक्षण र प्रवर्द्धन हुन सक्छ। सरकारले निजी मिडियामाथि विज्ञापन नाकाबन्दी लगाउने होइन कि मिडियाको मूल आयस्रोत मानिएको विज्ञापनलाई समानुपातिक र पारदर्शी वितरण, स्थानीय विज्ञापन स्थानीय मिडियालाई दिने व्यवस्था गरी सबल संघीयताको अभ्यास र सुदृढ लोकतन्त्रका लागि टेवा पुऱ्याउनुपर्छ भन्ने हाम्रो जोड छ।

सामाजिक सञ्जाल अर्थात् भिडियो सहितका डिजिटल प्लेटफर्मले सिर्जना गरेका संकटको सामना गर्दै प्रविधिमैत्री बन्नुको विकल्प छैन। सामाजिक सञ्चालले सिर्जना गरेका भ्रमहरूबाट आमसञ्चारका माध्यम बदनाम छन्। आम नागरिकमा सामाजिक सञ्जाल र आमसञ्चारका माध्यम एकै हुन् भन्ने बुझाइले पनि समस्या सिर्जना गरेको छ। यस्ता विषयमा तथ्यगत रुपमा साझा बुझाइ निर्माण गर्न मिडिया जागरणको खाँचो छ। अझै पनि ठूलो संख्यामा निष्क्रिय रहेका पत्रकारहरूलाई सीप-क्षमता विकासका साथै पेशामा सक्रिय बनाउने वा सदस्यता शुद्धीकरण, लामो समय पत्रकारितामा योगदान गरेका पत्रकारलाई मानार्थ सदस्यताको व्यवस्था, महासंघको संस्थागत विकास र गरिमा वृद्धि, पत्रकारिता पेशा र पत्रकारहरूमाथि उठ्ने गरेका प्रश्नहरू, पत्रकारिताको मर्यादामा सुदृढीकरणका विषयहरू हामी माझ अझ पेचिलो बनेर बसेका छन्,जुन हाम्रो आगामी कार्यभार हुन्।

हामी डिजिटल पत्रकारिताको 'एआई' युगमा छौं। यस बीचमा बदलिएको विश्वसँगै मुलुकको राजनीतिमा आमूल परिवर्तन आएको छ। पत्रकारिता क्षेत्रमा कैयौं संकट र अवरोधहरू छन्। चुनौतिका चाङ छन्। यिनै चुनौतिहरूलाई चिर्दै अवसरहरू सिर्जना गर्नु छ। फेरि पनि हामी अघि बढ्नु छ। हामी विचलित हुने छैनौं-नागरिकको अधिकार रक्षासँगै अभिव्यक्ति तथा पूर्ण प्रेस स्वतन्त्रता, संघीयताको सबलीकरण, उन्नत लोकतन्त्रको विकास र रक्षाका लागि सरकारलाई खबरदारी गर्ने हाम्रो जिम्मेवारीलाई अझ प्रभावकारी रुपमा निर्वाह गर्नु पर्ने घडीमा छौं हामी। हाम्रा साझा मुद्दाहरू स्थापित र सम्बोधन गराउन सक्नु अहिलेको आवश्यकता हो। पत्रकारिताको शुद्धीकरण, सुदृढीकरणसँगै आपसी सद्भाव, एकता र सहकार्यबाट मात्र यो यात्रा सम्भव छ। हामीले समीक्षा गर्नै पर्छ - मुलुकको अवस्था बिग्रनुमा हामी पनि जिम्मेवार छौं र हामी कहाँ चुक्यौं ? भुत्ते भएको हाम्रो पत्रकारितालाई धारिलो बनाउन तथ्यका आधारमा सही प्रश्न गरी सरकार र जिम्मेवारीमा बस्नेहरूलाई दायित्वबोध गराउँदै भ्रष्टाचारको अन्त्य र सुशासन प्रवर्द्धनको प्रमुख भूमिका नेपाली मिडिया क्षेत्रले खेल्नु पर्छ। संस्थागत उद्देश्य हासिलका साथै नागरिक र मुलुकको हितमा हाम्रो जिम्मेवारीलाई सही ढंगले निर्वाह गर्न सक्यौं भने मात्र व्याप्त भ्रष्टाचारको अन्त्य भई सुशासन र समृद्धि हासिल हुनेमा दुई मत छैन।

तपाईंको हातमा 'चौथो अङ्ग' (२०८२) म्यागेजिन छ। वार्षिक साधारणसभाको अवसरमा हामीले यो 'चौथो अङ्ग' म्यागेजिन प्रकाशन गरेका हौं। पत्रकारिता लोकतन्त्रको 'चौथो अङ्ग' मात्र होइन, समाजको चेतना, उत्तरदायित्व र रूपान्तरणको आधार पनि हो। यही विश्वास र प्रतिबद्धताका साथ नेपाल पत्रकार महासंघ झापा शाखाले आफ्नो गतिविधि, पत्रकारिता क्षेत्रका उपलब्धि, चुनौति र सम्भावनालाई समेट्दै 'चौथो अङ्ग' म्यागेजिन प्रकाशन गर्न पाउँदा हामी गर्व गर्छौं। यसमा भएका विषयवस्तु गहन अध्ययन गरी सुधारका लागि सकारात्मक सल्लाह प्राप्त हुने विश्वास पनि गरेका छौं, जुन आगामी प्रकाशनका लागि मार्गदर्शन बन्ने छ।

'चौथो अङ्ग' म्यागेजिन केवल एउटा प्रकाशन होइन, यो हाम्रो सामूहिक यात्राको दस्तावेज हो। हाम्रो अभ्यास, अनुभव, संघर्ष र सफलताको ऐना हो। यसले पत्रकारिताको व्यावसायिकता, नैतिकता र उत्तरदायित्वलाई अझ सुदृढ बनाउन सघाउने विश्वास लिएका छौं। यस अवसरमा हामी सम्पूर्ण पत्रकार साथीहरूलाई सत्य र न्यायको पक्षमा अझ दृढ भएर उभिन, समाजप्रतिको जिम्मेवारीलाई उच्च राख्न र पेशागत मर्यादालाई सधैं अग्रस्थानमा राख्न आग्रह गर्दछौं।

अन्त्यमा, हामीलाई १४ औं जिल्ला अधिवेशनबाट निर्वाचित गरी काम गर्ने जिम्मेवारी प्रदान गर्नु भएकोमा सिंगो कार्यसमितिको तर्फबाट महासंघ झापा शाखाका सबै सदस्यहरूप्रति हार्दिक धन्यवाद तथा आभार प्रकट गर्दछु। राम्रो र उत्कृष्ट काम गर्न हामीलाई मार्गदर्शन, हौसला प्रदान गर्नु हुने अग्रजहरू, पूर्वअध्यक्षहरू, सल्लाहकारहरू, शुभेच्छुक सबैप्रति आभार व्यक्त गर्दछु। महासंघ झापाको अभियानमा सदैव साथ दिने, सहयोग गर्ने, सहकार्य गर्ने सरकार, संघ-संस्था, दाताहरूप्रति हाम्रो हार्दिक सम्मान छ।

साथै, सञ्चार क्षेत्रको हितमा महासंघले सञ्चालन गरेका अभियान सफल बनाउन खट्नु हुने कार्यसमितिका साथीहरू, कार्यालय-सचिव अनुषा चुडाल, प्राविधिक सहयोग गर्नु हुने रुपा मुखिया, प्रेमशील पौडेललाई विशेष धन्यवाद ज्ञापन गर्दछु। यस 'चौथो अङ्ग' म्यागेजिन प्रकाशनमा सहयोग गर्ने बिर्तामोड नगरपालिका, संयोजन गर्ने कार्यसमिति सचिव राजु पाठक, भाषा सम्पादन गर्नु हुने राजबाबु शंकर, ले-आउट गर्नुहुने सन्तोष शर्मालाई धन्यवाद ज्ञापन गर्दछु। आगामी दिनमा पनि महासंघ झापालाई सबै क्षेत्रबाट साथ, सहयोग, हौसला र प्रेरणा प्राप्त भइरहने विश्वास व्यक्त गर्दछु। धन्यवाद ! ❖

# संकटमा छापा



● राजु पाठक

### पृष्ठभूमि

विश्वमा पत्रकारिताको शुरुवात छापा माध्यमबाट भएको पाइन्छ । छैठौं शताब्दीमा चीनबाट प्रकाशित भएको 'त्सिंगपाओ' मासिक विश्वको पहिलो पत्रिका हो । जर्मनीमा पन्धौं शताब्दीमा पाण्डुलिपि पत्रिकाको शुरुवात भयो । सन् १९५६ मा भेनिसमा 'नोटिजीस्कुते' पत्रिका राज्यद्वारा प्रकाशन भयो । आधुनिक स्वरुपको समाचार-पत्र नेदरल्याण्ड्सबाट सन् १५२६ देखि प्रकाशन भएको 'न्युजाइटुङ'लाई मानिन्छ ।

बेलायतमा १४६० को दशकमै छापाखानाको विकास भएको थियो । सन् १७०२ मा बेलायतबाट दैनिक पत्रिका 'द लण्डन डेली करेन्ट' प्रकाशन भएको थियो । सन् १९२१ देखि बेलायतबाटै त्यो समयको प्रख्यात पत्रिका 'म्यानचेस्टर गार्जियन'को प्रकाशन प्रारम्भ भयो । अमेरिकाबाट सन् १६९० मा 'पब्लिक आकरेन्सेस'को प्रकाशन भयो । १७९३ मा 'मिनर्वा' दैनिकको प्रकाशन शुरु भयो । फ्रान्समा सन् १६३१ म, रुसमा १७०२ मा र टर्कीमा सन् १९९५ देखि पत्रपत्रिका प्रकाशनले निरन्तरता पाएको देखिन्छ ।

विश्वको सबैभन्दा पुरानो जीवित अखबार इटालीको 'ला गजेट डी मोन्टभा' हो । सन् १६६४ देखि प्रकाशन भएको यो अखबार अहिलेसम्म निरन्तर प्रकाशन भइरहेको छ । छिमेकको देश भारत विश्वकै धेरै पत्रपत्रिका प्रकाशन हुने देशमा पर्छ । भारतबाट प्रकाशन हुने केही पत्रिकाले शतक लामो इतिहास बोकेका छन् । भारतमा १७८० जनवरीदेखि 'बंगाल गजेट' प्रकाशन भयो । सन् १८२६ देखि हिन्दी भाषाको पहिलो पत्रिका 'सम्वाद कौमुदी' प्रकाशन भयो । गुजराती भाषामा प्रकाशन हुने 'बम्बे समाचार' सन् १८२२ देखि प्रकाशन भएको हो । अंग्रेजी भाषामा प्रकाशित हुने 'दी टाइम्स अफ भारत' भारतको सबैभन्दा बढी छापिने अखबार हो ।

विभिन्न समयमा प्रकाशन भएका छापा माध्यम (अखबार)ले ती मुलुकको राजनीतिक परिवर्तन र स्वतन्त्रताका लागि महत्वपूर्ण भूमिका निर्वाह गरेका छन् । उपनिवेशबाट मुक्त हुन मात्र होइन, अभिव्यक्ति स्वतन्त्रताका पक्षमा समेत अखबारले योगदान पुऱ्याएका छन् । अखबार बाहेक अन्य सञ्चारमाध्यमको इतिहास भर्खर सय वर्ष पार हुँदैछ । 'बीबीसी' शुरु भएको समयलाई आधार मान्दा रेडियो प्रसारणले सय वर्ष पूरा गरेको छ । टेलिभिजनको इतिहास त्यो भन्दा कान्छो छ । २१ औं शताब्दीमा आइपुग्दा पनि सूचना र सञ्चारको क्षेत्रमा छापा माध्यम (अखबार)को जति भूमिका अन्य सञ्चारमाध्यमले निर्वाह गर्न सकेका छैनन् ।

### नेपालमा छापाखाना

मानव सभ्यताको विकाससँगै छपाई प्रविधि परिवर्तन हुँदै आएको छ । पुरानो लेखन प्रणालीदेखि आधुनिक डिजिटल छपाईसम्मको अवस्थाले सञ्चार क्षेत्रमा उल्लेखनीय भूमिका खेलेको छ । नेपालमा पनि फल्याकमा प्रतिविम्बी अक्षरहरू इम्बोस्ड रुपमा खोपी नेपाली कागजमा मसी लगाएर नाग छाप्ने कार्य परापूर्वकालदेखि चलिआएको थियो । तर, आधुनिक मुद्रण प्रविधिको इतिहास जंगबहादुर राणाको बेलायत भ्रमणसँगै वि.स.१९०८ मा भित्रिएको गरुड चिन्ह अंकित प्रेसलाई मानिन्छ । जसलाई आमभाषामा 'गिद्दे प्रेस' भनिन्थ्यो । यो प्रेस स्थापना भएको केही वर्षपछि 'मनोरञ्जन' छापाखाना स्थापना भयो । १९१९ सालमा मनोरञ्जन प्रेसबाट 'मोक्षसिद्धि' नामक पुस्तक छापियो । १९२७ सालमा नेपालमा पहिलो ऐनको किताब छापियो । यो प्रेसले स्थापनाकालदेखि नै सरकारी तथा गैरसरकारी काम गरेको पाइन्छ । १९३० देखि १९३३ सालको बीचमा वीर शम्शेरको निवासस्थानमा नारायणहिटी छापाखाना स्थापना गरियो । त्यसपछि १९४९ सालतिर बसन्तपुरमा जङ्गी लिथोग्राफी प्रेस स्थापना भएको पाइन्छ ।



छापाखानाको इतिहास हेर्दा नेपालमा पनि प्रेस निर्माण भएको तथ्य भेटिन्छ। १९४९ सालमा कुवेररत्न बज्राचार्य (दुरकाजी)ले हाते प्रेस बनाएका थिए। नेपालमा बनेको पहिलो प्रेसका रुपमा रहेको सो बुद्ध प्रेस फलामे हाते प्रेस थियो। १२-१६ साइजको कागज छापिने यो प्रेस १९४९ देखि १९७९ सालसम्म चालू रहेको पाइन्छ। यो प्रेसबाट संस्कृत र नेवारी भाषाका धार्मिक पुस्तकहरू छाप्ने गरिन्थ्यो। २००७ सालको राजनीतिक परिवर्तनसँगै नेपालमा छापाखानाको विकास भएको हो। २०१४ सालमा एजुकेशन प्रेस स्थापनासँगै नेपालमा अटोमेटिक मेसिनहरू भित्र्याइएका थिए। २०२४ सालमा इजुकेशन प्रेसले नै अफसेट प्रेस स्थापना गरेको थियो। २०३४-'३५ सालमा 'गोरखापत्र'मा जर्मनीको मिलर कम्पनीमा निर्मित सिङ्गल कलर र मिलर अफसेट मेसिन ल्याइएको थियो। २०४२ सालमा गोरखापत्रले चीनबाट एकैपटक दुई कलर छाप्ने सिटफेड अफसेट मेसिनरी प्लान्ट थपेको थियो। नेपालमा सरकारी छापाखाना बाहेक व्यावसायिक रुपमा पहिलो पटक १९५० सालमा पण्डित मोतीकृष्ण र धीरेन्द्रकृष्णले 'पशुपति प्रेस' नामक छापाखानाको स्थापना गरेका थिए।

२०४६ सालमा प्रजातन्त्र पुनर्बहाली भएपछि छापाखाना तथा पत्रपत्रिका सम्बन्धी मौलिक हकको संवैधानिक व्यवस्था भयो। त्यसपछि छापाखाना उद्योग व्यवसायले तीव्रता पाएको हो। नेपालमा अहिले उल्लेखनीय मात्रामा आधुनिक प्रेसहरू सञ्चालनमा छन्। शहरी क्षेत्रमा आधुनिक मेसिनहरू भित्र्याउने क्रम बढ्दो छ। तर, पहाडी र दुर्गम क्षेत्रमा अझै पनि प्रेस (छापाखाना)को सहज उपलब्धता छैन।

## नेपालमा छापा माध्यम

नेपालको पहिलो समाचारमूलक पत्रिका 'गोरखापत्र' १९५८ साल बैशाख २४ गते प्रकाशन भएको थियो। १९४३ सालमा नेपाली भाषामा मोतीराम भट्टले काशीबाट प्रकाशन गरेको 'गोरखा भारत जीवन'लाई पहिलो पत्रिकाको रुपमा लिइन्छ। नेपालमै छापिएको पहिलो पत्रिका १९५५ सालमा प्रकाशित 'सुधासागर' हो। तर, समाचारमूलक पत्रिका भने 'गोरखापत्र' नै पहिलो हो। गोरखापत्र १९५८ साल बैशाख २४ गतेदेखि १९९१ बैशाखसम्म साप्ताहिक रुपमा प्रकाशन भयो। २००० साल असोजदेखि २००३ साल पुस २ गतेसम्म हप्ताको दुई दिन (अर्ध साप्ताहिक) र २००३ साल पुस ८ गतेदेखि २०१७ साल फागुन ४ गतेसम्म सोमबार, बुधबार र शुक्रबार हप्ताको तीन दिन प्रकाशित हुँदै आएको गोरखापत्र २०१७ साल फागुन ७ गतेबाट दैनिक रुपमा प्रकाशन भइरहेको छ। २०२० साल असार २५ गतेदेखि गोरखापत्र कर्पोरेशन ऐन-२०१९ अन्तर्गत गोरखापत्र संस्थानको रुपमा यो पत्रिकाले संस्थागत स्वरुप प्राप्त गरेको हो। संस्थागत भएसँगै गोरखापत्रले २०२२ साल पुस १ गतेबाट अंग्रेजी भाषामा दैनिक 'दि राइजिङ नेपाल', २०२५ सालदेखि 'मधुपर्क' मासिक, २०४५ साल असारबाट 'युवामञ्च' मासिक र २०४७ साल बैशाखदेखि बालबालिकाका लागि 'मुना' मासिक प्रकाशन गर्न शुरु गरेको हो।

नेपालमा छापा पत्रकारिताको इतिहास पनि धेरै पुरानो छैन। राणा शासनको कठोर नियन्त्रणमा सञ्चारमाध्यमको विकास पनि रोकिएको थियो। राज्यसत्ता र शासकका इच्छा विपरीतको पत्रकारिता असम्भव जस्तै थियो। सञ्चारमाध्यमहरू प्रायः निषेधित थिए। राणा शासनको अन्त्यसँगै २००७ सालपछि विस्तारै अन्य पत्रिकाहरू प्रकाशन हुन थाले। २००७ साल फागुनदेखि 'जागरण' साप्ताहिक र २००७ साल फागुन ८ गतेदेखि सिद्धिचरण श्रेष्ठको सम्पादनमा 'आवाज' दैनिक प्रकाशन भयो। 'आवाज' नै निजी क्षेत्रबाट प्रकाशित नेपालको पहिलो दैनिक पत्रिका हो। त्यसपछि २०११ साल भदौ २४ गतेदेखि मणिराज उपाध्यायको सम्पादनमा 'समाज' दैनिक प्रकाशन हुन थाल्यो। २०१३ साल कार्तिक २८ गतेबाट 'हालखबर' दैनिकको प्रकाशन शुरु भयो।

नेपालको पहिलो अंग्रेजी पत्रिका वरुण शम्शेरको सम्पादनमा सन् १९५४ मा प्रकाशित 'नेपाल गार्जियन' हो। यो पत्रिकाको छपाई भने कलकत्तामा भएको थियो। राणा शासनको अन्त्यसँगै फस्टाएको पत्रकारिता क्षेत्र २०१७ सालमा राजा महेन्द्रले पञ्चायती व्यवस्था लागू गरेपछि पुनः खुम्चिन पुग्यो। तत्कालीन सरकारले सञ्चारमाध्यमलाई नियन्त्रणमा राख्यो। सञ्चारमाध्यमले राजतन्त्रको पक्षमा मात्र लेख्नु पर्ने अवस्था बनाइयो। तर, यस्तो अवस्थामा पनि साप्ताहिक पत्रिकाहरूको भूमिगत वा अर्थस्वायत्त प्रयास चलिरह्यो। छापा माध्यमले शासनप्रति असन्तोष प्रकट गर्दै प्रजातन्त्र बहालीका लागि नागरिकलाई सुसूचित गर्ने काम गरिरहे। २०४६ सालको जनआन्दोलनपछि मुलुकमा प्रजातन्त्र स्थापना भयो। बहुदलीय व्यवस्थासँगै सञ्चार क्षेत्रमा पनि स्वतन्त्रता आयो। २०४६ सालपछि नेपाली पत्रकारिताको सुनौलो युग शुरु भएको मानिन्छ।

## झापा जिल्लाको छापा पत्रकारिता

झापाको पत्रकारिता इतिहास ७२ वर्ष पुरानो छ। २०१० साल मंसीर १२ गतेदेखि प्रकाशन भएको 'केटो' पाक्षिक झापाको पहिलो समाचारमूलक पत्रिका हो। श्यामकृष्ण उपाध्याय सम्पादक र देवलाल घिमिरे प्रकाशक रहेको 'केटो'ले झापालाई पत्रकारिताको क्षेत्रमा अग्रसर गरायो। त्यो समयमा प्रशासनको कोपभाजनमा परेर प्रकाशन भएको १ वर्षमै सो पत्रिका बन्द भएपछि २०१८ साल भदौदेखि श्यामकृष्णकै सम्पादनमा 'युवा' पत्रिका प्रकाशन भएको थियो।

झापामा पत्रपत्रिका दर्ताको शुरुवात भने २०२० साल भदौ १७ गतेदेखि भएको पाइन्छ। 'भानु' साहित्यिक त्रैमासिक पत्रिका झापा जिल्ला प्रशासन कार्यालयमा दर्ता भएको पहिलो पत्रिका हो। भद्रपुरबाट श्यामकृष्ण उपाध्यायले नै २०२६ सालबाट प्रकाशन गर्न थालेको 'आलोक' साप्ताहिक २०४८ सालसम्म प्रकाशन भएको थियो। चन्द्रगढीबाट २०२६ साल बैशाखमा नकुल काजी र डिल्लीराम निर्भीकको सम्पादनमा 'विवेचना' मासिक, २०२६ साल असोज २४ गतेदेखि चूडामणि रेग्मीको सम्पादनमा 'युगज्ञान' साप्ताहिक र २०२९ सालमा चन्द्रगढीबाटै नकुल काजीको सम्पादनमा 'विवेचना' अर्धसाप्ताहिकको प्रकाशन शुरु भयो। २०३४ साल असोजदेखि साप्ताहिक रुपमा प्रकाशन भएको विवेचनाको २०४० सालमा दर्ता खारेजी भयो। पत्रिका बन्द भयो।

त्यसको निकै पछि २०५० सालमा पुनः 'विवेचना' दैनिक दर्ता गरेर नकुल काजीले भद्रपुरबाट प्रकाशन शुरु गरे। २०५६ सालबाट विवेचना दैनिक बिर्तामोडबाट प्रकाशन हुन थाल्यो। लामो समयसम्म निरन्तर प्रकाशन भएको यो पत्रिका नकुल काजीले स्वामित्व हस्तान्तरण गरेपछि केही वर्ष प्रकाशन भएर हाल बन्द छ। विवेचनाले झापामा धेरै पत्रकारहरू उत्पादन गरेको मानिन्छ। २०२९ सालमा डिल्लीराम निर्भीकको सम्पादनमा प्रकाशन भएको 'सिद्धार्थ' पाक्षिक २०३७ सालदेखि साप्ताहिक र २०४७ सालदेखि अर्धसाप्ताहिक रुपमा प्रकाशन भयो। २०३९ सालदेखि निर्भीककै सम्पादनमा भद्रपुरबाट 'हिजोआज' दैनिक प्रकाशन भयो। लामो समयसम्म प्रकाशन भएको यो पत्रिका पनि हाल बन्द छ।




वि.स.२०४० देखि बिर्तामोडबाट मदन ढकालको सम्पादनमा 'शनिबार' साप्ताहिक प्रकाशन भएको थियो । २०४० सालमै भद्रपुरबाट मोहनबहादुर ढुंगानाले 'स्वतन्त्र आवाज' साप्ताहिक प्रकाशन गरेका थिए । २०४९ सालमा यो पत्रिकाको स्वामित्व देवेन्द्रकिशोर ढुंगानाले लिएका थिए । बीचमा केही वर्ष बन्द रहेको यो पत्रिका केही समय यता निरन्तर प्रकाशन भइरहेको छ । २०४० सालमा माया देवानले भद्रपुरबाट प्रकाशन थालेको 'वरुण' साप्ताहिक अहिले पनि निरन्तर प्रकाशन भइरहेको छ । 'वरुण' नै महिला प्रकाशक रहेको झापाको पहिलो समाचारमूलक पत्रिका हो ।

झापाबाट २०४७ सालभन्दा अघि प्रकाशन भएका अधिकांश पत्रिका बन्द भएका छन् । २०४७ सालमा बिर्तामोडबाट लीला उदासीको सम्पादनमा शुरु भएको 'स्वाधीन सम्वाद' साप्ताहिक २०५४ सालदेखि माधव विद्रोहीको सम्पादनमा नियमित प्रकाशन भइरहेको छ । २०५२ साल मंसीर १ गतेबाट प्रकाशन भएको 'पूर्वाञ्चल' दैनिक मोफसलमा अफ्सेट प्रविधि भित्र्याउने पहिलो पत्रिका हो । पूर्वाञ्चल अहिले पनि नियमित प्रकाशन भइरहेको छ । २०५३ सालमा भद्रपुरबाट गोपाल गिरीको सम्पादनमा शुरु भएको 'साप्ताहिक समाचार' बीचमा केही वर्ष बन्द भए पनि २०७२ साल भदौदेखि राजबाबु शंकरको सम्पादनमा निरन्तर प्रकाशन भइरहेको छ ।

झापामा अफसेट प्रेसबाट प्रकाशित भएको पहिलो साप्ताहिक पत्रिका 'मेची खबर' हो । 'मेची खबर' नै झापाबाट लगभग १ वर्ष रंगीन कलेवरमा प्रकाशित भएको साप्ताहिक पत्रिका पनि हो (जतिबेला सम्पादक/प्रकाशकका रुपमा म राजु पाठक थिएँ) । २०५४ सालमा भद्रपुरबाट राजबाबु शंकरको सम्पादनमा प्रकाशन भएको यो पत्रिका हाल झुलन रेग्मीको सम्पादनमा प्रकाशन भइरहेको छ । २०५४ सालमा भद्रपुरबाट शेखर पाण्डेको सम्पादनमा प्रकाशन भएको EASTERN ECHO झापाको पहिलो अंग्रेजी साप्ताहिक पत्रिका हो । यो पत्रिकाले पनि निरन्तरता पाउन भने सकेन । २०५५ सालमा राजेश ढुंगानाले 'जनसंसद' दैनिक दर्ता गरे । २०६२ सालदेखि मेचीनगरबाट मोहन काजी न्यौपानेको सम्पादनमा लामो समयसम्म प्रकाशन भएको 'जनसंसद्' पछिल्लो समय मुक्ति पौडेलको सम्पादनमा प्रकाशन भए पनि कोभिड-१९ पछि पत्रिका बन्द छ । र, अहिले जनसंसद् को अनलाइन पोर्टल मात्र सञ्चालनमा छ ।

वि.स.२०६२ मा बिर्तामोडबाट तीर्थ सिग्देलले 'न्यू मेची टाइम्स' दैनिक आफ्नै सम्पादन/प्रकाशनमा शुरु गरे । पछिल्लो समय सुशीला संग्रौलाको सम्पादनमा प्रकाशित यो पत्रिका पनि कोभिड-१९ पछि बन्द भयो । २०६२ सालदेखि दमकबाट गञ्जबहादुर दाहालको सम्पादनमा शुरु भएको 'पूर्व सन्देश' दैनिक निरन्तर प्रकाशन भइरहेको छ । दाहालको सम्पादनमा त्यसभन्दा अघिदेखि 'जनज्योति' साप्ताहिक पनि प्रकाशन भइरहेको छ । २०६४ सालमा

गोविन्दचन्द्र छेत्रीको सम्पादनमा बिर्तामोडबाट प्रकाशित 'अर्जुनधारा' दैनिक पनि केही वर्षअघि बन्द भयो । २०६५ सालदेखि बिर्तामोडबाट लीला बरालको सम्पादनमा प्रकाशन भएको 'प्रतिदिन' दैनिक हाल इन्द्रसिंह राजवंशीको सम्पादनमा निरन्तर प्रकाशन भइरहेको छ । २०६५ सालबाट झापामा पहिलो पटक शुरु भएको अपरान्ह बजारीकरण हुने दैनिक 'झापा पोष्ट' प्रकाशनको १ वर्षपछि अन्य पत्रिका जस्तै बिहान वितरण हुन थाल्यो । माधव विद्रोही र तारामणि सापकोटाले शुरु गरेको सो पत्रिका ३ वर्षसम्म निरन्तर प्रकाशन भयो ।

त्यसपछि लामो समय बन्द भएको 'झापा पोष्ट'को स्वामित्व लिएर रेगिना भट्टराईले दमकबाट प्रकाशन शुरु गरिन् । कोभिड-१९ पछि बन्द भएको 'झापा पोष्ट'को स्वामित्व पछिल्लो पटक मिलन आचार्यले लिएपछि २०८२ कार्तिकदेखि निरन्तर प्रकाशन भइरहेको छ । दमकबाट प्रकाशन शुरु भएपछि पत्रिकाको सम्पादकीय भूमिकामा विमल लामिछाने छन् । दमकबाट युवा पत्रकार कमन देवानको सम्पादनमा प्रकाशन भएको 'पिपुल्स टाइम्स' दैनिक, मेचीनगरबाट मोहन काजीको सम्पादनमा प्रकाशन भएको लोकतन्त्र पोस्ट र झुलन रेग्मीको सम्पादनमा शुरु भएको 'बोर्डरल्याण्ड' दैनिक हाल बन्द छन् । अहिले झापाबाट पूर्वाञ्चल, प्रतिदिन, इजलास, झापा पोष्ट र पूर्व सन्देश गरी ५ वटा दैनिक र २५ वटा साप्ताहिक पत्रिका नियमित प्रकाशन भइरहेका छन् । जसमध्ये ४ वटा दैनिक र २० वटा साप्ताहिक पत्रिका प्रेस काउन्सिल-नेपालको वर्गीकरणमा परेका छन् ।

### छापा पत्रकारिताको विकास

वि.स.२०४७ देखि २०५७ सालसम्मको एक दशकलाई नेपाली छापा पत्रकारिताको विकासको दशक मानिन्छ । पत्रपत्रिकाको अभूतपूर्व विकास र विस्तार भएको सो दशकलाई छापा पत्रकारिताको स्वर्णिम युग समेत भनिन्छ । २०४६ सालको जनआन्दोलनपछि मुलुकमा प्रजातन्त्र स्थापना भयो । राजनीतिक स्वतन्त्रतासँगै नागरिकमा पनि स्वतन्त्रताको आकांक्षा जाग्यो । शिक्षाको पहुँचसँगै नागरिकको चेतनास्तर पनि बढ्यो । जसले पत्रकारितालाई अझ मजबुत बनायो । त्यो समयमा छापा माध्यम समाचार सम्प्रेषण गर्ने माध्यम मात्र रहेनन्; बरु आमनागरिकको भावना, आकांक्षा र असन्तुष्टि व्यक्त गर्ने प्लेटफर्म र सरकारको प्रतिपक्ष बने । नयाँ साप्ताहिक र दैनिक पत्रिकाहरू क्रमशः बजारमा आउन थाले । कान्तिपुर, नेपाल समाचारपत्र, नागरिक, अन्नपूर्ण

## छापा माध्यमले अब के गर्ने ?

प्रविधि र जीवनशैलीको तीव्र विकासले परम्परागत छापा पत्रकारिता उद्योगलाई गम्भीर चुनौति दिएको यथार्थलाई नकार्न सकिँदैन । तर, चुनौतिसँगै छापा माध्यमको सम्भावना पनि छ । सस्तो, छिटो सूचना प्रविधिको युगमा पनि केही राणनीति सुधार गर्न सके विश्वासिलो सूचना प्रवाह गर्ने छापा पत्रकारिताको महत्व कायम हुन सक्छ ।

- तत्कालको समाचारभन्दा पनि पत्रिकाले विश्लेषणात्मक रिपोर्टिङ, खोजमूलक समाचार, अनुसन्धानमूलक लेख, तथ्यमा आधारित फिचरहरू प्रकाशनमा जोड दिनु पर्छ । कपी पेष्ट र अनलाइनमा पाइने सतही सूचनाभन्दा फरक सामग्रीले पुनः पाठकको आकर्षण प्राप्त गर्न सकिन्छ ।
- सबैका लागि समाचार उत्पादन/प्रकाशन र प्रसारण गर्ने अवस्था सम्भव छैन । पत्रिकाले लक्षित समूह पहिचान गरी तिनका चासोका विषयमा सामग्री प्रकाशन गर्नु पर्छ । विशेष क्षेत्रका लागि विशेष संस्करण जस्तैः आर्थिक, वैदेशिक रोजगार, विज्ञान प्रविधि, शिक्षा लगायतका विषयमा फरक ढङ्गले काम गर्न जरुरी छ ।
- छोटो र छरितो समाचार डिजिटल सञ्चा माध्यममा लोकप्रिय भए पनि अझै पनि गहिरो अनुसन्धानात्मक रिपोर्ट, अन्तर्वार्ता र फिचरहरूको माग छ । पत्रिकाहरूले यस्ता गुणस्तरीय सामग्री तयार पारेर आफूलाई अन्य मिडियाभन्दा पृथक र विशिष्ट बनाउन सक्छन् ।
- सञ्चारमाध्यममाथि बढ्दो अविश्वासको वातावरणमा पत्रिकाले आफ्नो निष्ठा, लगन र सामाजिक जिम्मेवारीलाई पहिलो प्राथमिकता दिनु पर्छ । निरपेक्षता, निष्पक्षता र नागरिकको हक प्राप्तिका खातिर नडगमगाइकन काम गर्न सके पाठकमा हराउँदै गएको विश्वास पुनर्स्थापित गर्न सकिन्छ ।
- अब छापा माध्यमले विज्ञापनमा मात्रै निर्भर रहेर पुग्दैन । त्यसैले सदस्यता शुल्क, विशेष रिपोर्ट बिक्री, विशेषाङ्क प्रकाशन जस्ता माध्यमबाट नयाँ आर्थिक मोडेल निर्माण गर्नु पर्दछ ।
- प्रविधिको विकास डिजिटल डिभाइसतिर व्यस्त हुँदा पठन संस्कृति हराउँदै गएको परिप्रेक्ष्यमा विशद् ज्ञान हासिल गर्न, रचनात्मक सोच विकास गर्न र विचार निर्माण गर्न पत्रिका, म्यागेजिन पढ्नै पर्छ । यो बानीले मानिसको व्यक्तित्व र नेतृत्व क्षमता वृद्धि गर्छ । हराउँदै गएको पठन संस्कृति क्रमिक रूपमा फर्किन्छ । यो कुरालाई आत्मसात गरेर पाठकले खोजेको खुराक दिन सके पत्रिकाले पुनः पाठकको मन जित्ने छन् ।
- लाखौं मानिस अहिले पनि पत्रिका (अखबार) पढ्छन् । अखबारमा छापिएका सबै सामग्री पढ्नेको संख्या ठूलो छ । अखबारको भविष्य छ । तर, पठनीय सामग्रीको विविधता तर्फ ध्यान दिनु पर्छ । मेहनत गरेर नयाँ-नयाँ खुराक दिन सके छापा माध्यमलाई जोगाउन सकिन्छ ।

अन्त्यमा, प्रविधिको विकासले सञ्चारमाध्यमको स्वरूप र शैलीहरू फेरिए पनि छापा माध्यमको महत्व र आकर्षण जिम्मेवार पत्रकारितामा अझै पनि उत्तिकै सान्दर्भिक छ । रेडियो, टेलिभिजन र अनलाइन सञ्चारमाध्यमको विकासका कारण छापा माध्यमको महत्व खस्केको होइन । छिटो सूचनाको युगमा गहिरो सोच र विश्लेषणको खाँचो झन् बढेको छ । गहिरो अनुसन्धानमूलक समाचार, त्यसमा आधारित विशेष सामग्री, विश्लेषणात्मक रिपोर्ट र समाजमा सकारात्मक परिवर्तन ल्याउने भूमिका छापा माध्यमको बलियो पक्ष हो ।

गुणस्तरीय सामग्री उत्पादन, लक्षित पाठक र नयाँ व्यावसायिक मोडलको खोजी गरेर छापा माध्यम पुनः उत्कर्षमा पुग्न सक्छन् । कागजमा मात्र होइन, डिजिटल स्पेसमा पनि आफूलाई सशक्त बनाउँदै सत्य, तथ्य सूचनाको स्रोत बन्ने चुनौती स्वीकारेन भने छापा माध्यम तयार हुनै पर्छ । छापा माध्यमले आफ्नो शैली परिवर्तन गर्न नसक्दा केही समस्या देखिएका हुन् । डिजिटल युगको विकास हुँदै गरोस्, अझ नवीन प्रविधि आउँदै गरोस् । तर, सामाजिक र राजनीतिक परिवर्तनको संवाहकका रुपमा स्थापित छापा माध्यमको महत्व र आवश्यकता कहिल्यै घट्दैन ।

## झापा जिल्लाका नियमित प्रकाशन हुने दैनिक पत्रिकाहरू

| क्र.स. | नाम | प्रधान सम्पादक/ सम्पादक | अध्यक्ष/ प्रकाशक | कार्यालय (ठेगाना) | फोन | इमेल |
|---|---|---|---|---|---|---|
| १ | पूर्वाञ्चल दैनिक | एकराज गिरी | भरतलाल गिरी | बिर्तामोड- १ | ०२३-५४१००२ | purwanchal2052@gmail.com |
| २ | प्रतिदिन | इन्द्रसिंह राजवंशी | नवसञ्चार गृह प्रा.लि. | बिर्तामोड-४ | ०२३-५३३८२० | pratidin65@gmail.com |
| ३ | इजलास दैनिक | प्रदीप परियार | टाइम्स मिडिया नेटवर्क | बिर्तामोड-४ | ०२३-५४५०२८ | ijalaasdaily@gmail.com |
| ४ | पूर्वसन्देश दैनिक | गञ्जबहादुर दाहाल | गञ्जबहादुर दाहाल | दमक-५ | ०२३-५८०२७२ | purbasandesh@yahoo.com |
| ५ | झापा पोष्ट | मिलन आचार्य<br>बिमल लामिछाने | मिलन आचार्य | दमक-५ | ९७००१६८३०७ | dailyjhapapost@gmail.com |

पोस्ट, नयाँ पत्रिका, राजधानी जस्ता ठूला ब्रोडसिट पत्रिकाहरूले नयाँ आयाम थपे ।

साप्ताहिक र मासिक पत्रपत्रिका प्रकाशनमा बढोत्तरी भएको त्यो समयमा छापा माध्यमले लोकप्रियता कमाए । काठमाडौं बाहिरबाट पनि यो अवधिमा धेरै पत्रिका प्रकाशन भए । सो अवधिमा पत्रकारिता पेशागत र व्यावसायिक रुपमा स्थापित भयो । विज्ञापनको बजार फस्टाउँदै गयो । पत्रपत्रिकाले स्वतन्त्र आर्थिक मोडल विकास गरे । त्यो समय छापा माध्यम सूचनाको प्रमुख स्रोत थिए । सूचना र जानकारीका लागि पत्रपत्रिकाहरू निर्विकल्प जस्तै थिए । यो दशक छापा पत्रकारिताका लागि मात्र होइन, नेपाली सञ्चार जगतमा अभूतपूर्व प्रगतिको दशक पनि थियो ।

### छापामा चुनौति

नेपालको राजनीतिक परिवर्तनमा महत्वपूर्ण भूमिका निर्वाह गरेका छापा माध्यम (पत्रपत्रिका)ले अहिले अनेक चुनौतिको सामना गरिरहेका छन् । पञ्चायतकालमा व्यवस्था परिवर्तनका लागि पत्रपत्रिकाले महत्वपूर्ण योगदान गरेका थिए । २०४६ सालमा बहुदलीय प्रजातन्त्र प्राप्तिपछि छापा माध्यमले समाचार, विचारसँगै लोकतान्त्रिक जनमत निर्माणमा फड्को मारेको थियो । नेपालको संविधान-२०४७ ले सञ्चार उद्योगको सुरक्षा प्रत्याभूति गरेसँगै सञ्चारमाध्यम व्यावसायिक भए । राजनीतिक परिवर्तनसँगै सञ्चार क्षेत्रमा निजी लगानी बढ्यो । स्वरोजगारमूलक छापा माध्यमको पनि विकास हुँदै गयो । तर, हरेक परिवर्तनमा महत्वपूर्ण योगदान पुऱ्याएका पत्रकारिताको खुल्ला विश्वविद्यालय मानिने छापा माध्यमको इतिहास मेटिने खतरा बढेको छ, केही समय यता । निरंकुशता विरुद्ध स्वतन्त्रता र समाज रुपान्तरणका लागि ऐतिहासिक भूमिका खेलेका स्वरोजगारमूलक छापा माध्यमले देशमा संघीय लोकतान्त्रिक गणतन्त्र स्थापना भएपछि चाहिं चुनौतिको सामना गरिरहेका छन् ।

विश्वव्यापी रुपमा फैलिएको कोरोना भाइरस संक्रमणका कारण छापा माध्यमको अवस्था झन नाजुक बन्यो । डिजिटल प्रविधिको तीव्र विकास सामाजिक सञ्जालको वर्चश्व र कोभिडपछिको आर्थिक संकुचनले पत्रपत्रिका संकटमा परे । कोभिड महामारीपछि धेरै पत्रपत्रिका आर्थिक रुपमा थला परे, प्रकाशन हुन सकेनन् । आर्थिक मन्दीका कारण स्वरोजगारमूलक छापा माध्यम त्यस यता क्रमशः अस्तित्वको संघर्षमा छन् । स्वरोजगारमूलक पत्रपत्रिकाको दर्ता अभिलेख हेर्दा संख्या ठूलो छ । तर, निरन्तर प्रकाशन हुने संख्या न्यून छ ।

सूचना तथा प्रसारण विभागको अभिलेख अनुसार, आर्थिक वर्ष २०८१-'८२ सम्ममा देशभर दर्ता भएका पत्रपत्रिकाको संख्या ८,०४० रहेको छ । जसमा दैनिक ७७२, अर्धसाप्ताहिक ३८, साप्ताहिक २,९९५, पाक्षिक ४८५, मासिक २,३९३, द्वैमासिक ३९७, त्रैमासिक ६२५ र अन्य २९५ वटा रहेका छन् । प्रेस काउन्सिलको अभिलेखमा पनि आ.व २०८१-'८२ सम्म दैनिक ७५४, अर्धसाप्ताहिक ३१, साप्ताहिक २,९१४, पाक्षिक ४०२, मासिक ६२३, द्वैमासिक ६७, त्रैमासिक ११२ र अन्य ३८ गरी ४,९४१ वटा पत्रपत्रिका दर्ता भएका छन् । तर, कोभिड-१९ पछि देशभर कति पत्रिका बन्द भए भन्ने तथ्याङ्क अहिलेसम्म प्रेस काउन्सिलसँग पनि छैन ।

### साप्ताहिक पत्रिकाको गर्विलो इतिहास

नेपाली पत्रकारिताको प्रारम्भ साप्ताहिक पत्रिकाबाट भएको हो । १९५८ साल बैशाख २४ गतेबाट प्रकाशन भएको साप्ताहिक 'गोर्खापत्र' नै नेपालको पहिलो समाचारमूलक पत्रिका हो । २००७ साल फागुन ४ गतेदेखि प्रकाशित 'जागरण' साप्ताहिक निजी क्षेत्रबाट प्रकाशित पहिलो साप्ताहिक अखबार हो ।

वि.स.२०१७ बैशाख ३० गते प्रकाशित 'समीक्षा', २०१८ सालदेखि प्रकाशित हुन थालेको 'मातृभूमि', २०१८ साल साउन १८ गतेदेखि प्रकाशित 'नयाँ सन्देश', २०१९ साल असार १३ गतेदेखि प्रकाशित हिन्दी भाषामा 'नयाँ समाज', २०२७ सालदेखि राष्ट्र पुकार लगायतका विचारप्रधान साप्ताहिक पत्रिकाले नेपाली पत्रकारिताको इतिहासमा महत्वपूर्ण योगदान पुऱ्याएका छन् । आर्थिक वर्ष २०८१/'८२ सम्म आइपुग्दा साप्ताहिक पत्रिकाको संख्या २,९९५ पुगेको देखिन्छ । यद्यपि दर्ता भएका यी सबै पत्रिका नियमित प्रकाशनमा भने छैनन् ।

वि.स. २०१७ देखि २०४६ सालसम्म साप्ताहिक पत्रिकाले नेपालको पत्रकारितासँगै राजनीतिक क्षेत्रमा समेत महत्वपूर्ण भूमिका निर्वाह गरेको पाइन्छ । त्यो बेला साप्ताहिक पत्रिका प्रजातन्त्र प्राप्तिलाई मिसन बनाएर अघि बढेका थिए । प्रजातन्त्र र स्वतन्त्रताको पक्षमा लेखेकै कारण तत्कालीन सरकारले पत्रिका जफत गर्ने र पत्रिकामा आबद्ध हुनेहरूलाई कारबाही गर्नेसम्मको काम गरेको इतिहास छ ।

नेपालमा केही वर्ष यता सञ्चारमाध्यमको विकास द्रुत गतिमा भइरहेको छ । प्रत्येक दिनका घटनालाई नयाँ ढंगले पाठक समक्ष पुऱ्याउने रङ्गीन दैनिक पत्रिकाहरू, हरेक घटनालाई घण्टा-घण्टामा आम नागरिक माझ पुऱ्याउने एफएम रेडियो, टेलिभिजनहरू र हरपलका समाचार पस्कने अनलाइनहरू हुँदाहुँदै साप्ताहिक पत्रिका किन निस्केका होलान्, यी पत्रिका कसले पढ्छ भन्ने कतिपयको जिज्ञासा हुन सक्छ । साप्ताहिक पत्रिकाका दिन गए भन्नेहरूको संख्या पनि प्रशस्तै छ । समाचार र विज्ञापन दिनेहरूको रोजाइ पनि विद्युतीय सञ्चारमाध्यम नै हुन्छन् । यस्तो अवस्थामा साप्ताहिक पत्रिका किन प्रकाशन भइरहेका छन् त ? नेपाली

# झापा जिल्लाका साप्ताहिक पत्रिकाहरू

| क्र. स. | नाम | प्रधानसम्पादक/ सम्पादक | अध्यक्ष/ प्रकाशक | कार्यालय (ठेगाना) | फोन | इमेल |
|---|---|---|---|---|---|---|
| १ | जनज्योति | गञ्जबहादुर दाहाल | गञ्जबहादुर दाहाल | दमक-५ | ०२३-५८०६१६ | dahalganja@gmail.com |
| २ | समाचार | राजबाबु शंकर | राजबाबु शंकर | भद्रपुर-८ | ९७४९२४३३९७ | samachar2072@gmail.com |
| ३ | निष्कर्ष न्यूज | सुशीला पौडेल | सुशीला पौडेल | दमक-६ | ९८४२६६६३१४ | nishkarshanews@gmail.com |
| ४ | कसार | वेणुप्रसाद घिमिरे | वेणुप्रसाद घिमिरे | गौरादह-२ | ९८४२६५७५४६ | kasarweekly@gmail.com |
| ५ | सतासी | प्रेम राई/ सेलिङ केसी | प्रेम राई | शिवसताक्षी-८ | ०२३-४७०६७७ | satashiweekly@gmail.com |
| ६ | कनकाई | समिता आचार्य | समिता आचार्य | कनकाई-३ | ९८४४६८६९०६ | saptahikkanakai@gmail.com |
| ७ | कनकाई खबर | रामप्रसाद निरौला | रामप्रसाद निरौला | कनकाई-७ | ९८४२७३०४०१ | kankaikhabar@gmail.com |
| ८ | जनआन्दोलन | इन्दु पूर्वेली | यज्ञप्रसाद पाठक | बिर्तामोड-५ | ०२३-५४५२४८ | jana023542855@gmail.com |
| ९ | जयलोकतन्त्र | कृष्ण हुमागाई | कृष्ण हुमागाई | बिर्तामोड-५ | ०२३-५४४०५५ | loktantraweekly@gmail.com |
| १० | बिर्ताज्योति | तुलसीप्रसाद निरौला | तुलसीप्रसाद निरौला | बिर्तामोड-४ | ९८१६०४१६४६ | birtajyoti@gmail.com |
| ११ | मेची खबर | झुलन रेग्मी | झुलन रेग्मी | बिर्तामोड-७ | ९८४२६२८७९२ | mechikhabar72@gmail.com |
| १२ | सुपूर्व मालिका | गोविन्द प्र. अधिकारी | गोविन्द प्र. अधिकारी | बिर्तामोड-५ | ९८४२७५५११ | supurbamalika71@gmail.com |
| १३ | यलम्बर टाइम्स | दिपीन राई | दिपीन राई | अर्जुनधारा-८ | ०२३-४६५५३३ | yalamber.times@gmail.com |
| १४ | पालिका सन्देश | तीर्थ तिम्सिना | टीएसटी नेपाल मिडिया प्रा.लि | बुद्धशान्ति | ९८०१८८०३६२ | palikasandesh@gmail.com |
| १५ | मेची आवाज | डम्बरु बराल | डम्बरु बराल | मेचीनगर-६ | ९८४२६७६३३१ | aawajmechi@gmail.com |
| १६ | खबर मञ्च | प्रकाश पौडेल | प्रकाश पौडेल | मेचीनगर-६ | ०२३-५६३५९० | paudelswadhin@gmail.com |
| १७ | नौलो आवाज | दीपक अधिकारी | झापा ज्योति प्रकाशन प्रालि | भद्रपुर-६ | ०२३-५२२००९ | nauloaawazweekly@yahoo.com |
| १८ | स्वाधीन संवाद | माधव विद्रोही | व्यूह प्रकाशन समूह | भद्रपुर-४ | ९८४२६७७३८४ | madhabbidrohi@gmail.com |
| १९ | वरुण | ऋचा प्रधान | इशा प्रधान | भद्रपुर-८ | ९८४२६३७०६९ | barunweekly@gmail.com |
| २० | नयाँ सन्दर्भ | गोविन्दचन्द्र छेत्री | गोविन्दचन्द्र छेत्री | भद्रपुर-६ | ९८४२६३७०८४ | chhetrigov@gmail.com |
| २१ | निर्माण लहर | रोहित काफ्ले | रोहित काफ्ले | भद्रपुर-४ | ०२३-५२१२२९ | kafle.roheet@gmail.com |
| २२ | सुखानी सन्देश | राजु पाठक /चूडामणि वशिष्ठ | राजु पाठक | भद्रपुर- ८ | ९८६२६८७२२२ | Sukhani2029@gmail.com |
| २३ | स्वतन्त्र आवाज | देवेन्द्रकिशोर ढुंगाना | मोहनबहादुर ढुंगाना | भद्रपुर-८ | ९८४२६२६५६४ | news.swatantraawaj@gmail.com |
| २४ | साप्ताहिक बहस | कमन देवान/दिनेश दंगाल | मुलपानी मिडिया प्रा.लि. | दमक-५ | ९८४४६०२८९७ | baikalpeekmedia@gmail.com |
| २५ | वर्तमान साहित्यिक (त्रैमासिक) | डा.रत्नमणि नेपाल/ डिल्लीरमण नेपाल | वर्तमान साहित्य प्रतिष्ठान | भद्रपुर-१० | ९८६२७५१७०५ | krishna.anmol1234@gmail.com |
| २६ | माटो (मासिक) | राकेश चुडाल/ सचित्रा खनाल | राकेश चुडाल | कनकाई-३ | ९७०९७१२२६१ | matoagripaper@gmail.com |

*(नोट : झापा जिल्लामा दर्ता भएका पत्रपत्रिकको विवरण महासंघद्वारा प्रकाशित 'झापाको पत्रकारिता आरम्भदेखि २०४०'मा रहेको छ ।)*

पत्रकारिताको गौरवपूर्ण इतिहास बोकेका साप्ताहिक पत्रिकाले वर्तमानमा यस्ता अनेकौं प्रश्नको सामना गर्नु परेको छ ।

साताभरिका समाचारलाई विश्लेषणात्मक ढंगले प्रकाशन गर्ने भएकाले साप्ताहिक पत्रिका एक सातासम्म पुरानो हुँदैन । दैनिक, साप्ताहिक र मासिक पत्रिकामा ठूलो भिन्नता भए पनि हाम्रोमा हुनु पर्ने जति भिन्नताको अभ्यास भएको पाइँदैन । दैनिक र साप्ताहिक पत्रिकाको समाचार प्रस्तुति उस्तै देखिन्छ । साप्ताहिक पत्रिकाले विचार, विश्लेषण र टिप्पणीलाई प्राथमिकता दिएका कारण हिजोका दिनमा साप्ताहिक पत्रिकाका पाठक प्रशस्त थिए । अहिले त्यो खालका सामग्री प्रकाशनमा ध्यान नदिंदा पाठकको संख्या घटेको हो । तर, साप्ताहिक पत्रिकाको भविष्य सकिएको छैन र सकिँदैन पनि । अहिले पनि साप्ताहिक पत्रिका खोजीखोजी पढ्ने पाठकहरू छन् ।

सञ्चार क्षेत्रमा भएको तीव्र विकासले साप्ताहिक पत्रिका समस्यामा परेको कुरा

नकार्न सकिँदैन । साप्ताहिक पत्रिकालाई टिकाइराख्ने हो भने रणनीति र शैली बदल्नु पर्छ । अहिले पनि धेरैजसो साप्ताहिक पत्रिका व्यक्तिगत स्वामित्वबाट सञ्चालित छन् । पत्रिकाको लगानी, दर्ता सबै व्यक्तिकै नाममा भएकाले यो निजी व्यवसाय यस्तो भएको छ । अधिकांश साप्ताहिक पत्रिकाका संस्थागत पूर्वाधार छैनन् । विगतमा केही पत्रकार मिलेर संस्थागत रुपमा साप्ताहिक पत्रिका प्रकाशनका लागि गरेको पहल पनि सफल हुन सकेन ।

संस्थागत हुन नसक्दा साप्ताहिक पत्रिकाले बिक्री वितरणको रणनीति बनाउन सकेका छैनन् । पत्रिका कहाँ जान्छ, कहाँ जाँदैन, सम्बन्धित ठाउँमा पुग्यो पुगेन भन्ने रेकर्ड राख्ने खालको व्यवस्थापन देखिँदैन । वितरणमा ठूलो समस्या छ । बजारमा पठाएको पत्रिका महिनौँसम्म नबाँडिने गरेको अवस्था पनि छ । समग्र छापा माध्यम समस्याग्रस्त भएको वर्तमान अवस्थामा पनि साप्ताहिक पत्रिकाका पाठक खासै घटेका छैनन् । व्यवस्थित ढंगले बजारीकरण र खोजमूलक, विश्लेषणात्मक समाचार प्रकाशनमा ध्यान दिने हो भने साप्ताहिक पत्रिकाको त्यो गर्विलो इतिहास कायम रहिरहने कुरामा संशय छैन ।

### कार्यान्वयन भएन प्रतिवेदन

कोभिड-१९ पछि आर्थिक भार थेग्न नसकेर पत्रपत्रिका बन्द हुन थालेपछि 'नेपाली छापा माध्यम राष्ट्रिय सञ्जाल'ले छापा माध्यमहरूको समस्या पहिचान र समाधानका लागि समिति बनाएर अध्ययन प्रतिवेदन तयार गर्‍यो । समितिले २०७८ सालमै सरकारलाई प्रतिवेदन बुझाए पनि सरकारले चासो देखाएन । सञ्जालले देशभरको स्थलगत अध्ययन गरी प्रतिवेदन तयार पारेको थियो । उक्त प्रतिवेदनमा नेपालभर दर्ता भएका र नियमित प्रकाशित पत्रपत्रिकाको अवस्था, पत्रिका प्रकाशन गर्दाका कठिनाइ, पत्रिका छपाई र विवरण लगायतका कुरा समेटिएको थियो । पत्रिका प्रकाशन गर्ने स्रोतको अभावमा साना तथा स्वरोजगारमूलक सञ्चार गृह धराशायी भएको निष्कर्ष प्रतिवेदनको थियो । राज्यस्तरबाट समानुपतिक विज्ञापनको व्यवस्था गर्ने भनिए पनि सो व्यवस्था हुन नसकेको, पत्रिकाहरूको दिगोपना र प्रवर्द्धनमा ठोस योजना सार्वजनिक हुन नसकेको, लोक-कल्याणकारी विज्ञापन वापतको रकम समेत समयमा भुक्तानी नभएको, विज्ञापन अभावमा पत्रिकाहरूको नियमित स्रोत शून्य स्तरमा पुगेको लगायतका निष्कर्ष पनि प्रतिवेदनमा थिए । तर, २०७८ सालदेखि थन्किएको सो प्रतिवेदनमा सरकारले चासो देखाएको छैन । कोभिड-१९ ले संकटमा परेका छापा माध्यमलाई टिकाउन सरकारले कुनै पहल नगरेको यो क्षेत्रका जानकारहरू बताउँछन् ।

### संघीयताले नछोएको सञ्चार क्षेत्र

नेपालको संविधान-२०७२ जारी भई मुलुक संघीय लोकतान्त्रिक गणतन्त्रात्मक भएसँगै देशको शासन व्यवस्थामा युगान्तकारी परिवर्तन भयो । नेपालको सन्दर्भमा संघीयता राजनीतिक संरचना परिवर्तन वा भूगोलको सीमांकन मात्र थिएन । वर्षौंदेखिको केन्द्रीकृत मानसिकताको विकेन्द्रीकरण र नागरिक अधिकारको स्थानीयकरण पनि थियो । संघीयता कार्यान्वयनसँगै केन्द्रीकृत रहेको सञ्चार क्षेत्रले पनि सहज वातावरण पाउने विश्वास थियो । तर, सञ्चार क्षेत्रले अहिलेसम्म संघीयताको महसूस गर्न पाएन !

विगतमा नेपालको सञ्चार क्षेत्र पूर्णतः केन्द्रीकृत थियो । मोफसलमा बसेर पत्रकारिता गर्नेहरूले सञ्चारमाध्यमको दर्ता, नवीकरण, प्रेस प्रतिनिधि प्रमाण-पत्र लिन वा सामान्य कामका लागि समेत काठमाडौंको सूचना तथा प्रसारण विभाग वा सीमित अधिकार पाएको जिल्ला प्रशासन कार्यालय धाउनु पर्ने बाध्यता थियो । त्यस्तो झन्झटिलो प्रक्रियाले साना लगानीका स्वरोजगार मिडियाहरूलाई निरुत्साहित तुल्याएको थियो । सोही बाध्यात्मक परिस्थितिको अन्त्य र संविधानले प्रदेशहरूलाई दिएको अधिकारलाई प्रयोग गर्न केही प्रदेश सरकारले प्रदेश आम सञ्चार ऐन बनाएर प्रेस रजिष्ट्रारको नियुक्ति गरी प्रदेशभित्रका आम सञ्चारको अभिभावक र नियामक निकायका रूपमा कार्यालय स्थापना गरेका छन् । तर, अधिकांश प्रदेश सरकारले अहिलेसम्म पनि सञ्चारमाध्यमका लागि ऐन बनाएर कार्यान्वयन गर्न सकेका छैनन् ।

'नजिकैको सरकार' भनिने स्थानीय तहले पनि ऐन बनाएर सञ्चारमाध्यमलाई समानुपातिक रुपले विज्ञापन दिन पहलकदमी गरिरहेका छैनन् । बरु स्थानीय तहले संघीयताको धज्जी उडाउँदै स्थानीय तहका विज्ञापन काठमाडौंका सञ्चारमाध्यमलाई दिने गरेका छन् ! विज्ञापनको सवालमा अहिले पनि केन्द्रीकृत व्यवस्था संघीयताको मर्म विपरीत लागू छ । जबकि स्थानीय तहका विज्ञापन स्थानीय सञ्चारमाध्यमहरूमै प्रकाशन/प्रसारण हुनु पर्ने हो । तर, सञ्चार क्षेत्रको वृत्ति विकासमा सरकार उदासीन भएका कारण अहिलेसम्म मोफसलका सञ्चारमाध्यम त्यो अधिकारबाट वञ्चित छन् ।

### सञ्चारमाध्यममाथि राज्यको सजाय

प्रधानमन्त्री बालेन नेतृत्वको सरकारले गत चैत १८ गते प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को सचिवस्तरीय बैठकको निर्णय भन्दै सरकारी सूचना/विज्ञापन रेडियो नेपाल, नेपाल टेलिभिजन, गोरखापत्र लगायत सरकारी सञ्चारमाध्यममा मात्र दिने निर्णयले छापा लगायत सम्पूर्ण सञ्चार क्षेत्र संकटमा पर्ने देखिएको छ । सरकारले विज्ञापन बजारमा एजेन्सी र केही सञ्चारमाध्यमका कर्मचारीको मिलोमतोका कारण अरबौं रुपैयाँको अनियमितता भइरहेको विश्लेषण गर्दै सरकारी विज्ञापन सरकारी सञ्चारमाध्यममा मात्रै केन्द्रित गर्ने नीति लिएको जनाएको छ । तर, गलत प्रवृत्ति रोक्ने नाममा सरकारले सबै निजी सञ्चारमाध्यमलाई नै सजाय दिएको छ । त्यस विरुद्ध आवाज उठ्न थालेको छ ।

सरकारले सञ्चार क्षेत्रमा देखिएको विकृति हटाउन चाहेको भए विज्ञापन वितरणमा पारदर्शी मापदण्ड बनाउन सक्थ्यो, डिजिटल प्रणाली लागू गर्न सक्यो, सबै मिडियामा समान पहुँच सुनिश्चित गर्न सक्थ्यो । तर, सरकारले कुनै उपाय नअपनाई निजी क्षेत्रका मिडियालाई सरकारी विज्ञापन नदिने नीति लिएपछि नागरिकका आवाज बन्द गर्ने नियत होइन ?- भन्ने प्रश्न उब्जिएको छ । सरकारले प्रदेश र स्थानीय तहलाई समेत पत्र पठाएर सरकारी सञ्चारमाध्यममा मात्र विज्ञापन दिन निर्देशन दिएपछि संघीयताको मर्ममाथि समेत प्रहार भएको छ ।

संघीय सरकारले प्रदेश र स्थानीय तहलाई प्रत्यक्ष निर्देशन दिन मिल्दैन । सरकारको यो निर्देशनले निजी सञ्चारमाध्यमलाई मात्र होइन, संघीय संरचनालाई पनि कमजोर बनाउँछ । सरकारको यो नीति दीर्घकालसम्म प्रेसलाई कमजोर बनाउने, प्रश्न गर्ने संस्कार समाप्त गर्ने र सरकार निरंकुश बन्ने कदम तर्फ लक्षित छ । सरकारको उक्त निर्णय सार्वजनिक खरीद ऐन र नियमावलीको मर्म विपरीत पनि छ । जबकि, नियमावलीमा राष्ट्रियस्तरका 'क' वर्गका पत्रपत्रिका र उपयुक्त सञ्चारमाध्यममा सार्वजनिक सूचना प्रकाशन गर्नु पर्ने व्यवस्था छ । सरकारको यो निर्णयले प्रतिष्पर्धा, पारदर्शिता र नागरिकको सूचनाको अधिकारमाथि प्रहार गरेको छ । ❖

*(सम्पादक : सुखानी सन्देश साप्ताहिक)*



# संकटको साथी, जानु छ अझै माथि



● किशोर श्रेष्ठ

विश्वभर नै छापा माध्यम संकटपूर्ण अवस्थामा छ। डिजिटल प्रविधि, विविध प्लेटफर्म र विकल्पका कारण छापा सञ्चारमा समस्या देखिएको छ। विज्ञापन र पाठकको संख्यामा कमी आउनु, पढ्ने बानी हट्दै जानु, नयाँ पुस्ताको हेर्नेपट्टि बढ्ता रुचि देखिनु, खोजमूलक समाचार नआउनु जस्ता अनेक कारण छन्; जसले स्वरोजगारमूलक छापा पत्रकारितालाई असर पुऱ्याएको छ।

अन्तर्राष्ट्रियस्तरमा चर्चित पत्रिका ' न्यूयोर्क टाइम्स', 'एसिया विक'को समेत प्रकाशन ठप्प छ। नेपालमा पनि धेरै पत्रिका बन्द भइसकेको छ। माओवादी निकट जनादेश, जनआह्वान एकादेशको कथाजस्तै भएको छ। वैचारिक हिसाबले एमाले निकट भनेर चिनिने गोपाल थपलियाद्वारा सम्पादित छलफल, विष्णु रिजालको बुधबार, गोकुल बास्कोटाको सम्बोधन, वरिष्ठ पत्रकार मदनमणि दीक्षितको समीक्षा, रमेशनाथ पाण्डेको नयाँ सन्देश, गोविन्द वियोगीको मातृभूमि, मनिन्द्रराज श्रेष्ठको दि मदरल्याण्ड, गोपालदास श्रेष्ठको कमनर, हिरण्यलाल श्रेष्ठको डेली डायरी, रघु पन्तको रातो युगधारा, गोपाल छाङ्छाको छहरा, राजन कार्कीको गोर्खा एक्सप्रेस, मुरारी गौतमको रहस्य, भरतराज पोखरेलहरूको एक्काइसौं शताब्दी, कमल जोशीको नेपाली-पत्र, निरमान नेवाको जनजागृति, गिरिराजमणि पोखरेलको जनएकता, नेपाली कांग्रेस निकट शिव अधिकारीको सुरुचि, माथवरसिंह बस्नेतको पुनर्जागरण, पुरुषोत्तम दाहालको नेपाल वाणी, होमनाथ दाहालको राष्ट्रपुकार, जमिम शाहको स्पेश टाइम, गणेशबल्लभ प्रधानको जन्मभूमि, युगनाथ शर्मा पौडेलको कमाण्डर पोष्ट, जनार्दन आचार्यको समकालीन, निमकान्त पाण्डेको जनधारणा, कृष्णप्रसाद गौतमको जनसत्ता, प्रेम कैदीको बाँकेको युगधारा लगायत चर्चित पत्रिका बन्द छन्।

सञ्जय सन्तोषी राईको जनविश्वास, नगेन्द्र राईको हेराल्ड बन्द भइसके भने हरिहर विरही, केशवराज पिँडाली र पदम ठकुरीको लिगेसी जोडिएको विमर्शलाई मारवाडी व्यापारीले खरीद गरेर लथालिंग बनाएका छन्। पत्रकारितामा भोटो फटाएको एउटा पुस्ता दिवंगत हुँदा सन्ततिले त्यसलाई निरन्तरता नदिनु पनि छापा माध्यम सेलाउँदै जानुको एउटा कारण हो।

कुनै समयका जल्दाबल्दा, लुकेका र रोचक सामग्री प्रकाशन गर्ने यी पत्रपत्रिका बन्द भए पनि अरुले जेनतेन जोगाड गरिरहेका छन्। अप्ठेरो परिस्थितिका बाबजुद नयाँ सामग्री खोजेर पाठकलाई सूचित गराउने र स्वरोजगार पत्रकारिता गर्नेहरू अहिले पनि भेटिन्छन्। नेपालमा छापा माध्यमको उदय सजिलोसँग भएको छैन। राणा शासनदेखि नै राज्यको

निरंकुशता लगायत विभिन्न चरण पार गर्दै पत्रिकाहरू अहिलेको युगसम्म आइपुगेका हुन् । शाही शासनकालमा पत्रिकामा सेन्सरशिप लगाइन्थ्यो । पत्रकारले खोजेर ल्याएका सामग्री काटकुट पारेर राज्यले आफू अनुकूल बनाउँथ्यो । समाचार लेखेकै कारण धेरै पत्रकार जेल पुग्थे ।

यस क्रममा कतिपयले प्रहरीको लाठी खाए । अख्तियारमा छँदा लोकमानसिंह कार्कीले तर्साएर पत्रकारहरूलाई हत्तु बनाए । उता, ठूलै अपराध गरेझैं पत्रकारले लुकिछिपी पाठकलाई सूचित गराए । पत्रकारिताको जरा नै उखालेर फ्याँक्न खोज्ने पत्रकारले विज्ञापन होइन, डरत्रास पाउँथे । तैपनि, श्रमजीवीहरूले आफ्नो कर्मलाई निरन्तरता दिइरहे, स्वरोजगारमूलक पत्रकारिता गरिरहे । अहिलेका कतिपय प्रतिष्ठित दैनिक पत्रिकाले शाही शासनकालमा खुट्टा कमाउँदा साप्ताहिकहरूले ब्रेकिङ समाचार प्रकाशित गर्थे । यो क्रम अहिले पनि उस्तै छ ।

डिजिटल माध्यम जति सहज अवस्था पत्रपत्रिकामा काम गर्ने पत्रकारलाई अहिले पनि छैन । अनलाइनमा आएको समाचार बिग्रिएमा सच्याउन वा हटाउन मिल्छ । तर, पत्रिकामा एकचोटि छापिएपछि छापियो । त्यसलाई न मेटाउन मिल्छ, न फिर्ता लिन । अनलाइनको तुलनामा पत्रिकामा प्रकाशित सामग्रीउपर धेरै मुद्दा-मामिला पर्ने गरेको छ । तैपनि, पत्रिका छापिन छोडेको छैन । समाचार खोज्नमा पत्रिकाहरू अहिले पनि अन्य सञ्चारमाध्यमको तुलनामा अगाडि छन् ।

मोफसलमा छापिने पत्रिकाले स्थानीय जनताको आवाज बोल्थे । पीडामा परेका नागरिकले पत्रिका मार्फत अनेक तहका सरकारलाई आफ्नो वेदना सुनाउँथे ।

समयसँगै आम नागरिकको रुचि फेरिएको छ । पाठकहरू डिजिटल प्रवृत्तिसँग नजिक हुँदै गएका छन् । तर, यसको अर्थ पत्रिका पढ्न चटक्कै छोडिएको भन्ने होइन । खोजी-खोजी पत्रिका पढ्ने जमात अहिले पनि छ । उनीहरू पसलमै पुगेर पत्रिका खरीद गरी पढ्छन् । सबै सामग्री एकै ठाउँमा पाइने र अनुकूलमा पढ्न मिल्ने हुँदा पत्रिका पढ्न आनन्द मान्छन् । तर, नयाँ सरकार गठनसँगै पत्रपत्रिका र सञ्चारमाध्यमलाई पुरानै युगमा फर्काउन खोजेको देखियो । संकटमा रहेका छापा माध्यमको अस्तित्व जोगाउनुको साटो सरकार भएकालाई नै पनि बन्द गराउने बाटोतिर लाग्यो ।

अनेक दुःख-कष्टका बाबजुद पत्रिका प्रकाशन गरिरहेकोमा सरकारले लोककल्याणकारी विज्ञापनको भुक्तानी समेत रोक्ने निर्णय गरेको छ । त्योसँगै सरकारी सञ्चारमाध्यम बाहेकले विज्ञापन पाउने ढोका बन्द भएको छ । हुन त, पत्रपत्रिकालाई सरकारले सरकारी विज्ञापनमा विगतदेखि नै विभेद गर्दै आएको हो । तैपनि, जसोतसो पत्रपत्रिकाले आफ्नो दायित्व पूरा गरिरहेका थिए ।

आर्थिक वर्ष २०८१-'८२ मा पत्रपत्रिका वर्गीकरणका लागि ९२२ ले प्रेस काउन्सिलमा आवेदन दिएका थिए । त्यसको अघिल्लो वर्ष ८९९ ले आवेदन दिएको तथ्याङ्क छ । जसमध्ये अधिकांश मोफसलका छन् । सुदूरपश्चिम प्रदेशका ९ जिल्लामा मात्रै दैनिक, साप्ताहिक, अर्धसाप्ताहिक, पाक्षिक, मासिक, द्वैमासिक, त्रैमासिक र वार्षिक गरी ४८७ पत्रिका दर्ता भएको छ । कैलालीको सेती समाचार दैनिक, कञ्चनपुरको नयाँ मुलुक दैनिक, श्री नेपाल टाइम्स दैनिक, फारवेस्ट दैनिक जस्ता पत्रिका बन्द भएका छन् ।

उल्लिखित पत्रिका कुनै बेला प्रभाव पार्ने पत्रिकामा पर्दथे । यी पत्रिका बाँच्ने आधार स्थानीय तह सहित विभिन्न सरकारी निकायबाट प्राप्त हुने विज्ञापन हो । ठेक्कापट्टा, कालोसूचीका सूचना, जनहितका विज्ञापन प्रकाशित गरेर पत्रिका चलिरहेका थिए । हाल सरकारबाट भएको निर्णय र सर्कुलरले निजी सञ्चारमाध्यमलाई टिक्न गाह्रो पर्ने देखिन्छ ।

मुलुकको आर्थिक अवस्था संकटमा छ । जेन-जी प्रदर्शनले निजी क्षेत्रमा ठूलो क्षति पुऱ्याएकाले त्यताबाट पनि विज्ञापन प्राप्त हुने सम्भावना न्यून छ । यस्तोमा सरकारको निर्णयले छापामाध्यम सबैभन्दा बढी मारमा पर्ने देखिएको छ । स्वरोजगार बनेका र राज्यलाई कर तिरिरहेका साना छापा माध्यम बन्द हुने र पत्रकारहरूको रोजीरोटी गुम्ने जोखिम छ । यसबाट पाठकले पनि सूचना पाउन कठिनाइ भोग्नु पर्ने भएको छ । पत्रपत्रिका बन्द हुनु पारदर्शी लोकतान्त्रिक शासन व्यवस्था खतरामा पर्नु हो । छापामाध्यम र पत्रकार नहुँदा प्रेस स्वतन्त्रता मर्छ । नागरिकले सूचना पाउने अधिकार कुण्ठित हुने मान्यता राखिन्छ ।

राज्यमा जे गरे पनि हुन्छ भन्ने भावना जाग्छ, मनोमानी बढ्छ । शासकीय अहम् र निरंकुशता हुर्कंदै जान्छ । तर, संकट आयो भनेर डराउने होइन; डटेर सामना गर्ने हो । आशा छ– पत्रपत्रिकाहरूले विगतमा झैं यो अप्ठेरो घडीलाई पार गर्ने छन्, आफ्नो कर्त्तव्य निर्वाहमा लाग्ने छन् र पेशागत धर्म र अस्तित्व जोगाइराख्ने छन् ।

*(सम्पादक : 'जनआस्था' साप्ताहिक, काठमाडौं)*

> मुलुकको आर्थिक अवस्था संकटमा छ । जेन-जी प्रदर्शनले निजी क्षेत्रमा ठूलो क्षति पुऱ्याएकाले त्यताबाट पनि विज्ञापन प्राप्त हुने सम्भावना न्यून छ । यस्तोमा सरकारको निर्णयले छापामाध्यम सबैभन्दा बढी मारमा पर्ने देखिएको छ । स्वरोजगार बनेका र राज्यलाई कर तिरिरहेका साना छापा माध्यम बन्द हुने र पत्रकारहरूको रोजीरोटी गुम्ने जोखिम छ । पत्रपत्रिका बन्द हुनु पारदर्शी लोकतान्त्रिक शासन व्यवस्था खतरामा पर्नु हो ।

## सूचनाको हक सम्बन्धी ऐन

# कार्यान्वयनको लेखाजोखा



● धर्मेन्द्र झा

आजभन्दा १८ वर्ष पहिले अर्थात् २०६४ साल भदौदेखि सूचनाको हक कार्यान्वयनमा आएको हो । सोही वर्षको साउन ५ गते संसद्बाट पारित भएको यो ऐन ३० दिनभित्र जारी हुने प्रावधान अनुसार भदौ ३ गतेदेखि कार्यान्वयनमा आएको हो । ऐन कार्यान्वयनमा आएपछि २०६५ सालको वैशाखमा तात्कालीन सरकारले विनय कसजू प्रमुख आयुक्त रहने गरी आयोगको पहिलो समितिको घोषणा गरेको थियो ।

सूचनाको हक कार्यान्वयनमा आउने बित्तिकै सुशासनका साथै पारदर्शी र सहभागितामूलक लोकतन्त्र प्रवर्द्धनका सन्दर्भमा नयाँ बहस प्रारम्भ भयो भन्दा अस्वाभाविक हुँदैन । कालान्तरमा यो बहस यतिमा मात्र सीमित रहेन । यो बहस, सूचनाको हकलाई भ्रष्टाचारमा लगाम लगाउने एक सशक्त औजार, नागरिक स्वतन्त्रताको उपयोगलाई थप परिष्कृत बनाउने एक आधार र मिडियालाई थप धारिलो बनाउने संस्कार विकसित गर्ने सन्दर्भमा पनि, विस्तार भयो ।

निश्चय पनि कुनै पनि देश र समाजको विकासका लागि सुशासन आवश्यक पर्दछ । यही सुशासनयुक्त राज्य संयन्त्रको उपस्थितिमा देशले चाहेजस्तो नवनिर्माण र समृद्धि सम्भव हुन सक्छ । यसका लागि सूचनाको हक सहायक सिद्ध हुन सक्ने सर्वत्र स्वीकार गरिएको छ । सुशासनकै नाराका आधारमा चुनाव जितेर सत्तामा आएको राष्ट्रिय स्वतन्त्र पार्टीको वर्तमान सरकारका लागि त यो हकको कार्यान्वयन अझै महत्वपूर्ण छ भन्दा फरक पर्दैन । एक महिना नबित्दै बालेन्द्र शाह नेतृत्वको वर्तमान सरकारका केही मन्त्री विवादमा तानिइसकेका छन् । किन ? जनताले जान्न पाउनु पर्छ । यस पृष्ठभूमिमा यो कानूनको सान्दर्भिकता अझै बढेको छ भन्दा अतिशयोक्ति हुँदैन ।

भ्रष्टाचार नियन्त्रण गरी सुशासन कायम गर्ने दिशामा यो कानूनले महत्वपूर्ण भूमिका निर्वाह गर्न सक्छ; यसमा शंका छैन । यसका पक्षमा अनेकौं उदाहरण प्रस्तुत गर्न सकिन्छ । आजको युगमा विश्वव्यापी अभ्यासहरूबाट यो तथ्य प्रमाणित भइसकेको छ । यसै ऐनको प्रयोग गरेर पछिल्लो केही वर्षमा छिमेकी राष्ट्र इण्डियाले उल्लेख्य सफलता प्राप्त गरेका उदाहरण हाम्रा सामु छन् । अन्य देशमा पनि यो ऐनको प्रयोग बढ्दो छ । नेपालमा पनि यो कानून छ र यस कानून अनुरुप सेवाग्राहीलाई आवश्यक सूचना उपलब्ध गराउन, जनताको सूचनाको हक संरक्षण, प्रवर्द्धन र प्रचलन गर्न यही सूचनाको हक सम्बन्धी ऐनका आधारमा राष्ट्रिय सूचना आयोगको गठन गरिएको छ ।

पछिल्लो अभ्यासले के देखाएको छ भने, नेपालमा सूचना आयोग जनतालाई सूचना उपलब्ध गराउने दिशामा जिम्मेवारीमा रहेको छ । तर, स्वयम् सूचना आयोगका पदाधिकारीबाट नै सूचना मागको संस्कृति मौलाउन नसकेको धारणा यदाकदा स्वीकार गर्ने गरिएको सार्वजनिक हुने गरेको छ । यस अवस्थाले निश्चय पनि यो हकका पक्षपातीलाई केही सोच्न बाध्य बनाएको छ ।



आयोगले भने आफूकहाँ प्राप्त निवेदनमध्ये अधिकांशमा निर्णय दिएर मुलुकमा सूचना संस्कृतिको विकासमा टेवा पुर्‍याउने प्रयत्न गरेको दावी गर्ने गरेको छ ।

सूचनाको हक सम्बधी ऐन अनुसार सार्वजनिक महत्वका सूचना प्रवाह गर्नु पर्ने दायित्व सार्वजनिक निकायको हो । तर, नेपालमा भने सार्वजनिक निकायको परिभाषाकै सम्बन्धमा अहिलेसम्म एक प्रकारको अलमल अनुभव गरिएको छ । सामान्यतया सार्वजनिक प्रयोजन र हितका लागि स्थापित जुनसुकै संस्थालाई सार्वजनिक निकाय मानिनु पर्ने हो । तर, नेपालमा यस बारे समान धारणाको विकास भइसकेको छैन । यद्यपि ऐनले सार्वजनिक निकायको फराकिलो परिभाषा दिन खोजेको छ । तथापि व्याख्यामा एकरुपता नहुँदा कतिपय निकाय आफूलाई सार्वजनिक हुने दायित्वबाट उन्मुक्त बनाउन खोज्दछन् र सफल पनि हुन्छन् ।

पारदर्शिताको अभावमा भ्रष्टाचार मौलाउने मात्र होइन, संस्थागत हुने वातावरणको निर्माण हुन्छ । सूचनामा पारदर्शिता नहुँदा दोषीले उन्मुक्ति पाउने सम्भावनालाई इन्कार गर्न सकिदैन । सूचना आयोगले यसै अवस्थामा अंकुश लगाउने अपेक्षा गरिन्छ ।  यसै अपेक्षा अनुरुप भ्याट बिल छली, प्रवेशिका, उच्च मावि र विश्वविद्यालय परीक्षाको कापी हेर्ने, लोकसेवा परीक्षाको कापी हेर्ने, आयल निगमको तेल वितरण, पत्रकार जेपी जोशी हत्या प्रकरण, न्यायाधीश स्वयम्‌ले न्याय पाएको आदि सन्दर्भमा आयोगले महत्वपूर्ण नजीर स्थापना गरेर सुशासनका दिशामा कोशेढुंगा थपेको विश्लेषण गर्न सकिन्छ । तर, आम नागरिकका बीचमा आफूलाई थप प्रभावकारी रूपमा उभ्याउन आयोगले आफ्नो प्रभावमा थप वृद्धि खोज्नु भने अपरिहार्य छ ।

सुशासनको लोकतन्त्रसँग अत्यन्त घनिष्ठ सम्बन्ध छ । वास्तवमा दुबै एकअर्काका पूरक हुन । न त सुशासन बिना लोकतन्त्र गतिशील हुन सक्दछ, न त लोकतन्त्र बिना सुशासन नै कायम हुन सक्दछ । सूचनाको हक सम्बन्धी ऐनको कार्यान्वयनको सन्दर्भले सुशासन र लोकतन्त्रको भावनालाई बल पुर्‍याउँछ । लोकतन्त्रले शासनका संयन्त्रहरू खुला र जिम्मेवार हुनु पर्ने अपेक्षा राख्दछ । लोकतन्त्रले सूचनामा व्यक्तिको निर्वाध पहुँचको वकालत गर्दछ । विश्वका सरकारहरूले आफूलाई यस कसीमा मूल्यांकन गर्नु अपरिहार्य छ । जसले आफू लोकतान्त्रिक भएको दावी गर्दछ, उसलाई सूचनामा जनताको पहुँच स्थापनाका लागि पहल नगर्ने छुट छैन र छुट हुनु पनि हुँदैन ।

नागरिकको चाहना भ्रष्टाचारमुक्त अशल शासन हो । निश्चय पनि यस आधारमा मात्र समृद्धि तर्फको यात्रा सम्भव हुन सक्छ । यसका लागि निश्चित रुपमा पारदर्शी र लोकतान्त्रिक शासन प्रणाली

> ***सुशासनको लोकतन्त्रसँग अत्यन्त घनिष्ठ सम्बन्ध छ । वास्तवमा दुबै एकअर्काका पूरक हुन । न त सुशासन बिना लोकतन्त्र गतिशील हुन सक्दछ, न त लोकतन्त्र बिना सुशासन नै कायम हुन सक्दछ । सूचनाको हक सम्बन्धी ऐनको कार्यान्वयनको सन्दर्भले सुशासन र लोकतन्त्रको भावनालाई बल पुर्‍याउँछ ।***


आवश्यक पर्दछ; जो सूचनाको निर्वाध सम्प्रेषण अर्थात् सूचनामा जनताको निर्वाध पहुँचको अवस्थामा मात्र सम्भव छ । सूचना लुकाउने वा लुक्ने अवस्था जति बढी हुन्छ, त्यहाँ भ्रष्टाचार र अनियमितताको सम्भावना त्यति नै बढी हुन्छ ।

नेपालमा पनि लोकतन्त्रलाई संस्थागत गर्न र शासनको दैनन्दिन प्रक्रियामा नागरिकलाई सहभागी गराउन सूचनाको हकलाई संविधानमै व्यवस्थित गरी १८ वर्षअघि ऐन ल्याइएको हो । तर, यस अवधिको मूल्यांकनका आधारमा के भन्न सकिन्छ भने कार्यान्वयनका सन्दर्भमा सन्तोष मान्न सकिने अवस्था छैन । आमव्यक्तिले त यस हकको समुचित प्रयोग गर्न सकेका छैनन् नै, मिडिया पनि यो हकको प्रयोगका सन्दर्भमा गम्भीर हुन सकेको छैन । सूचनाको हक प्रयोग गरी मिडियाले समाचार संकलन र सम्प्रेषणको कार्यलाई तीव्रता दिने हो भने विद्यमान अवस्थामा सुधार आउने अपेक्षा गर्न सकिन्छ र यसले समृद्धिको दुरुह यात्रालाई सम्भव बनाउन सक्छ ।

वर्तमानमा एउटा अर्को कुरा पनि विचारणीय छ । त्यो के भने, कतिपय सूचनादाताबाट यो कानून जान्ने व्यक्तिबाट यदाकदा दुरुपयोग हुने खतरा पनि बढेको गुनासो आउने गरेको छ । एकातिर ठूलो संख्यामा सम्बद्ध व्यक्तिबाट यो कानूनको प्रयोग नहुनु र अर्कोतफ केही जान्नेबाट यसको दुरुपयोग हुने सम्भावना बढ्ने अवस्था निकै विरोधाभाषपूर्ण छ । यस बारे पनि आयोग गम्भीर हुनु जरुरी छ र एउटा स्पष्ट धारणा तय गरिनु आवश्यक छ । नत्र, सूचना मागकर्तालाई आरोपित गरेर सूचना आपूर्तिको जिम्मेवारीमा रहेकालाई शंकाका आधारमा उन्मुक्ति दिइनु उचित हुँदैन । साँच्चै यस्तो अवस्था हो भने यो कानूनको प्रभावकारिता र लोकप्रियतामाथि प्रश्नचिन्ह तेर्सिन सक्छ । यो विषय निकै दुःखद हुनेमा विमति हुन सक्दैन ।

यो हकको कार्यान्वयनका सन्दर्भमा सार्वजनिक निकायमा अर्को समस्या पनि देखिने गरेको छ । प्रायःजसो कर्मचारी सूचना अधिकारीको भूमिका निर्वाह गर्न सहजै तयार हुँदैनन् । यो दायित्व निर्वाहका लागि कसैले कुनै आकर्षण बोध गर्दैनन् । कानून जारी भएको १८ वर्ष बितिसक्दा पनि यस दायित्वलाई पेशागत पदका रुपमा रुपान्तरण गरिएको छैन । एउटै कर्मचारीले दोहोरो जिम्मेवारी बहन गर्नु पर्ने र यस्तो दोहोरो जिम्मेवारी बहन गरेवापत आकर्षणका रुपमा लिन नसकिने कुनै सेवा-सुविधा वा अवसर उसले नपाउने अवस्था छ । तर, सूचना अधिकारीका रुपमा थप दायित्व बेहोर्ने क्रममा सम्बद्ध कर्मचारीले सम्भावित जोखिम मोल्नु पर्ने बाध्यता भने हम्मेसी रहन्छ ।

यस्तो अवस्थामा त्यस्तो कर्मचारी सूचना मागको संस्कृति विकसित नहोस् भन्ने चाहन्छ भने निश्चय पनि यसले एक फरक बहस निम्त्याउने छ । यस्तोमा सरकारी सेवामा अन्य सेवा समूहजस्तै सूचना सेवा वा समूहको फरक व्यवस्था गरी स्थानीयदेखि संघसम्म कर्मचारीको 'क्यारियर' सुनिश्चित गर्नु जरुरी छ र यसका लागि सूचना आयोग पनि क्रियाशील हुनु अपेक्षित छ । माथि उल्लेख गरिएका अवस्थामा सुधार ल्याउन सकेका खण्डमा यो ऐनको कार्यान्वयनमा थप उपलब्धि प्राप्त हुने पक्का छ । ❖

*(पूर्व अध्यक्ष : नेपाल पत्रकार महासंघ)*

# पत्रकारिताको कसीमा युट्युबर



● विपुल पोखेल

के युट्युबर पत्रकार हुन् ?–आजकल यो प्रश्न धेरैले सोध्ने गरेको पाइन्छ । प्रविधिको विकाससँगै सूचना प्रवाहका माध्यम पनि थपिएका छन् । इन्टरनेट प्लेटफर्म मार्फत हरेक व्यक्तिले आफ्नो विचार अभिव्यक्त गर्ने अवसर छ । इन्टरनेटमाथिको पहुँच बढ्दो छ । युट्युब पनि एउटा यस्तै इन्टरनेट प्लेटफर्मका रूपमा प्रयोगमा आइरहेको छ । यो प्लेटफर्म मार्फत पनि विभिन्न सूचना तथा सामग्री प्रवाह भइरहेका छन् । यसरी सूचना प्रवाह हुँदा त्यसलाई पनि सञ्चारमाध्यम मान्ने र त्यहाँ काम गर्नेलाई पत्रकार मान्ने सन्दर्भमा बहस भइरहेको पाइन्छ ।

आमसञ्चारको परिभाषा दिँदा कुनै माध्यमको प्रयोग गरेर ठूलो समूहमा हुने सञ्चारलाई 'आमसञ्चार' भन्ने गरिन्छ । यो अर्थमा हेर्ने हो भने युट्युब मार्फत हुने सञ्चारलाई आमसञ्चार भन्न सकिन्छ । माध्यमको प्रयोग गरेर एकै पटक असीमित जनसंख्या र असीमित भूगोलमा सञ्चार गर्ने प्रक्रियालाई आमसञ्चार भने पनि त्यो माध्यम पत्रकारिता हुनका लागि भने केही विशेष गुणको आवश्यकता पर्दछ । इन्टरनेट प्लेटफर्मको विकास नहुँदासम्म माध्यमको प्रयोग भएर हुने आमसञ्चारलाई नै पत्रकारिता हो कि भनेझैं गरेर बुझ्ने र बुझाउने गरियो । अब आमसञ्चार र पत्रकारितालाई एकै रूपमा बुझ्दा अलमल हुँदो रहेछ भन्ने महसूस हुन थालेको छ ।

पत्रकार कसलाई भन्छन् त ?– यो प्रश्नको जवाफमा स्पष्ट भएमा 'युट्युबर को हुन् ?' भनेर जान्न सहज होला । नेपाली पत्रकारको साझा संस्था नेपाल पत्रकार महासङ्घको विधानको परिभाषा अनुसार, 'पत्रकार भन्नाले- छापा, प्रसारण तथा अनलाइन जस्ता कुनै पनि प्रकृतिका आमसञ्चारका माध्यमसँग आबद्ध यस विधान बमोजिम तोकिएको योग्यता पुगेको समाचार संकलन, उत्पादन, सम्पादन, सम्प्रेषण, समाचार लेखन/पुनर्लेखन गर्ने कार्यका साथै नियमित स्तम्भ लेखक, कार्टुनिस्ट, फोटो पत्रकार, प्रेस क्यामरापर्सन, समाचार तथा समाचारमूलक कार्यक्रम निर्माता तथा सञ्चालक, समीक्षक, साजसज्जा, स्केच, भाषा तथा श्रव्य-दृश्य सम्पादक एवम् स्वतन्त्र पत्रकार समेतलाई जनाउँछ' भन्ने उल्लेख छ ।

त्यस्तै, पत्रकार महासङ्घ समेतको सहमतिमा प्रेस काउन्सिल नेपालले जारी



गरेको आचार-संहितामा पत्रकारको परिभाषा यसरी गरिएको छ- 'पत्रकार' भन्नाले सञ्चार प्रतिष्ठानमा व्यवस्थापकीय तथा प्रशासकीय अधिकार प्राप्त गरेको व्यक्ति बाहेक सञ्चार सम्बन्धी व्यवसाय वा सेवालाई प्रमुख व्यवसाय अपनाई पारिश्रमिक लिई सञ्चार प्रतिष्ठानमा पूर्ण वा आंशिक समय काम गर्ने व्यक्ति सम्झनु पर्छ । सो शब्दले सञ्चार प्रतिष्ठानमा समाचार सामग्री संकलन, उत्पादन, सम्पादन वा सम्प्रेषण गर्ने प्रधान सम्पादक, सम्पादक, संवाददाता, स्ट्रिन्जर, समाचारवाचक, कार्यक्रम निर्देशक, अनुवादक, साजसज्जा, प्राविधिक, स्तम्भ लेखक, फोटो पत्रकार, प्रेस क्यामेरापर्सन, व्यंग्य चित्रकार, कार्यक्रम निर्माता वा सञ्चालक, दृश्य वा भाषा सम्पादक जस्ता समाचार तथा समाचारमूलक कार्यक्रमसँग सम्बन्धित व्यक्ति समेतलाई सम्झनु पर्छ ।

त्यस्तै, छापाखाना तथा प्रकाशन ऐन-२०४८ मा 'पत्रकार भन्नाले पत्रपत्रिकामा प्रकाशित हुने सामग्री संकलन वा सम्पादन गर्ने व्यक्ति सम्झनु पर्दछ' भनिएको छ । पत्रकारका सम्बन्धमा गरिएका यी परिभाषाहरूको विश्लेषण गर्दा सूचना प्रणालीको प्रयोग गर्दै आमसञ्चारका माध्यमबाट आफ्नो उत्पादनलाई बाहिर प्रवाह गर्ने प्रक्रियामा संलग्न व्यक्तिहरूलाई पत्रकार भनेर चित्रित गर्न सकिन्छ ।

सूचना प्रणालीका मुख्य रूपमा तीन चरण हुन्छन् – सूचना संकलन, प्रशोधन र प्रवाह । यहाँ खास गरेर पत्रकार हुनका लागि सूचना प्रणालीको दोस्रो चरण अर्थात् प्रशोधनको चरणमा बढी भूमिका निर्वाह गर्न आवश्यक पर्दछ । पहिलो चरणमा सूचना संकलन गरिएको हुन्छ । यसरी संकलित सबै सूचना पत्रकारिताका विषयवस्तु बन्न सक्दैनन् । त्यसलाई सम्पादन गर्न जरुरी हुन्छ । त्यही सम्पादनको काम नै खासमा प्रशोधन हो । कुनै पनि संकलित सूचनालाई समाचार सामग्रीका रूपमा तयार गर्दा त्यहाँ निश्चित विधि अपनाउनु पर्दछ । त्यो समाचारको सत्यताको जाँच गर्दै त्यसको सन्तुलन, विश्वसनीयता, मानवीय अभिरुचिपूर्ण, समय सान्दर्भिक बनाउने र प्रवाह गर्न लायक बनाउने काम सम्पादनका क्रममा गरिन्छ ।

त्यसैगरी, त्यो समाचार सामग्री पस्कँदै गर्दा सामाजिक उत्तरदायित्व बहन भयो कि भएन भनेर पनि ध्यान पुऱ्याउनु पर्ने हुन्छ । पत्रकार र त्यो समाचार प्रवाह गर्ने आमसञ्चार संस्थाले यति कुरा पूरा गरेपछि मात्र त्यो समग्रतामा पत्रकारिता कर्म भयो । यसो गरिएन भने त्यो मर्यादित पत्रकारिता हुँदैन । नेपालको आमसञ्चार नीतिले भनेको छ- 'आमसञ्चारमाध्यमलाई स्वनियमन र स्वमूल्यांकनका लागि अभिप्रेरित गरी स्वच्छ, स्वस्थ र मर्यादित पत्रकारिताको विकास गर्ने ।' यसरी सम्पादनको कार्यलाई गम्भीरताका साथ पूरा गरेमा मात्र आमसञ्चार नीतिको उद्देश्य अन्तर्गतको

उल्लेखित बुँदाको सम्मान गरेको ठहरिन्छ ।

पत्रकारितामा चुनौतीहरू समेत त्यत्तिकै सामना गर्नु पर्ने हुन्छ । पत्रकार स्वयम्‌को व्यवहार, काम गर्ने शैली र सुरक्षा सतर्कता लगायतका क्षेत्रमा समस्या आउने गरेको छ । यस्तो अवस्थाको न्यूनीकरण गर्न पत्रकार स्वयम्‌ले पनि आफ्नो सुरक्षालाई ध्यान दिई काम गर्नु पर्दछ । यसका लागि पत्रकार स्वयम्‌ले अपनाउने सतर्कताका बारेमा पत्रकार महासङ्घले तयार गरेको पत्रकार सुरक्षा नीति-२०७४ मा भनिएको छ- 'आचार-संहिताको पूर्ण पालना गर्ने प्रत्येक पत्रकारले आफूले कुनै पनि विषयको रिपोर्टिङ गर्दा नेपाल पत्रकार महासङ्घको सहमतिमा प्रेस काउन्सिल नेपालद्वारा जारी गरिएको र नेपाल पत्रकार महासङ्घको पत्रकार सुरक्षा नीति नेपाल पत्रकार महासङ्घको विधानमा उल्लेख गरिएको पत्रकार आचारसंहिता-२०७३, त्यसमा हुने संशोधन वा त्यसपछि जारी भएका आचार-संहिताको पूर्ण पालना गर्नु पर्ने छ ।

यसका साथै महासङ्घले जारी गरेको वा महासङ्घले स्वामित्व लिएको आचार-संहिता पालना गर्नु पर्ने छ । यस्तै बेला-बेलामा जारी हुने नीति वा निर्देशनको समेत पालना गर्नु पर्ने हुन्छ । यदि पत्रकार सम्बद्ध सञ्चार संस्थाले कुनै किसिमको आचार-संहिता जारी गरेको छ भने त्यसको पनि पालना गर्नु पर्छ ।'

अब युट्युबरहरू पत्रकार हुन् कि होइनन् भन्ने प्रश्नको जवाफ खोज्न उल्लिखित सन्दर्भहरूको विश्लेषण गर्नु पर्ने हुन्छ । पत्रकारको कर्म, उनीहरूले सम्पादनका क्रममा खेल्ने भूमिका, कुनै पनि सूचनालाई सामाजिक उत्तरदायित्वको सिद्धान्तमा आधारित भएर प्रवाहयोग्य बनाउने दायित्व बहन गरेको छ भने त्यो पत्रकार हो । अहिले युट्युब प्रयोगकर्ताहरूले प्रवाह गर्ने सामग्रीका कारण उनीहरूको आलोचना भइरहेको छ । व्यक्तिका निजी कुरा छताछुल्ल पार्ने, अतिरञ्जनायुक्त सामग्री पस्कने, सामाजिक उत्तरदायित्वलाई पूर्ण रूपमा बेवास्ता गर्ने गरेका कारण उनीहरूमाथि प्रश्न उठेको हो ।

माथि चर्चा गरिएझैं सूचना प्रणालीको ख्याल गर्दै सम्पादन कार्यलाई सचेततापूर्वक सम्पन्न गर्ने हो भने त्यहाँबाट प्रवाह हुने सामग्रीका सन्दर्भमा पनि प्रश्न उठ्ने छैन । बिना सम्पादन जस्तो पनि सामग्री प्रवाह गर्दा त्यहाँ पत्रकारिताको भाव मर्छ । पत्रकारिताको भाव मारेर सामग्री पस्कनेहरूलाई पत्रकार मान्न सकिँदैन । युट्युब प्रयोगकर्तामध्ये कतिपयले पत्रकारिताको आधारभूत सिद्धान्त र दायित्व पनि ख्याल गरेको पाइँदैन । उनीहरूका कारण सम्पूर्ण युट्युब प्रयोगकर्तामाथि नै प्रश्न उब्जिएको छ । युट्युब प्रयोगकर्ताले आफ्नो युट्युब च्यानललाई पत्रकारिताका लागि प्रयोग गर्ने कि आफ्नो व्यक्तिगत अर्काइभका रूपमा प्रयोग गर्ने भन्ने कुराको निधो पहिले नै गर्न आवश्यक छ । व्यक्तिगत अर्काइभका रूपमा त्यो च्यानललाई प्रयोग गर्दा आफ्ना निजी कुराहरू राख्न सकियो । मन परेका सामग्री राख्न सकियो । उहिले-उहिले फोटो राख्नका लागि एल्बमको प्रयोग गरेझैं इन्टरनेट प्लेटफर्मलाई प्रयोग गर्न सकियो । तर, युट्युबलाई पत्रकारिताको माध्यम बनाउने हो भने त्यो स्वघोषणा गर्नु पर्छ र पत्रकारिताको सिद्धान्तमा टेकेर सामग्री उत्पादन गर्नु पर्दछ ।

पत्रकारिता गर्नका लागि यसको आधारभूत ज्ञान हुन जरुरी छ । अहिलेको लोकतान्त्रिक समाजमा सामाजिक उत्तरदायित्वका आधारमा पत्रकारिता गर्नु पर्ने मान्यता राखिन्छ । युट्युबका सामग्रीमा यो उत्तरदायित्वमा ध्यान नपुऱ्याएको पाइएकाले नै उनीहरूलाई पत्रकार नमान्ने समाज बाध्य भएको हो । तसर्थ युट्युबरहरू 'पत्रकार' बन्ने कि 'प्रयोगकर्ता' बन्ने भन्ने कुराको पहिलो निर्णय प्रयोगकर्ता स्वयम्‌ले गर्नु पर्दछ र त्यो निर्णयको स्वघोषणा पनि गर्नु पर्दछ । पत्रकार बन्ने हो भने माथि चर्चा गरिएका सन्दर्भसँग आफ्नो कर्मलाई जोड्न पनि आवश्यक हुन्छ ।

यति मात्र होइन, नेपाल पत्रकार महासङ्घको सहमतिमा प्रेस काउन्सिलले जारी गरेको आचार-संहितामा पत्रकारले गर्न हुने र नहुने कुराहरू प्रष्ट्याइएको छ । त्यसको अक्षरशः पालना बिना पत्रकार हुन सकिँदैन । आचार-संहितामा पत्रकार र सञ्चारमाध्यमले गर्न नहुने सूची समेत उल्लेख गरिएको छ । जसअनुसार सार्वभौमसत्ता, राष्ट्रिय एकता र सामाजिक सद्भावमा खलल पुग्ने कार्य गर्न हुँदैन भने भेदभाव हुने गरी र निजी स्वार्थपूर्तिका लागि सूचनाको सम्प्रेषण गर्न हुँदैन ।

साथै, पत्रकार तथा सञ्चारमाध्यमले हिंसा, आतंक र अपराधलाई प्रश्रय हुने वा आत्महत्या गर्न उक्साउने, अश्लील, सार्वजनिक स्वास्थ्य, शिष्टाचार र नैतिकताको प्रतिकूल हुने वा त्रास उत्पन्न गर्ने किसिमका सामग्री उत्पादन, प्रकाशन, प्रसारण र वितरण गर्नु हुँदैन । पीडित वा प्रभावित व्यक्तिलाई थप पीडा हुने गरी सूचनाको सम्प्रेषण गर्न हुँदैन भने घटनासँग असम्बन्धित व्यक्तिको नाम उल्लेख गर्नु हुँदैन । पत्रकार तथा सञ्चारमाध्यमले समाजमा हिंसा, निराशा, घृणा, सन्त्रास र उत्तेजना फैलाउने किसिमका नग्न, क्षतविक्षत र वीभत्स दृश्य एवम् तस्वीरहरू सम्प्रेषण, प्रकाशन वा प्रसारणका गर्न नहुने व्यवस्था आचार-संहितामा गरिएको छ । फोटो तथा दृश्यको गलत प्रयोग हुँदैन भने विज्ञापनलाई समाचार र समाचारलाई विज्ञापनका रूपमा प्रस्तुति गर्न नहुने व्यवस्था गरिएको छ ।

अनलाइन सञ्चारमाध्यमले सामग्री सम्प्रेषण गर्दा पहिले नै राखिएजस्तो देखाउने गरी पुरानो मिति र समय उल्लेख गर्न र एक पटक प्रकाशित सामग्री प्रकाशन पश्चात् हटाउन हुँदैन । तर, असावधानीवश पोष्ट हुन गएका गम्भीर क्षति पुऱ्याउने खालका सामग्री हटाउँदा त्यस्तो सामग्रीको प्रकृति खुलाई क्षमायाचना गर्नु पर्दछ ।

पत्रकार तथा सञ्चारमाध्यमले कुनै पनि सामग्री संकलन वा सम्प्रेषण गर्दा अनुचित प्रभाव पार्न खोज्ने विज्ञापनदाता, समाचारका स्रोत, व्यक्ति वा समूह कसैको पनि प्रत्यक्ष वा परोक्ष दबाब वा प्रलोभनमा पर्नु हुँदैन । अर्थात्, पत्रकार तथा सञ्चारमाध्यमले प्रायोजकबाट प्रभावित भई समाचार सामग्री सम्प्रेषण गर्नु हुँदैन । पत्रकार तथा सञ्चारमाध्यमले समाचार स्रोतसँग पेशागत मर्यादा विपरीत सम्बन्ध राख्न एवम् व्यक्ति वा संस्थाको निहित स्वार्थपूर्तिका लागि सञ्चारमाध्यमको दुरुपयोग गर्नु हुँदैन भने प्रविधिको अदृश्य प्रयोग गर्नु हुँदैन । तर, सार्वजनिक हितका लागि प्रविधिको गोप्य रूपमा प्रयोग गर्नु परेमा त्यसरी संकलित सामग्री प्रस्तुत गर्दा पाठक, श्रोता वा दर्शकलाई जानकारी दिनु पर्दछ । न्याय निरुपणमा प्रभाव पार्ने गरी कुनै पनि सामग्री सम्प्रेषण गर्नु हुँदैन भने पेशागत मर्यादा विपरीत उपहार तथा पुरस्कार ग्रहण गर्नु हुँदैन । मर्यादा र आत्मसम्मानमा प्रतिकूल असर पुऱ्याउनु हुँदैन । जनस्वास्थ्य वा व्यक्तिको स्वास्थ्यका सम्बन्धमा अतिरञ्जित तवरमा सम्प्रेषण गर्नु हुँदैन भन्ने व्यवस्था समेत आचार-संहितामा गरिएको छ ।

पत्रकार बन्नका लागि गर्नु पर्ने दायित्व निर्वाह गरे/नगरेको छुट्याउने काम आमसञ्चारका उपभोक्ताको हो । कुनै पनि सञ्चारमाध्यमको भूमिकाका आधारमा उसका बारेमा धारणा बनाउने पहिलो र अन्तिम हक त्यो सञ्चारमाध्यमका उपभोक्ताहरूमा अन्तरनिहित हुन्छ । ❖

*(पूर्व अध्यक्ष : नेपाल पत्रकार महासंघ)*




## पत्रकारितामा एआइको सही प्रयोग

# के नेपाली पत्रकार तयार छन् ?



● डा.भानुभक्त आचार्य

कृत्रिम बुद्धिमत्ता अर्थात् 'आर्टिफिसियल इन्टेलिजेन्स' वा छोटकरीमा 'एआइ' भन्नाले मानव बुद्धि आवश्यक पर्ने कार्यहरूलाई कम्प्युटर प्रणालीले सम्पन्न गर्न सक्ने क्षमतासँग सम्बन्धित विचार, प्रविधि र सीपहरूको संग्रहलाई बुझ्नु पर्दछ ।

सूचना प्रविधिको सूत्रात्मक (एल्गोरिदम) तथा स्वचालित (अटोमेसन) पद्धतिद्वारा पत्रकारिताको कर्मलाई बढी प्रभावकारी बनाउन वा समाचारका उपभोक्तालाई अझ सान्दर्भिक समाचार सामग्रीमा पहुँच पुऱ्याउनका लागि पत्रकार तथा सञ्चार संस्थाहरूले कृत्रिम बुद्धिमत्ताको प्रयोग गर्दछन् । अचेल हजारौंको संख्यामा विभिन्न स्वभाव र उद्देश्यका जीपीटी सफ्टवेयर वा उपकरणहरू प्रयोगमा छन्, जसले पत्रकारिता पेशामा, खासगरी समाचार लेखन, भाषा अनुवाद, पाण्डुलिपि सम्पादन, फोटो उत्पादन, रेखाचित्र निर्माण, तथ्याङ्क विश्लेषण, संक्षेपीकरण, शीर्षक चयन, क्याप्सन लेखन, समाचार वाचन, कार्यक्रम सञ्चालन लगायतका गतिविधि तत्कालै र सहजै गर्न सक्छन् ।

सन् २०२२ नोभेम्बरमा च्याट जीपीटी सर्वसुलभ रूपमा उपलब्ध भएपछि कृत्रिम बुद्धिमत्ताले पत्रकारिता लगायत प्रायः सबै पेशा-व्यवसायमा तरंग सिर्जना गरिरहेको कुरा विदितै छ । एआइले खडा गरिदिएको नयाँ चुनौतिसँग कसरी मुकाबिला गर्ने भन्ने विषयमा पत्रकारिता जस्ता परम्परागत मूल्य-मान्यतालाई आत्मसात गर्दै संस्थागत भएका पेशा-व्यवसायहरूले छलफल र बहस जारी राखेका छन् । यो आलेख त्यही सिलसिलाको एउटा हिस्सा हो ।

### एआइ : आश र त्रास सँगसँगै

अमेरिकी लेखक ल्याङ्डन विनरले सन् १९८६ मा प्रकाशित आफ्नो पुस्तक 'द ह्वेल एण्ड द रियाक्टर'मा 'टेक्नोलोजिकल

सम्नाम्बुलिजम्' भन्ने शब्दावली प्रयोग गरेका थिए । यसको अर्थ हुन्छ- कुनै पनि नयाँ प्रविधिलाई आँखा चिम्लेर ग्रहण गर्नु । हामी कुनै पनि नयाँ प्रविधिलाई त्यसले दिने तात्कालिक फाइदाहरूका आधारमा थप सोचविचारै नगरी ग्रहण गर्छौं र कालान्तरमा त्यसले सिर्जना गर्ने गम्भीर चुनौतिहरूको सामना गर्छौं ।

पत्रकारिता क्षेत्रमा एआइ प्रविधिको अन्धाधुन्ध प्रयोग विनरले भनेजस्तै टेक्नोलोजिकल सम्नाम्बुलिजम्कै एउटा स्वरूप हो । यसको कारण हो- सञ्चार संस्थाहरूको बढ्दो सञ्चालन खर्च । एकातिर एउटै समाचार सामग्रीलाई बहुमाध्यम (मल्टिमिडिया)मा धेरैजसो प्रयोगकर्तालाई उपयोगी हुने गरी उत्पादन गर्नु परेको छ । अर्कातिर, परम्परागत रूपमा उनीहरूले पाउने विज्ञापनहरूलाई क्रमशः गुगल, फेसबूक, इन्स्टाग्राम जस्ता डिजिटल प्लाटफर्महरूले अपहरण गरिरहेका छन् । यसरी घट्दो आम्दानी र बढ्दो खर्चले गर्दा सञ्चार संस्थाका लागि च्याट जीपीटी जस्ता एआइ उपकरणहरूलाई आँखा चिम्लेर स्वागत गर्नु पर्ने अवस्था छ । किनभने, यिनले कम खर्चमा समाचार संकलन, लेखन, अनुवाद, सम्पादन, बहुमाध्यममा रूपान्तरण र लक्षित उपभोक्तालाई चौबिसै घण्टा समाचार प्रवाह गर्न मद्दत गर्दछन् । अब एआइको प्रयोगले पत्रकारिता पेशामा के-कस्तो दूरगामी असर पर्छ, यसको हिसाबकिताब गर्ने वा त्यसमा घोत्लिने फुर्सत धेरैलाई छैन ।

परिणामस्वरूप जेनेरेटिभ एआइको उदयपछि संसारभरि नै पत्रकारको जागिर संकटमा परेको छ । उदाहरणका लागि, गत जेठ महिनामा अमेरिकाबाट प्रकाशन हुने ' बिजनेस इन्साइडर'ले २१ प्रतिशत जागिर कटौती गऱ्यो । सन् २०२३ यता यूरोप र अमेरिकी देशहरूमा मात्रै १० हजारभन्दा बढीले पत्रकारिता संस्थाबाट सधैंका लागि छुट्टी पाएका छन् । नेपालमा समेत अघोषित रूपमा पत्रकारको जागिरका अवसरहरू संकुचित भएका छन् ।

त्यसैगरी, एआइ उपकरणहरूको मात्र भर पर्दा यसले पत्रकारितालाई दुर्घटनामा पार्न सक्ने जोखिम छ । कतिपय अध्ययनले एआइको प्रयोगका कारणले पत्रकारको क्रियाशीलता र सिर्जनशीलता घट्ने देखाएका छन । साथै, एआइ उपकरणहरूमा बढी भर पर्नाले समाजप्रति कूल सामग्री प्रकाशन गर्न सक्ने लगायतका समस्या देखिएका छन् । एआइ उपकरणहरूले मिथ्या समाचार, गहन झूट अर्थात् 'डीपफेक' र सन्दर्भविहीन जानकारीको बाढी नै ल्याएका छन् । गत वर्ष रोयटर्स इन्स्टिच्युटले गरेको एउटा अध्ययनले एआइका कारणले विश्वका बहुसंख्यक पाठकहरू समाचारप्रति सशंकित भएको रिपोर्ट प्रकाशन गरेको थियो ।

यी अध्ययनका सन्दर्भहरूले के देखाउँछन् भने पत्रकारिता पेशामा एआइ महत्वपूर्ण छ, तर यो चुनौतिरहित विकल्प भने होइन । तर, विद्युत वा इन्टरनेट जस्तै एआइ पनि व्यापक प्रयोजनको प्रविधि भएकाले यसलाई रोकेर, नियन्त्रण गरेर वा पाखा लगाएर पत्रकारिता लगायत धेरैजसो पेशा-व्यवसाय अघि बढ्न नसक्ने अवस्था छ । सन् २०२५ को अन्त्यसम्ममा आइपुग्दा पत्रकारिता क्षेत्र दुई वटा विषयमा सहमत भइसकेको अवस्था छ - पहिलो, एआइको प्रयोगले पत्रकारिताको गतिलाई बढाउन सक्छ, खर्च घटाउन सक्छ; तर पूरै पेशालाई नै विस्थापित गर्न सक्दैन । दोस्रो, एआइले सिर्जना गर्न सक्ने नवीन चुनौतिहरूको भयले त्यसलाई रोकेर वा नियन्त्रण गरेर अघि बढ्न सकिन्न ।

### विश्वव्यापी प्रयोग र बहस

जेनेरेटिभ एआइको प्रयोग र उपयोगिता थाहा पाउने बित्तिकै पत्रकारितामा नयाँ प्रयोगहरू भए । उदाहरणका लागि, न्यूज जीपीटी डट एआइ जस्ता अनेक स्वचालित वेभसाइटहरू छन्, जसले 'मानवीय पूर्वाग्रहरहित समाचार' भनेर आफूलाई प्रवर्द्धन गरिरहेका छन् । तिनीहरूले गरेका त्रुटिको उत्तरदायित्व लिने कुनै निकाय सतहमा देखिंदैन । विश्वका विभिन्न टेलिभिजनहरूमा एआइ समाचारवाचक तथा कार्यक्रम सञ्चालकहरू सिर्जना भए, जसले चौबिसै घण्टा समाचार तथा अन्य कार्यक्रम चलाउन थाले । उदाहरणका लागि, इण्डोनेसियाको पहिलो एआइ न्यूज एङ्कर भूमी, इण्डियाको एआइ समाचारवाचिका सना, चीनको समाचारवाचिका सिअजिअमङ, रुसकी मौसम संवाददाता नेजानातुमानोभा आदि ।

त्यस्तै, इण्डियाको र पाकिस्तानका टेलिभिजनहरूले त वास्तविक समाचार सञ्चालककै एआइ अवतार सिर्जना गरेर कुन सक्कली प्रस्तोता र कुन प्रतिविम्ब भनेर छुट्याउनै नसक्ने बनाइदिए । आजतक टीभीकी अञ्जनाओम कश्यप र डिस्कभर पाकिस्तान टेलिभिजनका डा. केइजरको एआइ अवतार पत्रकारिताको नैतिक धरातलमा सही प्रयोग हो कि होइन, अझै बहस जारी छ ।

अमेरिकाको न्यूयोर्कबाट सञ्चालित सिनेट नामको आर्थिक अनलाइनले च्याट जीपीटी सार्वजनिक हुने बित्तिकै अर्थात् सन् २०२२ नोभेम्बरदेखि नै गुपचुप रूपमा एआइ च्याटबोट प्रयोग गरेर समाचार प्रकाशन गरिरह्यो । पछि, त्यो घटना सतहमा आएपछि सिनेटले सार्वजनिक रूपमा माफी मात्रै मागेन, एआइ-सिर्जित सबै समाचार पुनः सम्पादन गरेर च्याटबोट संवाददाता र त्यहाँ कार्यरत अनुभवी पत्रकार सम्पादकको रुपमा दोहोरो बाइलाइन राखेर समाचार प्रकाशन गर्ने चलन शुरु गऱ्यो । साथै, थप पारदर्शिताका लागि हरेक समाचारको अन्त्यमा "यो समाचार एआइ च्याटबोटले लेखेको हो र यसलाई संस्थाका पत्रकारले राम्ररी सम्पादन गरेपछि मात्रै प्रकाशन गरिएको छ" भन्ने जानकारी राख्न थालियो ।

अचेल एआइ-मानवको यस्तो सहलेखनको प्रचलनलाई बिजनेस इन्साइडर र फच्युन म्यागजिन लगायतले अनुशरण गरेका छन् । द न्यूयोर्क टाइम्स लगायतका सञ्चार संस्थाहरूले एआइ-सिर्जित तस्वीर वा रेखाचित्र भनेर क्याप्सन प्रयोग गर्ने गरेका छन् । अमेरिकाकै लस एन्जलस टाइम्सले एआइ विश्लेषण भनेर बक्समा समाचार टिप्पणी राख्न थालेको छ । साथै, कुनै राजनीतिक विचार वा टिप्पणी छ भने त्यसको सँगै प्रतिवाद टिप्पणी र रेटिङ स्केल समेत राख्न थालेको छ ।

अहिले संसारका मुख्य समाचार संस्थाहरूले एआइ च्याटबोट निर्माण गरेर तथ्यांकमा आधारित जानकारीमूलक समाचार लेख्न लगाउने गरेका छन् । ती च्याटबोटले पाठकलाई खोजेको समाचार उपलब्ध गराउने, सम्बन्धित सञ्चार संस्थाबारे जानकारी दिने, विगतमा प्रकाशित सामग्रीहरूको लिंक वा सारांश उपलब्ध गराउने, पाठकका अन्य जिज्ञासाको संस्थागत रूपमा आधिकारिक जानकारी दिने लगायतका काम गर्दछन् । उदाहरणका लागि 'द वाशिंटन पोस्ट'को हेलियोग्राफले तथ्यांकमा आधारित छोटा जानकारीहरू बारे समाचार लेख्छ, जस्तैः खेलकूद वा निर्वाचन अपडेट गर्छ, भूइँचालो वा आँधी जस्ता प्राकृतिक विपत्तिको समाचार लेख्छ, पुराना जानकारी खोज्न सघाउँछ । तथ्यांक विश्लेषण गर्न सघाउँछ ।

## एआइ र पत्रकारिता सम्बन्धी पेरिस घोषणा-२०२४

१. पत्रकारिताको नैतिकताले सञ्चारमाध्यम र पत्रकारहरूले प्रविधि प्रयोग गर्ने तरिकालाई मार्गनिर्देश गर्दछ ।
२. सञ्चारमाध्यमले मानवीय क्षमतालाई प्राथमिकता दिनु पर्दछ ।
३. पत्रकारितामा प्रयोग हुने एआइ प्रणालीलाई प्रयोग गर्नुअघि नै स्वतन्त्र मूल्यांकन गर्नु पर्दछ ।
४. सञ्चारमाध्यम आफूले प्रकाशित गर्ने सामग्रीका लागि सधैं जिम्मेवार हुनु पर्दछ ।
५. सञ्चारमाध्यमले एआइ प्रयोग गर्दा पारदर्शिता कायम राख्नु पर्दछ ।
६. सञ्चारमाध्यमले समाचार सामग्रीको उत्पत्ति र त्यसलाई पत्ता लगाउने क्षमता सुनिश्चित गर्नु पर्दछ ।
७. पत्रकारिताले आधिकारिक र कृत्रिम समाचार सामग्रीबीच स्पष्ट सीमा निर्धारण गर्नु पर्दछ ।
८. एआइ-सञ्चालित सामग्रीको वैयक्तिकरण र सिफारिशले सूचनाको विविधता र इमान्दारीलाई जोगाउनु पर्दछ ।
९. पत्रकार, सञ्चारमाध्यम र पत्रकारिता समर्थन समूहहरू एआइ सुशासन पद्धतिमा संलग्न हुनु पर्दछ ।
१०. पत्रकारिताले एआइ संस्थासँगको संलग्नतामा आफ्ना नैतिक र आर्थिक आधारहरू कायम राख्नु पर्छ ।

*भाषानुवाद : लेखक*

यस बाहेक बेलायतको फाइनान्सियल टाइम्सको 'आस्क एफटी', फिलिपिन्सको र्‍याप्लर पत्रिकाको 'राइ', फोर्ब्स म्यागजिनको 'एडेलेइड च्याट' आदि पनि प्रयोगमा छन् । यी सामान्य एआइ एजेन्ट होइनन्, संस्थाले आफ्नै खर्चमा तयार पारेका च्याटबोट हुन्, जसले अन्य एआइ एजेन्टको तुलनामा निकै भरपर्दो काम गर्छन् ।

संसारका मुख्य सञ्चार संस्थाहरूले एआइ प्रयोग सम्बन्धी नीति बनाइसकेका छन् र तिनको समयानुकूल परिमार्जन समेत भइरहेको छ । संसारकै ठूलो समाचार एजेन्सी द एसोसिएटेड प्रेसले च्याट जीपीटी जस्ता एआइ च्याटबोट प्रयोग गर्न पाइने, तर त्यहाँबाट आएका हरेक सामग्रीलाई अपुष्ट जानकारी सरह व्यवहार गर्नु पर्ने, हरेक सूचनाको तथ्य जाँच र सम्पादकीय निगरानी अनिवार्य गर्ने; फोटो, भिडियो र अडियोलाई एआइ प्रयोग गरेर परिमार्जन गर्न नपाइने, एआइ-उत्पादित तस्वीर प्रयोग गर्नु परेमा स्पष्ट जानकारी क्याप्सनमा दिनु पर्ने लगायत बुँदाहरू आफ्नो एआइ नीतिमा समेटेको छ । बीबीसीको एआइ प्रयोग निर्देशिकामा ४ बुँदाहरूमा जोड दिइएको छः सधैं जनहितका लागि प्रयोग गर्ने, प्रतिभा र सिर्जनशीलतालाई प्राथमिकता दिने, एआइ प्रयोग गरेर कुनै सामग्री तयार गरिएको छ भने आफ्ना प्रयोगकर्तासँग सधैं पारदर्शी र खुला हुने र त्रुटि भएमा संस्थाले तत्काल जिम्मेवारी लिने । रोयटर्सले एआइलाई समाचार संकलन, सम्पादन र उत्पादनमा सहयोगी उपकरणका रूपमा प्रयोग गर्न सकिने जनाएको छ । एआइ-सिर्जित कुनै सामग्री प्रयोग गर्नु परेमा पाठकलाई सन्दर्भ सहित खुलाउने र कुन तहसम्म एआइको उपयोग गरिएको हो- त्यस बारे जानकारी दिने भनेको छ ।

मथि उल्लिखित संस्थागत नीतिहरूले एआइ र पत्रकारिता सम्बन्धी पेरिस घोषणाले प्रतिपादन गरेको १० बुँदे मार्गनिर्देशक सिद्धान्तहरूलाई आत्मसात गरेको देखिन्छ । सन् २०२३ नोभेम्बर १० मा रिपोर्टर्स विदआउट बोर्डर्सको अगुवाइमा विश्वका ठूला १६ सञ्चार संस्थाहरूले मिलेर यो घोषणा गरेका थिए । यस घोषणाले प्रविधिको छनोट गर्ने काम नैतिकताद्वारा निर्देशित हुनु पर्छ, सम्पादकीय निर्णयहरूमा मानवीय हस्तक्षेप हुनु पर्दछ, सञ्चारमाध्यमले तथ्यपरक र कृत्रिम सामग्रीबीच फरक छुट्याउन मद्दत गर्नु पर्दछ तथा सञ्चारमाध्यमले पत्रकारिताको अस्तित्व र व्यावसायिकताका लागि दृढ रूपमा आवाज उठाउनु पर्दछ भन्ने मूलभूत विषयमा जोड दिएको पाइन्छ ।

### नेपाली पत्रकारितामा एआइको प्रयोग

माथि उल्लेख गरिएका एआइको प्रयोग सम्बन्धी विश्वव्यापी गतिविधिका तुलनामा नेपालमा भइरहेका एआइ र पत्रकारिता सम्बन्धी छलफल, तालिम र अभ्यासहरू निकै अपर्याप्त छन् । यद्यपि वैधानिक तवरले एआइ कसरी सदुपयोग र नियमन गर्ने भन्ने विषयमा गत भदौमा राष्ट्रिय एआइ नीति-२०८२ सार्वजनिक गरेको छ । नेपाली सञ्चारमाध्यमले महत्वाकांक्षी भनी चर्चा गरेको यस एआइ नीतिको उद्देश्य एआइको नैतिक र सुरक्षित प्रयोग गर्नु, पत्रकारिता लगायत विभिन्न क्षेत्रमा डिजिटल रूपान्तरणलाई बढावा दिनु र आर्थिक वृद्धिलाई सहयोग गर्नु हो । यसै नीतिअनुसार सञ्चार मन्त्रालयले हालै एआइ केन्द्रको स्थापना गरेको छ । यस नीति बाहेक एआइको नियमन गर्न अन्य कानूनी वा नैतिक दस्तावेजहरू बनेका छैनन् ।

नेपाली समाचार कक्षमा एआइको प्रयोग औपचारिकभन्दा अनौपचारिक रुपमा बढिरहेको छ । देशसञ्चार, अनलाइनखबर, कान्तिपुर, रातोपाटी जस्ता केही समाचार संस्थाले समाचारको अनुवाद, विश्लेषण वा संक्षेपीकरणमा एआइको प्रयोग गरेका छन् । तर, उनीहरूले पनि एआइ प्रयोगको घोषित नीति सार्वजनिक गरका छैनन् । एआइको प्रयोगलाई व्यवस्थित गर्ने बारे वर्तमान पत्रकार आचार-संहिता अद्यावधिक नभएकाले धेरैजसो पत्रकार र समाचार संस्थाहरूले आफ्नो मनमौजी गरेका छन् । एआइ उपकरणहरूको प्रयोग बारे सार्वजनिक रूपमा पाठकलाई जानकारी दिएका छैनन् । यस्तो प्रवृत्तिले पत्रकारिता पेशामा हुने बेथितिलाई अझ मलजल गर्दछ ।

झण्डै एक वर्षयता केही सीमित सञ्चार संस्थाहरूले पत्रकारितामा एआइ प्रयोग नीति बनाउने र त्यसलाई सार्वजनिक गर्न थालेका छन् । गत फागुन १ गते नेपाली रेडियो नेटवर्कले विश्व रेडियो दिवसका अवसरमा जारी गरेको 'एआइनीति'मा एआइको प्रयोग सही, जिम्मेवारीपूर्वक र विश्वसनीय हुनु पर्ने, गल्तीको जिम्मेवारी प्रयोगकर्ता (व्यक्ति वा संस्था)ले लिनु पर्ने लगायतका विषय समेटिएका छन् । तनहुँबाट सञ्चालित इ-बाराही डटकमले आफ्नो संस्थागत प्रयोजनका लागि गत जेठ १६ गते एआइ प्रयोग नीति जारी गरेको छ, जसमा

के-कस्तो अवस्थामा एआइको प्रयोग कसरी गर्ने भन्ने स्वघोषणा समेटिएको छ ।

त्यस्तै, गत भदौमा अद्यावधिक नेपालन्यूज डटकमको 'एआइ निर्देशिका'मा सम्पादकीय सर्वोच्चता, मानव निगरानी, पारदर्शिता, उचित प्रयोग लगायतका विषय उल्लेख छन् । तर, नेपालमा कुनै पनि सञ्चार संस्थाले एआइ अवतार वा आफ्नै विशिष्टीकृत च्याटबोट बनाउन लगानी गरेका छैनन् । हाम्रा धेरैजसो सञ्चार संस्थाहरू निकै सानो लगानीका छन् । सरकारी रकममा बाँच्ने मिडियाको हिस्सा ठूलो भएको देशमा एआइमा लगानी गर्ने मिडियाको अभाव स्वाभाविकै हो । एआइले खोल्न सक्ने सम्भावनाहरूलाई लगानीको अभाव, कानूनविहीनता, आचार-संहिताको अभाव आदिले अझ पछि धकेल्ने पक्का छ ।

## नैतिक प्रयोगको प्रारम्भिक खाका

नेपालका पत्रकारहरूका लागि जारी आचार-संहिता २०७३ (पहिलो संशोधन, २०७६)मा नयाँ माध्यम भन्ने शब्दको प्रयोग गरिएको भए पनि त्यसले इन्टरनेट र सामाजिक सञ्जाललाई मात्रै बुझाउँछ; एआइलाई समेट्दैन । तसर्थ, ढिला नगरी अहिलेकै पत्रकार आचार-संहितामा एउटा दफा थपेर त्यस अन्तर्गत पेरिस घोषणाको मर्म बमोजिम तलका बुँदाहरूलाई समेट्ने कोशिश गरियो भने पत्रकारितामा एआइको प्रयोगलाई नियमन गर्न सकिन्छ । साथै, पत्रकार आचार-संहिताको अनुकूल हुनेगरी हरेक समाचार संस्थालाई आ-आफ्नै एआइ नीतिहरू विकास गरी आफ्नो वेभसाइट वा सार्वजनिक रूपमा राख्न लगाउन पनि सकिन्छ ।

- पारदर्शिताः एआइ प्रयोग भएका समाचार सामग्री (जस्तैः समाचार, लेख, फोटो, रेखाचित्र, भिडियो अवतार आदि) मा स्पष्ट रूपमा "फलानो एआइको सहयोगमा तयार पारिएको" भनेर उल्लेख गर्ने, ताकि समाचारका उपभोक्ता नझुक्किउन् । उत्पादन गर्दा प्रयोग गरिएका प्रम्प्टहरूलाई निश्चित अवधिसम्म सुरक्षित राख्ने ।
- सम्पादकीय स्वतन्त्रता र निगरानीः कुनै पनि एआई-सिर्जित सामग्रीमा पत्रकारको विवेक, सम्पादकीय स्वतन्त्रता र निगरानीलाई अनिवार्य गर्ने । यस्तो हरेक सामग्रीमा तथ्य जाँच एवम् स्रोतको परीक्षण गर्ने, मानव पत्रकारले त्रुटिरहित भनेर निक्र्यौल गरेपछि मात्र प्रकाशन, प्रसारण गर्ने ।
- तथ्य प्रमाणीकरणः एआइ-सिर्जित सामग्रीलाई प्रारम्भिक सूचनाको रूपमा मात्रै ग्रहण गर्ने । त्यस्तो सामग्रीमा मौलिकताको अभाव, त्रुटि हुन सक्ने वा पूर्वाग्रही व्याख्या हुन सक्ने भएकाले मानव पत्रकारले समाचारको सत्यता पुष्टि गरेर मात्रै प्रकाशन प्रसारण गर्ने ।
- गहन झूट निरुत्साहन गर्नेः वास्तविक मानवको अवतार वा स्वर प्रयोग गर्न बन्देज गर्ने । कुनै पनि व्यक्तिको स्वरूप र स्वरको प्रतिलिपि अधिकार सम्बन्धित व्यक्तिमै निहीत रहेको मानिने व्यवस्था गर्ने ।
- उत्तरदायित्वः कुनै पनि संस्थाले प्रयोग गरेको एआइ-सिर्जित सामग्रीमा भएको त्रुटिको जिम्मेवारी र कानूनी, आर्थिक वा अन्य उत्तरदायित्व सम्बन्धित व्यक्ति वा संस्थाले लिनु पर्ने ।
- पत्रकारितालाई प्राथमिकताः प्रविधि जतिसुकै अत्याधुनिक वा चामत्कारिक भए पनि यसको प्रयोग गर्दा पत्रकारिताका शाश्वत मूल्य-मान्यतामा सम्झौता नगर्ने, जस्तैः सत्यको खोजी गर्ने, हानीलाई घटाउने, स्वतन्त्र रूपले काम गर्ने र जवाफदेही तथा पारदर्शी हुने ।
- सन्दर्भः एआइको सहयोगमा उत्पादित सामग्रीलाई विषयवस्तुको सन्दर्भ सहित जानकारी दिने । कुन एआइ उपकरण प्रयोग गरिएको हो र कुन हदसम्म प्रयोग भएको हो भन्ने जानकारी दिने ।

## उपसंहार

पत्रकारिताको ऐतिहासिक विकासक्रमदेखि नै यसले प्रविधिसँग हातेमालो गरेर अघि बढिरहेको छ । अहिले एआइले पत्रकारितामा जतिसुकै त्रास बढाएको भए पनि यसप्रति आश गर्ने ठाउँ अझ बढी छ । त्यसैले संसारका सबै ठूला-साना मिडिया एआइको प्रयोग गर्न उद्यत छन् । अचेल पत्रकारिताका हरेक चरणमा, हरेक सामग्रीमा, हरेक बहसमा एआइले मुख्य प्राथमिकता पाएको छ ।

पत्रकारिताको सबैभन्दा महत्वपूर्ण कार्यमध्ये एक हो– शक्ति र सत्तालाई जवाफदेही बनाउनु । यस्तो गहन भूमिका कुनै एआइ च्याटबोट वा यन्त्रले निर्वाह गर्न सक्दैन । यसका निमित्त सचेत, निर्भीक र आलोचनात्मक चेत सहितको पत्रकार चाहिन्छ । यद्यपि एआइ प्रविधिलाई सावधानीपूर्वक एमव् जिम्मेवारीपूर्ण तवरले प्रयोग गरिएमा यसले पत्रकारिताको गुणस्तर वृद्धिमा अवश्य सघाउने छ । "हाउ जेनेरेटिभ एआइ चेन्ज द जब्स अफ जर्नलिस्टस्" शीर्षक लेखमा बनार्ड मार लेख्छन्– पत्रकारको पेशा सबैभन्दा जोखिममा त छ, तर अझै दुई तिहाइ पाठकहरू मानिसले लेखेका समाचार पढ्न, सुन्न वा हेर्न चाहन्छन् ।

प्यू रिसर्च सेन्टरले सन् २०२५ अप्रिलमा गरेको एउटा अध्ययनले भनेको छ– अधिकांश अमेरिकीहरू एआइ-सिर्जित समाचारलाई भन्दा व्यावसायिक पत्रकारहरूको लेखाइलाई बढी विश्वास गर्छन् । इण्डियामा टेलिभिजनका दर्शकहरूले कृत्रिम एआइ अवतारले समाचार वाचन गरेको वा कार्यक्रम चलाएको कुरा यान्त्रिक र पट्यारलाग्दो भएको प्रतिक्रिया दिएका थिए । यी अध्ययनहरूले सत्य-तथ्य समाचारका लागि पत्रकार र पत्रकारिताको भूमिकालाई पुनः पुष्टि गर्दछ ।

एआइले सक्षम पत्रकारलाई अझ सक्षम बनाउन सघाउँछ । तर, अल्छी वा कामचोर पत्रकारको जागिर जोगाइदिँदैन । पत्रकारितामा एआइ प्रविधिको प्रयोग बारे सचेतना जगाउन, यसको दुरुपयोग निरुत्साहन गर्न र यसलाई सामाजिक उत्तरदायित्वका लागि सहयोगी बनाउन सम्बन्धित सबै सरोकारवालाहरूले आ-आफ्नो तवरबाट तत्कालै पहलकदमी लिन जरुरी छ । अहिलेसम्म नेपाली पत्रकारका लागि बनेको आचार-संहितामा एआइ प्रयोगको नीति समेटिन नसक्नु लाजमर्दो कुरा हो ।

विश्वका धेरै समाचार कक्षहरूमा पत्रकारले एआइ प्रविधिको कसरी उपयोग गर्ने भन्ने बारे आचार-संहिता र नियमावली तयार भइसकेको छ । तर, लगभग दश हजार पत्रकार र उत्तिकै संख्यामा सञ्चार संस्था भएको नेपाल देशका पत्रकार र सरोकारवालाहरू केमा अल्मलिइरहेका छन् ? के हाम्रा लागि एआइको प्रयोग 'टेक्नोलोजिकल सम्नाम्बुलिजम्' नै भएको हो ? समीक्षा गरौं । ❖

*(डा. आचार्य जेनेरेटिभ एआइ इन् जर्नलिजम : प्राक्टिसेस्, च्यालेन्जेज एण्ड फ्यूचर डिरेक्सन्स भन्ने पुस्तकका सम्पादक हुन् । उनी युनिभर्सिटी अफ् अटवामा आमसञ्चार र पत्रकारिता विषय प्राध्यापन गर्दछन् । यो लेखको अघिल्लो संस्करण कान्तिपुर राष्ट्रिय दैनिकमा गत मंसीर २२ गते प्रकाशन भएको थियो)*

# कोशी प्रदेशको पत्रकारिता
# अवस्था, चुनौती र सम्भावना



● भरत खड्का

कोशी प्रदेशको पत्रकारिता क्षेत्र नेपालको समग्र सञ्चार परिदृश्यको एउटा नयाँ आयाम हो । यस क्षेत्रमा सक्रिय पत्रकार, सञ्चारमाध्यम र संस्थाहरूले सूचना प्रवाह, जनचेतना अभिवृद्धि, सुशासन प्रवर्द्धन, लोकतन्त्र र गणतन्त्र सुदृढीकरणमा महत्वपूर्ण भूमिका निर्वाह गर्दै आएका छन् । इतिहासले पनि त्यही भन्छ । प्रजातन्त्र, जनयुद्ध, जनआन्दोलन, लोकतन्त्र, गणतन्त्रको उदयमा कोशी प्रदेशको पत्रकारिता क्षेत्रले ठूलै योगदान दिएका छन् । तर, समयसँगै पत्रकारिताको स्वरूप, प्रविधि र चुनौतीहरू परिवर्तन भइरहेका छन् । यस सन्दर्भमा विश्वव्यापी रुपमा भएका यस्ता परिवर्तनमा कोशी प्रदेशको पत्रकारिता क्षेत्रमा बहुआयमिक ढंगले परिवर्तन भएका छन् ।

सत्य-तथ्य घटनाहरूमा आधारित रही सञ्चारमाध्यमबाट आम नागरिकलाई जानकारी गराउनु नै पत्रकारिता हो । पत्रकारिता घटनाहरूको अनुसन्धान विवरणलाई विभिन्न शैलीबाट गरिने सङ्कलन, लेखन, सम्पादन, सरलीकरण र प्रस्तुतिकरण पनि हो । पत्रकारिताको मूल्य-मान्यता भनेकै सत्य-तथ्य सूचना सम्प्रेषण गर्नु हो । तथापि पछिल्लो चरण पत्रकारिताप्रतिको विश्वास गुम्दै गएको छ भने मूलधारका सञ्चारमाध्यम नै सङ्कटमा परिरहेका छन् । नयाँ-नयाँ प्रविधि र सामाजिक सञ्जालका कारण पनि मूलधारको पत्रकारितामाथि प्रश्न उठिरहेका छन् । पत्रकारिताको पछिल्लो चासो र चिन्ताको विषय पनि यही हो । यस विषयमा सूक्ष्म बहस र विश्लेषण सहित अघि बढ्नु पर्ने आवश्यकता छ ।

### वर्तमान अवस्था

कोशी प्रदेशमा प्रिन्ट, रेडियो, टेलिभिजन र अनलाइन सञ्चारमाध्यमको उल्लेख्य विस्तार भएको छ । विशेषगरी डिजिटल पत्रकारिता तीव्र रूपमा बढ्दै गएको छ । सामाजिक सञ्जालको प्रयोगले समाचारको पहुँच व्यापक बनाएको छ । प्रदेशका मुख्य शहरहरू जस्तैः विराटनगर, इटहरी, धरान र झापामा सञ्चारमाध्यमहरूको घनत्व बढी छ भने दुर्गम जिल्लामा पहुँच अझै सीमित छ ।



पत्रकार र मिडियाको संख्या बढ्दो छ, तर अधिकांशले अहिले पनि श्रमको ज्याला पाइरहेका छैनन् । मिडियाहरू व्यवस्थित हुन सकिरहेका छैनन् । पत्रकारहरू एकातर्फ न्यून पारिश्रमिक लिएर काम गर्न बाध्य छन् भने अर्कातर्फ झोलामा नै मिडिया सञ्चालन गरेर हिंड्न बाध्य छन् । एउटा श्रमजीवी पत्रकारले महिनाभरि काम गर्दा पनि पारिश्रमिक पाउन सकेको छैन । पाउने बिदा, औषधोपचार लगायतका सेवा-सुविधाबाट वञ्चित छन् । गोटागन्ती समाचार लेखेकै आधारमा पाउने न्यूनतम पारिश्रमिक समेत पाउने सुनिश्चितता छैन । पेशागत स्थायित्व, न्यून पारिश्रमिक र श्रम अधिकारको अभाव देखिन्छ ।

पछिल्लो समय अनलाइन मिडियाको तीव्र विस्तारले समाचारको गुणस्तरभन्दा मात्रामा जोड दिने प्रवृत्ति बढेको छ । खोजमूलक भन्दा पनि व्यक्ति-विशेषका गुणगान गाउने माध्यम बनिरहेका छन्- कतिपय सञ्चारमाध्यमहरू । यी सबैको मुख्य कारण भनेकै मिडियाको बजार अभाव नै हो । प्रविधिको विकासले स्थानीय तहसम्म सञ्चारमाध्यम पुगेका छन् र स्थानीय मुद्दाहरूलाई उठान गर्ने प्रयास भइरहेको छ । पत्रकार महासंघ, प्रेस क्लबहरू र विभिन्न सञ्चार सम्बद्ध

संस्थाहरू सक्रिय छन्, जसले पत्रकारहरूको पेशागत हित र क्षमता अभिवृद्धिमा प्रत्यक्ष रुपमा योगदान पुऱ्याएका छन् । तथापि, गुणस्तरीय पत्रकारिता अझै सबै ठाउँमा सुदृढ हुन सकेको छैन । यो हामीले स्वीकार्नै पर्दछ । राम्रा जति हामीले गरेको र नराम्रा जति अरुले गरेको भनेर पन्छिनु हुन्न । जस्तो अवस्थामा छ, त्यहींबाट सुधार गर्दै लैजानु पर्दछ ।

सूचना प्रविधिको विकास र सोसल साइटले फड्को मार्दा परम्परागत पत्रकारिता भने कमजोर बन्दै गएको स्थिति छ । प्रविधिको विकास र यसको अनेकन् प्रयोगले पत्रकारिताको स्वरुप पनि परिवर्तन हुँदैछ । सञ्चारमाध्यम भन्दा डिजिटल मिडिया अर्थात् न्यू मिडियाका विभिन्न माध्यम सशक्त र प्रभावकारी देखिंदैछन् । ट्विटर, फेसबूक, टिकटक, युट्युब जस्ता सामाजिक सञ्जालले नागरिक पत्रकारिताको काम गरिरहेका छन् । पत्रिका, रेडियो, टेलिभिजन र अनलाइन पोर्टलको सूचनाको स्रोत समेत यिनै सामाजिक सञ्जाल बनिरहेका छन् । अधिकांश पत्रकारहरू त्यसमै निर्भर हुनुपर्ने अवस्था सिर्जना हुँदैछ ।

दैनिक पत्रिका, टीभी र रेडियोको विज्ञापन ह्वात्तै घटेको छ । पत्रकारिताभित्र राजनीतिक आयामहरू समेत प्रवेश भएका छन् । राजनीतिक आस्था, विचार जहाँ जसले राखे पनि हामीले कलम चलाउँदा व्यक्त गर्ने भाषाहरूले यदाकदा पत्रकारिता क्षेत्रकै बदनाम गर्ने परिस्थिति समेत चुनौती बनेका छन् । विज्ञापनलाई समाचार र समाचारलाई विज्ञापनको स्रोत बनाउने प्रवृत्ति पनि व्याप्त छ । गरीब, निमुखा, पछाडि पारिएका जनताको आवाज सहजै बाहिर आइरहेको छैन ।

कोभिड महामारीपछिको आर्थिक मन्दीले सञ्चारमाध्यमहरू धराशायी भएका छन् । कैयौं पत्रकारहरू पेशाबाट विमुख हुनु परिरहेको छ । राज्यको श्रम कानून नमान्ने, पारदर्शी नहुने, श्रमिकलाई काम गरेको पारिश्रमिक समेत समयमा नदिने समस्या सञ्चारमाध्यममा वर्षौंदेखि कायमै छ । यो स्थितिमा मिडिया क्षेत्रलाई उद्योगको मान्यता दिने भनिए पनि व्यवहारत: त्यो देखिंदैन । पत्रकारहरूको पेशागत सुरक्षा हुन नसक्नुले पनि धेरैखाले समस्या निम्त्याइरहेको छ । व्यवस्था परिवर्तन भयो, तर पत्रकारिताको अवस्था परिवर्तन भइरहेको छैन ।

## चुनौतीहरू

सबै क्षेत्रमा चुनौती बढिरहँदा पत्रकारितामा चुनौती नबढ्ने भन्ने कुरै आउँदैन । विशेषगरी अहिलेको अवस्थामा धेरैजसो चुनौती पत्रकार आफैंले सिर्जना गरेको पाइन्छ भने अर्कोतर्फ राजनीतिक लगायतका कारणले पनि चुनौती देखिएको छ । अहिले पत्रकारले समाचार लेखेवापत, पत्रकारिता गरेवापत भन्दा पनि सामाजिक सञ्जालमा राख्ने स्टाटस, उसको स्रोतसँगको नाजायज सम्बन्ध, आचरण र व्यवहार लगायतका कारणले जोखिम र असुरक्षा बढाइरहेको छ ।

पत्रकारहरूको भौतिक तथा पेशागत सुरक्षा नै अहिलेको मुख्य चुनौती हो । पत्रकारहरूको सुरक्षा, हक अधिकार, प्रवर्द्धन तथा संरक्षण गर्नु राज्यको पहिलो कर्त्तव्य पनि हो । तर, राज्य त्यो कर्त्तव्यबाट विमुख छ । श्रम गरेवापतको पारिश्रमिक सञ्चारमाध्यमबाट नपाइरहेको स्थिति छ ।

**(क) आर्थिक अस्थिरता** : धेरै सञ्चारमाध्यमहरू दिगो आम्दानीको अभावमा सञ्चालन भइरहेका छन् । विज्ञापन बजार सीमित छ र सरकारी विज्ञापन वितरणमा पारदर्शिता र समानताको अभाव छ । स्थानीय तहदेखि नै सरकारी विज्ञापनमा विभेद छ । पहुँच र निकटताका हिसाबले दिइने विज्ञापन आफैमा पारदर्शिता छैन । अझ भन्नुपर्दा, वर्तमान सरकारले सरकारी विज्ञापन सरकारी सञ्चारमाध्यमलाई नै अनिवार्य दिने पछिल्लो व्यवस्थाले सञ्चारमाध्यमलाई आर्थिक रूपमा कमजोर बनाएको छ ।

अर्कोतर्फ विभिन्न कारण निजी उद्योग, कलकारखाना तथा व्यापार-व्यवसायमा आएको मन्दी त्यसैगरी बढ्दै गएका सञ्चारमाध्यमहरूको संख्याका कारण निजी क्षेत्रका विज्ञापनहरू सबैका लागि सहज छैन । बजार अभाव र हामीबीचकै अस्वस्थ प्रतिस्पर्धाले मिडियालाई कमजोर बनाउँदै लगेको छ । टिक्नकै लागि भए पनि व्यक्ति खुशी पार्दै मिडिया जोगाउने अभियानले पेशागत जोखिम पनि उत्तिकै बढाएको छ । जसका कारण पत्रकारहरूको पारिश्रमिक, सुरक्षा र पेशागत स्थायित्वमा असर परेको छ ।

**(ख) पेशागत असुरक्षा** : पत्रकारले समाचार लेखेकै कारण राजनीतिक दबाब, धम्की, आक्रमण र मुद्दा-मामिलाको सामना गर्नु परेको अवस्था छ । विशेषगरी ग्रामीण क्षेत्रमा काम गर्ने पत्रकारहरू बढी जोखिममा छन् । प्रेस स्वतन्त्रताको अभ्यासमा अझै अवरोधहरू छन् । यस्ता घटनाले प्रेस स्वतन्त्रतालाई कमजोर मात्र बनाएको छैन; पत्रकारहरू पेशाबाट विस्थापित र ज्यान समेत गुमाउनु परेको छ । पत्रकारहरूको श्रम सम्झौता र बीमाको व्यवस्था प्रभावकारी बन्न सकेको छैन । राज्यका निकायहरूको ध्यान पत्रकारको सुरक्षाप्रति आवश्यकता अनुसार संवेदनशील भएको पाइँदैन ।

**(ग) गुणस्तर र विश्वसनीयता संकट** : पत्रकारितामा दक्ष जनशक्ति अभाव र व्यावसायिक नैतिकताको कमजोर कार्यान्वयन देखिन्छ । क्लिकबेट, भ्रामक सूचना र नियोजित गलत सूचनाको बढ्दो प्रवृत्तिले पत्रकारिताको विश्वसनीयतामाथि प्रश्न उठाएको छ । सामाजिक सञ्जालमा आधारित 'फास्ट न्यूज' संस्कृतिले तथ्य जाँचको अभ्यासलाई कमजोर बनाएको छ । यसले हाम्रो व्यावसायिक एकतामा धमिलो पार्ने र जुनसुकै बेला टार्गेटमा पर्ने डर उत्तिकै छ ।

**(घ) प्रविधि र सीपको अभाव** : डिजिटल रुपान्तरणसँगै नयाँ प्रविधिको प्रयोग आवश्यक भए पनि सबै सञ्चारमाध्यमसँग आवश्यक स्रोत, सीप र पूर्वाधार उपलब्ध छैन । साइबर सुरक्षा, डेटा व्यवस्थापन र डिजिटल पत्रकारिताका सीपहरू अझै पनि कमजोर छन् ।

**(ङ) नियमन र समन्वयको कमजोरी** : सञ्चारमाध्यमको दर्ता, अनुगमन र आचार-संहिता कार्यान्वयन प्रभावकारी छैन । जब मिडिया दर्ता हुन्छ, त्यसपछि उसको सोधिखोजी हुन्न, कहींकतै समन्वय देखिंदैन, सम्बन्धित निकायहरूको अनुगमन पाटो पनि निकै कमजोर देखिन्छ ।

## अवसरहरू

चुनौती छन् भनेर त्यसका अवसरको खोजी नगर्ने हो भने मानिसले केही गर्न सक्दैन । जहाँ समस्या छ, त्यहाँ उपाय पनि हुन्छ । काँडाका बीचमा जसरी फूल भेटिन्छ, त्यसरी नै हामीले हाम्रो पेशाको फूल खोज्न जरुरी छ ।

**क) डिजिटल प्लेटफर्म** : अहिलेको पत्रकारिता क्षेत्रको पहिलो अवसर भनेकै डिजिटल प्लेटफर्मको विस्तार हो । अनलाइन पत्रकारिताले कम लागतमा व्यापक पहुँच दिलाउन सक्छ । त्यसैले यसको भरपूर प्रयोग गर्नु पर्दछ । स्थानीय समाचारलाई राष्ट्रिय र अन्तर्राष्ट्रिय स्तरसम्म पुऱ्याउने सम्भावना यसबाट बढेको छ ।

**ख) विधागत पत्रकारिता** : पर्यटन, कृषि, संस्कृति र स्थानीय विकाससँग सम्बन्धित विषयहरूमा विशेषीकृत पत्रकारिता गर्न सकिने अवसर छ। कोशी प्रदेशमा रहेका पर्यटकीयस्थल, सांस्कृतिक विविधता र प्राकृतिक स्रोतहरूलाई प्रवर्द्धन गर्ने माध्यमका रूपमा पत्रकारिता उपयोगी हुन सक्छ।

**ग) युवा पुस्ताको आकर्षण** : युवा पुस्ताको आकर्षण पनि अवसर हो। नयाँ पुस्ता पत्रकारिता तर्फ आकर्षित हुँदैछ, जसले नवप्रवर्तन, डिजिटल सीप र सिर्जनशीलता ल्याउन सक्छ। यदि उनीहरूलाई उचित मार्गदर्शन र अवसर दिइयो भने पत्रकारिता क्षेत्र अझ सशक्त बन्न सक्छ।

## नेपाल पत्रकार महासंघ कोशी प्रदेश के गर्दैछ ?

नेपाल पत्रकार महासंघ यस्तो संगठन हो, जुन मुलुक संघीयतामा गएसँगै अन्य नागरिक संगठनभन्दा पहिले संघीय व्यवस्थाको कार्यान्वयन गर्ने संगठन हो। यसर्थ जिम्मेवार पत्रकारिताका लागि यो संगठनले भूमिका निर्वाह गर्दै आएको छ। महासंघको प्रदेश समिति समानुपातिक विज्ञापन, व्यवस्थित मिडिया सञ्चालन, न्यूनतम पारिश्रमिक कार्यान्वयनका सवालमा प्रष्ट छ।

## हामीले गर्दै आएका कामहरू :

क) पत्रकारहरूको हक-हित संरक्षणका लागि आवाज उठाउँदै आएको।
ख) आचार-संहिता पालनामा सहजीकरण गरिएको।
ग) नियमित क्षमता अभिवृद्धि तालिम, गोष्ठी र अन्तरक्रिया कार्यक्रम सञ्चालन।
घ) पत्रकारमाथि हुने आक्रमण विरुद्ध कानूनी सहयोग प्रदान गर्ने र गर्दै आएको।
ङ) नयाँ पत्रकारहरूको अभिमुखीकरण र मार्गदर्शन गर्ने र पेशामा टिकाइराख्ने।
च) समानुपातिक विज्ञापन लागू गर्न क्रियाशील।
छ) न्यूनतम पारिश्रमिक कार्यान्वनमा क्रियाशील रहेको।
ज) समयसापेक्ष पत्रकारका चाहना, आवश्यकता र परिस्थिति हेरी प्रविधिसँग जोडिने क्षमता अभिवृद्धि तालिम सञ्चालन।
झ) प्रदेश र स्थानीय तहलाई कानून बनाउन दबाब दिने र सहजीकरण गर्दै आएको।
ञ) जिल्लास्तरसम्म संगठन सुदृढीकरण गर्दै एकता कायम गर्ने।

## समाधानका उपायहरू :

क) समावेशी विज्ञापन नीति : आर्थिक सुदृढीकरणका लागि सरकारी तथा निजी क्षेत्रबाट पारदर्शी र समावेशी विज्ञापन नीति आवश्यक छ। सञ्चारमाध्यमलाई आत्मनिर्भर बनाउन वैकल्पिक आम्दानीका स्रोतहरू (जस्तैः सदस्यता, डिजिटल विज्ञापन, प्रायोजन) विकास गर्नु पर्छ। यसमा पत्रकार महासंघ लगायतका संघ-संगठनले भूमिका निर्वाह गर्नु पर्दछ।
ख) पत्रकारहरूको क्षमता अभिवृद्धिका लागि नियमित तालिम, कार्यशाला र मेन्टोरिङ कार्यक्रम सञ्चालन गर्नु पर्छ। तथ्य जाँच, डेटा पत्रकारिता, डिजिटल सुरक्षा र अनुसन्धानात्मक पत्रकारितामा विशेष ध्यान दिनु पर्छ।
ग) प्रेस स्वतन्त्रता र पत्रकार सुरक्षाका लागि कडा कानूनी व्यवस्था र प्रभावकारी कार्यान्वयन आवश्यक छ। पत्रकारमाथि हुने आक्रमण र दमनका घटनामा तुरुन्त कारवाही हुनु पर्छ। साथै, पत्रकारहरूको बीमा र सुरक्षा सम्बन्धी सुविधा पनि सुनिश्चित गर्नु पर्छ।
घ) नैतिक पत्रकारितालाई प्रवर्द्धन गर्न आचार-संहिता कडाइका साथ लागू गर्नु पर्छ। सञ्चारमाध्यमहरूले आफ्नो विश्वसनीयता कायम राख्न सत्य, सन्तुलित र प्रमाणमा आधारित समाचार प्रकाशन गर्नु पर्छ।
ङ) प्रविधिगत सुधारका लागि डिजिटल पूर्वाधार विकास र नयाँ प्रविधिको प्रयोगमा लगानी आवश्यक छ। साना तथा स्थानीय सञ्चारमाध्यमलाई प्रविधि प्रयोगमा सहयोग गर्न विशेष कार्यक्रम ल्याउन सकिन्छ।
च) संस्थागत सुदृढीकरण : मिडिया हाउसहरूको व्यवस्थापन सुधार, पारदर्शी वित्तीय प्रणाली लागू गर्नु पर्दछ।
छ) डिजिटल रूपान्तरण : अनलाइन प्लेटफर्मको गुणस्तरीय प्रयोग, साइबर सुरक्षा र डेटा संरक्षणमा ध्यान दिनु पर्दछ।
ज) अनुसन्धानमूलक पत्रकारिता प्रवर्द्धन : विशेष कोष स्थापना गरी दीर्घकालीन रिपोर्टिङलाई प्रोत्साहन गर्ने। जसले गर्दा पाठकप्रतिको विश्वास अझ बढ्छ।

यसर्थ पत्रकारितामा निराशा छाएको छ। तर, आशा मरिसकेको छैन। सूचना लिने र दिने सञ्चारमाध्यम फरक भएका हुन्। सञ्चारमाध्यमका स्वरुप परिवर्तन भएका हुन्। सञ्चारको शैली, प्रस्तुति फेरिएको हो। त्यसका लागि पत्रकारहरूले पनि आफूलाई सच्याउन र अपडेट गर्न जरुरी छ। पछिल्लो चरण नयाँ प्रविधिको उच्चतम प्रयोग गर्न पाउनु पनि एक अवसर र सम्भावना हो।

पत्रकारितामा आउने नयाँ पुस्ता अब प्राविधिक रुपमा पनि सक्षम देखिँदै छन्। सञ्चार गृहमा प्रविधिको ज्ञानसँगै युवा जोश जाँगर बोकेका सम्पादकको प्रवेश हुन थालेको छ। यसले पत्रकारिताको कन्टेनलाई पनि परिमार्जन गर्दैछ। विधागत पत्रकारिताले निकै नै फड्को मारेको छ। यसले पनि के देखाउँछ भने पत्रकारितामा अवसरहरू निकै छन्।

यसका साथै सञ्चारकर्मी र सञ्चारमाध्यमको विकासका लागि तीनै तहका सरकार कानून, नीति निर्माणमा पनि सक्रिय हुँदैछन्। कोशी प्रदेशमा आमसञ्चार विधेयक पारित भइसकेको छ। विभिन्न स्थानीय तहमा समेत कानून बनिसकेका छन्। यसलाई व्यवस्थित गर्न सकिए पत्रकारिताले नयाँ उचाइ लिने छ। अब नेपाली पत्रकारिता क्षेत्रले सूचनालाई पहुँचलाई विकाससँग, विकासलाई जनताको समृद्धिसँग जोड्न सक्नु पर्दछ। यसो हुन सके मात्र समृद्ध नेपाल निर्माणमा हाम्रो भूमिका रहन्छ।

पत्रकारहरूको पेशागत सुरक्षाको सुनिश्चिततासँगै व्यावसायिक दक्षता अभिवृद्धि, सञ्चारगृहको संस्थागत विकास एवम् सञ्चारमैत्री वातावरण बनाइनु पर्ने आवश्यकता छ। यसका लागि नेपाल पत्रकार महासंघ, कोशी प्रदेश सबै क्षेत्रलाई समेट्दै साथ दिन प्रतिबद्ध छ। त्यसैले समस्या छन् भनेर चूप लागेर बस्नुभन्दा सम्भावनाको खोजी गर्नु अहिले हामी सबैको साझा दायित्व हो। सशक्त, जिम्मेवार र व्यावसायिक पत्रकारिताले मात्र समाजमा पारदर्शिता, जवाफदेहिता र लोकतन्त्रलाई मजबुत बनाउन सक्छ।

*(अध्यक्ष : नेपाल पत्रकार महासंघ, कोशी प्रदेश)*

# पञ्चायती सत्ता र त्यो बेलाको पत्रकारिता



● कृष्ण हुमागाईं

जनताको सर्वसुलभ सञ्चारमाध्यम र हर समयको साथीको रुपमा सर्वत्र सरकारी सञ्चारमाध्यम रेडियो नेपालको बलियो पहुँच थियो पञ्चायती शासनकालमा । राजाको प्रमुख नायकत्वमा चलेको पञ्चायती व्यवस्थामा प्रेस स्वतन्त्रता नभएका कारण पत्रपत्रिकाको बलियो पहुँच दूरदराजका गाउँघरसम्म थिएन । नेपाल टेलिभिजन त २०४१ सालतिर स्थापना भएको हो । ४० को दशकमा पत्रकारिता शुरु गरेका हामी जस्ता युवाहरू त्यसबेला पञ्चायत भित्र र पञ्चायत इतरका रुपमा क्रियाशील थियौं । देशमा निरंकुश बामपन्थी धारका पत्रकारहरू प्रजातन्त्रको पक्षमा र पञ्चायती सत्ताले पालेका सरकारी शाही पत्रकारहरू पञ्चायतको समर्थनमा प्रचारमा उत्रिए ।

सरकारी सञ्चारमाध्यम र राज्यद्वारा पालित-पोषित पत्रकारहरू पञ्चायती सत्ताको रक्षामा तल्लीन थिए भने प्रजातन्त्र चाहने पत्रकारहरू जनताको पक्षमा अनेक दुःख-कष्ट सहेर लेखिरहेका थिए । २०४४-०४५ सालतिर पत्रकारितामा प्रवेश गरेको म जस्तो २०-२१ वर्षको युवकलाई अग्रजहरूले जनतालाई स्वतन्त्रताको अधिकारबाट वञ्चित गराउने पञ्चायतको

> *हुने-खानेले गरेका पत्रकार सम्मेलनमा बाँडिने खामको पछि दौडिएको हाम्रो पत्रकारिता कहाँ पुगेर रोकिने हो ? पैसा नहुनेका कार्यक्रममा पत्रकार जाँदै जाँदैनन् । यो संसार धनी पूँजीपति वर्ग र तस्कर माफियाकै भयो । यो लोकतन्त्रमा गरीबको झन् हुर्मत भयो भन्ने जनगुनासो चुलिएको तर्फ अब पत्रकारका आँखा र कान खुल्नु पर्छ ।*




पञ्चायती सत्ता रहेसम्म देश र जनताको मुक्ति हुँदैन, देशको समग्र विकास पनि हुँदैन । त्यसैले यो पञ्चायती व्यवस्था फाल्न जनतामा चेतनाको दियो बाल्नु पर्दछ भन्ने मिसन प्रजातन्त्रवादी पत्रकारहरूमा थियो भने बामपन्थीहरू पनि २०३६ सालको जनमत संग्रहपछि पञ्चायती व्यवस्थाको विरुद्ध जनतालाई संगठित गराउन लागेका थिए । जब नेपाली कांग्रेसको अगुवाइमा संयुक्त जनआन्दोलनका सर्वोच्च कमाण्डर गणेशमान सिंहको नेतृत्वमा बाममोर्चा सम्मिलित भएर २०४६ सालमा आन्दोलन गर्ने निश्चय भयो; तब प्रजातन्त्रवादी र विरुद्ध लाग्नु पर्छ भनेर सिकाउनु भएको थियो । झापामा पञ्चायतकालमा प्रायः पत्र-पत्रिका पञ्चायत व्यवस्थाप्रति समर्पित भएर निस्कन्थे । तर, तारा बरालको सम्पादनमा २०४० सालदेखि चन्द्रगढीबाट प्रकाशित हुने 'साप्ताहिक विचार' पत्रिका भने खुलेर बहुदलको पक्षमा लेख्दथ्यो । हामी त्यही पत्रिकामा काम गर्दथ्यौं । म (कृष्ण हुमागाईं) विष्णु निष्ठुरी, कृष्ण धराबासी, भरत भूर्तेल, गोविन्दचन्द छेत्री, रामनाथ बाँस्कोटा, धर्म गौतम, बिमल बैद्य, लोकराज ढकाल, लेखनाथ परदेशी, ज्ञानमणि भूर्तेल, प्रकाश बुढाथोकी, गोपाल सापकोटा, एसएल शर्मा,

रश्मिशेखरजीहरू साप्ताहिक विचारमा आबद्ध थियौं ।

भरत भूर्तेलले पछि श्यामकृष्ण उपाध्यायको 'आलोक' साप्ताहिक पत्रिका आफैं प्रकाशन गर्न थाल्नुभयो । बामपन्थी भए पनि माधव बिद्रोही पनि साप्ताहिक विचारमा लेख्नु हुन्थ्यो । झापामा रहेर केन्द्र (राजधानी काठमाडौं)का पत्रपत्रिकामा लेख्नेमध्ये 'राष्ट्रपुकार'मा सीके प्रसाईं, केशव धिताल र डिकमान बिरही, राजेश ढुङ्गाना, 'देशान्तर'का केशव आचार्य, 'प्रकाश'का चन्द्र भण्डारी, डा. हृषीकेश उपाध्याय, 'विमर्श'का कृष्ण दाहाल, भरत कोइराला, सन्तोष अग्रवाल, लक्ष्मण ढकाल, 'दृष्टि'का माधव बिद्रोही लगायतका त्यसबेलाका बहुदल पक्षधर लेखक, पत्रकारहरूले प्रजातन्त्रको पुनर्बहालीका लागि कलम चलाएको पाइन्छ । द्रोणाचार्य क्षेत्री, भवानी घिमिरे, चूडामणि रेग्मी, हिरा आकाश, सूर्य नेपाल, मिश्र बैजयन्ती लगायतका कवि लेखक साहित्यकारले समेत बहुदलीय व्यवस्थाको पक्षमा जनतामा चेतना भर्ने कार्य गर्नुभएको पाइन्छ ।

पञ्चायतको पक्षमा लागेर प्रजातन्त्रको विरोध गर्दै दलमाथिको प्रतिबन्ध हटाइनु हुँदैन भनेर लेख्ने पञ्चायती व्यवस्था समर्थक पत्रिकाको दबदबा रहेको त्यस समयमा पञ्चायत समर्थक पत्रिकामा काम गरे तापनि गञ्जबहादुर दाहाल, गोपाल गिरी, राजबाबु शंकरले भने प्रजातन्त्रको विपक्षमा आफूलाई प्रस्तुत गर्नु भएन ।



त्यसबेला एक मात्र सरकारी टेलिभिजन नेपाल टीभीका सम्वाददाता लक्ष्मी लुइँटेल पनि बहुदलकै पक्षमा हुनुहुन्थ्यो । सरकारी, अन्य पञ्चायत समर्थक र बीपी कोइरालालाई फाँसी दिनुपर्छ भन्नेहरूको चर्चा गर्नु यहाँ सान्दर्भिक नहुने ठानेर चर्चा गरिएन ।

बहुदलको पक्षमा कलम चलाउने भन्दा ठूलो संख्या पञ्चायत समर्थक पत्रकारहरूको थियो, त्यसताका झापामा । पञ्चायत समर्थक पत्रपत्रिकाले सरकारी र लोककल्याणकारी विज्ञापन सुविधा सहजैसँग पाउने, पत्रिका पनि सेन्सर नहुने । तर, प्रजातन्त्रवादीहरूले सञ्चालन गरेका पत्रपत्रिकाले पञ्चायती सत्ताबाट सेन्सर गरिरहनु पर्ने, सरकारी विज्ञापन र सुविधा नपाउने, पत्रिका बेला-बेलामा प्रतिबन्धित हुने अनि अदालतबाट प्रतिबन्ध फुकुवाको आदेश पाएपछि पुनः सञ्चालन हुने अवस्था थियो ।

## २०४६ साल अघि कस्तो थियो प्रविधि ?

पत्रिका छाप्ने मेसिनलाई ट्रेडल मेसिन भनिन्थ्यो, बिजुली जाँदा हातैले ठेलेर छाप्नु पर्दथ्यो । त्यस्तो छापिने मेसिन राखिएको ठाउँ (पसल) लाई 'छापाखाना' भनिन्थ्यो । त्यो छापाखाना 'लेटर प्रेस' थियो । सिसाका अक्षरहरू फलामको गेलीमा चाबीवाला स्टीक र सिसा अनि प्लाइकाठको लिडमा कम्पोज गरेर लिथोबाट प्रिण्ट निकालेर प्रूफ हेरिन्थ्यो । सिसाको अक्षर केही वर्षमा पुरानो भएपछि अक्षर खुँडे हुनाले लत्पत हुन्थ्यो, प्रष्ट बुझिदैनथ्यो । त्यसपछि त्यो सिसालाई इण्डियाको पटना वा कलकत्ता पुऱ्याएर नयाँ विभिन्न डिजाइन र साइजका अक्षरहरू रिकाष्टिङ्ग गरेर ल्याइन्थ्यो ।

टेबलमा अक्षर राख्ने काठको स-साना कोठैकोठा भएको केसबाट एक-एक अक्षर निकालेर कम्पोज गरिन्थ्यो । ठूला पोष्टर पम्प्लेट छाप्नु परेमा काठका ३६, ४८, ७२ र १०० पोइन्टका अक्षर जोडेर सिसाका क्यारेट, कोटेशन ब्लकमा अड्याएर चाबीले फ्रेममा कसेपछि मेसिनमा राखेर छापिन्थ्यो । त्यो बेला पत्रिकामा पूर्णकालीन काम गर्नेहरू कतिपयले कम्पोज पनि गर्थे, म आफैं कम्पोज पनि गर्दथें । अहिलेको जस्तो कम्प्युटरको की-बोर्डमा कुन अक्षर कहाँ छ भनेर टाइप गरेजस्तो सजिलो थिएन; अलग-अलग अक्षर अलग-अलग कोठाबाट टिपेर कम्पोज गर्नु पर्थ्यो । केसको कुन कोठामा कुन अक्षर छ- त्यो सम्झेर एउटा हातले पटक-पटक एक-एक अक्षरहरू टिपेर अर्को हातमा समातेको स्टिकमा मिलाउनु पर्दथ्यो ।

पञ्चायतकालमा टेलिफोन पनि नगण्य स्थानमा मात्र थियो । भद्रपुर र दमकमा केही ल्याण्डलाइन टेलिफोन बाहेक समग्र झापा सञ्चार सम्पर्कविहीन थियो । हातले समाचार लेखेर हुलाकबाट पठाउने वा नजिकै भए साइकल कुदाएर पत्रिकाको सम्पादन कार्यालयमा पुऱ्याउनु पर्दथ्यो । टाढाको ठेगानामा टिकट टाँसेर हुलाकबाट पठाइन्थ्यो । क्यामेरा पत्रकारहरूसँग विरलै हुन्थ्यो । कसैको वा कार्यक्रमको फोटो छाप्नु पऱ्यो भने इण्डियाको कलकत्ता वा पटना र काठमाडौंमा जिंक ब्लक बनाउन पठाउनु पर्थ्यो । निकै पछि चाहिं इण्डियाको सिलिगुडीमा फोटोको ब्लक बन्न थालेपछि भने आजको कार्यक्रमको ब्लक पर्सीको पत्रिकामा छाप्न सकिने भयो । सरकारी कार्यक्रमको र मन्त्रीहरूका फोटोको ब्लक भने सूचना विभागले सबै पत्रपत्रिकालाई हुलाक मार्फत उपलब्ध गराउँदथ्यो ।

२०४६ सालको जनआन्दोलन सफल भएर प्रजातन्त्रको पुनर्बहाली भएपश्चात् २०४७ सालमा नेपाली कांग्रेसका कार्यवाहक सभापति कृष्णप्रसाद भट्टराईको नेतृत्वमा बामपन्थीहरू समेत सम्मिलत भएर अन्तरिम सरकार बन्यो । त्यो सरकारले संविधान निर्माण गऱ्यो र २०४८ सालमा आम चुनाव भएपछि नेपाली कांग्रेसका महामन्त्री गिरिजाप्रसाद कोइरालाको नेतृत्वमा बनेको सरकारले पत्रपत्रिकालाई प्रतिबन्ध लगाउन नपाइने

गरी छापाखाना तथा पत्रिका सम्बन्धी ऐन जारी गर्‍यो । यो ऐन जारी भएसँगै नेपालमा सञ्चार क्षेत्रले उद्योगको रुप लियो र सञ्चारका नयाँ प्रविधिका मेसिन र उपकरणहरू भित्रिए ।

प्रजातन्त्रको पुनर्बहालीमा नेपाली प्रेसले अतुलनीय सहयोग गरेको भन्दै २०४७ सालमै कृष्णप्रसाद भट्टराई नेतृत्वको अन्तरिम सरकारले पत्रपत्रिका छाप्ने कागजमा सहुलियत प्रदान गर्‍यो, नेशनल ट्रेडिङ्ग कर्पोरेशनबाट पत्रपत्रिकाले सहुलियतमा कागज किन्न पाए । नत्र पञ्चायतकालमा पञ्चायत समर्थक पत्रिकालाई कागज खरीदमा सहुलियत दिइरहँदा प्रजातन्त्र पक्षधर पत्रिकाहरूले कागजका लागि छेउको इण्डियन बजारमा निर्भर हुनु पर्दथ्यो । सदरमुकाम भद्रपुर-चन्द्रगढी, दमक र धुलाबारी मात्र केही चल्तीका बजार थिए । बिर्तामोड ठूलो थिएन । २०४६ साल अघि बिर्तामोडमा एक लाइन टेलिफोन पनि थिएन । २०४६ सालपछि चाहिं वाणिज्य संघले एउटा भीएचएफ टेलिफोन सेटबाट पीसीओ सञ्चालनमा ल्याएको थियो । त्यसबेला काठमाडौं फोन गरेको १५ रुपैयाँ मिनट र इलामको ७ रुपैयाँ तिर्नु पर्दथ्यो । अमेरिका गरेको प्रतिमिनट ३०० ले लिन्थ्यो । आजको पुस्तालाई यो कुरा कथा जस्तो लाग्न सक्छ । तर, यो हामीले देखेको र भोगेको पनि विगत हो । समयक्रममा सञ्चार प्रविधिमा यतिविघ्न क्रान्ति भयो कि, आज नेटबाट घण्टौं निःशुल्क कुरा गर्न सकिन्छ ।

### आजको प्रविधि र पत्रकारिता

मूलतः २०४६ सालको परिवर्तनपछि नेपाली पत्रकारिताले व्यावसायिक रुप धारण गरेको हो । २०४८ सालको छापाखाना तथा पत्रिका सम्बन्धी ऐनले पत्रपत्रिका प्रतिबन्ध नलगाउने प्रत्याभूति गरेपछि कान्तिपुर लगायतका निजी क्षेत्रमा सञ्चारमाध्यमहरू, निजी टेलिभिजन र रेडियो स्टेशनहरू स्थापना भए । अहिले त डिजिटल मिडिया आएको छ । फ्याक्स, फ्ल्याट प्रेस, टेलिफोन, मोबाइल, कम्प्युटर, ल्यापटप, फोटोकपी, अफसेट प्रेस, डिजिटल कलर प्रेस, हाई रेजुलेसन डिजिटल क्यामेरा, ई-मेल, इन्टरनेट, एआइ, सामाजिक सञ्जाल लगायतका डिजिटल प्लेटफर्म आदिको सुविधाका कारण आज डिजिटल मिडिया सबको हात-हातमा पत्र-पत्रिका, रेडियो र टीभी एकैसाथ छ ।

आज प्रविधिले पत्रकारलाई जति सजिलो बनाएको छ, त्यति नै अल्छी पनि बनाउँदै लगेको छ । छापा माध्यमलाई प्रकाशन प्रविधि र वितरणको केही झन्झटिलो प्रक्रिया पार गर्नु पर्दछ भने रेडियो, टेलिभिजन र अनलाइन पोर्टलहरूलाई छापाको तुलनामा धेरै सजिलो भएको छ । निमेषभरमा संसारभरि आफ्नो उत्पादनलाई पठाउन र पढाउन सजिलो भएको छ । पर्याप्त सवारीसाधनको सुविधा नहुँदा पनि हिजोका दिनमा धेरै पत्रकारहरू फिल्डमा खटिन्थे, तर आज एउटाले दुःख गरेर संकलन गरेको सामग्री फुटेज, फोटो वा टेक्स्ट नै कपी गरेर, केही मोडिफाई गरेर अर्कोले पस्किरहेको पाउँछौं । यसले फिल्डमा खट्ने पत्रकारको संख्या घटाएको छ । प्रविधिको प्रयोग गरेर घर-अफिसमै बसेर पनि समाचार संकलन र सम्प्रेषण गर्न सकिने अवस्थाले जति सजिलो बनाएको छ, त्यति नै जनसम्पर्क र धरातलीय यथार्थलाई बुझ्न झन् कठिन हुँदै गएको छ । आफू फिल्डमा नगएपछि अरुले संकलन गरेको सामग्री कति सही या गलत भन्ने कुरा फिल्डमा नजाने पत्रकारले छुट्याउन, खुट्याउन सक्ने कुरै भएन ।

आज व्यावसायिक पत्रकारिताका नाममा कर्पोरेट हाउसको स्वार्थमा सञ्चारमाध्यम परिचालित र प्रयोग भएको अवस्था छ । हिजोका दिनमा मिसन प्रजातन्त्र, मानव अधिकार, न्याय, समानता र स्वतन्त्रता थियो । आज मिसन पैसा कमाउ, व्यावसायिक पत्रकारिता भनेको व्यापार गरेर पैसा कमाऊ भनेजस्तै हो भन्ने भाष्य निर्माण गर्न खोजिंदैछ । विभिन्न स्वार्थ समूहले विभिन्न उद्योग खोल्ने, त्यही समूहले बैंक, लघुवित्त, इन्स्युरेन्स कम्पनी र मिडिया हाउस सञ्चालन गर्ने अनि मिडियाको आडमा ठेक्कापट्टा, बन्द व्यापार, उद्योग कलकारखानामा गरे-भएका गडबडीलाई ढाकछोप गर्ने ।

मिडियाको बलमा राजनीतिलाई मलजल गर्ने, स्वार्थ समूहले जनताले गाँस काटेर जोगाएर राखेको बचत रकम अनाधिकृत रुपमा अपचलन गरेर मिडियाका नाममा जनताको रकममा दाइँ गरेका तथ्यहरू एकपछि अर्को गर्दै पटाक्षेप हुँदै गरेको अवस्था छ, अहिले । पत्रकारितामा पैसावाल र पहुँचवालको मात्र बोलबाला हुँदै गएको छ । धनीले सानो कुरा गरे पनि समाचार बन्ने, तर गरीबले ठूलै काम गरे पनि, आत्मनिर्भर हुँदै स्वरोजगारी भएर गरीबीबाट मुक्ति पाए पनि त्यो कमै मात्र समाचार बन्ने गलत परिपाटीको विकास गर्न खोजिंदैछ । गरीबले भोग्नु परेका जीवनयापनका समस्यामा कलम चल्न कम भएको छ । गरीबीले देश विकासमा पारेको बाधा र गरीबी निवारणका उपायहरूका विषयमा कसैले आफ्नो वा परिवारका सदस्यको जन्म दिनमा प्रचारका लागि कुनै संस्थालाई प्रदान गरेको ५/१० हजार रकमको समाचारले प्राथमिकता पाइरहेको देखिरहेका छौं हामी वर्तमानमा ।

धनीमानीले आफ्ना, बाउ-बाजेका तिथि सरादमा पशु-पंक्षीलाई सडे-गलेका खानेकुरा वितरण गरेका, केही छिमेकीलाई बाँडेको प्रसादी र केही सामान्य दानदातव्यको समाचार बन्ने; तर गरीबले गरेको श्रमदान अनि गरीबको घरको चुल्हो नबलेर तिनका छोरा-छोरी भोकै सुत्न परेको पीडाको कथाले स्थान नपाउने, गरीबको झुपडीमा बर्खामा पानी चुहिएर अनिंदै रात गुजारेको पीडालाई वास्ता नगर्ने, मिटरब्याजी साहु र बैंकरको ठगीमा परेर उठिबास लागेका मानिसहरूको वेदनाले स्थान नपाउने हामी कस्तो पत्रकारिताको अभ्यास गरिरहेका छौं ?

हुने-खानेले गरेका पत्रकार सममेलनमा बाँडिने खामको पछि दौडिएको हाम्रो पत्रकारिता कहाँ पुगेर रोकिने हो ? पैसा नहुनेका कार्यक्रममा पत्रकार जाँदै जाँदैनन् । यो संसार धनी पूँजीपति वर्ग र तस्कर माफियाकै भयो । यो लोकतन्त्रमा गरीबको झन् हुर्मत भयो भन्ने जनगुनासो चुलिएको तर्फ अब पत्रकारका आँखा र कान खुल्नु पर्छ ।

पत्रकारिता एउटा सामान्य पेशा-व्यवसाय मात्र होइन । यो पेशा देश, समाज र जनताको हितप्रति संवेदनशील भएर गरिने निष्ठापूर्ण  विवेकशील कार्य पनि हो । यसले न्याय, समानता, स्वतन्त्रता र जनहितको पक्षमा आफूलाई उभ्याउनै पर्दछ । अरु पेशामा बुद्धि लगाउँदा हुन्छ, तर पत्रकारितामा विवेक भन्ने कुराले ठूलो महत्व राख्दछ । अरुमा नाफा, फाइदा मात्र हेरिन्छ । तर, पत्रकारितामा मैले गरेको पत्रकारिताले यो देश, समाज र जनताको उन्नति प्रगतिमा के योगदान दियो भन्ने कुरालाई ख्याल गर्नु आजको पत्रकारिताको परम कर्त्तव्य र दायित्व हो । यस कुरालाई आजको दक्ष, प्रशिक्षित र प्रविधिमा निपुण पत्रकार साथीहरूले गम्भीरतापूर्वक ध्यान दिए हुन्थ्यो जस्तो लाग्दछ । ❖

*(पूर्व अध्यक्ष : नेपाल पत्रकार महासंघ, झापा)*

# झापा जिल्लाको पत्रकारिता
# विगत र वर्तमान



● राजबाबु शंकर

नेपालको पूर्वी प्रवेशद्वार झापा, राजनीतिक चेतना र सामाजिक जागरणका हिसाबले सधैं अग्रपंक्तिमा रहेको जिल्ला हो । झापा जिल्ला नेपालको मोफसल पत्रकारिताको इतिहासमा एक अत्यन्त उर्वर र अग्रणी भूमिको रूपमा स्थापित छ । वि.स. २०१० को दशकबाट शुरु भएको झापाको पत्रकारिताले ७ दशकभन्दा लामो यात्रा तय गरिसकेको छ । राजनीतिक आन्दोलनको उर्वर भूमि मानिने झापा, पत्रकारिताको विकासका दृष्टिले पनि उत्तिकै समृद्ध छ । 'मोफसलको पत्रकारिता' भनेर चिनिने काठमाडौं बाहिरको सञ्चार क्षेत्रलाई नयाँ उचाइ र व्यावसायिकता प्रदान गर्न झापाको योगदान अतुलनीय छ ।

### १. ऐतिहासिक पृष्ठभूमि : शुरुवाती चरण

झापा जिल्लाको पत्रकारिताको इतिहास केवल सूचना प्रवाहको माध्यम मात्र नभई यो क्षेत्रको राजनीतिक चेतना र सामाजिक रूपान्तरणको ऐना पनि हो । झापा जिल्लामा पत्रकारिताको जग भद्रपुरबाटै ठडिएको हो । यसको ऐतिहासिक विकासक्रमलाई विभिन्न कालखण्डमा विभाजन गरेर निम्नानुसार विश्लेषण गर्न सकिन्छ–

**प्रारम्भिक कालखण्ड : 'केटो' देखि 'आलोक' सम्म.**

झापा जिल्लाको मात्र नभएर तत्कालीन मेची अञ्चल (झापा, इलाम, पाँचथर र ताप्लेजुङ गरी ४ जिल्ला समाविष्ट प्रशासनिक भूगोल)कै पत्रकारिताको आदिपुरुष श्यामकृष्ण उपाध्याय हुनुहुन्छ । वि.स. २००७ को क्रान्तिपछि सिर्जना भएको खुला परिवेशमा उहाँको सक्रियता अतुलनीय रहेको मूल्यांकन गरिएको छ ।

*'केटो' र 'युवक'* : यी दुबै केही महिना निकालिएका पत्रिकाहरू थिए, जसले झापामा मुद्रण र प्रकाशनको भोक जगाएको थियो ।

*आलोक साप्ताहिक (२०२५-२०४५)* : झापाको पत्रकारितामा 'आलोक' को प्रकाशनलाई एउटा 'कोशेढुंगा' मानिन्छ । यसै पत्रिकाले झापामा व्यावसायिक



पत्रकारिताको जग बसालेको थियो । यसले तत्कालीन व्यवस्थाका विसङ्गति र समाजका विकृतिमाथि प्रहार गर्दै प्रजातन्त्रको वकालत गरेको अभिलेख पाइन्छ ।

पूर्वको प्रवेशद्वार र राजनीतिक चेतनाको प्रखर केन्द्र मानिने झापा जिल्ला नेपाली पत्रकारिताको विकासमा अग्रणी मानिन्छ । यहाँको पत्रकारिता केवल सूचनाको संवाहक मात्र नभई सामाजिक जागरण, निरङ्कुशता विरुद्धको विद्रोह र लोकतन्त्रको पहरेदारका रूपमा समेत स्थापित रहँदै आएको छ ।

### २. झापामा पत्रकारिताको शुरुवात : ऐतिहासिक जग

झापा जिल्लामा पत्रकारिताको बीजारोपण कसरी भयो भन्ने बारे केही फरक मतहरू रहे तापनि अनुसन्धानात्मक तथ्य र नेपाल पत्रकार महासङ्घ झापा शाखाद्वारा प्रकाशित दस्तावेजहरूले निम्न तथ्यलाई स्थापित गरेका छन्–

- पहिलो पत्रिकाको उदय : वि.स. २०१० साल मंसीर १२ गते भद्रपुरबाट प्रकाशित 'केटो' (मासिक) लाई तत्कालीन मेची अञ्चलकै पहिलो पत्रिका मानिन्छ ।
- पहिलो पत्रकार : सोही पत्रिकाका सम्पादक श्यामकृष्ण उपाध्याय (लामिछाने)लाई देशकै पूर्वी भूखण्डको पहिलो पत्रकारका रूपमा इतिहासमा लिपिबद्ध गरिएको छ ।
- अन्य प्रारम्भिक प्रयासहरू : वि.स. २००९ मा महानन्द सापकोटाको सम्पादनमा निस्किएको 'हाम्रो नेपाल' र वि.स. २०१२ मा हदराज बोहराको प्रकाशकत्वमा निस्किएको 'आँधी' जस्ता पत्रिकाहरूले यहाँको छापा पत्रकारिताको प्रारम्भिक जग सबल बनाएको पाइन्छ ।

  प्रारम्भिक चरणको पत्रकारिता विशुद्ध व्यावसायिक नभई साहित्यिक र राजनीतिक चेतना फैलाउने उद्देश्यबाट निर्देशित थियो ।

### ३. विकासक्रमका विभिन्न चरणहरू :

झापा जिल्लाको पत्रकारितालाई यसको विकासको प्रकृतिका आधारमा निम्न ३ चरणमा विभाजन गरेर अध्ययन गर्न सकिन्छ–

**क) प्रथम चरण : जग बसाउने काल** (२०१० **देखि २०४६ सम्म**)

यो कालखण्ड पञ्चायती शासन व्यवस्था समेतको चपेटामा थियो । अभिव्यक्ति स्वतन्त्रता कुण्ठित रहेको सो समयमा झापा जिल्लामा साप्ताहिक पत्रिकाहरूको वर्चश्व थियो ।

श्यामकृष्ण उपाध्यायद्वारा प्रज्ज्वलित ' आलोक' नै झापा जिल्लाको हकमा प्रकाश-पुञ्ज हो । भद्रपुरको त्यो सानो शुरुवातले आज झापालाई नेपालकै 'बौद्धिक र सञ्चारको

उर्वर भूमि' बनाउन सफल भएको छ। यद्यपि, 'युगज्ञान' र 'सूर्योदय' साप्ताहिकसँगै नियमित र संगठित पत्रकारिताको श्रेय भने २०२८ साल बैशाख १ गते चन्द्रगढीबाट शुरु भएको 'विवेचना' मासिकलाई जान्छ। जुन 'विवेचना' २०२९ साल पूस १ गतेबाट अर्द्धसाप्ताहिक प्रकाशित हुँदै २०३४ साल साउन १ गतेदेखि भने साप्ताहिक रुपमा प्रकाशित भइरहँदाको अवस्थामा २०४० साल माघ २० गते प्रशासनिक प्रतिबन्धमा परेर बन्द भएको थियो।

भद्रपुरबाटै २०२९ साल पूस १४ गते 'सिद्धार्थ' पाक्षिक प्रकाशन शुरु गर्नुभएका डिल्लीराम निर्भीकले २०३७ मंसीर २० मा सो पत्रिकालाई साप्ताहिक र २०४७ साउन ७ गते अर्द्धसाप्ताहिक बनाएर प्रकाशन गरिरहनु भयो। त्यसैबीच, २०३९ साल असार १३ गतेदेखि उहाँले नै २ पेजको 'हिजो आज' दैनिकको प्रकाशन शुरु गर्नुभयो। जुन मेची अञ्चलकै जेठो दैनिक पत्रिका थियो। ती दुबै पत्रिका २०६२ सालदेखि भने बन्द भए।

- पञ्चायती व्यवस्थाको तानाशाही समयमा पनि झापाका पत्रकारहरूले प्रजातन्त्र र नागरिक अधिकारका पक्षमा कलम चलाए। नकुल काजीजस्ता कलमबाजहरूले व्यावसायिक पत्रकारिताको जग बसाले। त्यस समयमा पत्रकारिता केवल पेशा मात्र नभई एउटा 'मिसन' थियो। श्यामकृष्ण उपाध्याय, नकुल काजी, स्वयम्भूलाल श्रेष्ठ, बसन्तकुमार खड्का, भवानी घिमिरे, चूडामणि रेग्मी, द्रोणाचार्य क्षेत्री, डिल्लीराम निर्भीक, गोविन्दचन्द्र छेत्री जस्ता व्यक्तित्वहरूले कठिन परिस्थितिमा पनि पत्रिका प्रकाशन गरेर जनचेतना जगाउने काम गर्नुभयो।
- वि.स. २०२४ देखि २०२६/२७ सम्म झापाबाट २ दर्जन जति सामयिक संकलनहरू प्रकाशन हुन्थे; जुन पारि (छेउका इण्डियन शहर)का छापाखानाहरूमा निर्भर थिए। त्यो समयमा पत्रिकाको दर्ता खारेज हुने र कतिपय अवस्थामा सम्पादक/प्रकाशकहरू जेल जानु पर्ने बाध्यता समेत थियो।

**ख) दोस्रो चरण : संस्थागत र प्रविधिमैत्री काल (२०४६ देखि २०६२–'६३ सालसम्म)**

वि.स.२०४६ को चैत २६ गते मध्यरातमा प्रजातन्त्र पुनर्बहालीको राजघोषणासँगै झापा जिल्लाको पत्रकारिताले नयाँ मोड लियो। यस कालखण्डमा साप्ताहिकबाट दैनिक पत्रिकामा रूपान्तरण हुने क्रमसँगै नयाँ पत्रिकाहरू निस्कन थाले। मोफसलमै आधुनिक छापाखाना प्रविधि भित्रिन थाल्यो।

- एफ.एम. रेडियोहरूको उदय भयो। मोफसलकै पहिलो व्यावसायिक रेडियोहरू झापामा स्थापना भएर अडियो पत्रकारिताको लहर ल्याए।

**ग. तेस्रो चरण : डिजिटल तथा न्यू मिडियाको युग (२०६३ देखि हालसम्म)**

वि.स.२०६२-'६३ को जनान्दोलनपछि सूचना प्रविधिमा आएको क्रान्तिले झापाली पत्रकारिताको स्वरूप नै बदलिदियो।

- प्रिन्ट मिडिया र रेडियोसँगै अनलाइन न्यूज पोर्टलहरूको लहर आयो।
- हाल झापा जिल्लामा ५ वटा दैनिक, २४ वटा साप्ताहिक, एउटा मासिक र एउटा त्रैमासिक पत्रिका प्रकाशन हुनुका साथै १० वटा एफ.एम. रेडियो, २ वटा टेलिभिजन र १३७ वटा अनलाइन सञ्चारमाध्यमहरू सञ्चालित छन्।

वि.स. २०४० देखि २०७५ सम्मको साढे तीन दशक नेपाली राजनीति र पत्रकारिताका लागि निकै उतारचढावपूर्ण र ऐतिहासिक कालखण्ड रह्यो। सो अवधिमा पञ्चायती व्यवस्थाको अन्त्य, प्रजातन्त्रको पुनर्स्थापना, सशस्त्र द्वन्द्व, राजतन्त्रको अन्त्य र संघीय लोकतान्त्रिक गणतन्त्रको स्थापना जस्ता युगीन परिवर्तनहरू भए।

यही पृष्ठभूमिमा अग्रज पत्रकार नकुल काजीको योगदान र त्यस कालखण्डका मुख्य विषयवस्तुलाई निम्नानुसार प्रस्तुत गर्न सकिन्छ–

## ४. अग्रज पत्रकार नकुल काजीको विशिष्ट योगदान :

झापालाई कर्मथलो बनाएर ६ दशकभन्दा लामो समयदेखि पत्रकारिता र साहित्यमा सक्रिय नकुल काजी मोफसलको पत्रकारिताका एक 'भीष्म पितामह' मानिनु हुन्छ।

- सम्पादन र नेतृत्व : उहाँले झापाबाट 'विवेचना' साप्ताहिक (पछि दैनिक) मार्फत मोफसलको पत्रकारितालाई व्यावसायिक र निर्भीक बनाउन जग बसाल्नु भयो। उहाँले मोफसलमा बसेर पनि केन्द्रलाई चुनौति दिन सक्ने सम्पादकीय धार निर्माण गर्नु भएको थियो। नकुल काजीको सम्पादनमा प्रकाशन भएको 'विवेचना' साप्ताहिकले मोफसलको पत्रकारितामा नयाँ आयाम थप्यो। यसले झापालाई राजधानी बाहिरको एउटा बलियो 'मिडिया हब' को रूपमा चिनाउन मद्दत गरेको थियो। यही समयमा भद्रपुर बाहेक बिर्तामोड र दमकमा पनि छापा माध्यमको विस्तार हुन थालेको इतिहास पाइन्छ।
- साहित्यिक पत्रकारिता : पत्रकारितासँगै उहाँको साहित्यिक योगदान पनि विशिष्ट छ। उहाँका विभिन्न विधाका ३६ वटाभन्दा बढी साहित्यिक एवम् धार्मिक कृति तथा अनुवाद ग्रन्थहरू प्रकाशित छन्। उहाँले समाचारमा पनि साहित्यिक र व्यंग्यात्मक शैलीको प्रयोग गरेर पञ्चायतकालमा अभिव्यक्ति स्वतन्त्रताको पक्षमा वकालत गर्नु भएको थियो।
- प्रशिक्षक र उत्प्रेरक : २०४० देखि २०७५ सालको अवधिमा उहाँले सयौं नयाँ पत्रकारहरूलाई तालिम र मार्गदर्शन दिनु भएको थियो। झापा जिल्लालाई 'पत्रकारिताको उर्वर भूमि' बनाउन उहाँको ठूलो योगदान छ।
- सम्मान र पहिचान : उहाँको अविचलित सेवाको कदर गर्दै विभिन्न समयमा 'दीर्घ सेवा सम्मान' लगायतका थुप्रै राज्यस्तरका पुरस्कारबाट उहाँ सम्मानित हुनु भएको छ।

*विशेष टिप्पणी :* नकुल काजी केवल एक पत्रकार मात्र नभई इतिहासका साक्षी पनि हुन्। उनले पञ्चायतको 'कठोरता', प्रजातन्त्रको 'तरलता' र गणतन्त्रको 'उत्साह' लाई आफ्नै कलमले लिपिबद्ध गरेका छन्।

## ५. २०४० देखि २०७५ सम्मका उल्लेख्य र संग्रहणीय विषयवस्तु

यस कालखण्डलाई नेपाली मिडिया र राजनीतिका दृष्टिले निम्न बुँदामा समेट्न सकिन्छ–

**अवधि, मुख्य घटनाक्रम र विषयवस्तु :**

२०४०-२०४६ *पञ्चायत विरुद्धको संघर्ष :* भूमिगत पत्रकारिता र 'मिशन' पत्रकारिताको उत्कर्ष। बहुदलीय व्यवस्थाको माग गर्दै लेखिएका सामग्रीहरू।

२०४७-२०५२ *संवैधानिक राजतन्त्र र खुलापन :* २०४७ सालको संविधानले दिएको पूर्ण प्रेस स्वतन्त्रता। निजी क्षेत्रबाट ठूला ब्रोडसिट दैनिक पत्रिकाको शुरुवात।

२०५२-२०६२ *सशस्त्र द्वन्द्व र संकटकाल :* माओवादी जनयुद्धको चपेटामा प्रेस। राज्य र विद्रोही दुबै पक्षबाट पत्रकार मारिने र थुनिने क्रम। राजा ज्ञानेन्द्रबाट २०६१ माघ १९ गतेपछि कडा सेन्सरशिप।

२०६३-२०७२ *गणतन्त्र र संक्रमणकाल*

: २०६२-'६३ को जनान्दोलन, राजतन्त्रको अन्त्य र संविधानसभाको निर्वाचन। संघीयता र समावेशिताका मुद्दाहरूमा व्यापक बहस।

*२०७२-२०७५ संविधान जारी र कार्यान्वयन* : भूकम्पपछिको पुनर्निर्माण, नयाँ संविधान-२०७२ को घोषणा र संघीयताको खाका अनुरुप तीनै तहको निर्वाचन। डिजिटल पत्रकारिताको बढ्दो प्रभाव।

### ६. संग्रहणीय पक्षहरू :

यस कालखण्डका केही विशिष्ट सामग्रीहरू, जो इतिहासका लागि महत्वपूर्ण छन्–

- विभिन्न पत्रिकाका अंकहरू : आलोक, युगज्ञान, सूर्योदय, विवेचना, सिद्धार्थ, हिजो आज पत्रिकाका पुराना अंकहरू, जसमा मोफसलको आन्दोलनको जीवन्त चित्र पाइन्छ। मिडियाको सुपरिचित र चर्चित 'हब' रहेको उतिबेलाको भद्रपुरको वर्चश्वपछि २०४० साल पूसपछि शनिबार, २०४७ साल भदौदेखि 'स्वाधीन सम्वाद' साप्ताहिक लगायत बिर्तामोडबाट प्रकाशन शुरु भएको थियो।
- प्रेस सेन्सरशिपका नमूना : विभिन्न कालखण्डमा शासकीय दमनको विरोधमा केही पाना केही नलेखिएका (खाली राखिएका) र कालो पोतिएका पत्रिकाहरू।
- एफएम रेडियोको क्रान्ति : दक्षिण एसियामै पहिलो पटक दक्षिण एसियाली सामुदायिक रेडियो (रेडियो सगरमाथा) को स्थापना र त्यसले ल्याएको ग्रामीण चेतना।

### ७. झापाली पत्रकारिताका प्रमुख आरोह-अवरोहहरू :

झापा जिल्लाको पत्रकारिता सधैँ सहज मार्गबाट हिंडेको छैन। यसले थुप्रै उतारचढाव र सङ्घर्षहरूको सामना गरेको छ–

**क) आरोह (उत्साहजनक पक्षहरू)**

- देशमै अग्रणी स्थान : काठमाडौं उपत्यका बाहिर सबैभन्दा बढी सञ्चारमाध्यम र क्रियाशील पत्रकार भएको जिल्लाहरूमध्ये झापा अग्रपंक्तिमा पर्दछ।
- विविधता : छापा, रेडियो, टेलिभिजन र अनलाइन सबै विधामा झापाको उपस्थिति बलियो छ।
- संस्थागत विकास : नेपाल पत्रकार महासङ्घ झापा जिल्ला शाखा निकै सक्रिय छ, जसले पत्रकारहरूको वृत्ति विकास र सुरक्षामा उदाहरणीय काम गर्दै आएको छ।

**ख) अवरोह (चुनौति र समस्याहरू)**

- द्वन्द्वकालीन त्रास : सशस्त्र द्वन्द्वकालमा झापाका पत्रकारहरूले राज्य र विद्रोही दुबै पक्षबाट असुरक्षा, धम्की र भौतिक आक्रमणको सामना गर्नु पऱ्यो।
- आर्थिक परनिर्भरता : सञ्चारमाध्यमहरूको संख्या बढी, तर विज्ञापन बजार सीमित हुँदा सञ्चारमाध्यमहरू आर्थिक रूपमा थला परेका छन्।
- डिजिटल चुनौति : सामाजिक सञ्जाल, अनलाइन, युट्युब आदिको बढ्दो प्रभावले परम्परागत छापा माध्यमलाई संकटमा पारेको छ। पठन संस्कृतिलाई घाइते बनाएको छ। रेडियो पत्रकारिताको अस्तित्वमा चुनौति थपिएको छ।
- दक्षता र पलायन : पत्रकारितामा उचित पारिश्रमिक र सुरक्षा नहुँदा दक्ष जनशक्ति यो पेशा छाडेर अन्य क्षेत्र वा वैदेशिक रोजगारीमा पलायन हुने क्रम जारी छ।

### ८. पञ्चायतकालीन संघर्ष र प्रकाशन

वि.स. २०१७ को राजनीतिक परिवर्तनपछि पत्रपत्रिकामाथि कडा सेन्सरशिप थियो। यद्यपि, झापाबाट वैचारिक र साहित्यिक पत्रकारिताको प्रकाशन रोकिएन। भद्रपुरबाटै सी.पी. मैनाली र राधाकृष्ण मैनालीहरूको सक्रियतामा प्रगतिशील धारका 'पञ्चामृत', 'झम्पल', 'आँखो' लगायत र प्रजातान्त्रिक धारका 'आह्वान', 'साँचो', 'दुबो' आदिका साथै 'पञ्चायत' समर्थक 'श्रीपेच' लगायतका तत्कालीन सबै धारका वैचारिक मुख-पत्रहरू प्रकाशित भएका थिए।

### ९. प्रजातन्त्र पुनर्स्थापनापछिको लहर (२०४६-२०६२/६३)

वि.स. २०४६ चैत २६ मध्यरातमा बहुदलीय व्यवस्थाको पुनर्स्थापना भई प्रेस स्वतन्त्रताको संवैधानिक प्रत्याभूति भएपछि झापामा पत्रपत्रिका प्रकाशन गर्ने लहर नै चल्यो। २०४६ सालको जनआन्दोलन र प्रजातन्त्रको पुनःस्थापनापछि झापामा पत्रकारिताले संस्थागत रूप लिन थालेको हो। व्यक्तिले प्रकाशन गर्दै आएका पत्रिका समूह गठन गरेर पनि प्रकाशन हुन शुरु भयो। साप्ताहिकबाट दैनिक पत्रिकामा रूपान्तरण हुने क्रम बढ्यो। बिर्तामोड मुख्य व्यापारिक केन्द्र बनेसँगै पत्रकारिताको केन्द्र पनि भद्रपुरबाट बिर्तामोड बसाइँ सर्न थालेथ्यो।

*प्रविधिमा परिवर्तन* : सिसा (धातु) का अक्षरबाट मुद्रण हुने 'लेटर प्रेस' र ' फ्ल्याट प्रविधि' पछि कम्प्युटर टाइपसेटिङमा 'अफ्सेट प्रेस' मा प्रविधि उन्नत भएपछि पत्रिकाको गुणस्तर र संख्या दुबै बढ्न थालेको हो। 'फ्ल्याट' र 'अफ्सेट प्रेस' को प्रविधि झापाको हकमा 'पूर्वाञ्चल' दैनिक (बिर्तामोड)ले शुरुवात गरेको थियो।

*एफएम रेडियोको शुरुवात* : यसै कालखण्डमा झापामा रेडियो कञ्चनजंघा लगायतका सामुदायिक र निजी रेडियोहरू खुल्न थाले, जसले गर्दा पत्रकारिता छापा माध्यमबाट श्रव्य माध्यममा पनि विस्तार भयो। झापाको सामुदायिक रेडियोमध्ये भद्रपुरस्थित नागरिक एफएम मात्र सञ्चालनमा छ।

### १०. गणतन्त्र र डिजिटल युग (२०६३ सालदेखि हालसम्म)

हाल झापाको पत्रकारिता आधुनिक, प्रविधिमैत्री र व्यावसायिक बनेको छ। पत्रकारितामा पनि विविधिकरण भएको छ। यहाँको पत्रकारिता अहिले छापा माध्यमबाट अघि बढेर विद्युतीय र डिजिटल युगमा प्रवेश गरिसकेको छ।

*नेपाल पत्रकार महासंघको सक्रियता* : झापा शाखा नेपालकै एउटा सशक्त र नमूना शाखाको रूपमा स्थापित छ। यहाँका सञ्चारकर्मीहरूले राष्ट्रियस्तरको पत्रकारितामा समेत नेतृत्वदायी भूमिका निर्वाह गरिरहेका छन्।

*चुनौतिहरू* : यति धेरै सञ्चारमाध्यम भए पनि विज्ञापनको सीमित बजार, सञ्चारकर्मीहरूको आर्थिक सुरक्षा र सामाजिक सञ्जालले गर्दा उत्पन्न भएको 'फेक न्यूज' को चुनौति मुख्य समस्याका रूपमा रहेका छन्।

### ११. झापाको पत्रकारिताका विशेषताहरू :

*राजनीतिक चेतना* : यहाँको पत्रकारिताले जहिल्यै पनि राजनीतिक आन्दोलनलाई साथ दिएको छ।

*साहित्यिक जग* : धेरैजसो पत्रकारहरू साहित्यबाटै यस क्षेत्रमा प्रवेश गरेकाले भाषा र शैलीमा मिठास पाइन्छ।

*व्यावसायिक प्रतिस्पर्धा* : भद्रपुर, बिर्तामोड, दमक, मेचीनगरका सिद्धहस्त सञ्चारकर्मीहरूले पत्रकारिताको स्तर उकास्नमा मद्दत गरेका छन्।

*अनलाइन पत्रकारिता* : वर्तमान समयमा झापाको पत्रकारिता 'डिजिटलाइज्ड' स्वरुपमा पनि विस्तारित छ। छापा पत्रिकाहरू पनि अनलाइन संस्करणमा गएका छन् भने सयौं सञ्चार पोर्टलहरूले तत्काल समाचार पुऱ्याउने कार्य गरिरहेका छन्। सामाजिक

सञ्जाल र युट्युबबाट पनि सञ्चारसेवा भइरहेको पाइन्छ ।

## १२. पत्रकारिताको संस्थागत विकास

झापामा पत्रकारहरूको छाता संगठन नेपाल पत्रकार महासंघको जिल्ला शाखा निकै सक्रिय छ । यस बाहेक दलीय आबद्धता भएका संगठनहरू, नारी सञ्चारकर्मीहरू मात्र आबद्ध संस्थाहरू तथा स्थानीयस्तरमा विधिवत गठित प्रेस क्लबहरूले पनि पत्रकारहरूको हक-हित र क्षमता विकासमा हैंसे गरिरहेका छन् । झापाका यी सबै पत्रकार सम्बद्ध संस्थाहरूले पत्रकारिता पुरस्कार, कल्याणकारी उपचार कोष र वृत्ति विकासका लागि विभिन्न उदाहरणीय कामहरू गरिरहेका छन् ।

## १३. झापाको पत्रकारिताका सबल पक्षहरू

*स्थानीय मुद्दाको उठान :* राष्ट्रिय सञ्चारमाध्यमले नदेखेका ग्रामीण समस्या, कृषि र सीमान्त क्षेत्रका समस्याहरूलाई यहाँका सञ्चारमाध्यमले सशक्त रूपमा उठाउने गरेका छन् ।

*व्यावसायिकता :* पछिल्लो समय झापाको पत्रकारितामा व्यावसायिकता बढ्दै गएको छ । सञ्चारकर्मीहरूलाई पेशागत तालिम दिएर दक्ष बनाउन पनि सम्बद्ध संस्थाहरू सक्रिय पाइन्छन् ।

## १४. चुनौति र अवरोधहरू

विकासका बाबजुद झापाको पत्रकारिता केही गम्भीर चुनौतिहरूबाट गुज्रिरहेको छ । धेरै मिडिया हाउसहरू विज्ञापनको अभावमा आर्थिक संकटमा छन् । बजार सानो हुनु र खर्च बढ्नुले सञ्चालनमा कठिनाइ थप्दा आर्थिक दिगोपना छैन । यस्तो अवस्थामा श्रमजीवी पत्रकारहरूले उचित पारिश्रमिक र सेवा सुविधा नपाउने समस्या कायमै छ ।

*कपी-पेस्ट पत्रकारिता :* डिजिटल माध्यममा समाचारको गहिराइभन्दा पनि 'भ्यूज' र 'क्लिक'का लागि सतही र भ्रामक समाचार सम्प्रेषण गर्ने प्रवृत्ति बढेको छ ।

*राजनीतिक प्रभाव :* पत्रकारितामा बढीजसो राजनीतिक दलको छायाँ स्पष्ट देखिन्छ, त्यससँगै पीत पत्रकारिता पनि 'रोग' बनेको छ । जसले गर्दा सञ्चारमाध्यमको निष्पक्षता र तटस्थतामा अक्सर प्रश्न उठ्ने गरेको छ । जबकि, वैचारिक रुपमा निरपेक्ष पत्रकारितामा राजनीतिक कित्ताकाट हुनु हुँदैन । सञ्चारकर्मीले असल कामको समर्थन र गलत कामको विरोध गर्ने सन्तुलित पक्षधरता लिन एवम् समानतापूर्ण प्रस्तुति दिन वाञ्छनीय हुन्छ ।

## १५. झापाको पत्रकारितालाई जनमैत्री एवम् विश्वसनीय बनाउन सुझावहरू :

झापा जिल्लाको पत्रकारितालाई समयसापेक्ष, मर्यादित, समाजप्रति उत्तरदायी र विश्वसनीय बनाउन निम्न रणनीतिक कदमहरू चाल्नु अनिवार्य देखिन्छ–

**क) विषयवस्तुमा विविधिकरण र स्थानीयकरण :**

- पत्रकारिता केवल राजनीतिक दाउपेच र दलका नेताका भाषणमा मात्र सीमित हुनु हुँदैन । यस जिल्लाका बहुभाषिक, बहुसांस्कृतिक र सीमान्तकृत समुदायका मुद्दालाई प्राथमिकता दिनु अपरिहार्य छ ।
- कृषि, शिक्षा, स्वास्थ्य र पर्यटनका स्थानीय सम्भावना र समस्यामाथि खोजी पत्रकारिता (Investigative Journalism) गरिनु आवश्यक छ ।

**ख) तथ्यको प्रमाणीकरण र पीत पत्रकारिताको अन्त्य :**

- अनलाइन मिडियामा 'भ्यूज' र 'क्लिक' बढाउने नाममा भ्रामक शीर्षक र अपुष्ट समाचार राख्ने प्रवृत्ति रोकिनु पर्छ ।
- कुनै पनि समाचार सम्प्रेषण गर्नु अघि न्यूनतम २ वटा स्रोतबाट तथ्यको प्रमाणीकरण (Cross–checking) गर्ने अभ्यासलाई अनिवार्य बनाउनु पर्छ ।

**ग) आचार-संहिताको पूर्ण पालना र स्वनियमन :**

- प्रेस काउन्सिल नेपालले जारी गरेको पत्रकार आचार-संहिताको अक्षरशः पालना गरिनु पर्छ ।
- गोपनीयताको हकको सम्मान र पीडितको पहिचान संरक्षणमा सञ्चारमाध्यमहरू आफैं संवेदनशील र स्वनियमन (Self–regulation) मा रहनु पर्छ ।

**घ) पत्रकारहरूको क्षमता अभिवृद्धि र वृत्ति विकास :**

- नयाँ प्रविधि, मोबाइल जर्नालिज्म (MoJo) र डेटा पत्रकारिता सम्बन्धी नियमित तालिमको व्यवस्था हुनु पर्छ ।
- पत्रकारितालाई दिगो बनाउन मिडिया हाउसहरूले श्रमजीवी पत्रकार ऐनको कार्यान्वयन गर्दै उचित पारिश्रमिक र सामाजिक सुरक्षा कोष प्रत्याभूत गर्नु पर्छ ।

**ङ) विज्ञापन बजारको न्यायोचित वितरण :**

स्थानीय सरकारहरू (नगरपालिका र गाउँपालिका) ले आफ्नो क्षेत्रको विज्ञापन र सूचनाहरू स्थानीय सञ्चारमाध्यमलाई नै समानुपातिक ढङ्गले वितरण गर्ने नीति व्यवहारतः लागू गर्नु पर्छ । तथापि, हालै नयाँ निर्वाचित सरकारले तीनै तहका सबैखाले सूचना/विज्ञापन सरकारी सञ्चारमाध्यमहरूमा मात्र प्रकाशन गर्ने परिपत्र गरेपश्चात भने हाल निजी क्षेत्रका सञ्चारमाध्यमहरू र त्यसमा पनि खासगरी छापा माध्यमहरू बन्द हुने तर्फ प्रस्तावित छन् । जुन सरकारी नीति अन्यायपूर्ण किन पनि छ भने, केन्द्र सरकारले संघीयताको मर्म प्रतिकूल हुनेगरी प्रदेश र स्थानीय सरकार समेतको क्षेत्राधिकारमा हस्तक्षेप गरेको छ ।

समष्टिमा, यो शताब्दीको पहिलो दशकबाट शुरु भएर आजको डिजिटल युगसम्म आइपुग्दा झापा जिल्लाको पत्रकारिताले लगभग यो साढे ७ दशकमा संघर्षपूर्ण यात्रा तय गरेको छ । हिजोको 'मिसन' पत्रकारिता यतिबेला 'प्रोफेसन'मा बदलिएको छ । यद्यपि, समाचारको विश्वसनीयता कायम राख्नु र आर्थिक रूपमा आत्मनिर्भर हुनु आजको मुख्य आवश्यकता हो । जुन चुनौति अधिकांश सञ्चारमाध्यम र त्यसमध्ये पनि छापा माध्यमले भोगिरहेका छन् ।

स्थानीय सरकार र सरोकारवाला निकायले पनि सञ्चार माध्यमहरूको संरक्षणमा पहल गर्नु पर्छ । झापाको पत्रकारिताले पनि अब संख्यात्मक वृद्धिभन्दा गुणात्मक सुधारमा ध्यान दिनु नितान्त जरुरी छ । जबसम्म पत्रकारिता स्वच्छ, निष्पक्ष र जनउत्तरदायी रहन्छ, तबसम्म झापाको सामाजिक र राजनीतिक विकासले गति लिइरहने छ ।

अन्त्यमा, झापा जिल्लाको ७२ वर्ष लामो पत्रकारिताको इतिहास गौरवमय छ । हिजोका अग्रजहरूले ज्यान हत्केलामा राखेर जोगाएको यो पेशा आज प्रविधिको पहुँचसँगै सहज त बनेको छ, तर यसको विश्वसनीयतामाथि गम्भीर प्रश्नहरू उठ्न थालेको अवस्था छ ।

झापाको पत्रकारितालाई साँच्चिकै जनमैत्री र भरपर्दो बनाउने हो भने अब यसलाई परिमाण (Quantity) बाट गुणस्तर (Quality) तर्फ मोड्नु पर्छ । जबसम्म पत्रकारिताले समाजको वास्तविक आवाज बोल्न सक्दैन र नागरिकको भरोसा जित्न सक्दैन, तबसम्म यसले आफ्नो उपादेयता सिद्ध गर्न सक्दैन । त्यसैले, "सत्य, तथ्य र निष्पक्ष सूचना" को मूलमन्त्रलाई आत्मसात गर्दै अघि बढ्नु नै झापाली पत्रकारिताको आगामी उज्ज्वल भविष्यको एक मात्र मार्गचित्र हो । ❖

*सन्दर्भ सामग्री सूची :*

1. *'झापाको पत्रकारिता : आरम्भदेखि २०४०' - नेपाल पत्रकार महासङ्घ, झापा शाखा (२०८१)*
2. *सिर्जनशील नेपाली पत्रकारहरू (भाग-१) - ऋतुवर्ण पराजुली (२०६१ साउन)*
3. *प्रेस काउन्सिल नेपालका विभिन्न वार्षिक प्रतिवेदनहरू ।*
4. *अग्रज पत्रकारका संस्मरण तथा शोध लेखहरू ।*

# लेटर प्रेसदेखि अफसेट प्रेससम्मको यात्रा



● राजेश ढुङ्गाना

आजभन्दा लगभग साढे चार दशक अघि जब मैले पत्रकारिता शुरु गरें, त्यो बेला र अहिलेको पत्रकारिताको तुलना गर्दा तुलना नै गर्न नसक्ने स्थिति छ ।

झापा जिल्लामा हामी जम्मा दुई-अढाई दर्जन जति पनि पत्रकार थिएनौं । झापामा त्यतिबेला आलोक, सूर्योदय, युगज्ञान, विवेचना, सिद्धार्थ आदि पत्रिका थिए । पत्रिका थिए मात्र होइन, चल्तीका पत्रिका थिए । राजनीति र व्यापार-व्यवसायको झैं पत्रिका र पत्रकारिताको केन्द्र पनि सदरमुकाम भद्रपुर नै थियो । अरु भनौं- भद्रपुर बाहेक जिल्लाका अन्य भागमा पत्रिका र पत्रकार छँदै थिएनन् । माथि उल्लेखित पत्रिका बाहेक निकै पछि, २०४० असोजबाट चन्द्रगढीबाट 'साप्ताहिक विचार' र सोही वर्षको पूसतिर बिर्तामोडबाट ' शनिबार' साप्ताहिक थपिए ।

जनमत संग्रह (२०३७ साल) अगाडि निस्कने पत्रिकाहरूमा प्रायः सबै पत्रिकाहरू तत्कालीन पञ्चायती व्यवस्थाका पक्षधर थिए । पञ्चायतकै गुणगान, पक्षपोषण र तरफदारी उनीहरूको मूल काम वा उद्देश्य थियो । अपवादलाई छाडेर, जब २०३७ सालको जनमत संग्रह भयो, त्यसमा धाँधली गरेर पञ्चायतलाई जिताए पनि वाक तथा प्रकाशन स्वतन्त्रताको आयतन भने अलि विस्तार हुँदै गयो । त्यो पनि पञ्चायती तानाशाहीले स्वतन्त्रता दिएर होइन, सञ्चारकर्मीहरूको ह्याकुलाले मिचेर ।

साप्ताहिक विचारको प्रकाशन भएपछि मात्र स्पष्ट रूपमा फरक विचारको पत्रिका शुरु भएको हो । त्यसबेला झापामा त्यो पत्रिका केन्द्रको सर्वाधिक चर्चित पत्रिका साप्ताहिक विमर्श झैं थियो । त्यसमा सम्पादक तारा बरालको योगदान त हुने नै भइगयो । हामी भरत भूर्तेल, म राजेश ढुङ्गाना र कृष्ण धरावासीको योगदान पनि त्यत्ति नै महत्वपूर्ण छ ।

त्यतिबेला राजधानीमा राष्ट्र पुकार, समीक्षा, मातृभूमि आदि साप्ताहिक पत्रिका चर्चित थिए । त्यसपछि साप्ताहिक विमर्श, सुरुचि, देशान्तर, दृष्टिकोण, समय आयो; जो मोफसलमा पनि उत्तिकै पढिन्थे । ती पत्रिकाहरू तत्कालीन पञ्चायती शासनको विपक्षमा थिए । जनमत पनि तानाशाहीको विपक्षमा रहेकाले विपक्षी स्वरका पत्रिकाहरूको चल्ती यसै पनि हुने नै भयो । पाठक र बजार त्यो समय अनुसार व्यापक नै मान्नु पर्दछ ।

त्यतिबेलाको विपक्षी धारको पत्रकारिता 'मिसन पत्रकारिता' नै थियो । स्वयम् हामी आफैंले खर्च गरेर समाचार हुलाकबाट काठमाडौंमा पठाउनु पर्दथ्यो । कहिलेकाहीं त खानपीनमा पनि समस्या । काठमाडौंको पत्रिकामा पठाएको समाचारसँगै आफ्नो नाम छापियो भने हामी फुरुंग, मख्ख, गजक्क !

अलिक अगाडिको कुरामा नजाऔं । मैले थाहा पाएको लगभग यो पाँच दशकको पत्रकारितामा र अहिलेको पत्रकारितामा युगान्तकारी परिवर्तन आएको छ- प्रविधिमा । त्यसमा पनि २०४७ सालमा प्रजातन्त्र आएपछि । उतिबेला लेटर प्रेस थियो, अक्षरहरू कीरा टिपे झैं टिपेर शब्द बनाउनु पर्दथ्यो । त्यसो गर्नेलाई कम्पोजिटर भनिन्थ्यो । अहिले सम्झँदा लाग्छ- त्यो कठिन काम गर्ने कम्पोजिटरहरू साँच्चै महान हुन् ।

लेटर प्रेसमा फोटो छाप्नका लागि ब्लक बनाउनु पर्दथ्यो । एउटा सानो ब्लकको ७५ देखि १५० रुपैयाँसम्म पर्ने कुरा त म स्वयम्लाई थाहा छ । त्यो पनि त्यतिबेला ठूलो रकम थियो । त्यसमाथि त्यो बनाउन इण्डियाको पटना वा कलकत्ता पुग्नु पर्थ्यो । केही पछि भने काठमाडौंमा पनि ब्लक बनाउने उद्योग खुलेको थियो । सिसा (धातु)का अक्षरहरू रिकाष्टिङ गर्न र नयाँ अक्षर ल्याउन त पटना/कलकत्ता नपुगी धर थिएन ।

अहिले जस्तो कम्प्युटरमा टाइप गरेर, समाचार वा मोबाइलमा फोटो खिचेर चाहे जति फोटो छाप्न सकिने स्थिति त कल्पना बाहिरैको कुरा थियो । २०३७ साल अघिसम्म त अपवाद बाहेक पत्रिकामा छाप्न प्रायः राजा-रानीका ब्लक मात्र हुन्थे, फोटाका लागि । २०४७ सालपछि भने जनसाधारणका ब्लकहरू पनि बन्न थाले । ती ब्लकहरूका फोटो सन्दर्भ र प्रसङ्ग अनुसार वर्षौंसम्म पटक-पटक प्रयोग भइरहन्थे । अहिले अफसेटमा जस्तो फोटो फेरि-फेरि हाल्ने कुराको सम्भावना नै थिएन ।

वर्तमान पुस्ताका सञ्चारकर्मीहरूलाई थाहा समेत छैन – कुनै दिन र समय हामीकहाँ लेटर प्रेस मात्र प्रचलनमा थियो । जसको प्रयोग गरेर पत्रिका निकाल्नु असहज थियो, कठिन थियो । तर पनि हामीभन्दा अघिल्लो पुस्ता र हामीले रमाई-रमाई त्यसैमा काम गऱ्यौं । अहिले त कम्प्युटरमा टाइप गरेर अफसेट प्रेसमा चढायो, पत्रिका छापिइहाल्यो ।

प्रविधिको अपत्यारिलो फड्को गराइले अहिलेको पुस्ता धेरै सजिलोमा छ । यसलाई केवल समय बदलिएको कुरामा सीमित गर्न मिल्दैन; यो त युग नै अर्को भएको हो । लेटर प्रेसको कथा र व्यथा अहिले एकादेशको कथा झैं लाग्दछ । अब त आधुनिक प्रविधियुक्त कम्प्युटर र अफसेट प्रविधि देशभर नै छ्याप्छ्याप्ती छन् । अरु भनौं, केवल यही प्रविधि नै जताततै छ ।

जिल्लामा मात्र होइन, त्यतिबेला राजधानीमा पनि लेटर प्रेसको विकल्प थिएन । २०४१ सालमा म स्वयम् काठमाडौं पुगेपछि त्यसबेलाका सर्वाधिक चर्चित पत्रिकाहरू साप्ताहिक विमर्श, देशान्तर साप्ताहिक र शिव अधिकारीको सुरुचि साप्ताहिकमा संलग्न हुँदा लेटर प्रेस नै थियो । संयोग नै भनौं, नेपालमा अफसेट प्रेसबाट प्रकाशित पहिलो पत्रिका (म्यागेजिन) साप्ताहिक 'जनमत'को सम्पादन समूहमा म पनि संलग्न हुने अवसर जुऱ्यो । त्यसैले म आफूलाई लेटर प्रेसको अन्तिम र अफसेट प्रविधिको पहिलो पुस्ता मान्दछु ।

यहाँ मैले इतिहास लेख्न खोजेको होइन । संस्मरणसम्म मात्र हो, संस्मरणमा केही कुरा छुटेका पनि हुन सक्छन् । ❖

# सङ्कटको घेरामा पत्रकार महिला



● अम्बिका भण्डारी

इतिहासकै सबैभन्दा जटिल र संक्रमणकालीन मोडमा पुगेको छ, पत्रकारिता। सूचना प्रविधिको विकासले समाचारको उत्पादन र उपभोगको शैली दिनदिनै बदलिइरहेको छ। यसमा हामीलाई अभ्यस्त बनाउँदै पत्रकारितालाई जीवित राख्न र यसको गरिमालाई जोगाउन झन् धेरै चुनौती थपिएका छन्।

लोकतन्त्रको सुदृढीकरण र सामाजिक जागरणमा पत्रकारहरूको भूमिका अग्रणी भए तापनि कार्यक्षेत्र भने झन्-झन् खुम्चिँदै र असुरक्षित बन्दै गएको देखिन्छ। एकातिर प्रविधिको तीव्र विकास र अर्कोतिर आर्थिक मन्दीको बाछिटाले समग्र सञ्चार क्षेत्रलाई प्रभावित पारेको छ। जसको मारमा पत्रकार महिलाहरू सबैभन्दा बढी परेका छन्। नेपाली समाजमा महिलालाई हेर्ने पितृसत्तात्मक दृष्टिकोण अझै बदलिएको छैन। घर र कार्यालयको दोहोरो जिम्मेवारी व्यवस्थापन गर्दै पेशामा टिकिरहन र समयसापेक्ष आफूलाई परिवर्तन गर्नु महिला पत्रकारका लागि ठूलो चुनौती छ।

नेपालको सञ्चार क्षेत्रमा महिलाको सहभागिता रेडियो नेपालको स्थापनासँगै शुरु भएको देखिन्छ। त्यसबेला रेणु कोइराला, कृष्णा ताम्राकार र तारादेवी जस्ता व्यक्तित्वहरूले रेडियो मार्फत महिलाको आवाजलाई घर-घरसम्म पुऱ्याउन ठूलो भूमिका खेलेको इतिहास पढ्न पाइन्छ। वि.स. २००८ मा नेपालमै पहिलोपटक साधना प्रधानले आफ्नो सम्पादकत्वमा 'महिला' नामक पत्रिकाको प्रकाशन गरेर छापा माध्यमद्वारा पत्रकारितामा जग बसाल्नुभएको थियो। जब नेपाल टेलिभिजन वि.स. २०४१ मा शुरुवात भयो, त्यसपछि महिलाहरूको सहभागिता उल्लेख्य रूपमा बढेको छ।

वि.स. २०६२-'६३ को जनआन्दोलनपछि सञ्चारमाध्यमहरूको विस्तारसँगै महिलाहरूले कलम चलाउने क्षेत्रमा ठूलो आकर्षण देखाए। राजनीतिक परिवर्तनले सूचना र सञ्चारमा पहुँच बढाए पनि सम्पादकीय टोलीमा महिलाको उपस्थिति शून्य नै छ। घरपरिवारको जिम्मेवारी, स्रोतसाधनको अभाव, कोभिड महामारीको प्रभाव र डिजिटल प्रविधिको चुनौतीले महिलाहरूलाई निरन्तर संघर्ष गराइरहेको छ।

आर्थिक रूपमा सञ्चार क्षेत्र सबल हुन नसक्दा त्यसको प्रत्यक्ष असर पारिश्रमिकमा देखिन्छ। न्यूनतम पारिश्रमिकको कार्यान्वयन नहुनु, समयमा तलब नपाउनु र खाइपाइ आएको सेवा-सुविधामा कटौती हुनुले धेरै पत्रकार महिलालाई यो पेशाबाट पलायन हुन बाध्य बनाएको छ। पुरुषको तुलनामा महिलाहरूले समान कामको लागि कम पारिश्रमिक पाउने विभेदकारी अवस्था सरकारी सञ्चारमाध्यम बाहेक अन्य सञ्चारगृहमा अझै जीवितै छ।

मूलधारको मिडियामा महिलाको सहभागिता संकुचित छ। सरकारी सञ्चारमाध्यम गोरखापत्र, रेडियो नेपाल, नेपाल टेलिभिजन र राष्ट्रिय समाचार समिति (रासस)मा अझैसम्म महिलाले कार्यकारी नेतृत्व गर्ने अवसर प्राप्त गर्न सकेका छैनन्। निजी सञ्चारमाध्यमको अवस्था पनि भिन्न छैन। बहुदलीय प्रजातन्त्रको बहालीपछि मिडियाको बाढी आए तापनि नेतृत्व सुम्पिन कोही तयार देखिएनन्। यसो हुनुमा कहीं न कहीं महिलाको नेतृत्व क्षमतामाथिको पुरुष अविश्वास नै मुख्य कारक तत्व हो भनेर बुझ्न गाह्रो छैन। समावेशी नारा जति नै घन्काइए तापनि व्यवहारमा देखिएका उपेक्षा र बेवास्ता पत्रकारितामा महिलाको प्रगतिमा बाधक बन्ने गरेको छ। यस्ता तगाराहरू भत्काएर अघि बढ्नु पर्ने आजको आवश्यकता हो।

कार्यक्षेत्रमा हुने भौतिक असुरक्षा मात्र होइन, पछिल्लो समय 'डिजिटल माध्यम' मार्फत हुने मानसिक हिंसा र चरित्रहत्याका घटनाहरू बढ्दै गएको देखिन्छ। समाचार लेखेकै आधारमा सामाजिक सञ्जालमा ट्रोल गरिनु, अश्लील सन्देश पठाइनु र धम्की दिइनुले महिला पत्रकारहरूको मनोबल गिराउने काम गरेको छ। उनीहरूले लेखेको सामग्रीभन्दा पनि उनीहरूको व्यक्तिगत जीवन र पहिचानमाथि आक्रमण गरिने प्रवृत्ति बढ्दो छ।

महिला पत्रकारहरूका लागि आजको समय अस्तित्वको लडाइँको समय भएको छ। सामाजिक विभेद, आर्थिक संकट र प्रविधिको चुनौतीका बीच पेशामा टिकिरहनु आफैंमा संघर्षपूर्ण छ। सञ्चारगृहले महिलामैत्री वातावरण निर्माण गर्ने, सरकारले समानुपातिक विज्ञापन नीति लागू गर्ने र पत्रकार स्वयम्ले पनि प्रविधिसँगै आफूलाई अपडेट गर्ने हो भने मात्र यो पेशामा महिला पत्रकारहरू टिक्न सक्ने देखिन्छ। प्रविधिको युग शुरु भएसँगै पत्रकारिताको शैली बदलिएको छ। मोबाइल जर्नालिज्म, एआई र मल्टिमिडिया सीप अनिवार्य भइसकेका छन्। यी नयाँ प्रविधिसँग अभ्यस्त हुन तालिम र समयको अभावले गर्दा धेरै पत्रकार महिलाहरू पछि पर्ने जोखिम बढेको छ।

अर्को तर्फ, 'जेन-जी' पुस्ताको सूचना उपभोग गर्ने तरिका फरक छ। उनीहरूको आन्दोलन र बदलिँदो रुचि अनुसार काम गर्न नसक्दा पुराना सञ्चारकर्मीहरूको आकर्षण र सान्दर्भिकता घट्दै गएको देखिन्छ। कोरोना महामारीले थला पारेको सञ्चार क्षेत्र अझै पूर्ण रूपमा तंग्रिन सकेको छैन। यही बीचमा सरकारले सरकारी सूचना र विज्ञापनहरू निजी सञ्चारमाध्यमलाई उपलब्ध नगराउने वा कटौती गर्ने नीति लिँदा साना र स्वरोजगारमूलक मिडियाहरू बन्द हुने अवस्थामा पुगेका छन्। निजी सञ्चारमाध्यममा आएको यो आर्थिक संकटको पहिलो शिकार पत्रकार महिला नै हुने गरेका छन्। सरकारको यो अनुदार नीतिले लोकतन्त्रको चौथो अंगलाई मात्र कमजोर बनाएको छैन, समावेशी पत्रकारिताको मर्ममा पनि प्रहार गरेको छ।

सरकारले तत्काल आफूले निर्णय गरेका यस्ता अनुदान नीतिलाई सच्याएर स्थानीय र साना मिडियाको प्रवर्द्धन गर्नु पर्छ। सरकारी सूचनाहरू निजी र स्थानीय सञ्चारमाध्यममा बन्द गर्नुको सट्टा, तिनलाई सहज पहुँच सुनिश्चित गरिनु पर्छ। महिला पत्रकारहरूद्वारा सञ्चालित वा महिलाहरूको बाहुल्य रहेका सञ्चार गृहलाई 'समानुपातिक विज्ञापन नीति' मार्फत विशेष प्राथमिकता दिनु पर्छ। यस्ता मिडियालाई कर छुट, नवीकरण शुल्कमा सहुलियत र सञ्चार उपकरण खरीदमा अनुदान दिंदा उनीहरूको आर्थिक भार कम भई महिला पत्रकारको रोजगारी सुरक्षित हुन्छ। यसर्थ राज्यले अभिभावकीय भूमिका खेल्ने र मिडिया हाउसले लैंगिक समावेशितालाई व्यापारिक होइन, पेशागत धर्मका रूपमा लिने हो भने मात्र महिलाले 'म पत्रकार हुँ' भनेर गर्व गर्ने दिन फर्किने छ। ❖

*(उपाध्यक्ष : नेपाल पत्रकार महासंघ, कोशी प्रदेश)*



# परिवर्तित परिस्थितिमा पत्रकारिता



● सुब्रत न्यौपाने

❝ नेपाली पत्रकारिताको भविष्य प्रविधिमा मात्र होइन, विश्वसनीयता र व्यावसायिकतामा पनि निर्भर छ । अहिले नेपाली पत्रकारितामा गुणस्तर, विश्वसनीयता र दिगोपनको संकट देखिएको छ । ❞

नेपाली पत्रकारिता पुरानो र नयाँबीचको द्वन्द्वमा फसेको छ । एकातिर अखबार, रेडियो र टेलिभिजन जस्ता परम्परागत सञ्चारमाध्यमको घेरा साँघुरिदैछ भने अर्कातिर अनलाइन र डिजिटल मिडियाले आफ्नो आयतन फराकिलो बनाइरहेका छन् । कोरोना संक्रमणपछि भएको आर्थिक, सामाजिक र प्राविधिक परिवर्तनले सञ्चारमाध्यमको संरचना, अभ्यास र विश्वसनीयतामा गम्भीर प्रश्न खडा गरेको छ । पत्रकारिता अहिले आफ्नो अस्तित्व जोगाउने संघर्षको प्रारम्भिक चरणमा छ भन्दा पनि हुन्छ ।

पहिले पाठकले चिया पसल, कार्यालय र सार्वजनिक स्थलमा पत्रिका खोजेर पढ्थे । अहिले तिनै पाठक मोबाइल स्क्रीनमा समाचार हेर्छन् । इन्टरनेट र स्मार्टफोनको तीव्र विकासले समाचार उपयोग गर्ने तरिका बदलिएको हो । सूचना प्राप्त गर्ने माध्यमका रूपमा डिजिटल मिडियालाई लिन थालिएको छ । एउटा सार्वजनिक कार्यक्रममा दमक नगरपालिकाका प्रमुख राम थापाले भने, 'बिहान चिया पिउँदा पत्रिकाको अतिरिक्त स्वादमा पिउने गरिन्थ्यो । त्यसमा छापिएका समाचारका आधारमा मानिसले आफ्नो दृष्टिकोण बनाउँथे । तर, आज मोबाइलको स्क्रीनमा आउने समाचारबाट मानिसले आफ्नो धारणा बनाइरहेका छन् । तर, मोबाइलमा आएको समाचार विश्वसनीय हो वा होइन; छुट्याउन नसकिने भएको छ ।'

### पत्रकारिता परिवर्तनको कठिन चरणमा

नेपाल पत्रकार महासंघका केन्द्रीय पूर्वसदस्य लीला बरालका दृष्टिमा पत्रकारितामा बढ्दो डिजिटल अभ्यासलाई नयाँ र पुरानोबीचको द्वन्द्वका रूपमा हेर्न सकिन्छ । उनी भन्छन्, 'नेपाली पत्रकारिता परिवर्तनको कठिन चरणमा छ । प्रविधिगत क्रान्तिले पत्रकारिता क्षेत्रमा जसरी नयाँ आयाम थपेको छ, विश्वसनीयतामा उत्तिकै चुनौती खडा भएका छन् । हिजोको तुलनामा आज पत्रकारिताले विश्वास गुमाउँदै गएको छ । परम्परागत राजनीतिक शक्तिमा जसरी नागरिक विश्वस्त हुन सकेनन्, आज नेपाली पत्रकारिताले पनि त्यही नियति भोगिरहेको छ । पत्रकारिता आफ्नै मर्यादाले सुध्रिनु बाहेक अर्को विकल्प छ जस्तो लाग्दैन ।'

परम्परागत सञ्चारमाध्यम संकुचित भइरहँदा अनलाइन सञ्चारमाध्यम बढिरहेका छन् । सूचना तथा प्रसारण विभागको पछिल्लो तथ्यांकलाई आधार मान्ने हो भने पनि देशभर ५ हजारभन्दा बढी अनलाइन मिडिया दर्ता छन् । यसलाई डिजिटल मिडियाको बढ्दो प्रभावका रूपमा लिन सकिन्छ । नेपालमा सामाजिक सञ्जाल प्रयोगकर्ताको यकिन तथ्यांक नभए पनि अहिले हरेकका हातमा स्मार्टफोन छन् । त्यसै मार्फत उनीहरूले सूचना प्राप्त गरिरहेका हुन्छन् । यसले पत्रकारितालाई केन्द्रित वितरणबाट विकेन्द्रित वितरणमा रूपान्तरण हुने एउटा अवसर प्राप्त भएको छ । एआइ गतिलो र प्रभावकारी माध्यम बन्दै गएको छ । तर, यसको दुरुपयोगले समाजलाई आजित पारिसकेको छ ।

### छापामाध्यम अस्तित्वका लागि संघर्ष

मूलतः कोरोना संक्रमणपछि नेपाली मिडिया क्षेत्रमा विज्ञापन बजार धराशायी र कमजोर भएको छ । निजी क्षेत्रले अहिले पनि आर्थिक संकटको सामना गरिरहेको छ । साना तथा मध्यमस्तरका कतिपय पत्रिकाले लागत धान्न नसकेर पृष्ठ संख्या घटाएका छन् । नियमित प्रकाशन रोक्नु पर्ने अवस्था पनि छ । छापा पत्रकारितामा देखिएको कमजोर वितरण प्रणालीले प्रकाशकलाई समस्या पारिरहेकै थियो । प्रकाशकहरूका अनुसार, पत्रिका छाप्नुभन्दा पाठकसम्म पुऱ्याउनु अहिले महंगो पर्न थालेको छ ।

पछिल्लो समय छापामाध्यम अस्तित्वका लागि संघर्ष गरिरहेका छन् । डिजिटल माध्यममा सूचना प्राप्त गर्ने चाहनाका अगाडि २४ घण्टापछि आउने अखबारले पाठकलाई सन्तुष्ट पार्न छोडेको छ । छपाइ लागतमा भएको वृद्धि र वितरणमा भएको समस्याले पनि छापा माध्यमलाई पिरोलेको छ । कतिपय साना लगानीका पत्रिका बन्द भइसकेका छन् । ठूला मिडिया पनि खर्च कटौतीमा छन् । जनशक्ति घटाउन थालिएको

# पत्रकारिताको शक्ति 'स्पीड'मा होइन, विश्वासमा टिक्छ



● निमा काफ्ले

परिवर्तित परिस्थितिमा पत्रकारितामा देखिएका चुनौतीहरू चिर्न परम्परागत सोचले मात्र अब पुग्दैन । मिडिया इकोसिस्टममा आएको संरचनात्मक परिवर्तनलाई गहिरोसँग बुझ्नै पर्छ । आज सूचना प्रवाहको स्वरुप एकतर्फी रहेन, बहुपक्षीय भइसकेको छ । डिजिटल प्लेटफर्म, सामाजिक सञ्जाल, एल्गोरिदम, इन्फलुएन्सर संस्कृति र नागरिक पत्रकारिताले सूचना उत्पादन र वितरणको स्वरुप नै फेरिदिएको छ । अब दर्शक वा पाठक निष्क्रिय उपभोक्ता मात्रै होइनन्, जसले सामग्रीलाई सत्यको कसीमा उभ्याउँछन् र आवश्यक परे प्रतिप्रश्न पनि गर्छन् । यही कारण पत्रकारिता पुरानो गेटकिपिङ मोडेलमा सीमित रहन सक्दैन । सूचना छान्ने मात्र होइन, त्यसको अर्थ, विश्वसनीयता र सामाजिक प्रभावको व्याख्या गर्ने स्मार्ट मिडिया इन्गेजमेन्ट तर्फ पत्रकारिता उन्मुख हुनु पर्छ ।

आज सोसल मिडिया इन्फलुएन्सर, डिजिटल क्रिएटरस र अल्टरनेटिभ प्लेटफर्मले पब्लिक डिस्कोर्स निर्माणमा निर्णायक हस्तक्षेप गरिरहेका छन् । यसलाई केवल प्रतिस्पर्धा वा जोखिमका रुपमा मात्र बुझ्नु अब पर्याप्त हुँदैन । मूलधार पत्रकारिताले आफनो विशिष्टता कहाँ छ भन्ने प्रश्नको उत्तर विश्वसनीयता, प्रमाणीकरण, नैतिक गहिराइ मार्फत दिनु पर्छ । पत्रकारिताको शक्ति स्पीडमा होइन, विश्वासमा टिकेको हुन्छ । सबैभन्दा पहिले सूचना दिनेभन्दा पनि सबैभन्दा सही, जिम्मेवार र सन्दर्भमूलक सूचना दिने नै पेशागत पत्रकारिताको बल हो ।

यसमा मिडिया हाउसहरूको भूमिका अत्यन्त महत्वपूर्ण छ । न्यूज रूमहरूलाई डिजिटल फस्ट, अडियन्स रेस्पोन्स र फ्याक्ट ड्रिभन बनाउनुको अब विकल्प छैन । भेरिफिकेशन डेस्क, फ्याक्ट चेकिङ मेकानिज्म, डाटा जर्नालिज्म, इन्भेस्टिगेटिभ डेप्थ र मल्टिमिडिया स्टोरिटेलिङ जस्ता अभ्यासहरू संस्थागत हुनु पर्छ । त्यस्तै, अल्गोरिदमको दबाबमा सन्सनीखेज बनाउने होइन, सम्पादकीय स्वतन्त्रता जोगाउँदै जनहित पत्रकारितालाई प्राथमिकता दिनु पर्छ । प्रविधिको प्रयोग गर्ने, तर प्रविधिको दास नबन्ने सन्तुलन कायम राख्नु आजको न्यूज रूमको परीक्षा हो ।

आज स्वयम् पत्रकारको भूमिका झन् बढी संवेदनशील बनेको छ । बदलिंदो समयमा पत्रकार केवल रिपोर्टर भएर पुग्दैन । एउटा पत्रकार रिसर्चर, भेरिफायर, इन्टरपेटर, पब्लिक एडुकेटर समेत बन्नु पर्छ । मिसइन्फरमेशन र डिसइन्फरमेशनको भीडमा पत्रकार स्वयम् त्यसको हिस्सा बन्नु पेशागत आत्मघात हो । सहीपन, सन्दर्भ र नैतिक जिम्मेवारीमा कुनै सम्झौता हुन सक्दैन । अहिले डिजिटल साक्षरता, एआइ उपकरणको प्रयोग, स्रोत प्रमाणीकरण, साइबर सुरक्षा र डाटा प्रयोग जस्ता सीपहरू अतिरिक्त योग्यता होइनन्, आधारभूत आवश्यकता हुन् । र, पत्रकारले आफ्नो व्यक्तिगत सामाजिक सञ्जाल पनि जिम्मेवार ढंगले सञ्चालन गर्नु पर्ने नयाँ युगमा हामी छौं ।

पत्रकार सम्बद्ध संघ-संगठनहरूको भूमिका पनि अब परम्परागत ट्रेड युनियन सीमाभित्र मात्र सीमित रहनु हुँदैन । तलब, सेवा सुविधा वा पेशागत मुद्दा मात्रै होइन, मिसइन्फरमेशन विरुद्ध इथिकल स्टाण्डर्ड निर्माण, डिजिटल सेफ्टी, प्रेस स्वतन्त्रता एड्भोकेसी, लिगल प्रोटेक्शन र प्रोफेशनल अपस्केलिङमा नेतृत्व दिनु पर्ने समय हो- यो । संघ- संगठनहरू रियाक्टिभभन्दा प्रोएक्टिभ हुनु पर्छ ।

अन्ततः आजको मूल चुनौती टेक्नोलोजीसँगको प्रतिस्पर्धा मात्र होइन, विश्वासको पुनर्निर्माण हो । यदि पत्रकारिताले पब्लिक क्रेडिबिलिटी जोगाउन सकेन भने त्यो रिक्तता अरु शक्तिहरूले भरिदिने छन्, जसले लोकतन्त्र र सार्वजनिक विमर्श दुबैलाई कमजोर बनाउन सक्छ । त्यसैले समाधान आधुनिकीकरण, नैतिकता, संस्थागत सुधार, सामूहिक जिम्मेवारीको संयोजनमा छ । यही बाटोले मात्र परिवर्तित परिस्थितिका चुनौतीहरू चिर्न, पत्रकारितालाई मिस्इन्फरमेशनको भीडबाट जोगाउन र व्यावसायिक पत्रकारिताको भविष्य सुरक्षित गर्न सक्छ ।

*(बोर्ड सदस्य : प्रेस काउन्सिल नेपाल)*

छ । यलम्वर टाइम्सका सम्पादक-प्रकाशक दिपिन राई भन्छन्, 'पत्रिका छाप्नु अब सामाजिक जिम्मेवारी मात्रै हो । यसबाट थप आयआर्जन गर्न सकिन्छ र लाभ उठाउन सकिन्छ भन्ने छैन । अहिले हामी विस्तारै डिजिटल सामग्री उत्पादनमा अग्रसर भइरहेका छौं ।'

## सामाजिक सञ्जाल र एकपक्षीय सामग्री

नेपालमा एफएम रेडियो र टेलिभिजनको पहुँच ग्रामीण क्षेत्रमा अझै पनि बलियो छ । तर, ती विद्युतीय माध्यमले पनि आफूलाई आर्थिक रूपमा सबल बनाउन सकिरहेका छैनन् । उत्पादन लागत उच्च हुँदै जाँदा जनशक्ति व्यवस्थापनमा सकस परिरहेको छ । तिनका युवा दर्शक-श्रोता डिजिटल सामग्रीमा मस्त छन् । टेलिभिजनको परनिर्भरता युट्युब र फेसबूकमा छ । पछिल्लोपटक टेलिभिजन च्यानलले नेपाली पत्रकारितामा आफ्नो दृश्य प्रभाव बढाउँदै लगेका छन् । भिडियो सामग्रीको गुणस्तर सुधारदेखि समाचार उपयोगको तरिका बदलिएको छ ।

सबै डिजिटल सञ्चारमाध्यम वा अनलाइन व्यावसायिक छैनन् । राजनीतिक स्वार्थ, व्यक्तिगत प्रचार वा व्यावसायिक दबाबका माध्यम बनेका कतिपय अनलाइन सञ्चारमाध्यमले आचार-संहिता उल्लंघन गर्ने, समाचारको स्रोत नखुलाउने र एकपक्षीय सामग्री सम्प्रेषण गर्ने जस्ता कार्य गरिरहेका छन् । यसले पत्रकारितालाई विश्वसनीय बनाउन सकेको छैन, बरु थप कमजोर बनाउँदै पाठकको दृष्टिकोणमा बदनाम गरिरहेको छ । गत वर्ष प्रेस काउन्सिलमा आचार-संहिता उल्लंघनका ३४१ उजुरी दर्ता भएका थिए । प्रेस काउन्सिलकी बोर्ड सदस्य निमा काफ्ले भन्छिन्, 'पत्रकारिताको शक्ति स्पीडमा होइन, विश्वासमा टिकेको हुन्छ । सबैभन्दा पहिले सूचना दिनेभन्दा पनि सबैभन्दा सही, जिम्मेवार र सन्दर्भमूलक सूचना दिने नै पेशागत पत्रकारिताको बल हो ।'

सामाजिक सञ्जाल अवसरका रूपमा प्राप्त भए पनि यसले थुप्रै विकृति निम्त्याएको छ । सूचनाको पहुँच सहज भए पनि अपुष्ट र भ्रामक सामग्री सार्वजनिक भइरहेका छन् । क्लिकबेट शीर्षक र ट्रोल संस्कृतिले पत्रकारिता बदनाम भएको छ । भाइरल हुने सामग्रीलाई धेरैले समाचार मान्न थालेका छन्, यसको असर तथ्यपरक पत्रकारितामा परिरहेको छ । सामाजिक सञ्जालमा सबैले आवाज उठाउन पाउने भए पनि गलत सूचना तीव्र रूपमा फैलिरहेका छन् । अल्गोरिदमले सत्यभन्दा सन्सनीलाई प्राथमिकता दिइरहेको छ ।

## सबैभन्दा ठूलो आर्थिक संकट

नेपालको पत्रकारितामा सबैभन्दा ठूलो संकट आर्थिक हो । विज्ञापन बजार संकुचित हुँदै जाँदा नेपाली सञ्चारमाध्यम सरकारी विज्ञापनमा निर्भर भइरहेका थिए । तर, त्यसलाई पनि नियन्त्रण गर्ने सरकारी घोषणाले सञ्चार क्षेत्र थप कमजोर हुने अवस्था आएको छ । स्थानीय मिडियाले पाउने विज्ञापन अन्तर्राष्ट्रिय प्लेटफर्मले प्राप्त गरिरहेका छन् । यसले स्थानीयस्तरका पत्रपत्रिका तथा सञ्चारमाध्यमको आय खस्किएको छ ।

पत्रकारले दुई थरि दबाब झेलिरहेका छन् । पहिलो हो- राजनीतिक दबाब । समाचार सामग्री हटाउन दलका नेता-कार्यकर्ताले दबाब दिन्छन्, शीर्षक परिवर्तन गर्न सुझाउँछन्, अनुसन्धान रोक्न आग्रह गर्छन् र आलोचनात्मक सामग्री नछाप्न खबर पठाउँछन् । कहिलेकाहीं धम्कीका स्वर पनि आउने गर्छन् । अर्को हो- आर्थिक दबाब । विज्ञापन रोक्ने चेतावनी प्राप्त हुन्छ, लगानीकर्तालाई प्रभावित बनाइन्छ र रोजगारी गुम्ने डर देखाइन्छ । व्यावसायिक स्वार्थ अनुसार सञ्चार गृहका मालिकको संलग्नताले बेलाबखत पत्रकारलाई पिरोल्छ ।

## सेल्फ सेन्सरसीप र सुरक्षा

नेपालमा प्रेस स्वतन्त्रता व्यवहारिक रूपमा चुनौतीपूर्ण छ । अहिले पनि पत्रकारमाथि आक्रमणका घटना रोकिएका छैनन् । २०८१ साल चैत १५ मा काठमाडौंमा टेलिभिजन पत्रकार सुरेश रजक मारिए । पत्रकारले कानूनी मुद्दा र दबाब उत्तिकै झेल्नु परिरहेको छ । सेल्फ सेन्सरशिपमा रहनु पर्ने अवस्था छ । संवेदनशील विषयमा रिपोर्टिङ घट्दै गएका छन् । खोज अनुसन्धानमा पत्रकारको सक्रियता कमजोर बन्दै गएको छ । पत्रकारका लागि सत्य लेख्नुभन्दा सुरक्षित रहनु प्राथमिक विषय जस्तो भएको छ । नलेखेर सम्बन्ध जोगाउनु पर्ने बाध्यता छ भन्ने पत्रकारको संख्या ठूलो छ ।

सेल्फ सेन्सरशिप झन् डरलाग्दो बन्दै गएको छ । समाचार लेख्दा एकातिर सुरक्षाको प्रश्न छ भने अर्कातिर जागिर जान्छ कि भन्ने डर छ । समाचारका कारण विज्ञापन रोकिन्छ कि भनेर सशंकित हुनु पर्ने परिस्थिति छ । केही संवेदनशील विषयका समाचार नरम बनाइन्छन् वा रोकिन्छन् । खुला सेन्सरशिपभन्दा यो झन् खतरनाक हो । यसले पत्रकारिताको आत्मालाई मात्रै कमजोर बनाइराखेको छैन, पत्रकारको प्रश्न गर्ने क्षमतालाई समेत मारिरहेको छ ।

केन्द्रीय पूर्वसदस्य बराल भन्छन्, 'पहिले खबर सत्य हुन्थ्यो । अहिले छिटो हुनुलाई नै सफलता मान्ने प्रयत्न भइरहेका छन् । सञ्चारमाध्यममा देखिएको यो ठूलो कमजोरी हो । पत्रकारितामा प्रविधि बदलिन्छ । तर, पत्रकारिताको मूल्य र आदर्श बदलिनु हुँदैन ।' परिवर्तित परिस्थितिमा पत्रकारिताले केही नयाँ मोडल विकास गर्न जरुरी छ । डिजिटल सदस्यता प्रणाली, मल्टिमिडिया पत्रकारिता, तथ्य जाँच प्रणालीको विकास, स्थानीय समाचार सामग्री उत्पादन र पाठक, श्रोता र दर्शकसँग प्रत्यक्ष सम्पर्क अबको बाटो हुन सक्छ । यसमा व्यावसायिक आचार-संहिता पालनाको विषय पनि जोडिन्छ ।

## मिडिया बढे : पत्रकारिता थप कमजोर

नेपालमा कति सञ्चारमाध्यम छन् त ? प्रेस काउन्सिल नेपालले आफ्नो सूचीकरण प्रणालीमा ५ हजारभन्दा बढी अनलाइन सञ्चारमाध्यम सूचीकृत गरेको छ । ८ हजारभन्दा बढी पत्रपत्रिका दर्ता-नवीकरण भएका छन् । करीब ७०० वटा एफएम रेडियो छन् भने २०० भन्दा बढी टेलिभिजन च्यानल छन् । तर, यी सबै नियमित सञ्चालनमा छैनन् । निष्क्रिय, मौसमी वा कागजी रूपमा मात्र रहेका सञ्चारमाध्यमको संख्या पनि ठूलो छ । यस बाहेक फेसबूक र युट्युबको संख्या भने यकिन छैन ।

नेपाली पत्रकारिताको भविष्य प्रविधिमा मात्र होइन, विश्वसनीयता र व्यावसायिकतामा पनि निर्भर छ । अहिले नेपाली पत्रकारितामा गुणस्तर, विश्वसनीयता र दिगोपनको संकट देखिएको छ । मिडिया बढेका छन् । तर, पत्रकारिता थप कमजोर हुँदै गएको छ । प्रेस काउन्सिलकी बोर्ड सदस्य काफ्लेले भनिन्, 'यदि पत्रकारिताले पब्लिक क्रेडिबिलिटी जोगाउन सकेन भने त्यो रिक्तता अरु शक्तिहरूले भरिदिने छन् । जसले लोकतन्त्र र सार्वजनिक विमर्श दुबैलाई कमजोर बनाउन सक्छ ।' ❖

*(उपाध्यक्ष : नेपाल पत्रकार महासंघ, झापा)*



# झापामा रेडियो पत्रकारिता



● चिन्तामणि दाहाल

**पृष्ठभूमि :**

विश्वमा रेडियोको इतिहास छापा माध्यमको पत्रकारिताभन्दा नयाँ भए पनि यो त्यति नयाँ पनि छैन। सन् १८९५ मा गुग्लीएल्मो मार्कोनीले ट्रान्समिटर बनाएर बेलायतमा कामचलाउ स्टेशनबाट विश्वमा पहिलो रेडियो भ्वाइस सन् १९०६ मा प्रसारण गरेका थिए भने व्यावसायिक रुपमा रेडियोको प्रसारण सन् १९२० देखि शुरु भएको थियो।

नेपालमा २००७ सालमा बिराटनगरबाट 'प्रजातन्त्र रेडियो'को नाममा नेपाली कांग्रेसले निरंकुश राणा शासनविरोधी आन्दोलनताका प्रसारण गरेको थियो। जसको नेतृत्व तारिणीप्रसाद कोइरालाले गरेका थिए। त्यही २५० वाटको ट्रान्समिटरबाट २००७ साल फागुन ७ गते प्रजातन्त्रको स्थापना भएपछि २ अप्रिल १९५१ अर्थात् २००७ साल चैत्र २० गतेदेखि 'रेडियो नेपाल'को नामबाट काठमाडौंमा सरकारले प्रसारण शुरु गरेको हो।

२०४६ सालमा प्रजातन्त्रको पुनर्स्थापना पश्चात् शुरुमा काठमाडौंबाट निजी र सामुदायिक रुपमा शुरु भएको एफ.एम. रेडियोको प्रसारणपछि झापामा पनि एफएम रेडियोको प्रसारण शुरु भयो। त्योसँगै झापामा रेडियो पत्रकारिताले पनि प्रवेश पायो। त्यसअघि झापामा रेडियो नेपालका लागि रिपोर्टिङ गर्ने पत्रकार मात्र थिए।

**रेडियो पत्रकारिताको विगत :**

नेपालमा बहुदलीय प्रजातन्त्रको पुनर्स्थापनासँगै विविध सञ्चारमाध्यमको शुरुवात भयो। यससँगै रेडियोहरू पनि खुल्न शुरु गरे। 'रेडियो नेपाल'को नाममा सरकारद्वारा नियन्त्रित रेडियोको सञ्चालन २००७ सालदेखि नै शुरु भएको हो। तर, २०४६ सालमा बहुदलीय प्रजातन्त्र स्थापना भएपछि निजी क्षेत्रहरूले कम्पनीका नामबाट र समुदायको नामबाट संस्थागत र व्यावसायिक रुपमा पत्रपत्रिकाको प्रकाशन शुरु गरेसँगै २०५२ सालदेखि रेडियोहरू एफएमको आवरणमा खुल्न थाले।

त्यसपछि तत्कालीन लोकतान्त्रिक सरकारहरूले एफएम रेडियो खोल्न फ्रिक्वेन्सी पनि वितरण गर्न थाले। फलस्वरुप काठमाडौंमा २०५२ साल मंसीर १ गते काठमाडौं एफएम पहिलो पटक शुरु भयो। दुई वर्षपछि २०५४ साल जेठ ९ मा 'सगरमाथा एफएम' नामक सामुदायिक एफएम रेडियो काठमाडौंमा शुरु भयो। त्यसपछि रेडियो कान्तिपुर खुल्यो भने अरु पनि एफएम खुल्न थाले। सँगसँगै अरु सामुदायिक एफएम रेडियोहरू पनि विभिन्न गैरसरकारी संस्थाको आवरणमा खुल्न थाले।

यसै क्रममा भन्नुपर्दा नेपालमा पूर्वदेखि पश्चिमसम्म र दक्षिणदेखि उत्तरसम्मका जिल्लाहरूमा एकप्रकार एफएम रेडियो खुल्ने लहर नै शुरु भयो। यस लहरमा कम्पनीका नाम र सामुदायिक दुबैका नामबाट रेडियोहरू खुले भने यिनै रेडियोहरूमा काम गर्ने पत्रकारहरूका कारण रेडियो पत्रकारिता पनि सञ्चार र सूचनाको प्रभावकारी र प्रमुख माध्यम बन्न पुग्यो। खुलेका सयौं रेडियोहरूमा हजारौं पत्रकार पनि संलग्न भए।

**झापामा एफएम रेडियो :**

यसै पृष्ठभूमिमा झापामा पनि एफएम रेडियो खुल्न थाले। 'कञ्चनजंघा'को नामबाट झापाको पहिलो एफएम रेडियो बिर्तामोडमा २०५९ साल असोज २१ बाट सञ्चालनमा

आयो (हाल बन्द)। झापामा स्थापना भएका अन्य रेडियोहरूमा दमकबाट पाथीभरा, सप्तरंगी, हिमशिखर, गौरादहबाट एफएम +, बिर्तामोडबाट रेडियो भिजन, विराट एफएम, सनराइज (हाल बन्द), आँगन, सुरुङ्गाबाट रेडियो सन्देश ( हाल बन्द) धुलाबारीबाट रेडियो सरगम (हाल बन्द), रेडियो मन्त्र (हाल बन्द), काँकरभिट्टाबाट सञ्चालन भइरहेका 'सिमाना एफएम' र 'मेची ट्युन्स' (हाल दुबै बन्द) र रेडियो साथी (हाल बन्द), भद्रपुरबाट सञ्चालन भइरहेको 'नागरिक एफएम' तथा शनिश्चरेबाट सञ्चालनमा आएको 'मेरो रेडियो' नै हुन्। झापाबाट सञ्चालन हुने भनेर स्थापना भई सञ्चालनमा रहेका १७ वटा एफएम रेडियोमध्ये हाल १० वटा एफएम मात्र सञ्चालनमा रहेको अध्ययनबाट पाइएको छ।

झापामा खुलेका रेडियोहरूले झापाको आकाशमा मात्र नभई इलाम, पाँचथर, ताप्लेजुङ र सीमापारि प्रवासी नेपालीहरूको बसोबास भएका इण्डियाका दार्जीलिङ, खर्साङ, सिक्किम र भुटानका आकाशमा पनि सञ्चार, मनोरञ्जन र सूचनाको प्रवाह गरिरहेका छन्। ती रेडियोका माध्यमबाट रेडियो पत्रकारहरूले नेपाली साहित्य, संगीत, कला, संस्कृति, भाषिक विकास र एकतामा पनि योगदान दिएका छन्। अहिले पनि दिइरहेका छन्।

यी रेडियोहरू सशस्त्र द्वन्द्वका समयमा र राजा ज्ञानेन्द्रको निरंकुश शासनकालमा टेलिभिजन, पर्याप्त छापा माध्यम र अनलाइन तथा विविध सामाजिक सञ्जालका अभावको समयमा सूचनाको एक मात्र छिटो र भरपर्दो माध्यम बनेका थिए।

रेडियो सुन्ने संस्कृतिले झापाका शहरमा मात्र होइन; ग्रामीण भेगमा र दूरदराजका स्थानहरूमा समाचार, गीत, नाटक, साहित्य, सांस्कृतिक र राजनैतिक बहस, व्यंग्य, विविध जातिका भाषा र संस्कृतिको परिचय आदिका माध्यमबाट नागरिकमा चेतना फैलाउने काम भइरहेको छ। अझ कञ्चनजंघा एफएमले त गाउँ-गाउँमा रेडियो श्रोता क्लब गठन गरेर सिमाना पारि जस्ता लोकप्रिय कार्यक्रम तथा व्यंग्य प्रसारण गरेर सचेतनाको बाढी नै ल्याउने काम गऱ्यो भने रेडियोलाई चर्चित पनि बनाएको थियो।

अझै पनि झापामा रेडियोहरू नै सूचना, समाचार तथा चेतनाका भरपर्दा माध्यम बनिरहेका छन्। तीन वर्ष अघि गरिएको एक अध्ययनमा झापामा अझै पनि ४० प्रतिशतले रेडियो सुन्ने गर्छन् भन्ने देखाएको छ।

शुरुवाती दिनमा रेडियो पत्रकारिता स्थानीय घटना, राजनैतिक विचार प्रवाह, दलका समाचार, समुदायका समस्या र गतिविधि, कृषि समाचार र जनचेतनामूलक नाटक, गीत र सूचनामा केन्द्रित थियो। तर, यसले आफ्नो दायरा फराकिलो बनाई बुलेटिनका नामबाट स्थानीय घटना, कला संस्कृति, धर्म, भाषा र भेषभूषाका साथै राष्ट्रिय, अन्तर्राष्ट्रिय, खेलकूद र आर्थिक समाचारहरूलाई पनि समेटेर श्रोताहरूको विविध जिज्ञासालाई पूरा गर्दै आएको छ। समसामयिक विषयलाई समेटेर अन्तरवार्ता पनि प्रसारण गर्ने काम गरिरहेको छ।

### वर्तमान अवस्था :

### डिजिटल र मोबाइल पत्रकारिता :

अहिले झापाका रेडियोहरू केवल ट्रान्समिटर र एन्टेनामा मात्र सीमित छैनन्। धेरैजसो रेडियोहरूले एन्टेनाका साथै अनलाइन पोर्टल, फेसबूक लाइभ, वेभसाइट र एपहरू मार्फत पनि आफ्ना सामग्री प्रसारण गरेर संसारभरिबाट सुन्न सकिने बनाइरहेका छन्। यसका लागि झापामा मोबाइल जर्नालिज्म (मोजो) तथा मल्टिमिडिया पत्रकारिता सम्बन्धी तालिमहरू पनि सञ्चालन भएका छन्। जसले रेडियो पत्रकारहरूलाई भिडियो, अडियो र डिजिटल प्लेटफर्मसँग जोड्ने काम गरिरहेको छ।

### प्रविधिमैत्री पत्रकारिता :

पत्रकार महासंघ झापा शाखाले अबको पत्रकारिता प्रविधिमैत्री हुन नसके पत्रकारहरूलाई चुनौती पनि थपिँदै जाने र पत्रकारिता बिक्न छोड्छ भनेर त्यसमा जोड दिन थालेको छ। यसका लागि बिर्तामोडको आफ्नो कार्यालयमा महासंघले ई-लाइब्रेरी र कम्प्युटर ल्याबको पनि व्यवस्था गरेको छ। साथसाथै, तालिमलाई पनि निरन्तरता दिने पहलकदमी गरिरहेको छ। यसले रेडियो पत्रकारितामा सीप बढाउने अवसर पनि दिएको छ।

### आर्थिक चुनौती :

सामाजिक सञ्जालको बढ्दो प्रयोग र विज्ञापनको बजार खुम्चिँदा रेडियो स्टेशनहरूलाई टिक्न गाह्रो परिरहेको छ। कोभिड-१९ पछि नेपालका धेरै रेडियोहरू बन्द हुने क्रमसँगै झापाका रेडियोहरू पनि बन्द भइरहेका छन्। मिडिया हाउस र समुदायहरूले आर्थिक अभावका कारण रेडियो सञ्चालन गर्न कठिनाइ भएपछि बन्द गरिरहेका हुन्। सँगसँगै शुरुबुरु सञ्चालन भइरहेका रेडियोहरूले पनि आर्थिक संकटका साथै जनशक्तिका अभावमा कतिपय कार्यक्रम बन्द गरेर रेडियो थाम्ने काम मात्र गरेका छन्।

त्यसमाथि हालै सत्तामा आएको रास्वपाको सरकारले सरकारी विज्ञापन र सूचना सरकारी सञ्चारमाध्यमहरूलाई मात्र दिनु, निजी क्षेत्रबाट सञ्चालित रेडियो, पत्रपत्रिका, टेलिभिजन र अनलाइनलाई नदिनु भनी सचिवस्तरीय निर्णय भन्दै सर्कुलर गरेपछि पालिका, प्रदेश र संघीय सरकारबाट पनि केही विज्ञापन पाइरहेका रेडियोहरू झन् मारमा पर्ने भएका छन्। रेडियोहरू बचाउन सरकारले थप सहयोग दिनु पर्छ भनी माग भइरहेका बेला निजीलाई विज्ञापन र सूचना नै नदिने संघीय सरकारको नीतिले शुरुबुरु सञ्चालन भइरहेका रेडियोहरू बन्द हुने अवस्थामा पुगेका छन्। सरकारले यस सर्कुलरलाई फिर्ता लिनु पर्छ।

### एआइ (AI) को प्रभाव :

वर्तमान समयमा मल्टिमिडिया र एआईको प्रयोगले रेडियो पत्रकारितामा नयाँ अवसरसँगै तथ्यांक चोरी र कार्यशैली परिवर्तनको चुनौती पनि थपिएको छ। विगतमा ट्रान्समिटरबाट प्रसारण भएका रेडियो सामग्री सुन्ने माध्यम रेडियो सेटहरू मात्र थिए। तर, अहिले रेडियो सेटको अलावा मोबाइल एप, फेसबूक लाइभ, अनलाइनहरू पनि आएका छन्।

विगतमा सूचना र मनोरञ्जनको एक्लो माध्यम रेडियो थियो भने अहिले बहुआयामिक डिजिटल माध्यम आएका छन्। पहिला भौतिक पहुँच र सेन्सरशिप थियो भने अहिले आर्थिक दिगोपना र सामाजिक सञ्जालसँगको प्रतिष्पर्धा रहेको छ। पहिला रेडियोहरूले नाटक, सूचना र समाचार बुलेटिन दिंदा पुग्ने अवस्था थियो भने अहिले तत्काल अपडेट अर्थात् ब्रेकिङ न्यूज, पोडकाष्ट तथा भिडियो-अडियो रिपोर्टहरू दिनु पर्ने अवस्था छ।

### रेडियो पत्रकारिताको भविष्य :

भविष्य कसको के हुन्छ- झट्ट भन्न सकिन्न, अनुमान मात्र गर्ने हो। तर पनि समयको गति बदलिएसँगै रेडियो पत्रकारिताको शैलीलाई पनि बदल्दै जान सक्दा रेडियोको भविष्य अन्धकार छैन। एन्टेना र ट्रान्समिटरको भरमा ट्रान्जिस्टरबाट रेडियो सुन्ने श्रोता घटे पनि अनलाइनबाट रेडियो सुन्न थालेका छन्। त्यसैले श्रोता घटेका छैनन्। श्रोताले अरु पनि सञ्चार र सूचनाका माध्यम पाएकोले मोनोपोली भएको समयमा जस्तो, श्रोता नपाउनु स्वाभाविक हो।

रेडियो सबैभन्दा सजिलो गरी सुन्न सकिने

माध्यम हो । सूचना, समाचार, मनोरञ्जन र जानकारी लिनका लागि । बसेर मात्र होइन; हिंड्दा-हिंड्दै, सुतेर, आँखा बन्द गरेर, व्यायाम गर्दा-गर्दै, खाना पकाउँदा-पकाउँदै, काम गर्दा-गर्दै, खाना खाँदा-खाँदै, गाडी चढेका बेला, गाडी हाँकेका बेला पनि रेडियो सुन्न सकिने भएकोले यो आम श्रोताहरूको मन पर्ने साथी भइरहेको छ । काला अक्षर भैंसी बराबरका लागि पनि सुन्न सरल भएकोले यसको महत्व प्रशस्त रहेको छ ।

रेडियोलाई लोकप्रिय बनाउने जिम्मेवारी भनेको रेडियो पत्रकारको हो । श्रोताको चाहना, झुकाव र भावनालाई बुझेर कार्यक्रम दिने, समाचार र सूचनालाई तथ्यका आधारमा जतिसक्तो चाँडो दिने र विश्वसनीय बनाउने काम रेडियो पत्रकारको हो । एक समय 'रेडियो सिलोन'को बिनाका गीतमाला असाध्यै लोकप्रिय थियो भने बीबीसी रेडियोको समाचारलाई विश्वसनीय मानिन्थ्यो । रेडियोले मनोरञ्जन पनि दिन सक्नुपर्छ र व्यंग्यका माध्यमबाट आम जनतामा चेतना र मनोरञ्जन दिन सक्नु पर्छ । विविधतालाई समेटेर आकर्षक प्रस्तुति दिन सक्यो भने श्रोताको खाँचो हुँदैन ।

विश्वमा खुलेका र सञ्चालनमा रहेका रेडियोहरूलाई हेर्ने हो भने हाम्रो भन्दा बढी नै विविध सञ्चारमाध्यम भएका देशमा पनि रेडियोहरू राम्रोसँग चलेका छन् । उनीहरूका रेडियोले श्रोता पाएकै छन् । एक रेडियोकर्मी र पत्रकारको नाताले भन्छु- रेडियोको भविष्य सकिएको छैन ।

रेडियो राज्यको, समाजको र आम नागरिकका लागि हो । रेडियो लैगिक विभेद, महिलाको सशक्तिकरण, अन्याय र अत्याचार विरुद्ध आवाज बुलन्द गर्ने, अभियन्ता र राजनीतिकर्मीका लागि, विविध जाति र भाषाभाषीका लागि आम जनता समक्ष जाने सहज माध्यम पनि हो ।

यसैले यसलाई बचाउन राज्य, अभियन्ता र समाज सकारात्मक हुनु पर्छ । नेपालमा अहिले तीन तहका सरकार छन् । ती सरकारहरूले रेडियोलाई कार्यक्रम प्रसारण गर्न आर्थिक मद्दत गरेर, लोककल्याणकारी विज्ञापनका लागि उल्लेख्य आर्थिक सहयोग गरेर बचाउन र भरथेग गर्न सक्छन् र सक्नु पर्छ । त्यसैगरी उद्योगी, व्यापारी, खेलाडी, साहित्यकार, संगीतकार, नाटककारहरूले पनि रेडियो बचाउन आ-आफ्ना क्षेत्रबाट सहयोग गर्नु पर्छ । आम जनताले सुन्ने माध्यमका लागि बाहेक, बिना खर्च रेडियो सुन्न पाउँछन् । त्यसैले पनि यसलाई बचाउनु राज्य र समाजको दायित्व हो ।

**अन्त्यमा,**

झापामा पनि रेडियोहरूको स्थायित्व र अस्तित्व बचाउने समस्या देशका अन्य स्थानमा चलेका रेडियोहरूलाई झैं विद्यमान छ । मूख्य समस्या भनेको आर्थिक संकट नै हो । त्यसपछि श्रोता आकर्षित गर्ने सामग्री तयार पार्ने जनशक्ति हो । त्यसका लागि चाहिने आर्थिक स्रोत हो । समाचार र सूचनाको विश्वसनीयता अर्को हो ।

आर्थिक संकट हटाउन विज्ञापन र कार्यक्रम उत्पादन गर्दा लाग्ने खर्चको प्रायोजक तयार पार्ने, तीन तहका सरकारबाट लोककल्याणकारी सूचनाका लागि पर्यात आर्थिक सहयोग प्राप्त गर्न गराउन पेशागत संघ-संगठनले भूमिका खेल्नु पर्ने र समाचारलाई विश्वसनीय र प्रभावकारी बनाई प्रसारण पनि प्रभावकारी बनाउन तथा रेडियो सञ्चालक र पत्रकारले तथ्य जाँचपछि मात्र कुनै पनि समाचार र जानकारी प्रसारण गर्न ध्यान दिन सक्यो भने अहिले पनि झापामा रेडियोका श्रोता पाइन्छन् । रेडियोलाई बचाएर लान सकिन्छ । रेडियो बाँच्नु भनेकै लोकतन्त्र पनि बाँच्ने हो, रेडियो पत्रकारिता फल्ने फुल्ने हो भने रेडियो पत्रकारको रोजगारी पनि सुरक्षित हुने हो । ❖

*(पूर्व अध्यक्ष : नेपाल पत्रकार महासंघ, झापा)*

## झापामा हाल सञ्चालनमा रहेका एफएम रेडियोहरू

| क्र. स. | नाम/ मेगाहर्ज | कार्यालय | फोन नम्बर | इमेल/वेभसाइट |
|---|---|---|---|---|
| १ | रेडियो साथी (९८.६) | मेचीनगर | ०२३-५६३०३७ | Newsfm986@gmail.com<br>www. radiosathi.com |
| २ | भिजन (९१.६) | बिर्तामोड | ०२३-५४५५१३ | radiovision91.6@gmail.com<br>www. radiovision.com.np |
| ३ | आँगन (८९.६) | बिर्तामोड | ०२३-५३५६६० | aagannews@gmail.com<br>www. aaganfm.com.np |
| ४ | विराट (८८.५) | बिर्तामोड | ०२३-५४५३११ | radiobirat@gmail.com<br>www. radiobirat.com.np |
| ५ | मेरो रेडियो (१०५) | अर्जुनधारा | ०२३-४६५००८ | mero.radio.465008@gmail.com<br>www. meroradio105.com |
| ६ | नागरिक (१०७.५) | भद्रपुर | ०२३-५२०२७६ | nagaricfm107.5@gmail.com<br>www. nagarikfm.com.np |
| ७ | पाथीभरा (९३.६) | दमक | ०२३-५८४६०६ | pfm93.6mhz@gmail.com<br>www. pathibharafm.org |
| ८ | हिमशिखर (१०३.३) | दमक | ०२३-५८३०२५ | deskhimshikhar@gmail.com<br>www. himshikhartv.com.np |
| ९ | एफएम प्लस | गौरादह | ९८४१९८३९७३ | Fmplus89.1@gmail.com |
| १० | सप्तरङ्गी (१०१.६) | दमक | ०२३-५८४९२७ | saptarangifmjhapa@gmail.com<br>www. saptarangifm.com |

# झापामा दैनिक पत्रिका



● झुलन रेग्मी

झापा जिल्ला नेपालकै मोफसल पत्रकारिताको महत्वपूर्ण केन्द्रका रुपमा स्थापित छ । तर, यहाँको दैनिक पत्रकारिताको इतिहास हेर्दा यसको विकास सरल र निरन्तर नभई अनेक उतारचढाव, अवरोध र पुनः प्रयासको श्रृंखलाबाट गुज्रिएको देखिन्छ । उपलब्ध ऐतिहासिक तथ्य, स्थानीय प्रकाशनहरू र पत्रकारहरूको अनुभवका आधारमा झापाको दैनिक पत्रकारिता संघर्ष र सम्भावनाको मिश्रित कथा हो ।

झापामा पत्रकारिताको शुरुवात वि.स. २००८ मा 'हाम्रो नेपाल' नामक साहित्यिक पत्रिकाबाट भएको पाइन्छ । त्यसपछि भद्रपुरबाट श्यामकृष्ण उपाध्यायद्वारा प्रकाशित 'केटो' जस्ता प्रकाशनहरूले स्थानीयस्तरमा चेतना फैलाउने कार्य गरे । तर, ती प्रकाशनहरू दैनिक समाचारमा केन्द्रित नभई साहित्य, विचार र सामाजिक विषयमा सीमित थिए । यसले पत्रकारिताको आधार तयार गरे पनि दैनिक सूचना प्रवाहको परम्परा भने शुरु भएको थिएन ।

वि.स.२०२९ तिर 'झापा एक्सप्रेस दैनिक' नामक पत्रिका प्रकाशनमा आयो, जसलाई झापाको पहिलो दैनिक पत्रिकाका रुपमा चिनिन्छ । यसले स्थानीय समाचारलाई नियमित रुपमा प्रस्तुत गर्ने नयाँ अभ्यास शुरु गऱ्यो र झापामा दैनिक पत्रकारिताको औपचारिक शुरुवात गरायो । तर, पञ्चायती शासनको कडा नियन्त्रण, सीमित आर्थिक स्रोत, प्राविधिक अभाव र कमजोर वितरण प्रणालीका कारण यो पत्रिका लामो समय टिक्न सकेन । केही वर्षमै यसको प्रकाशन बन्द भयो, जसले दैनिक पत्रकारिताको प्रारम्भिक प्रयासलाई अवरुद्ध बनायो ।

यसपछि झापामा लामो समयसम्म दैनिक पत्रिका प्रकाशनको गति सुस्त रह्यो । साप्ताहिक र मासिक पत्रपत्रिकाहरूले नै सूचना प्रवाहको जिम्मेवारी सम्हाले । यो अवधि झापाको पत्रकारिताका लागि संक्रमणकालका रुपमा देखिन्छ, जहाँ पत्रकारिता जीवित त थियो, तर दैनिक रुपमा सूचना दिने संरचना अझै सुदृढ हुन सकेको थिएन ।

वि.स. २०४६ को जनआन्दोलनपछि नेपालमा प्रेस स्वतन्त्रता विस्तार भयो, जसको प्रभाव झापामा पनि प्रत्यक्ष देखियो । यसपछि विभिन्न पत्रपत्रिकाहरू प्रकाशन हुन थाले र दैनिक प्रकाशनका प्रयासहरू पनि अघि बढे । यद्यपि ती सबै प्रयास दीर्घकालीन रुपमा सफल भएनन्, तर यसले भविष्यका लागि भने आधार तयार गऱ्यो । यस अवधिमा स्थानीय पत्रकारहरू संगठित भए, पाठक वर्ग विस्तार भयो र पत्रकारिताप्रति जनचासो बढ्यो ।

वि.स.२०६२/'६३ को जनआन्दोलनपछि झापाको दैनिक पत्रकारिताले वास्तविक गति लिएको देखिन्छ । लोकतान्त्रिक वातावरण सुदृढ भएपछि बिर्तामोड, भद्रपुर, दमक, मेचीनगर लगायतका शहरहरूबाट विभिन्न दैनिक पत्रिकाहरू प्रकाशन हुन थाले । विवेचना, पूर्वाञ्चल, जनसंसद्, पूर्व सन्देश, झापा पोष्ट दैनिक जस्ता प्रकाशनहरूले स्थानीय समाचारलाई प्राथमिकतामा राख्दै बजार विस्तार गरे । यस चरणमा दैनिक पत्रिकाहरूबीच प्रतिस्पर्धा बढ्दै गयो, जसले सामग्रीको विविधता र गुणस्तरमा केही सुधार ल्यायो । यद्यपि, ती केही दैनिक पत्रिकाहरू लामो समय चल्न सकेनन् । अर्थात् बन्द भए ।

हाल झापा जिल्लाबाट पाँच वटा दैनिक पत्रिकाहरू मात्रै प्रकाशन भइरहेका छन् । पूर्वाञ्चल, प्रतिदिन, इजलास, पूर्व सन्देश, झापा पोष्ट दैनिक आर्थिक कठिनाइका बाबजुद प्रकाशन भइरहेका छन् । यी पत्रिकाहरूले छापा संस्करणसँगै अनलाइन संस्करण पनि सञ्चालन गरेका छन् । यसले सूचना प्रवाहलाई छिटो र व्यापक बनाएको छ । तर, संख्या वृद्धि भए पनि धेरै पत्रिकाहरू आर्थिक रुपमा स्थिर छैनन् भन्ने तथ्य विभिन्न अध्ययन र पत्रकारहरूको अनुभवबाट देखिन्छ । सीमित विज्ञापन बजार, बढ्दो उत्पादन खर्च र घट्दो पाठक संख्या मुख्य समस्याका रुपमा देखा परेका छन् ।

डिजिटल प्रविधिको तीव्र विकासले पत्रकारितामा ठूलो परिवर्तन ल्याएको छ । अनलाइन पोर्टल, सामाजिक सञ्जाल र मोबाइल एपहरूले समाचारलाई तत्काल उपलब्ध गराउने सुविधा दिएका छन् । यसले पाठकहरूको बानी परिवर्तन गरेको छ र उनीहरू छापा पत्रिकाबाट डिजिटल माध्यम तर्फ आकर्षित भएका छन् । विज्ञापनदाता पनि क्रमशः डिजिटल प्लेटफर्ममा उन्मुख हुँदैछन्, जसका कारण छापा पत्रिकाको आम्दानीमा कमी आएको छ । यसका साथै, छिटो समाचार दिने होडमा तथ्य जाँच कमजोर हुने र गुणस्तरमा असर पर्ने जोखिम पनि बढेको छ ।

झापाका अग्रज पत्रकार नकुल काजी, जसले लामो समय दैनिक पत्रिका सम्पादन गरेका छन्, यस अवस्थालाई गम्भीर रुपमा हेर्छन् । उनका अनुसार, पत्रकारिता केवल व्यवसाय नभई सामाजिक जिम्मेवारी हो । उनी भन्छन्, 'छापा पत्रकारिता संकटमा भए पनि यसको विश्वसनीयता अझै कायम छ । डिजिटलसँग सहकार्य गर्दै गुणस्तरीय सामग्री दिन सके भविष्य सुरक्षित रहन्छ ।' उनका विचारमा पत्रकारिताले आफ्नो मूल मूल्य सत्य, निष्पक्षता र जनपक्षीयतालाई कुनै पनि अवस्थामा छोड्नु हुँदैन ।

झापाको दैनिक पत्रकारितालाई टिकाइराख्न समय अनुसार रुपान्तरण अनिवार्य देखिन्छ । छापा र डिजिटल माध्यमलाई एकीकृत रुपमा अघि बढाउने, अनुसन्धानमूलक र विश्लेषणात्मक सामग्रीमा जोड दिने, सदस्यता आधारित आम्दानी मोडेल विकास गर्ने र प्रविधिको प्रभावकारी उपयोग गर्न आवश्यक छ । साथै, पत्रकारहरूको क्षमता अभिवृद्धि र पेशागत नैतिकता कायम राख्नु पनि उत्तिकै महत्वपूर्ण छ ।

समग्रमा हेर्दा, झापाको दैनिक पत्रकारिता इतिहास संघर्ष, असफलता, पुनः प्रयास र विकासको निरन्तर यात्रा हो । प्रारम्भिक असफल प्रयासदेखि वर्तमानको प्रतिस्पर्धात्मक वातावरणसम्म आइपुग्दा यसले धेरै चुनौतीहरू पार गरेको छ । आज डिजिटल युगले नयाँ चुनौती थपे पनि यसले नयाँ अवसरहरू पनि प्रदान गरेको छ । यदि पत्रकारिताले आफ्नो विश्वसनीयता कायम राख्दै प्रविधिसँग सहकार्य गर्न सक्यो भने झापाको दैनिक पत्रकारिता भविष्यमा अझ सशक्त र प्रभावकारी बन्ने निश्चित छ । ❖

*(सम्पादक : मेचीखबर साप्ताहिक)*

# झापामा टेलिभिजनको उदय



● सुदिप अधिकारी

विश्वमा सूचनाको विकासक्रमलाई हेर्दा छापा माध्यम सबैभन्दा पुरानो सञ्चारमाध्यमका रूपमा स्थापित देखिन्छ। सन् १४५६ मा यूरोपमा प्रिन्टिङ प्रेसको आविष्कारसँगै आधुनिक पत्रकारिताको शुरुवात भएको मानिन्छ। त्यसपछि सन् १७०२ मार्च ११ मा बेलायतबाट प्रकाशित 'डेली कुरान्ट' विश्वकै पहिलो पत्रिका मानिन्छ।

छापा माध्यमको विकाससँगै विश्व सञ्चार क्षेत्र विद्युतीय युग तर्फ अघि बढ् यो। सन् १८९५ मा इटालिक न्गनष्भिफिय :बचअयलष ले रेडियो प्रसारणको शुरुवात गरेपछि सञ्चार क्षेत्रमा नयाँ युगको आरम्भ भयो। त्यसपछि सन् १९०० को दशकको प्रारम्भतिर फ्रान्समा टेलिभिजन प्रविधिको विकास भएसँगै श्रव्य-दृश्य माध्यमको अवधारणा विस्तार भयो।

विश्व सञ्चार क्षेत्र तीव्र गतिमा अघि बढिरहँदा नेपाल भने निकै पछि मात्र यस यात्रामा जोडियो। नेपालमा वि.स. १९५५ मा 'सुधासागर' मासिक पत्रिकाको प्रकाशनसँगै छापा पत्रकारिताको शुरुवात भएको मानिन्छ। त्यसको केही वर्षपछि वि.स. १९५८ वैशाख २४ गतेदेखि 'गोरखापत्र' साप्ताहिक रूपमा प्रकाशित हुन थाल्यो, जसले नेपाली पत्रकारिताको औपचारिक शुरुवात गऱ्यो।

रेडियो प्रसारणको इतिहास हेर्दा, बिराटनगरमा तारणीप्रसाद कोइरालाले 'प्रजातान्त्रिक रेडियो' शुरु गरेका थिए। पछि, यही प्रयासलाई संस्थागत गर्दै २००७ साल चैत्र २० गते 'रेडियो नेपाल' स्थापना गरियो। त्यसपछि नेपाली सञ्चार क्षेत्र श्रव्य माध्यमबाट श्रव्य-दृश्यतर्फ अघि बढ्यो। वि.स. २०३९ मा नेपाल अन्तर्राष्ट्रिय उपग्रह सञ्चार प्रणालीमा प्रवेश गऱ्यो। त्यसको २ वर्षपछि २०४१ सालमा नेपाल टेलिभिजनले परीक्षण प्रसारण शुरु गऱ्यो र २०४२ साल पूस १४ गतेदेखि नियमित प्रसारण शुरु गर्दै नेपालमा टेलिभिजन युगको औपचारिक शुरुवात भयो।

नेपाल टेलिभिजनको स्थापना लामो समयसम्म सरकारी एकाधिकारमै सीमित रह्यो। तर, वि.स. २०५८ मा निजी क्षेत्रबाट च्यानल नेपालको शुरुवातसँगै निजी टेलिभिजनको युग प्रारम्भ भयो। त्यसपछि कान्तिपुर टेलिभिजन, ईमेज च्यानल जस्ता टेलिभिजनहरूले प्रसारण शुरु गरे। तर, यी सबै टेलिभिजनहरू राजधानीकेन्द्रित हुँदा मोफसलका गतिविधि समेटिन सकेनन्। यही अभावलाई महसूस गर्दै क्षेत्रीयस्तरमा टेलिभिजन स्थापना गर्ने अवधारणा जन्मियो। यसै क्रममा पूर्वाञ्चल (हालको कोशी प्रदेश) मा पनि टेलिभिजन स्थापना गर्ने पहल भयो।

झापाको दमकबाट क्षेत्रीय टेलिभिजनको रूपमा हिमशिखर टेलिभिजनले २०६७ सालको कार्तिक २० गते लक्ष्मी पूजाका दिनबाट आफ्नो प्रसारण शुरु गऱ्यो। तर, यसको यात्रा निकै चुनौतिपूर्ण रह्यो। लोडसेडिङ, प्राविधिक अभाव, सीमित जनशक्ति, भूकम्प र कोभिड-१९ महामारी जस्ता कठिनाइहरू पार गर्दै यसले निरन्तरता कायम राख्यो। आज यसले दैनिक समाचार बुलेटिन र विभिन्न कार्यक्रम मार्फत जनताको आवाज उठाइरहेको छ।

त्यसैगरी, वि.स. २०७३ साल वैशाख १ गते बिर्तामोडबाट सूर्योदय टेलिभिजन सञ्चालनमा आयो। "मेरो टेलिभिजन, हाम्रो टेलिभिजन" भन्ने नारा सहित शुरु भएको यस टेलिभिजनले स्थानीयता, कला, संस्कृति र जनचासोका विषयलाई प्राथमिकता दिँदै आफ्नो अलग पहिचान बनाएको छ।

झापामा स्थापना भएका यी टेलिभिजनहरूले केवल सूचना र मनोरञ्जन मात्र होइन; स्थानीय जनताको आवाज बुलन्द गर्ने, संस्कृति संरक्षण गर्ने र नयाँ जनशक्ति उत्पादन गर्ने महत्वपूर्ण भूमिका खेलेका छन्। मोफसलमा बसेर पनि राष्ट्रिय तथा अन्तर्राष्ट्रिय स्तरका कार्यक्रमसँग प्रतिस्पर्धा गर्न सक्ने क्षमता विकास गर्नु यी टेलिभिजनहरूको ठूलो उपलब्धि हो।

यद्यपि, आर्थिक चुनौति, प्रविधिगत समस्या र समय-समयमा आउने उतारचढावका कारण यी सञ्चारमाध्यमहरू दबाबमा पनि पर्ने गरेका छन्। तर पनि निरन्तरता र प्रतिबद्धताका कारण यी संस्थाहरूले आफ्नो स्थान कायम राखेका छन्। अझ, पछिल्लो समय सरकारको विज्ञापन नीतिले अन्य सञ्चारमाध्यम जस्तै झापाका यी टेलिभिजनहरू पनि गम्भीर संकटमा परिरहेका छन्। यसले झापा जिल्लामा चालित यी टेलिभिजनहरू बन्द हुने कि खुम्चिने या के गर्ने भन्ने अन्योलमा छन्।

अन्ततः, झापामा २ वटा टेलिभिजन च्यानलको स्थापना हुनु केवल गौरवको विषय होइन; यसले पत्रकारिता, प्राविधिक दक्षता र सञ्चार क्षेत्रको समग्र विकासमा महत्वपूर्ण योगदान पुऱ्याएको छ। यहाँबाट उत्पादन भएका जनशक्तिहरू राष्ट्रिय स्तरमा स्थापित हुनु यस क्षेत्रको उपलब्धि हो। झापामा २ वटा टेलिभिजन च्यानल खुल्नु झापाबासीका लागि गर्वको कुरा हो। यसले दक्ष पत्रकार उत्पादनदेखि दक्ष प्राविधिक, कार्यक्रम प्रस्तोताहरू समेत उत्पादन गर्न उल्लेख्य भूमिका खेलेको छ। यहाँका टेलिभिजनबाट शिक्षा लिएर गएका धेरै जनशक्ति नाम चलेका छन्।

सत्य कुरा थाहा पाउने जनताको अधिकार बाहेक अन्य कुनै स्वार्थ र बन्धनबाट पत्रकारहरू मुक्त रहनु पर्दछ। पत्रकारहरूले विभिन्न बाधा अवरोध हुँदाहुँदै पनि सार्वजनिक हित हुने उद्देश्यका समाचार खोज्नु पर्दछ। सार्वजनिक कार्य खुला रुपमै गरिएको आधिकारिक अभिलेख सार्वजनिक निरीक्षणका लागि खुला राखिएको कुरामा विश्वास दिलाउन पत्रकारहरूले निरन्तर प्रयास गर्नु पर्छ। पत्रकारिता सदैव सत्य, निष्पक्षता र सार्वजनिक हितप्रति प्रतिबद्ध हुनु पर्छ। कुनै स्वार्थ वा दबाबबाट मुक्त भएर जनताको सूचनाको अधिकार सुनिश्चित गर्नु नै पत्रकारको मुख्य दायित्व हो। यस दिशामा क्षेत्रीय टेलिभिजनहरूको भूमिका अझ महत्वपूर्ण रहन्छ।

*(समाचार प्रमुख : हिमशिखर टेलिभिजन)*

## झापाका नियमित प्रशारित टेलिभिजन

| क्र.स. | नाम | कार्यालय | फोन | इमेल |
|---|---|---|---|---|
| १ | हिमशिखर | दमक-५ | ०२३-५८५५१२ | *himshikhartv@gmail.com* |
| २ | सूर्योदय | बिर्तामोड-५ | ०२३-५४६३०८ | *suryodayasamachar@gmail.com* |

# झापामा अनलाइन पत्रकारिता



● सुरेन्द्र भण्डारी

सूचना, सञ्चार तथा प्रविधिको तीव्र विकाससँगै विश्व अहिले डिजिटल युगमा प्रवेश गरिसकेको छ। मानव जीवनका हरेक क्षेत्र- शिक्षा, स्वास्थ्य, अर्थतन्त्र, राजनीति र समाज- सबै क्षेत्रमा सूचना प्रविधिको गहिरो प्रभाव परेको छ। यस परिवर्तित सन्दर्भमा सञ्चार क्षेत्रले पनि आफ्नो स्वरूप बदलेको छ।

एक समय थियो, जब सूचना प्राप्तिका लागि पत्रिका कुर्नु पर्थ्यो, रेडियोको निश्चित समय पर्खनु पर्थ्यो वा टेलिभिजनको प्रसारण तालिकामा निर्भर हुनु पर्थ्यो। तर, आजको युगमा सूचना 'रियल टाइम' मा उपलब्ध छ। यही परिवर्तनको केन्द्रमा रहेको छ- अनलाइन पत्रकारिता।

नेपालमा पत्रकारिताको इतिहास लामो भए पनि अनलाइन पत्रकारिता भने तुलनात्मक रूपमा नयाँ विधा हो। तर, छोटो समयमै यसले सञ्चार क्षेत्रमा प्रभुत्व स्थापित गर्न सफल भएको छ। विशेषगरी झापा जस्तो आर्थिक, शैक्षिक र राजनीतिक रूपमा सक्रिय जिल्लामा अनलाइन पत्रकारिताले उल्लेखनीय विकास गरेको छ।

नेपालमा अनलाइन पत्रकारिताको जग सन् १९९५ मा व्यावसायिक इन्टरनेट सेवाको शुरुवातसँगै बसालिएको हो। नेपालमा अनलाइन पत्रकारिताको आधार तयार हुनुमा इन्टरनेट सेवाको शुरुवात निर्णायक मानिन्छ। सन् १९९५ मा Mercantile Communications Pvt. Ltd. ले नेपालमा पहिलोपटक व्यावसायिक इन्टरनेट सेवा शुरु गरेको थियो। यो कदमले सूचना प्रवाहको नयाँ ढोका खुल्यो। शुरुवाती चरणमा इन्टरनेटको पहुँच सीमित थियो, प्रयोगकर्ताको संख्या न्यून थियो र प्रविधि महंगो तथा जटिल थियो। त्यसैले तत्कालै अनलाइन पत्रकारिता व्यापक रूपमा विकसित हुन सकेको थिएन। तर पनि केही अग्रगमनशील सञ्चार संस्थाहरूले सम्भावनाको संकेत देखे। छापामाध्यमहरूले आफ्ना सामग्रीलाई डिजिटल माध्यममा रूपान्तरण गर्ने प्रयास थाले, जसले अनलाइन पत्रकारिताको बीऊ रोप्यो।

नेपालका प्रतिष्ठित पत्रपत्रिकाहरूले आफ्नो सामग्री इन्टरनेट मार्फत उपलब्ध गराउन थालेपछि अनलाइन पत्रकारिताको प्रारम्भिक अभ्यास शुरु भयो। The Kathmandu Post / Kantipur Daily जस्ता प्रकाशनहरूले आफ्नो समाचार सामग्री वेभसाइटमा राख्न थाले। यस चरणमा अनलाइन प्लेटफर्मलाई मुख्य माध्यमको रूपमा होइन, पूरक माध्यमको रूपमा प्रयोग गरिन्थ्यो। समाचार उत्पादनको केन्द्र छापामाध्यम नै थियो, अनलाइन संस्करण भने त्यसको प्रतिलिपि जस्तै थियो। यद्यपि, यसले पाठकलाई विश्वका जुनसुकै कुनाबाट नेपाली समाचार पढ्ने अवसर प्रदान गर्‍यो।

नेपालमा वास्तविक अर्थमा अनलाइन पत्रकारिताको शुरुवात सन् १९९९ मा ल्भउबलिभधकाअफ को स्थापनासँगै भएको मान्न सकिन्छ। अतः यसलाई नै नेपालकै पहिलो व्यवस्थित अनलाइन समाचार पोर्टल मानिन्छ।

नेपाल न्यूज डट कमले नियमित रूपमा समाचार अद्यावधिक गर्ने, डिजिटलमै केन्द्रित सामग्री उत्पादन गर्ने र अन्तर्राष्ट्रिय पाठकलाई लक्षित गर्ने काम गर्‍यो। यसले अनलाइन पत्रकारितालाई केवल छापामाध्यमको विस्तार नभई स्वतन्त्र माध्यमको रूपमा स्थापित गर्ने आधार तयार गर्‍यो। २०६० को दशकपछि



नेपालमा अनलाइन समाचार पोर्टलहरूको संख्या उल्लेख्य रूपमा बढ्न थाले । यस चरणमा पूर्ण रूपमा डिजिटलमा आधारित सञ्चारमाध्यमहरूको उदय भयो ।

अनलाइन खबर, सेतोपाटी, रातोपाति लगायतका मिडियाहरूले अनलाइन पत्रकारितालाई मुख्य धारमा ल्याए । यी मिडियाहरूले केवल समाचार प्रकाशन मात्र होइन; विश्लेषण, अन्तर्वार्ता, खोज पत्रकारिता, मल्टिमिडिया सामग्री (भिडियो, फोटो स्टोरी) जस्ता विविध आयाम थपे । समाचार अद्यावधिक गर्ने गति तीव्र बन्यो- घण्टामा होइन, मिनेटमै सूचना सार्वजनिक हुन थाले । यसले अनलाइन पत्रकारिताको प्रारम्भिक रूप निर्माण गर्दै अघि बढेसँगै २०६२-६३ को जनआन्दोलनपछि अभिव्यक्ति स्वतन्त्रता विस्तार भयो । यसले नयाँ सञ्चारमाध्यमहरू खोल्न सहज बनायो । इन्टरनेटको पहुँच विस्तार, साइबर क्याफेको वृद्धि र शहरीकरणले अनलाइन पत्रकारितालाई थप गति प्रदान गऱ्यो ।

स्मार्टफोन र सामाजिक सञ्जालको विकासले अनलाइन पत्रकारितामा क्रान्ति ल्यायो । फेसबूक, ट्विटर (एक्स), युट्युब जस्ता प्लेटफर्महरू समाचार वितरणका प्रमुख माध्यम बन्न थाले । अब समाचार केही सेकेण्डमै लाखौं मानिससम्म पुग्न थाल्यो । यसले पत्रकारितालाई गतिशील र प्रतिस्पर्धात्मक बनाउँदै लग्यो । अनलाइन पत्रकारिताले परम्परागत पत्रकारिताको सीमालाई समेत तोड्दै नयाँ आयाम ल्याउन शुरु गऱ्यो ।

यता झापा जिल्लामा पत्रकारिताको शुरुवात छापामाध्यमबाट भएको भए पनि अहिले डिजिटल पत्रकारिताले फड्को मारेको पाउन सकिन्छ । छापा माध्यमपछि एफएम रेडियो र टेलिभिजन हुँदै डिजिटल माध्यममा रुपान्तरित पत्रकारिता अहिले जनजनको प्रिय माध्यम बनेको छ ।

झापामा अनलाइन पत्रकारिता करीब एक दशकअघि सीमित प्रयासका रूपमा शुरु भएको थियो । प्रारम्भमा न प्राविधिक दक्षता थियो, न स्पष्ट आर्थिक मोडेल नै । तर, सस्तो इन्टरनेट र स्मार्टफोनको विस्तारले झापामा अनलाइन पत्रकारिताको तीव्र वृद्धि गरायो । बिर्तामोड, दमक, मेचीनगर, काँकरभिट्टा, भद्रपुर र कनकाईजस्ता क्षेत्रहरू यसको केन्द्र बन्दै गए । आज ग्रामीण क्षेत्रमा समेत अनलाइन समाचार न्यूज पोर्टलको स्थापना भएको छ र झापा सहित देश-विदेशमा रहेका नेपाली बीचमा सूचनाको पहुँच स्थापित गर्न सफल भएको पाउन सकिन्छ । तर, 'पहिलो बन्ने होड'का कारण तथ्य जाँच प्रक्रियामा कमजोरी ल्याउने जोखिम पनि बढाएको छ । झापाका अधिकांश अनलाइन मिडियाले सामाजिक सञ्जाललाई मुख्य वितरणको माध्यम बनाएका छन् ।

यसले समाचारको पहुँच अत्यधिक बढाएको छ, तर क्लिकबेट शीर्षक, सन्सनीपूर्ण सामग्री र अपुष्ट समाचारको जोखिम पनि बढाएको छ । झापामा

> ***आज ग्रामीण क्षेत्रमा समेत अनलाइन समाचार न्यूज पोर्टलको स्थापना भएको छ र झापा सहित देश–विदेशमा रहेका नेपाली बीचमा सूचनाको पहुँच स्थापित गर्न सफल भएको पाउन सकिन्छ । तर, 'पहिलो बन्ने होड'का कारण तथ्य जाँच प्रक्रियामा कमजोरी ल्याउने जोखिम पनि बढाएको छ ।***

सञ्चालित कतिपय डिजिटल अनलाइन पत्रिकाले तथ्य नजाँची समाचार प्रकाशन गर्ने र पछि हटाउने गरेको समेत पाइन्छ । यस्तो कार्य गर्नु पत्रकार आचार-संहिता विपरीत कार्य हो । तर, नियमनकारी निकायले नियमन नगर्दा पाठकमाझ अपुष्ट समाचार समेत कहिलेकाहीं पुग्ने गरेको छ ।

झापाका अनलाइन सञ्चारमाध्यमले स्थानीय मुद्दालाई प्राथमिकता दिएको पाउन सकिन्छ । सबैलाई सहज रुपमा सूचना प्रवाह गर्दै आएको अनलाइन सञ्चारमाध्यमको संरक्षणमा तीनै तहका सरकार गम्भीर देखिदैनन् । जसका कारण अनलाइन सञ्चारमाध्यम दिनानुदिन धराशायी बन्दै गएका छन् । झापामा सञ्चालित अनलाइन पत्रकारिताको प्रमुख चुनौती आर्थिक दिगोपनलाई लिन सकिन्छ । स्थानीय विज्ञापन बजार सीमित छ र राष्ट्रिय विज्ञापनहरू काठमाडौंकेन्द्रित छन् । यसका कारण धेरै मिडिया आर्थिक रूपमा कमजोर अवस्थामा छन् ।

अनलाइन पत्रकारिताले युवाहरूलाई आकर्षित गरेको छ । तर, पेशागत तालिम र अनुभवको अभाव देखिन्छ । पत्रकारिताको आचार-संहिता र कानूनी पक्ष बारे पर्याप्त ज्ञान नहुँदा सामग्रीको गुणस्तरमा असमानता देखिन्छ । अनलाइन पत्रकारितामा विश्वसनीयता सबैभन्दा ठूलो चुनौती हो । पछिल्लो समय डिजिटल पत्रकारितामा मात्र होइन, छापा माध्यममा पनि फेक न्यूज, अपुष्ट समाचार र व्यक्तिगत आक्षेपयुक्त सामग्रीले पत्रकारिताको स्तरमा प्रश्न उठाएको छ ।

डिजिटल प्लेटफर्मका लागि वेभसाइट सुरक्षा, डेटा संरक्षण र साइबर जोखिम व्यवस्थापनमा धेरै मिडिया कमजोर छन् । दीर्घकालीन स्थायित्वका लागि प्राविधिक लगानी आवश्यक देखिएको छ । अनलाइन पत्रकारितामा सम्भावना अत्यन्तै व्यापक छ । यदि पेशागत मापदण्ड, प्रविधि र आर्थिक संरचनालाई सुदृढ गर्न सकियो भने झापाको अनलाइन पत्रकारिता भविष्यमा राष्ट्रिय मात्र होइन, अन्तर्राष्ट्रियस्तरमै प्रभाव पार्ने सक्षम माध्यम बन्न सक्छ ।

बढ्दो इन्टरनेट प्रयोगकर्ता, विदेशमा रहेका झापाली समुदाय, डिजिटल विज्ञापन, डेटा र मोबाइल पत्रकारिताले झापामा अनलाइन पत्रकारिता सूचना प्रवाहको सशक्त माध्यम बन्न सक्छ । अनलाइन पत्रकारितामा छिटोभन्दा सही, सन्सनीभन्दा सत्य र प्रतिस्पर्धाभन्दा जिम्मेवार पत्रकारितामा केन्द्रित हुन आवश्यक पनि छ ।

आर्थिक वर्ष २०८१-८२ सम्ममा झापामा सूचना विभागमा दर्ता भएका १३१ अनलाइन न्यूज पोर्टल सञ्चालनमा छन् । दैनिक पत्रिका, साप्ताहिक पत्रिका , एफएम रेडियो र टेलिभिजनका समेत आ-आफ्नै न्यूज पोर्टल सञ्चालनमा छन् । तर, व्यवस्थित र भरपर्दो न्यूज पोर्टलका अफिस कमैले मात्र खोलेका छन् । अधिकांश न्यूज पोर्टल झोलामा सञ्चालित छन् । झापामा अहिले 'एक पत्रकार - एक न्यूज पोर्टल' झैं भएको छ । खुलेका न्यूज पोर्टल व्यवस्थित गर्न नसक्नु अहिलेको मुख्य चुनौती बनेको छ ।

कोशी प्रदेशको तथ्यांक हेर्ने हो भने पनि झापालाई सबैभन्दा धेरै न्यूज पोर्टल सञ्चालन भएको जिल्लाका रुपमा लिन सकिन्छ । झापापछि मोरङमा ११४ वटा अनलाइन न्यूज पोर्टल सञ्चालनमा छन् । कोशी प्रदेशमा ५६८ वटा अनलाइन दर्ता भएको पाउन सकिन्छ । ❖

*(अध्यक्ष : अनलाइन पत्रकार संघ झापा)*

## झापामा सञ्चालित अनलाइन न्यूज पोर्टलहरू

| क्र.सं. | द.नं. | कम्पनी/संस्था | डोमेन | सञ्चालकको नाम | सम्पर्क नम्बर | इमेल |
|---|---|---|---|---|---|---|
| १ | ५४ | खबर मञ्च मिडिया प्रा.लि. | www.khabarmanch.com | सृजना घिमिरे | ९८५२६८३३१८ | khabarmanchonline@gmail.com |
| २ | ८० | आम सञ्चार डटकम प्रा.लि. | www.aamsanchar.com | बिनोद पाण्डे | ९८५२६५५२९१ | aamsanchar2019@gmail.com |
| ३ | ३९२ | पिपुल्स टाइम्स मिडिया प्रा.लि. | www.chomalungama.com | प्रवीणकुमार राई | ९८४२६८६८२३ | |
| ४ | ३९४ | वाई टेक प्रा.लि. | www.merosahakari.com | केदारबाबु पौडेल | ९८६१२४७७८४ | |
| ५ | ३९५ | वाई टेक प्रा.लि. | www.sawalnepal.com | केदारबाबु पौडेल | ९८६१२४७७८४ | |
| ६ | ४०६ | रेड साइन इन्टरटेन्मेन्ट मिडिया प्रा.लि. | www.arjundhara.com | सागर खरेल | ९८६०४९६६२४ | |
| ७ | ४२४ | पूर्व नेपाल मिडिया प्रा.लि. | www.purbakhabar.com | भूमिराज पराजुली | ९८४०१४२८८५ | |
| ८ | ५३६ | झापा टाइम्स मिडिया नेटवर्क प्रा.लि. | www.jhapatimes.com | ज्ञानेन्द्र निरौला | ९८५२६७४८२८ | |
| ९ | ५३८ | कनकाई अनलाइन न्यूज प्रा.लि. | www.kankainews.com | सरोज खनाल | ९८४४६७५५३२ | |
| १० | ६७९ | सन्दर्भ मिडिया प्रा.लि. | www.sajilokhabar.com | रञ्जीत प्रसाई | ९८५२६७५३०९ | marketing@sajilokhabar.com |
| ११ | ७४६ | चौतारी मिडिया न्यूज नेटवर्क प्रा.लि. | www.chautaripostonline.com | जीएन शर्मा | ९८४०३४०९२४ | chautaripost74@gmail.com |
| १२ | ७६२ | खबर मञ्च साप्ताहिक | www.emechi.com | प्रकाश पौडेल | ९८५२७३३५९० | |
| १३ | ८९२ | समरुप मिडिया प्रा.लि. | www.onlinebichar.com | डण्डिराज घिमिरे | ९८५२६७६३०८ | |
| १४ | १०३२ | आमा नोटिस एण्ड एड्भर्टाइजिङ प्रा.लि. | www.aamaonlinetv.com | टीकाराम नेपाल | ९८५२६४०००० | |
| १५ | ११२९ | साझा मञ्च डटकम न्यूज पोर्टल प्रा.लि. | www.sajhamanch.com | एकराज कार्की | ९८५२६७१५९० | sajhamanch2070@gmail.com |
| १६ | १२०१ | ओली फाउण्डेशन मल्टिलिंक प्रा.लि. | www.purwakhabar.com | राजकुमार ओली | ९८५१००३३०५ | rajkumar.jhapa@gmail.com |
| १७ | १२९८ | यलम्बर टाइम्स साप्ताहिक | www.yalambartimes.com | दीपेन्द्रकुमार राई | ९८४२६७११३१ | yalamber.times@gmail.com |
| १८ | १३१८ | दिगो विकास बहुउद्देश्य प्रा.लि. | www.jhulkegham.com | हैकम घिसिङ | ९८५२६५५९२४ | |
| १९ | १३२१ | ओमकार टाइम्स प्रा.लि. | www.omkartimes.com | केदार खड्का | ९८५२०४०९५० | |
| २० | १३८० | अनुसन्धान मिडिया प्रा.लि. | www.anusandhanonline.com | खगेन्द्रप्रसाद घिमिरे | ९८५२६६२३८२ | |
| २१ | १४०८ | पूर्वाञ्चल दैनिक | www.purwanchaldaily.com | भरतलाल गिरी | ९८५२६७२०३५ | purwanchal2052@gmail.com |
| २२ | १५२४ | बीएण्डसी मिडिया प्रा.लि. | www.etimesnepal.com | नरेशप्रसाद चुडाल | ९८५२६७१५१० | |
| २३ | १६४७ | गौरीगञ्ज मिडिया प्रा.लि. | www.kochilanews.com | आत्माराम राजवंशी | ९८०६०४८५५६ | adrajbanshi@gmail.com |
| २४ | १७०४ | सोसियल मिरर मिडिया प्रा.लि. | www.gauriganjdarpan.com | दमनगोपाल राजवंशी | ९८४२१९०८०० | |
| २५ | १७३२ | कृष्णथुम्की पब्लिकेशन एण्ड मिडिया प्रा.लि. | www.hamrokhabarpati.com | युवराज आचार्य | ९८६३७२९७२२ | yuvraj.acharya01@gmail.com |
| २६ | २१८७ | नागरिक ब्रोडकास्टिङ मिडिया प्रा.लि. | www.aakha.com | किशोर निरौला | ९८५११५२५३६ | ishwarzee@gmail.com |
| २७ | २२०३ | श्री हब डिजिटल मिडिया प्रा.लि. | www.meromelhinagar.com | उदयकुमार श्रेष्ठ | ९८५२६७४०२५ | meromechinagar@gmail.com |
| २८ | २२१७ | झापा टाइम्स मिडिया नेटवर्क प्रा.लि. | www.setopatra.com | ज्ञानेन्द्र निरौला | ९८५२६७४८२८ | setopatranews@gmail.com |
| २९ | २२६८ | पूर्व न्यूज मिडिया प्रा.लि. | www.purwanews.com | सन्तोष पौडेल | ९८४२२६८६०१५ | |
| ३० | २२७० | मेचीनगर अनलाइन मिडिया प्रा.लि. | www.janasamsad.com | मुक्ति पौडेल | ९८५२६७२७९९ | janasamsad@gmail.com |
| ३१ | २३१७ | सोसल मिडिया प्रा.लि. | www.guptacharkhabar.com | लक्ष्मण जमरकट्टेल | ९८५२६२०४५४ | esoulmedia@gmail.com |
| ३२ | २४९२ | पर्दाफास मिडिया नेटवर्क प्रा.लि. | www.pradaphas.com | शान्तिराम नेपाल | ९८४१७६१७८८ | |
| ३३ | २५०२ | गौरादह मिडिया प्रा.लि. | www.sagalsandesh.com | सन्तोष बिष्ट | ९८६५०६०४६० | |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| ३४ | २५३९ | मियोटेरिक मिडिया प्रा.लि. | www.nagarikaawaz.com | दिपिन राई | ९८४४६०६६२० | |
| ३५ | २६२७ | प्ले पज मिडिया हाउस प्रा.लि. | www.pradeshaawaj.com | जीवन चुडाल | ९८४३२८१९९४ | |
| ३६ | २६८२ | दमक खबर मिडिया हाउस प्रा.लि. | www.damakkhabar.com | अविम मेयाङ्बो | ९८०१६१५६८७ | |
| ३७ | २७११ | जगदम्बा मिडिया एजेन्सी प्रा.लि. | www.bazardainik.com | अर्जुन राजवंशी | ९८५२६३४६७६ | unicarjun@gmail.com |
| ३८ | २९१७ | परिवेश डिजिटल मिडिया प्रा.लि. | www.paribeshmedia.com | गंगा तिम्सिना | ९८४२६३६३१६ | khadkapushpa2@gmail.com |
| ३९ | २९४१ | शब्दपत्र प्रकाशन प्रा.लि. | www.shabdapatra.com | उद्धव पुरी | ९८४२६३३५६२ | shabdapatra@gmail.com |
| ४० | २९६६ | हातेमालो खबर मिडिया प्रा.लि. | www.munalnews.com | मनोज तिवारी | ९८०७९८४५७८ | Munalnewsh@gmail.com |
| ४१ | ३०२७ | चेसुङ मिडिया प्रा.लि. | www.pradeshbani.com | यज्ञराज आङ्दम्बे | ९८५२६७०१३७ | |
| ४२ | ३०४८ | सुसन मिडिया प्रा.लि. | www.jhapaonline.com | सन्तोष शर्मा | ९८४४६८६९०६ | samisan143@gmail.com |
| ४३ | ३०५८ | प्रगतिशील डिजिटल मिडिया प्रा.लि. | www.sancharmanch.com | केशवमाया अर्याल | ९८४२७२३००३ | keshabraj2045@gmail.com |
| ४४ | ३०७७ | पूर्वी नेपाल मिडिया प्रा.लि. | www.eyeofnepal.com | शम्भुकुमार दाहाल | ९८५२६७८४०० | info@eyeofnepal.com |
| ४५ | ३१३२ | दोमुखा मिडिया नेटवर्क प्रा.लि. | www.kanakaikhabar.com | रामप्रसाद निरौला | ९८४२७३०४०१ | kanakaikhabar@gmail.com |
| ४६ | ३१७२ | निष्कर्ष मिडिया प्रा.लि. | www.nishkarshanews.com | विष्णुप्रसाद पौडेल | ९८४२६६६३१४ | nishkarshamedia2078@gmail.com |
| ४७ | ३२५५ | झापा एक्सप्रेस मिडिया प्रा.लि. | www.jhapaexpress.com | लेखनाथ चम्लागाई | ९८१३५६००६३ | jhapaexpress79@gmail.com |
| ४८ | ३२८१ | तृष्णा मिडिया प्रा.लि. | www.nayatrishna.com | छत्रबहादुर राई | ९८१४९९५१०० | nayatrishna@gmail.com |
| ४९ | ३३७९ | कुइनेटो मिडिया प्रा.लि. | www.kuinetonews.com | उमानाथ भण्डारी | ९८५२६७०६३१ | kuinetomedia2075@gmail.com |
| ५० | ३३९५ | झापा न्यूज पोर्टल प्रा.लि. | www.damakpost.com | चन्द्रकुमार राई | ९८४२०१३८८३ | damakpost@gmail.com |
| ५१ | ३४७५ | नेक्स्ट लेभल मिडिया हाउस प्रा.लि. | www.damakonline.com | सुलभराज बराल | ९८४२७६३५८८ | |
| ५२ | ३५०२ | वीरता मिडिया हाउस प्रा.लि. | www.gorkhapostdaily.com | वीरबहादुर दर्नाल | ९८५२६७७२९६१ | |
| ५३ | ३५७८ | डिकुरा मिडिया प्रा.लि. | www.mechitimesonline.com | सुशीलाकुमारी संग्रौला | ९८४२६३३१४५ | susilasangraula@gmail.com |
| ५४ | ३६२१ | जोरधारा मिडिया प्रा.लि. | www.witlightnews.com | बुद्धिप्रसाद लामिछाने | ९८४२६३३१९५ | witlightnews23@gmail.com |
| ५५ | ३६२९ | ई नेपालपाटी प्रा.लि. | www.jhapanews.com | देवी अधिकारी | ९८४१३४३५६१ | enepalpati@gmail.com |
| ५६ | ३६४७ | नवदीन मिडिया प्रा.लि. | www.nawadin.com | मनकुमार शर्मा | ९८४४२७८५१३९ | nawadinmedia@gmail.com |
| ५७ | ३७४८ | पूर्व सन्देश दैनिक | www.purbasandesh.com | गञ्जबहादुर दाहाल | ९८५२६७०८७० | purbasandesh@yahoo.com |
| ५८ | ३७५७ | पाथीभरा थिएटर एण्ड सिने प्रा.लि. | www.phulbaarimedia.com | प्रीतमकुमार धमला | ९८२३७४३४४१ | phulbaarimedia@gmail.com |
| ५९ | ३८०० | देश प्रदेश खबर प्रा.लि. | www.deshpradeshnews.com | भेषराज नेपाल | ९८४४६०५७८६ | despradesh.com@gmail.com |
| ६० | ३८४३ | दृष्य मल्टिटेक्निकल मिडिया प्रा.लि. | www.drishyaonline.com | गौरीमान राई | ९८५२६८२५२५ | drishyaonline1@gmail.com |
| ६१ | ३९८१ | टाइम्स अफ् प्रदेश मिडिया प्रा.लि. | www.timesofpradesh.com | पार्थ मण्डल | ९८४२६२६३०९ | jpartha13@gmail.com |
| ६२ | ३९९२ | इजलास मिडिया प्रा.लि. | www.ijalas.com | प्रदीप परियार | ९८५२६४५०२८ | ijalasmedia@gmail.com |
| ६३ | ४०१२ | काजी मिडिया एण्ड टेक्नोलोजी प्रा.लि. | www.loktantrapost.com | मौसम न्यौपाने | ९८५२६७३६२३ | kazi.janasamsad@gmail.com |
| ६४ | ४०१६ | टी वाई क्रिएशन प्रा.लि. | www.khabarkheti.com | तिलक तामाङ | ९८५२६८६१०० | tilakyonjant@gmail.com |
| ६५ | ४०१७ | काजी खबर प्रा.लि. | www.kajikhabar.com | कमलदेवी पोखरेल | ९८५२६२०६४७ | |
| ६६ | ४०५२ | कमल नेपाल मिडिया प्रा.लि. | www.kalamnepal.com | मीनकुमार उप्रेती | ९८५२६४५४७७ | infokalamnepal@gmail.com |
| ६७ | ४११३ | बिर्तामोड झापा मिडिया प्रा.लि. | www.birtamodejhapa.com | टीकाराम बास्तोला | ९८१६०६९११७ | birtamodejhapa11@gmail.com |
| ६८ | ४१५८ | पर्दाफास प्रकाशन प्रा.लि. | www.pardafasonline.com | पुष्प बराल | ९८५२६३३६०९ | puspa.jhapag@gmail.com |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| ६९ | ४१६८ | भिन्न मिडिया एण्ड रिसर्च प्रा.लि. | www.aarambhanews.com | राजु पोखरेल | ९८५२६७४५४५ | aarambhanews1@gmail.com |
| ७० | ४१६९ | रेड राइनो प्रा.लि. | www.nepalfactchecker.com | दिवाकर सुब्बा | ९८६२९०८०५८ | redrhino048@gmail.com |
| ७१ | ४२७२ | सुनामी मिडिया प्रा.लि. | www.rastyakhabar.com | चन्द्रमान राई | ९८६२७६४०२१ | flexiblenepal@gmail.com |
| ७२ | ४२८४ | सुनामी मिडिया हाउस प्रा.लि. | www.nepalexpressmedia.com | चन्द्रमान राई | ९८६२७६४०२१ | flexbilenepal@gmail.com |
| ७३ | ४२८९ | गोजी मिडिया हाउस प्रा.लि. | www.gojimediahouse.com | डेविट राई | ९८६२३५६६९६ | gnewsnepal333@gmail.com |
| ७४ | ४२९८ | मेची टाइम्स मिडिया प्रा.लि. | www.mechipress.com | डम्बर विश्वकर्मा | ९८०६०६९४१७ | news@mechipress.com |
| ७५ | ४३०२ | झापाली खबर प्रा.लि. | www.jhapalikhabar.com | नितेष सिंह | ९८१६०४८०५९ | jhapalikhabar24@gmail.com |
| ७६ | ४३२५ | खबर साप्ताहिक | www.khabarmanchonline.com | प्रकाश पौडेल | ९८५२६६३५९० | paudel.swadhin@gmail.com |
| ७७ | ४३२६ | मेची आवाज साप्ताहिक | www.mechiaawaj.com | डम्मरु बराल | ९८४२६७६३३१ | aawajmechi2073@gmail.com |
| ७८ | ४३२९ | संकल्प मिडिया हब एण्ड सप्लायर्स प्रा.लि. | www.sankalpasanchar.com | ददिराम रिमाल | ९८५१२३२१०० | www.sankalpasanchar.com |
| ७९ | ४४२६ | प्रशिद्धि मिडिया प्रा.लि. | www.jhapakhabar.com | अच्युतराज सुवेदी | ९८५२६८९५७१ | subediachyut13@gmail.com |
| ८० | ४४४० | प्राइम मिडिया प्रा.लि. | www.nayapaper.com | रमेश तिवारी | ९८५२६४३००० | nayapaper.com@gmail.com |
| ८१ | ४५८८ | ज्येष्ठ आवाज द्वैमासिक | www.jesthaaawaj.com | पंकज दाहाल | ९८६२६४७०५५ | dahalpankaj222@gmail.com |
| ८२ | ४६१७ | सुपरभिजन अनलाइन टेलिभिजन प्रा.लि. | www.anugaman.com | डिल्लीराज उप्राती | ९८४२७५३१४१ | upreteeprakash@gmail.com |
| ८३ | ४६३ | बी.टी.एम.रक्स पब्लिकेशन प्रा.लि. | www.ebtmrocks.com | विजयराज भट्टराई | ९८२०६९३३५५ | ebtmrocks@gmail.com |
| ८४ | ४७४० | निर्मला मिडिया प्रा.लि. | www.mofosalonline.com | भरतराज प्रसाई | ९८१६०७९१०२ | kbrproduction.btm@gmail.com |
| ८५ | ४७४६ | लेट मी मिडिया प्रा.लि. | www.dewtvonline.com | नारायण बस्नेत | ९८५२६७६४९२ | dynamiceducationworld@gmail.com |
| ८६ | ४८० | वेभ नेपाल मल्टिमिडिया हाउस प्रा.लि. | www.wavenepalnews.com | चन्द्रप्रसाद भट्टराई | ९८६७७७९९९९ | wavenepalnews@gmail.com |
| ८७ | ४८३९ | सुमी मिडिया नेटवर्क प्रा.लि. | www.sajhaonlinenews.com | सन्तोष न्यौपाने | ९८४३८८६५०८ | jhapali18@gmail.com |
| ८८ | ४९३२ | स्मार्ट नेपाल मिडिया प्रा.लि. | www.smartnepaltv.com | भाष्कर श्रेष्ठ | ९८४४६०५९०२ | bazarmediasolutions@gmail.com |
| ८९ | ४९७१ | ओरेन्ज एक्स्काभेटर मिडिया प्रा.लि. | www.orangesamachar.com | चन्द्रबहादुर राई | ९८२३३२५३८४ | tamangdajang03@gmail.com |
| ९० | ५०२२ | गाथा मिडिया नेटवर्क प्रा.लि. | www.gathamedia.com | अजय खड्का | ९८५२६१०००० | gathamedianetwork@gmail.com |
| ९१ | ५०५५ | स्पीक कर्नर नेपाल प्रा.लि. | www.speakcorner.com | सुब्रत न्यौपाने | ९८५२६७५००० | speakcornernepal@gmail.com |
| ९२ | ५०९२ | पूर्वेली समाचार प्रा.लि. | www.Purbelisamachar.com | गणेश कोइराला | ९८१७९८६९२२ | Purbelisamachar2081@gmail.com |
| ९३ | ५१३० | रोशन मिडिया हाउस प्रा.लि. | www.buddhashantisaptahik.com | कमलादेवी भट्टराई | ९८०६०८७७८७ | roshanbudhabara@gmail.com |
| ९४ | ४५५ | मेची खबर प्रकाशन प्रा.लि. | www.mechikhabar.com | प्रेमकुमार आचार्य | ९८०२६७३०३२ | mechikhabar@gmail.com |
| ९५ | | अन्तु मिडिया प्रा.लि. | www.purwanchaltoday.com | सुरेन्द्र भण्डारी | ९८५२६७९६२५ | surendrab24@gmail.com |
| ९६ | - | झापा टुडे मिडिया प्रा.लि. | www.jhapatoday.com | हिमाल खरेल | ९८५२६७१६७९ | hmlkharel@gmail.com |
| ९७ | - | | www.newssanjal.com | रमेश समदर्शी राई | ९८२४९०५०८२ | newssanjal.info@gmail.com |
| ९८ | - | नवसञ्चार गृह प्रा.लि. | www.pratidindaily.com | इन्द्रसिंह राजवंशी | ९८५२६७५३४४ | info@pratidindaily.com |
| ९९ | | बिर्ताज्योति साप्ताहिक | www.www.birtajyoti.com | तुलसीप्रसाद निरौला | ९८१६०४१६४६ | niroulatulasi63@gmail.com |
| १०० | १८०८ | जनआन्दोलन साप्ताहिक | www.janaandolan.com | रेजिना गौतम | ९८४२७५६१९९ | jana023542855@gmail.com |
| १०१ | | कनकाई अनलाइन | www.kanakaionline.com | लीलाराज झापाली | ९८५२६७३२०५ | lilarajjhapali@gmail.com |
| १०२ | | | www.suryodayaonlinenews.com | ज्ञानु भट्टराई | ९८०१२४०२३६ | |
| १०३ | | | www.ekharipati.com | शम्भु दाहाल | ९८५२६७४१९० | info@ekharipati.com |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| १०४ | | रेडियो भिजन | www.Radiovision.com.np | गणेश पोखरेल | ०२३ ५३५५१३ | radiovision91.6@gmail.com |
| १०५ | | सूर्योदय टेलिभिजन | www.suryodayaonline.com | मनोज उप्रेती | ०२३५४६३०८ | suryodayaonline@gmail.com |
| १०६ | | आँगन एफएम | www.aaganfm.com.np | इन्द्रजीत मुखिया | ०२३५३५६६० | aaganfm89.6@gmail.com |
| १०७ | | समय सञ्जाल मिडिया प्रा.लि. | www.samayasanjal.com | सरोज पौडेल | ९८०७९७८४५८ | Jhapalisaroj@gmail.com |
| १०८ | | ई पूर्व मिडिया प्रा.लि. | www.epurwa.com | नारायण अर्याल | ९८४२६९७३१० | epurwa@gmail.com |
| १०९ | | बिन्जु मिडिया कर्नर | www.binjumedia.com | विजयराज वराल | ९८५२६७७५४२ | binjustudi@gmail.com |
| ११० | | जय लोकतन्त्र साप्ताहिक | www.jayloktantra.com | कृष्ण हुँमागाई | ९८५२६७२७५५ | humagain2012@gmail.com |
| १११ | | विराट अनलाइन प्रा.लि. | www.Birattvnews.com | देवेन्द्र प्रसाई | ९८१४९६८०१० | prasaidevendra39@gmail |
| ११२ | | | www.nayasandarva.com | द्रोण अधिकारी | ९८०१४२२९१२ | nayasandarva@gmail.com |
| ११३ | | साप्ताहिक समाचार | www.saptahiksamachar.com.np | गोपाल गिरी | ९८४२६५२८७० | girigopal99@gmail.com |
| ११४ | | निर्माण लहर साप्ताहिक | www.nirmanlahar.com | रोहित काफ्ले | ९८४२७८३९९० | kafle.roheet@gmail.com |
| ११५ | १६६४ | हल्दिबारी मिडिया प्रा.लि. | www.haldibari.com | नेत्रबिक्रम विमली | ९८२४९९७१२० | mediahaldibari@gmail.com |
| ११६ | | पी.एस.टी. नेपाल मिडिया प्रा.लि. | www.palikasandesh.com | तीर्थराज तिम्सिना | ९८६१०४२८०४ | palikasandesh@gmail.com |
| ११७ | | | www.thoshkhabar.com | चूडामणि तिम्सिना | ९८४२६७३३८३ | sharmacm571@gmail.com |
| ११८ | ३६२२ | पाउ पाथीभरा सञ्चार प्रा.लि. | www.mechinagaronline.com | अर्जुन कार्की | ९८५२६६२४०६ | arjunkarki.kvt@gmail.com |
| ११९ | ४०१२ | काजी मिडिया एण्ड टेक्नोलोजी प्रा.लि. | www.loktantrapost.com | मोहन काजी | ९८५२६७३६२३ | info@loktantrapost.com |
| १२० | | | www.bicharmanch.com | सन्तोष आचार्य | ९८४२७३२९६९ | bicharmanch77@gmail.com |
| १२१ | | पूर्वी गर्जन मिडिया प्रा.लि | www.purbigarjan.com | प्रवीण अधिकारी | ९८५२६६३५९० | paudel.swadhin@gmail.com |
| १२२ | | अनुसन्धान मिडिया प्रा.लि. | www.chhadkeanusandhan.com | खगेन्द्रप्रसाद घिमिरे | ९८५१२२२२२५ | jhapali.kg@gmail.com |
| १२३ | | सताक्षी मिडिया प्रा लि. | www.satakchinews.com | विनोद सापकोटा | ९८५२६७६६७६ | binodspkt18@gmail.com |
| १२४ | | सतासी साप्ताहिक | www.satasikhabar.com | सेलिङ केसी | ९८१८४७२१०७ | satashiweekly@gmail.com |
| १२५ | | हिमशिखर मिडिया प्रा.लि. | www.himshikhartv.com.np | ध्रुब न्यौपाने | ०२३५८५५१२ | himshikhartv@gmail.com |
| १२६ | | भन्याङ मिडिया प्रा.लि. | www.sarasandesh.com | डिकेश लामा | ९८४२६३०६८७ | sarasandes77@gmail.com |
| १२७ | ४२४ | पूर्व नेपाल मिडिया हाउस प्रा.लि. | www.ujyaalokhabar.com | भूमिराज पराजुली | ९८५२६६१६०० | ujyaalokhabar112@gmail.com |
| १२८ | | सप्तरंगी एफ.एम. प्रा.लि. | www.saptarangifm.com | मेहरमान लिङ्देन | ०२३५८४९२६ | saptarangifmjhapa@gmail.com |
| १२९ | २१४६ | माङ्गेन्ना पब्लिकेशन एण्ड मिडिया प्रा.लि. | www.limbuwankhabar.com | दिलकुमार लावती | ९८४४६५८८४४ | dilkumar.lawati@gmail.com |
| १३० | ५२०५ | अक्षिता क्रिएशन मिडिया प्रा.लि. | www.sarokarkhabar.com | कविचन्द्र गुरागाई | ९८५२६५२१०० | kabi.btm@gmail.com |
| १३१ | ५१८० | चेतनाको घर प्रा.लि. | www.chetanakoghar.com | मञ्जु डाँगी | ९८१५०३७२६३ | chetanakoghar2082@gmail.com |
| १३२ | ५२०४ | पी.एण्ड पी मिडिया क्रिएशन प्रा.लि. | www.ejhapa.com | चन्द्रप्रसाद बानियाँ | ९७०००१५५०५ | ejhapanews2080@gmail.com |
| १३३ | ५२१९ | झापा अनलाइन टीभी प्रा.लि. | www.jhapatelevision.com | गणेशमान मुखिया | ९८५२६७१८०५ | jhapaonlinetv@gmail.com |
| १३४ | ५२६० | श्री सानो डिजिटल मिडिया प्रा.लि. | www.sanokhabar.com | कौशल भण्डारी | ९८५२६६१०२६ | sanokhabar2020@gmail.com |
| १३५ | ५२५० | ग्रीन मिडिया प्रा.लि | www.esavidya.com | प्रशान्त न्यौपाने | ९८४०१६३४०२ | greenmedia1224@gmail.com |
| १३६ | ५२७७ | विचन मिडिया प्रा.लि. | www.jhapadiary.com | अर्जुन राजवंशी | ९८५२६३४६७६ | jhapainfo19@gmail.com |
| १३७ | २९६६ | | www.smartnepaltv.com | भाष्कर श्रेष्ठ | ९८४४६०५९०२ | |

*स्रोत : नेपाल सरकार, सञ्चार तथा सूचना प्रविधि मन्त्रालय, सूचना तथा प्रसारण विभाग (२०८२)*




# पत्रकारितामा एआईको प्रयोग



● उमाकान्त खनाल

कृत्रिम बुद्धिमता (एआई) को प्रयोग अहिलेको पत्रकारिता क्षेत्रमा नयाँ ट्रेण्डको रुपमा आएको छ। पत्रकारिता मात्र नभएर हरेक पेशामा यसको प्रयोग अब अनिवार्य जस्तै भइसकेको छ। छिटो काम गर्न सक्ने क्षमताको विकास गर्न, सरकारी कर्मचारीहरूले आवश्यक कागजात छिटो तयार गर्न, पत्रकारहरूले छिटो र समयसापेक्ष 'मल्टिमिडिया एप्रोच' अनुसार काम गर्नका लागि एआई बरदान साबित भएको छ।

खासगरी, जेनेरेटिभ एआईको प्रयोग अहिले नेपालमा तीव्र छ। च्याटजीपीटी, जेमिनी, ग्रोक, डिपसिक, कोपाइलट जस्ता जेनेरेटिभ एआई नेपालमा बढी प्रयोग भएको पाइन्छ। त्यसमा पनि गुगलका अन्य एआई टुल्सको प्रयोग पनि अहिले विस्तारै बढ्दै गएको छ। जसका कारण 'सेमी अटोमेटेड' काम गर्न सहज भएको छ।

नागरिकस्तरमा जति यसको प्रयोग बढिरहेको छ, सरकारको नियन्त्रण र नियमन संयन्त्र अत्यन्त सुस्त छ। विश्वस्तरमा लामो समय एआईको प्रयोग भइसक्दा र नेपालमा पनि नागरिकले लामो समय एआईको प्रयोग गरेपछि बल्ल एआई नीति तयार भयो। तर, सो नीतिमा के छ भन्ने कुराको जानकारी अधिकांश नागरिकले पाएका छैनन् !

## एआई र भ्रामक सूचनाको वृद्धि

आजका पत्रकारहरूले भ्रामक सूचना र गलत सूचनाको बढ्दो लहरको सामना गरिरहेका छन्। परम्परागत समाचार माध्यमहरूमाथि जनताको विश्वास घट्दै जाँदा, पाठकहरू सामाजिक सञ्जालतिर मोडिएका छन्, जहाँ व्यावसायिक पत्रकारिताले अपुष्ट र प्रायः भ्रामक सामग्रीहरूसँग प्रतिस्पर्धा गर्नु परेको छ।

लेख, तस्वीर, अडियो क्लिप र 'डीपफेक' भिडियोहरू जस्ता विश्वस्त तर झुटो सामग्रीहरू उत्पादन गर्न एआई उपकरणहरूको दुरुपयोग भइरहेको छ। यसले सर्वसाधारणका लागि तथ्य र कल्पनाबीचको भिन्नता छुट्याउन कठिन बनाएको छ। यस्ता सामग्रीहरूको तीव्र फैलावटले समाचार कक्षहरूलाई प्रभावित बनाउँछ, किनकि उनीहरूसँग हरेक दावीलाई प्रमाणित गर्ने क्षमताको अभाव हुन्छ। यो चुनौतिले अन्ततः सञ्चारमाध्यमप्रति थप अविश्वास पैदा गर्छ।

यसको एउटा ज्वलन्त उदाहरण सन् २०२४ को शुरुतिर देखिएको थियो, जब 'फ्रान्स २४' का एक पत्रकारलाई लक्षित गरी एउटा डीपफेक बनाइएको थियो। जसमा उनको आवाज र लेखको हेडलाइन दुबैलाई तोडमोड गरिएको थियो। उक्त परिवर्तित सामग्रीले राष्ट्रपति इमानुएल म्याक्रोनको युक्रेन भ्रमण बारे पत्रकारको रिपोर्टिङलाई बंग्याएर भ्रामक सूचना फैलायो र उनको विश्वसनीयतामा आँच पुऱ्यायो। यस्ता रणनीतिहरूले अनुभवी पेशेवरहरू समेत कसरी एआई-प्रेरित धोखाधडीको शिकार हुन सक्छन् भन्ने प्रष्ट पार्दछन्।

## नेपालको सन्दर्भ

नेपालमा पछिल्लो समय एआईको प्रयोग र यसले पत्रकारितामा पारेको प्रभाव बारे तीव्र बहस भइरहेको छ। प्रविधिले कामलाई सजिलो बनाए पनि यसको दुरुपयोगले नेपाली पत्रकार र समाचार माध्यमहरूलाई गम्भीर आलोचनाको घेरामा ल्याएको छ।

धेरैजसो अनलाइन पोर्टलहरूले एआई-जेनेरेटेड सामग्री वा सामाजिक सञ्जालमा भाइरल भएका 'डीपफेक' भिडियोहरूलाई बिना कुनै क्रस-चेक समाचारका रूपमा प्रस्तुत गर्ने गरेको पाइन्छ। यसले पत्रकारिताको विश्वसनीयतामा प्रश्न उठाएको छ। एआई प्रयोग गरेर लेखिएका लेख वा अनुवाद गरिएका सामग्रीहरूमा यो 'एआईको सहयोगमा तयार पारिएको हो' भनेर खुलाउने चलन नेपालमा अझै शुरु भइसकेको छैन। यसलाई 'बौद्धिक चोरी' वा 'पाठकलाई झुक्याउने काम' भन्दै आलोचना गरिन्छ। केही सञ्चारमाध्यमले भने 'फ्याक्ट-चेकिङ' शुरु गरेका छन्।

अंग्रेजी सामग्रीलाई एआई मार्फत नेपालीमा अनुवाद गर्दा आउने भाषिक त्रुटि र सन्दर्भ नमिल्ने समस्याले गर्दा गम्भीर सूचनाहरू पनि गलत रूपमा प्रवाह भइरहेका छन्।

भर्खरै सम्पन्न भएको प्रतिनिधिसभाको चुनावका बेला प्रमुख नेताहरूका नक्कली अडियो र भिडियोहरू बनाएर उनीहरूले विपक्षी पार्टीलाई समर्थन गरेको वा आपत्तिजनक बोलेको भ्रम फैलाउने काम भएको थियो। निर्वाचन आयोगले यस्ता ६०० भन्दा बढी घटनाहरू पहिचान गरेको थियो। केही सञ्चारमाध्यमलाई निर्वाचन आयोग तथा प्रेस काउन्सिलले स्पष्टीकरण सोधेको थियो भने केही अनलाइन सञ्चारमाध्यमलाई भने नेपालबाट हेर्न नमिल्ने समेत बनाइएको थियो।

उदाहरणको रुपमा झापाको क्षेत्र न.-५ अन्तर्गत कमल गाउँपालिका क्षेत्रमा रहेको राष्ट्रिय स्वतन्त्र पार्टीको कार्यालयमा ढुंगा प्रहारबाट झ्यालको सिसा फुटेको विषयमा केही सञ्चारमाध्यमले एआईद्वारा सिर्जित कार्यालय तहसनहस भएको तस्वीर प्रकाशित गरेका थिए। पछि, जिल्ला प्रशासन कार्यालय झापाले यथार्थलाई बंग्याएको भन्दै विज्ञप्ति नै जारी गरेर कारवाहीको चेतावनी दिएको थियो।

सामाजिक सञ्जालमा एआईद्वारा सिर्जित तस्वीर र भिडियोहरू प्रयोग गरेर साम्प्रदायिक विद्वेष फैलाउने वा अफवाह फैलाउने ट्रेण्ड बढेको छ। यसलाई विज्ञहरूले 'डिजिटल ब्याटलग्राउण्ड' को संज्ञा दिएका छन्। चर्चित व्यक्तिहरूको अनुहार र आवाज प्रयोग गरेर क्रिप्टोकरेन्सी वा अनलाइन ठगीमा लगानी गर्न उक्साउने विज्ञापनहरू नेपाली सामाजिक सञ्जालमा प्रशस्त देखिन थालेका छन्।

प्रेस काउन्सिलले पत्रकारितामा एआईको प्रयोग बारे आचार-संहिता र निर्देशिकाहरू ल्याउने तयारी र कार्यान्वयन शुरु गरेको छ। यसले 'मानवीय हस्तक्षेप' अनिवार्य हुनु पर्नेमा जोड दिएको छ। सरकारले एआईको कानूनी र नैतिक प्रयोगका लागि 'राष्ट्रिय एआई नीति' सार्वजनिक गरेको छ, जसले प्रविधिको विकास र नियन्त्रण दुबैलाई समेट्न खोजेको छ।

नेपालमा एआई एउटा शक्तिशाली औजार त बनेको छ, तर यसको 'नियतवश दुरुपयोग' र पत्रकारहरूको 'लापरवाही'ले गर्दा सूचनाको सन्तुलन बिग्रिने खतरा बढेको छ। अबको पत्रकारितामा 'ब्रेकिङ न्यूज' भन्दा पनि 'ब्रेकिङ भेरिफिकेशन' (पुष्टि गर्ने कार्य) बढी महत्वपूर्ण हुने देखिएको छ।

नेपालका सञ्चारमाध्यमहरूले आफ्ना सामग्रीमा एआई प्रयोग भएको छ कि छैन भनेर 'सेल्फ-डिक्लेरेसन' (स्वघोषणा) गर्ने संस्कार बसाल्नु नै अहिलेको प्रमुख आवश्यकता हो।

## सदुपयोग र सुधारका उपाय

एआईले समाचार कक्षहरूका लागि नयाँ ढोकाहरू खोलेको छ। यसले समाचारको सारांश तयार पार्ने, न्यूजलेटरहरू बनाउने, ठूलो डेटाबाट समाचारका स्रोतहरू खोज्ने र टिप्पणीहरूको सञ्चालन गर्ने जस्ता कार्यमा उत्पादकत्व बढाएको छ। विशेषगरी झन्झटिलो र दोहोरिने कामहरूमा एआईको प्रयोगले पत्रकारहरूलाई थप रचनात्मक खोजमा लाग्न समय प्रदान गरेको छ।

एआईका केही गम्भीर नकारात्मक पक्षहरूलाई पनि विश्लेषण गर्न जरुरी छ। एआईले कहिलेकाहीँ पूर्णतया गलत वा ' कन्फिडेन्ट्ली रङ' (आत्मविश्वासका साथ गलत) सूचनाहरू उत्पन्न गर्छ, जसले सार्वजनिक विश्वासलाई कमजोर बनाउँछ। समाचार संस्थाहरूको सामग्रीलाई अनुमति बिना एआई मोडेलहरू तालिम दिन प्रयोग गरिनुले कानूनी विवाद निम्त्याएको छ। एआई प्रणालीहरू इन्टरनेटको डेटामा आधारित हुने भएकाले यसले समाजमा विद्यमान जातीय, लैंगिक र भाषिक पूर्वाग्रहहरूलाई नै दोहोऱ्याउने र बढावा दिने खतरा रहन्छ।

एआईलाई कसरी परिभाषित गर्ने भन्नेमै विश्वभर एकरुपता छैन। नीति निर्माताहरूका लागि सबैभन्दा ठूलो चुनौती भनेको प्रविधिको तीव्र विकाससँग तालमेल मिलाउन सक्ने लचिलो र स्पष्ट कानून बनाउनु हो। तर, विश्वका धेरैजसो मुलुकहरूले यसको सदुपयोग र दुरुपयोगका बारेमा स्पष्ट नीति बनाउन सकिरहेका छैनन्।

धेरैजसो पाठकहरूले एआईद्वारा निर्मित र मानवद्वारा निर्मित सामग्रीबीचको भिन्नता छुट्याउन सक्दैनन्। समाचार कक्षहरूले केवल एआई प्रयोग गरेको कुरा मात्र सार्वजनिक गरेर पुग्दैन, बरु पत्रकारिताको प्रक्रिया र मानवीय भूमिका बारे पनि स्पष्ट पार्नु पर्ने जरुरी हुन्छ। पाठकहरूले समाचारको 'गुणस्तर'लाई बढी महत्व दिन्छन्, चाहे त्यो एआईले बनाएको होस् वा मानिसले।

एआईको लाभलाई अधिकतम बनाउन र हानी न्यूनीकरण गर्न बहुपक्षीय सहकार्यमा जोड दिन जरुरी छ। नीति निर्माता, प्रविधि कम्पनी, प्रकाशक र नागरिक समाजबीचको समन्वयले मात्र एउटा सन्तुलित वातावरण निर्माण गर्न सक्छ। यसमा विशेषगरी सीमान्तकृत भाषाहरू र अल्पविकसित देशहरूको सन्दर्भलाई पनि ध्यान दिन आवश्यक देखिन्छ।

एआई पत्रकारिताको भविष्य त हो, तर यसको प्रयोगमा उत्तरदायित्व, मानवीय निरीक्षण र पारदर्शिता अनिवार्य छ। प्रविधिको विकासले लोकतान्त्रिक मूल्य, स्वतन्त्र प्रेस र नागरिकको गोपनीयताको अधिकारलाई कुण्ठित गर्नु हुँदैन।

## एआई र मानव बुद्धि

आर्टिफिसियल इन्टेलिजेन्स र मानव बुद्धिबीचको सबैभन्दा ठूलो भिन्नता चेतना, अनुभव र भावनामा निहित छ। मानव बुद्धि जैविक प्रक्रियाको उपज हो, जसले वर्षौंको सामाजिक अनुभव, गल्ती र भावनाबाट सिक्छ। मानिसले कुनै पनि निर्णय लिँदा केवल तर्क मात्र होइन; बरु नैतिकता, करुणा र परिस्थितिको गाम्भीर्यलाई पनि बुझ्दछ।

अर्को तर्फ, कृत्रिम बुद्धि केवल गणितीय तथ्याङ्क र 'एल्गोरिदम' मा आधारित हुन्छ। यससँग आफ्नै कुनै मौलिक विचार वा चेतना हुँदैन। यसले त केवल आफूलाई दिइएको विशाल डेटाबाट ढाँचाहरू पहिचान गरेर नतिजा निकाल्ने काम मात्र गर्दछ।

एआईलाई मानव वशमा राख्नका लागि सबैभन्दा पहिले 'मानवीय निरीक्षण' अनिवार्य बनाउनु पर्छ। यसको अर्थ हो, एआईले जस्तोसुकै उन्नत नतिजा निकाले पनि अन्तिम निर्णय गर्ने र त्यसको जिम्मेवारी लिने अधिकार सधैं मानिससँगै हुनु पर्छ। अन्तिम निर्णयकर्ता मानव स्वयम् हुनु पर्छ। किनभने, मानवसँग संवेदना हुन्छ, एआईसँग हुँदैन।

*(केही सन्दर्भ सामग्रीहरू अन्तर्राष्ट्रिय जर्नलहरूबाट)*

# सामाजिक सञ्जाल र आमसञ्चारका माध्यमहरू
# संकट, सहअस्तित्व र अवसर



● गोपाल काफ्ले

विश्वभरको सञ्चार प्रणालीमा यतिबेला फराकिलो परिवर्तन आएको छ। डिजिटल प्रविधिको तीव्र विकाससँगै विशेषत: सामाजिक सञ्जालको व्यापकताले सूचना उत्पादन, वितरण र उपभोगको स्वरूपमा आमूल परिवर्तन भएको छ। विश्व मानचित्रमा सानो भूगोल देखिने नेपाल पनि यस प्रवाहबाट अलग छैन। नेपालको संविधान-२०७२ ले प्रत्याभूत गरेको सूचनाको हकको उपभोग गर्दै सूचना प्रविधिको प्रयोगमा पनि अगाडि रहेको नेपालमा फेसबूक, युट्युब, टिकटक जस्ता सोसल मिडिया प्लेटफर्महरू पनि समाचार उपभोग गर्ने माध्यम बन्न थालेका छन्। यस परिप्रेक्ष्यमा हेर्दा वर्षौंदेखि सञ्चालनमा रहेका आमसञ्चार माध्यमहरू पत्रपत्रिका, रेडियो, टेलिभिजन र अनलाइन न्यूज पोर्टलहरूले एकातिर अभूतपूर्व चुनौतीको सामना गरिरहेका छन् भने अर्कोतिर नयाँ अवसरहरू पनि खोजिरहेको अवस्था छ।

### आमसञ्चार माध्यममाथि उत्पन्न संकटहरू :

सामाजिक सञ्जालको विस्तारसँगै परम्परागत आमसञ्चारका माध्यमहरू पत्रपत्रिका, रेडियो, टेलिभिजन र अनलाइन न्यूज पोर्टलहरूको सबैभन्दा ठूलो संकट आर्थिक पक्षमा देखिएको छ। मिडियाको प्रमुख आम्दानीको स्रोत विज्ञापन अहिले डिजिटल प्लेटफर्म तर्फ सर्दै गएको पाइन्छ। सन् २०२३ मा विश्वप्रसिद्ध संस्था रोयटर्स इन्स्टिच्युटले गरेको एक अध्ययनले विज्ञापन बजारमा गुगल र फेसबूक जस्ता डिजिटल कम्पनीहरूको वर्चश्व बढ्दै जाँदा परम्परागत मिडियाको हिस्सा खुम्चिएको देखाएको थियो।

यस्तै, Reuters Institute Digital News Report का अनुसार 'विश्वका धेरै देशहरूमा समाचार उपभोग गर्ने मुख्य माध्यम नै सामाजिक सञ्जाल बन्न थालेको छ। विशेषगरी युवा पुस्ताले परम्परागत मिडियाभन्दा सामाजिक सञ्जाललाई प्राथमिकता दिन थालेका छन्। यसले मिडियाको दर्शक र पाठक आधार खुम्चिँदै गएको देखाउँछ।'

Pew Research Center को अध्ययनले भनेको छ : 'समाचार संस्थाहरूको विज्ञापन आम्दानी निरन्तर घट्दो क्रममा छ, जबकि डिजिटल कम्पनीहरूको आम्दानी तीव्र रूपमा बढिरहेको छ। यसले मिडिया संस्थाहरूलाई आर्थिक संकटमा धकेलेको छ। पत्रपत्रिका बन्द हुने, पत्रकार कटौती हुने र गुणस्तरीय सामग्री उत्पादनमा कमी आउने जस्ता परिणाम देखिएका छन्।'

आज नेपालमा पनि यही अवस्थाको सिर्जना भइसकेको छ। ठूला व्यावसायिक घरानाहरूले प्रिन्ट वा टेलिभिजन वा रेडियो वा अनलाइन न्यूज पोर्टलमा भन्दा सामाजिक सञ्जालमा विज्ञापन गर्न प्राथमिकता दिन थालेका छन्। आमसञ्चार माध्यमको आम्दानीको मुख्य हिस्सा नै डिजिटल मिडिया तर्फ डाइभर्ट भएपछि सयौं मिडिया बन्द भएका छन् भने कतिपयले चाहिं दु:खजिलो गरी सञ्चालन गरिरहेका छन्।

दोस्रो, समाचारको उपभोग शैलीमा आएको परिवर्तनले पनि परम्परागत मिडियालाई दबाब दिएको देखिन्छ। नयाँ पुस्ता छोटो, दृश्यप्रधान र छिटो उपभोग गर्न मिल्ने सामग्री तर्फ आकर्षित छ। यसले गहिरो अनुसन्धान र विश्लेषणमा आधारित सामग्री उत्पादन गर्ने परम्परागत मिडियालाई प्रतिस्पर्धामा कमजोर बनाएको छ।

अर्को कुरा, सामाजिक सञ्जालमा सूचना प्रकाशन गर्न कुनै स्पष्ट सम्पादकीय मापदण्ड चाहिँदैन। यसकारण भ्रामक सूचना (Misinformation) र गलत सूचना (Disinformation) व्यापक रूपमा फैलिने गरेका छन्। यसले पाठक र दर्शकलाई भ्रमित मात्र बनाउँदैन, परम्परागत मिडियाप्रति समेत अविश्वास सिर्जना गरिरहेको पाइन्छ। नेपालमा विभिन्न प्राकृतिक विपद्, राजनीतिक घटनाक्रम वा स्वास्थ्य संकटका समयमा सामाजिक सञ्जालमा फैलिएका अपुष्ट सूचनाले जनमानसमा अन्योल सिर्जना गरेका उदाहरण प्रशस्तै छन्। यसैले सूचना वा सन्देशमा विश्वसनीयताको संकट पनि उत्तिकै गम्भीर बन्दै गएको छ।

सामाजिक सञ्जालले समुदायमा सिर्जना गरेको सबैभन्दा ठूलो चुनौती भनेको misinformation र disinformation नै हो। समाचारको आधारभूत सिद्धान्त सत्य, तथ्य, यथार्थ कुरा नबुझी जोसुकैले पनि सजिलै सूचना प्रकाशन प्रसारण गर्न सक्ने भएकाले सत्य जानकारी र असत्य दुष्प्रचार छुट्याउन गाह्रो भएको छ।

अर्को कुरा, सामाजिक सञ्जालले समाचारलाई 'तात्कालिक' बनाएको छ। यसकारण पहिलो हुनु पर्ने दबाब मिडियामाथि पनि आइलागेको छ। परम्परागत मिडियालाई छिटो समाचार दिन बाध्य बनाएको अवस्थामा तथ्य जाँच fact-checking कमजोर हुँदै गएको अवस्था छ। परम्परागत मिडियाको मानक भनेको गहिरो विश्लेषण, अनुसन्धान र सन्तुलित प्रस्तुति हो। तर, अहिले 'ब्रेकिङ न्यूज'को दौडमा त्यो गुण कमजोर हुँदै गएको छ। यसले मिडियाको पहिचानमै संकट ल्याउने खतरा पनि बढाएको छ।

सामाजिक सञ्जाल प्लेटफर्महरू बनियचष्तजm द्वारा सञ्चालित हुन्छन्। प्रयोगकर्ताले के हेर्ने भन्ने कुरा एल्गोरिदमले निर्धारण गर्छ। यसले Echo-Chamber प्रभाव सिर्जना गर्छ; जहाँ प्रयोगकर्ताले आफ्नै विचारसँग मिल्ने सामग्री मात्र देख्न पाउँछ। यसकारणले हरेक व्यक्ति-व्यक्तिबीच समानता र असमानता सिर्जना गर्छ। ईको-च्याम्बरले समाजमा ध्रुवीकरण बढाउँछ र मिडियाको सन्तुलित भूमिकालाई कमजोर बनाइरहेको पाइन्छ।

यी सबै अवस्थाहरूले परम्परागत मिडियाको भूमिकालाई झन् महत्वपूर्ण बनाउनु पर्ने हो। तर विडम्बना– धेरै मानिसले सामाजिक सञ्जालमै देखिएको

सूचनालाई छिटो विश्वास गर्ने प्रवृत्ति बढेको छ। यसले मिडियाको उपभोग कमजोर बनाएको छ र भ्रामक सामग्रीहरूको भ्यूज बढिरहेको पाइन्छ। यसको व्यापक फैलावटले लोकतन्त्र, गणतन्त्र जस्ता राजनीतिक स्वतन्त्रता मात्र होइन; सामाजिक सद्भावमै असर पार्ने जोखिम देखिएको छ।

## सामाजिक सञ्जाल : चुनौतीसँगै अवसर पनि

सामाजिक सञ्जाललाई केवल संकटको स्रोतका रूपमा मात्र हेर्नु अधुरो विश्लेषण हुने छ। वास्तवमा, यसले परम्परागत मिडियालाई विभिन्न तवरबाट नयाँ-नयाँ अवसरहरूको ढोका पनि खोलिदिएको छ।

पहिलो, वितरणको लोकतान्त्रिकरण हुनु सामाजिक सञ्जालको सबैभन्दा ठूलो योगदान हो। सानो लगानीमा सञ्चालित मिडियाहरूले आफ्ना सामग्रीलाई विश्वव्यापी पहुँच दिन सामाजिक सञ्जालबाटै सम्भव भएको छ। साना हुन् वा ठूला, जुनसुकै अनलाइन न्यूज पोर्टल वा टीभी वा रेडियो नै किन नहुन्, सामाजिक सञ्जाल मार्फत् आफ्ना सामग्रीहरूलाई विश्वव्यापी पहुँच दिलाएका छन्। नेपालका केही अनलाइन न्यूज पोर्टलहरूले फेसबूक लाइभ गरेर होस् वा युट्युब मार्फत स्थानीय समाचारलाई राष्ट्रिय र अन्तर्राष्ट्रिय दर्शकसम्म पुऱ्याइरहेका छन्। हिजो नजिकको विषयवस्तु भएमा मात्र समाचारले सार्थकता पाउँछ भन्ने हाम्रो बुझाइ आज परिवर्तन भइसकेको छ। केही सय मानिसले मन पराएर हेरेको, लाइक वा कमेन्ट गरेको सामग्री फेसबूकको एल्गोरिदमले नै हजारौंको पहुँचमा पुर्‍याइदिने भएकाले यो पक्ष पनि सकारात्मक नै देखिन्छ।

दोस्रो, हामीले पढ्दा वा पढाउँदा आमसञ्चार माध्यमको विशेषता भनेको एकतर्फी सञ्चार एवम् तत्काल प्रतिक्रिया नपाइने साधनका रुपमा बुझ्यौं, बुझायौं। तर, आज मिडिया कन्टेन्टहरू सामाजिक सञ्जालमा राखेपछि तत्काल फीडब्याक आउने र अन्तरक्रिया भइरहने कार्य मिडियाका लागि महत्वपूर्ण उपकरण बनेको छ। पाठक र दर्शकको प्रतिक्रिया तत्काल प्राप्त हुँदा सामग्री सुधार गर्न र जनचासो पहिचान गर्न सहज भएको छ। यो प्रक्रिया परम्परागत 'एकतर्फी' सञ्चारलाई 'अन्तरक्रियात्मक' बनाउने दिशामा महत्वपूर्ण कदम हो।

तेस्रो, नागरिक पत्रकारिता (Civic Journalism) को विकासले सूचना संकलनको दायरा फराकिलो बनाएको छ। घटनास्थलमा उपस्थित सर्वसाधारणले भिडियो, फोटो वा प्रत्यक्ष विवरण सामाजिक सञ्जाल मार्फत सार्वजनिक गर्दा मिडियाले त्यसलाई स्रोतका रूपमा प्रयोग गर्न पाएका कैयन् उदाहरण छन्। नेपालमा गएको २०७२ सालको ठूलो भूकम्प होस् वा पछिल्ला वर्षहरूमा भइरहेका बाढी-पहिरोका घटना र जन-धनको क्षतिहरूका बारेमा नागरिकद्वारा संकलित सामग्रीले मिडियालाई महत्वपूर्ण सहयोग गरिरहेको देखिन्छ।

चौथो, कम लागतमा प्रवर्द्धन गर्ने अवसर पनि सामाजिक सञ्जालले दिएको छ। साना मिडिया संस्थाहरूका लागि महंगा विज्ञापन अभियान चलाउनु सम्भव हुने अवस्था छैन। यसका लागि सामाजिक सञ्जाल प्रभावकारी विकल्प बनेको छ। एकातिर, विज्ञापन जति सामाजिक सञ्जालले लगिदियो, हामीले सञ्चारमाध्यममा प्रकाशन गर्न पाएनौं भन्ने ठूलो गुनासो पालेका छौं भने अर्कातिर, यिनै सञ्जालको सहायताले हाम्रा मिडियाको पनि प्रवर्द्धन गर्न पाइरहेको बिर्सन हुँदैन।

## सहअस्तित्वको आवश्यकता :

सामाजिक सञ्जाल र परम्परागत मिडियाबीचको सम्बन्धलाई 'प्रतिस्पर्धा' मात्र होइन, सहअस्तित्वको दृष्टिकोणबाट बुझ्नु पनि आवश्यक छ। परम्परागत मिडियाको मुख्य शक्ति यसको सम्पादकीय विश्वसनीयता, तथ्य जाँच प्रक्रिया र व्यावसायिक पत्रकारिता हो। सामाजिक सञ्जालको शक्ति भनेको गति, पहुँच र अन्तरक्रिया हो। यी दुईबीचको समन्वयले नै समग्र सञ्चार प्रणालीलाई सुदृढ बनाउन सक्छ।

उदाहरणका लागि, नेपालका आम सञ्चारमाध्यमहरूले आफ्ना समाचार सामग्री सामाजिक सञ्जाल मार्फत व्यापक रूपमा वितरण गर्दै आएका छन्। तर, उनीहरूले सामग्री उत्पादनको क्रममा पत्रकारिताका आधारभूत मापदण्डहरू, स्रोतको पुष्टि, समाचारको सन्तुलन र वस्तुगत तथ्यलाई कायम राखेर नै सञ्जाल मार्फत प्रवाह गरेका छन्। यसले सामाजिक सञ्जालको व्यापक पहुँच र परम्परागत मिडियाको विश्वसनीय समाचार सामग्रीका बीच सन्तुलन कायम गर्ने प्रयास देखाउँछ।

## नियमन र नीतिगत चुनौती :

सामाजिक सञ्जालको प्रभावकारी उपयोगका लागि नीतिगत र नियामक संरचना पनि आवश्यक छ। नेपालमा सामाजिक सञ्जाल सम्बन्धी स्पष्ट नीति निर्माणको प्रयास गरेको जस्तो त देखिन्छ; तर कार्यान्वयनमा लैजान ढिलाइ भइसकेको अवस्था छ। भ्रामक सूचना नियन्त्रण, डिजिटल साक्षरता अभिवृद्धि र मिडिया तथा सञ्चारकर्मीले आचार-संहिताको पालनाका लागि राज्य, मिडिया संस्था र प्रयोगकर्ता सबैको साझा जिम्मेवारी आवश्यक देखिन्छ।

युनेस्कोले पनि सन् २०२२ मा सार्वजनिक गरेको एक प्रतिवेदनमा 'Information disorder' नियन्त्रणका लागि बहुपक्षीय सहकार्य आवश्यक रहेको औंल्याएको थियो। यसले सामाजिक सञ्जाल र परम्परागत मिडियाबीच सहकार्यको आवश्यकता थप प्रष्ट पार्छ।

## निष्कर्ष :

सामाजिक सञ्जालको उदयले परम्परागत मिडियालाई चुनौती दिएको यथार्थलाई नकार्न सकिँदैन। तर, यसलाई केवल संकटको रूपमा चित्रित गर्नु एकपक्षीय दृष्टिकोण हुने छ। सामाजिक सञ्जालले मिडियालाई नयाँ अवसरहरू पनि प्रदान गरेको छ। वितरणको विस्तार, पाठकसँगको अन्तरक्रिया, नयाँ स्रोतको पहिचान र कम लागतमा प्रवर्द्धन जस्ता पक्षलाई आमसञ्चार माध्यमका सञ्चालकहरूले बिर्सन हुँदैन। नेपाल जस्तो विकासोन्मुख देशमा, जहाँ सूचना पहुँच अझै असमान छ, सामाजिक सञ्जाल र परम्परागत मिडियाबीचको सहकार्यले सूचना लोकतान्त्रिकरणमा महत्वपूर्ण योगदान पुर्‍याउन सक्छ।

त्यसैले, आजको आवश्यकता प्रतिस्पर्धाभन्दा पनि सहअस्तित्व र सहकार्यको रणनीति विकास गर्नु हो। सूचनाको भीडमा सत्यलाई पहिचान गराउने जिम्मेवारी अझै पनि मिडियाकै हो। तर, अब त्यो जिम्मेवारी पूरा गर्न पुरानो ढाँचा मात्र पर्याप्त छैन; नयाँ सोच, नयाँ प्रविधि र नयाँ प्रतिबद्धता आवश्यक छ।

अतः विश्वसनीय, सन्तुलित र उत्तरदायी पत्रकारिता कायम राख्दै सामाजिक सञ्जालको शक्ति उपयोग गर्न सकियो भने, वर्तमान संकटलाई अवसरमा रूपान्तरण गर्न सकिनेमा दुईमत छैन। यद्यपि आजको नेपाली समाज न्यूज पोर्टल र फेसबूक पेज छुट्याउन असमर्थ हुँदा मिसइन्फरमेशन र डिसइन्फरमेशनको शिकार बनिरहन बाध्य छ। यसको अन्त्यका लागि मिडिया साक्षरता मार्फत मात्र सम्भव देखिन्छ। सरोकारवालाले यस तर्फ ध्यान दिन आवश्यक भइसकेको छ। ❖

*(सम्पादक : साझामञ्च डट कम)*



# मोबाइल पत्रकारिता

## पत्रकारिताको रूपान्तरण, अवसर र चुनौति



• तिलक योञ्जन तामाङ

नेपालको पत्रकारिताको इतिहास लामो र संघर्षपूर्ण छ। प्रजातन्त्र, लोकतन्त्र र अभिव्यक्ति स्वतन्त्रताको यात्रासँगै विकसित भएको नेपाली मिडिया आज डिजिटल युगको तीव्र परिवर्तनसँग जुधिरहेको छ। विशेषगरी पछिल्ला दशकमा प्रविधिको विकास, स्मार्टफोनको व्यापक प्रयोग र सामाजिक सञ्जालको विस्तारले पत्रकारिताको स्वरूप नै बदलिदिएको छ। यही परिवर्तनको केन्द्रमा मोबाइल पत्रकारिता (Mobile Journalism–MoJo) रहेको छ, जसले समाचार उत्पादन, प्रकाशन र वितरणसँगै र सञ्चारमाध्यमको आम्दानीको परम्परागत ढाँचालाई पूर्ण रूपमा नयाँ दिशा तर्फ मोडेको छ।

मोबाइल पत्रकारिता भन्नाले स्मार्टफोन वा मोबाइल उपकरण प्रयोग गरेर समाचार संकलन, भिडियो-फोटो खिच्ने, सम्पादन गर्ने र तुरुन्तै प्रकाशन गर्ने अभ्यासलाई जनाउँछ। विश्वव्यापी रूपमा यो अभ्यास सन् २०१० पछि फैलिन थालेको देखिन्छ। नेपालमा भने यसको प्रभाव विशेषगरी २०७० सालपछि सामाजिक सञ्जालको विस्तारसँगै देखिन थालेको मानिन्छ। शुरुमा यो केवल सहायक उपकरणको रूपमा प्रयोग भए पनि अहिले पछिल्ला केही वर्ष यता यो पत्रकारिताको एक मुख्य माध्यमको रूपमा स्थापित हुँदै गएको पाइन्छ। ग्रामीण क्षेत्रदेखि शहरी केन्द्रसम्म पत्रकारहरूले भारी उपकरणको सट्टा मोबाइलमै निर्भर भएर रिपोर्टिङ गर्ने अवस्था बनेको छ।

नेपालजस्तो भौगोलिक विविधता र कठिन पहुँच भएको देशमा 'मोबाइल जर्नालिज्म'ले विशेष महत्व राख्छ। दुर्गम गाउँ, पहाडी क्षेत्र वा विपद् प्रभावित स्थानबाट तत्काल सूचना सम्प्रेषण गर्न मोबाइल पत्रकारिता अत्यन्त उपयोगी बनेको छ। पहिले कुनै घटना रिपोर्ट गर्न घण्टौं लाग्थ्यो भने अहिले घटनास्थलबाटै अनलाइन समाचार, लाइभ भिडियो वा छोटो क्लिप मार्फत तत्काल सूचना सार्वजनिक गर्न सकिने अवस्था आएको छ। यसले नागरिकलाई सूचना पहुँचमा समेत सहजता प्रदान गरेको छ।

डिजिटल पत्रकारिताको विस्तारसँगै आर्थिक पक्षमा पनि परिवर्तन आएको छ। पहिले पत्रकारिता मुख्य रूपमा जागिर र तलबमा आधारित पेशा थियो भने अहिले यो डिजिटल अर्थतन्त्रसँग जोडिएको छ। युट्युब, फेसबुक, टिकटक जस्ता प्लेटफर्महरूले कन्टेन्ट क्रिएटरलाई प्रत्यक्ष आम्दानी गर्ने अवसर दिएका छन्। नेपालमा पनि धेरै पत्रकार,

भिडियो क्रिएटर र स्वतन्त्र रिपोर्टरहरू डिजिटल प्लेटफर्म मार्फत आयआर्जन गर्न थालेका छन् । युट्युबमा विज्ञापन, फेसबूक विज्ञापन, टिकटक लाइभ गिफ्ट, ब्राण्ड स्पोन्सरशिप, वेभसाइट विज्ञापन जस्ता माध्यमबाट आम्दानी सम्भव भएको छ ।

डिजिटल कन्टेन्टबाट पैसा कमाउने प्रक्रिया अब स्पष्ट ढाँचामा विकसित भएको छ । तर, त्यसका लागि सर्वप्रथम गुणस्तरीय र नियमित कन्टेन्ट उत्पादन आवश्यक हुन्छ । दर्शकको ध्यान आकर्षित गर्ने उपयोगी, जानकारीमूलक वा मनोरञ्जनात्मक सामग्री उत्पादन गर्न सके मात्र प्लेटफर्ममा दर्शक बढ्छन् । त्यसपछि सब्सक्राइबर, भ्यूज र एङ्गेजमेन्ट बढ्दै जाँदा प्लेटफर्मले मनिटाइजेशन सुविधा उपलब्ध गराउँछ ।

उदाहरणका लागिः युट्युबमा निश्चित सब्सक्राइबर संख्या र वाच आवर (हेरिएको अवधि) पूरा भएपछि विज्ञापन देखाएर आम्दानी शुरु हुन्छ । फेसबूक र अन्य प्लेटफर्ममा पनि समान नीति लागू गरिएको छ । यसपछि ब्राण्डहरूले स्पोन्सरशिपका लागि सम्पर्क गर्ने, उत्पादन प्रचार गर्ने वा अफिलिएट लिंक मार्फत बिक्रीबाट कमिशन प्राप्त गर्ने अवसरहरू सिर्जना हुन्छन् ।

तर, नेपालमा डिजिटल पत्रकारिता र ' मोबाइल जर्नालिज्म'को विस्तारसँगै केही गम्भीर चुनौतिहरू पनि देखिएका छन् । सबैभन्दा ठूलो समस्या गलत सूचना र अफवाहको तीव्र फैलावट हो । सामाजिक सञ्जालमा तथ्य जाँच नगरी सामग्री सार्वजनिक गर्ने प्रवृत्तिले पत्रकारिताको विश्वसनीयतामा प्रश्न उठाएको छ । कतिपय अवस्थामा क्लिकबेट शीर्षक प्रयोग गरेर दर्शक आकर्षित गर्ने अभ्यासले पत्रकारिताको मूल नैतिक मूल्य कमजोर बनाइरहेको छ । दृश्य वा भ्यूज बढाउने होडमा संवेदनशील विषयलाई अतिरञ्जित गर्ने, आधा सत्य प्रस्तुत गर्ने वा गलत व्याख्या गर्ने प्रवृत्ति पनि देखिन्छ ।

नेपालको छापा मिडियामा 'मोबाइल जर्नालिज्म' र डिजिटल पत्रकारिताले गहिरो असर पारेको छ । पहिले पत्रपत्रिका समाचारको मुख्य स्रोत थिए भने अहिले अधिकांश पाठक अनलाइन समाचार र सामाजिक सञ्जाल तर्फ आकर्षित भएका छन् । यसको परिणामस्वरूप छापा मिडियाको बिक्री घट्दै गएको छ र विज्ञापन राजश्व पनि डिजिटल प्लेटफर्म तर्फ सरेको छ । पुराना पत्रपत्रिका तथा मिडियाहरूले आफ्नो अनलाइन संस्करणलाई प्राथमिकता दिन थालेका छन् । यद्यपि छापा मिडिया पूर्ण रूपमा समाप्त भएको छैन, विशेषगरी गहिरो विश्लेषणात्मक पत्रकारिता, अनुसन्धानमूलक रिपोर्टिङ र आधिकारिक दस्तावेजका रूपमा यसको महत्व अझै कायम छ ।




मोबाइल पत्रकारिताको अर्को महत्वपूर्ण पक्ष यसको सहजता हो । नेपालजस्तो देशमा जहाँ पत्रकारिताका स्रोत-साधन सबै ठाउँमा समान रूपमा उपलब्ध छैनन्, त्यहाँ 'मोबाइल जर्नालिज्म'ले समान अवसर प्रदान गरेको छ । एक सामान्य स्मार्टफोन र इन्टरनेटको पहुँच भएमा कुनै पनि व्यक्ति रिपोर्टिङ गर्न सक्षम हुन्छ । यसले पत्रकारितालाई लोकतान्त्रिक बनाएको छ । तर, यही लोकतान्त्रिकीकरणले गुणस्तरमा चुनौति पनि ल्याएको छ, उत्पादन तथा प्रसारण गरिएका सबै सामग्री व्यावसायिक मापदण्ड अनुसार तयार नहुनु यसको मुख्य चुनौति हो ।

नेपालमा 'मोबाइल जर्नालिज्म' र डिजिटल पत्रकारिताको भविष्य निकै सम्भावनायुक्त देखिन्छ । इन्टरनेट विस्तार, नेटवर्क प्रविधिको विकास र कृत्रिम बौद्धिकता (एआई)को प्रयोगले पत्रकारितालाई अझ सहज र प्रभावकारी बनाउन सक्दछ । अब पत्रकारहरूले भिडियो सम्पादन, स्क्रिप्ट लेखन र डेटा विश्लेषण जस्ता कामहरू पनि मोबाइलमै गर्न सक्ने अवस्था विकसित भइरहेछ । यसले पत्रकारितालाई अझ छिटो र डेटा-आधारित बनाउने छ । तर, भविष्यसँगै जिम्मेवारी पनि बढेको छ । डिजिटल प्लेटफर्ममा समाचार वा कन्टेन्ट प्रकाशित गर्नु अघि सत्यता जाँच, स्रोत पुष्टि र नैतिक मापदण्डको पालन अनिवार्य बन्नु

> ***नेपालजस्तो देशमा जहाँ पत्रकारिताका स्रोत-साधन सबै ठाउँमा समान रूपमा उपलब्ध छैनन्, त्यहाँ ' मोबाइल जर्नालिज्म'ले समान अवसर प्रदान गरेको छ । एक सामान्य स्मार्टफोन र इन्टरनेटको पहुँच भएमा कुनै पनि व्यक्ति रिपोर्टिङ गर्न सक्षम हुन्छ । यसले पत्रकारितालाई लोकतान्त्रिक बनाएको छ ।***

पर्छ । यदि यी कुराहरूमा लापरवाही भयो भने पत्रकारिताको विश्वसनीयता कमजोर हुँदै जाने छ ।

'मोबाइल जर्नालिज्म'ले नेपाली पत्रकारितालाई नयाँ युगमा प्रवेश गराएको छ । यसले समाचार उत्पादनलाई सरल, छिटो र सुलभ बनाएको छ भने डिजिटल कन्टेन्ट उत्पादनले नयाँ आम्दानीका ढोका खोलेको छ । तर यससँगै चुनौति, विकृति र जिम्मेवारी पनि उत्तिकै बढेको छ । सही दिशामा प्रयोग गर्न सकिएमा 'मोबाइल जर्नालिज्म' र डिजिटल पत्रकारिता नेपालको मिडिया क्षेत्रलाई अझ सशक्त, प्रभावकारी र आर्थिक रूपमा सबल बनाउन सक्ने महत्वपूर्ण माध्यम बन्न सक्छ । ❖

*(सहसचिव : नेपाल पत्रकार महासंघ झापा)*

# झापाली पत्रकारको सहारा
# पत्रकार सहारा उपचार कोष



● विनिशा शर्मा

भनिन्छ- समाजको हरेक कुनामा सूर्यको किरण पुग्न सक्दैन, तर त्यहाँ पत्रकारको कलम पुग्छ । पत्रकारिता केवल एउटा पेशा मात्र होइन, यो एउटा यात्रा हो; जहाँ हरेक दिन नयाँ चुनौती र नयाँ सिकाइ हुन्छ । पत्रकारिता समाजको यस्तो ऐना हो, जसले लुकेका वा लुकाउन खोजिएका बेथितिहरूलाई उदाङ्गो पारिदिन्छ र समाजलाई सचेत बनाउँछ ।

समाजका विकृति विसंगति विरुद्ध औंला उठाउने र नागरिकलाई सुसूचित गराउने पत्रकारहरू आफैं भने सधैं असुरक्षित र जोखिमपूर्ण अवस्थामा काम गरिरहेका हुन्छन् । पछिल्लो समय आर्थिक संकटले धराशायी बन्दै गएका सञ्चारमाध्यमहरूले पारिश्रमिक दिन नसक्नु, रोजगारीको अनिश्चितता र कार्यक्षेत्रमा हुने सम्भावित दुर्घटना वा स्वास्थ्य समस्याका बेला पत्रकारहरूले ठूलो आर्थिक संकट झेल्नु पर्ने तीतो यथार्थ हाम्रो सामु छ ।

यही मर्मलाई आत्मसात गर्दै नेपाल पत्रकार महासंघ झापा जिल्ला शाखाले आफ्ना सदस्यहरूको सामाजिक सुरक्षा र स्वास्थ्य उपचारमा टेवा पुऱ्याउने उद्देश्यका साथ 'पत्रकार सहारा उपचार कोष' को स्थापना गरेको हो । श्रमजीवी पत्रकारको सामाजिक सुरक्षाका लागि शुरुवात गरिएको उपचार कोषको कारण झापा आज नेपालकै पत्रकारिता क्षेत्रमा एक उदाहरणीय र गौरवपूर्ण नमूना शाखाको चर्चा बटुल्न सफल बनेको छ ।

## कोषको स्थापना र ऐतिहासिक विकासक्रम

पत्रकार सहारा उपचार कोषको स्थापनाको जग सहारा नेपाल बचत तथा ऋण सहकारी संस्था लिमिटेडको सहकार्यबाट शुरु भएको हो । २०७३ साल पुस १३ गते सहारा नेपाल साकोसको ५ लाख र महासंघको ४ लाख गरी कूल ९ लाख रुपैयाँको बीउ-पूँजीबाट यसको विधिवत शुरुवात भएको थियो ।

पत्रकारहरूको दैनिकी नजिकैबाट नियालिरहेका र साह्रोगाह्रोमा निरन्तर साथ सहयोग गर्दै आएका सञ्चार क्षेत्रलाई राम्रोसँग बुझेका सहारा नेपाल साकोसका तत्कालीन कार्यकारी निर्देशक महेन्द्रकुमार गिरीको विशेष सल्लाह, सुझाव र हौसला रहेको थियो ।

तत्कालीन अध्यक्ष भीम नेम्बाङ, उपाध्यक्ष तारामणि सापकोटा र सचिव (हालका अध्यक्ष) एकराज गिरीको सक्रियताले यसलाई संस्थागत स्वरूप र दिगो उपलब्धिको मार्ग दियो । २०७३ सालको निर्वाचनपछि महासंघको जिम्मेवारी तारामणि सापकोटाको नेतृत्वमा पुग्यो । सापकोटा कार्यकालको पहिलो बैठकले नै तत्कालीन उपाध्यक्ष एकराज गिरीलाई कोषको संयोजक चयन गरी कोष वृद्धिको जिम्मेवारी दियो । ९ लाख रुपैयाँबाट शुरु भएको अभियान त्यस कार्यकालमा ३५ लाख रुपैयाँ संकलन गर्दै कोषको रकम ४४ लाख पुऱ्याउन सफल भयो ।

वि.स.२०७७ चैत २५ गते एकराज गिरीको नेतृत्वमा नयाँ कार्यसमिति निर्वाचित भएपछि कोषलाई मुख्य प्राथमिकतामा राख्यो । कोष वृद्धि अभियान सञ्चालन गरी २०८१ साल बैशाख ३ गते नेपालका प्रथम राष्ट्रपति डा. रामवरण यादवको प्रमुख आतिथ्यमा आयोजित विशेष समारोहका बीच अध्यक्ष एकराज गिरीले कोषको रकम १ करोड ११ लाख ११ हजार १ सय ११ रुपैयाँ पुगेको घोषणा गर्नुभएको थियो । त्यस अवसरमा सबै दाताहरूलाई कोषको संस्थापक घोषणा गर्दै सम्मान गरियो । कोषमा झापाका १६२ जना पत्रकारले समेत जनही न्यूनतम ३ हजारमाथि रकम योगदान गरेका छन् ।

हालसम्म यस कोषमा १ करोड २० लाख ५१ हजार रुपैयाँ जम्मा भइसकेको छ । नेपाल पत्रकार महासंघको जिल्ला शाखाहरूमध्ये सबैभन्दा ठूलो उपचार कोष हो । यस कोषबाट कोषको सावाँ रकम खर्च नगरी त्यसबाट प्राप्त हुने ब्याजबाट मात्र पत्रकारहरूलाई सेवा-सुविधा उपलब्ध गराउने नीतिगत व्यवस्था गरिएको छ ।

पत्रकार सहारा उपचार कोष केवल एउटा कोष मात्र नभएर झापाको पत्रकार एकताको प्रतीक बनेको छ । दाताहरूको यो निरन्तरको सहयोगले पत्रकारहरूलाई कार्यक्षेत्रमा थप निर्धक्क भएर कलम चलाउने हौसला प्रदान गरेको छ ।

सहारा नेपाल बचत तथा ऋण सहकारी संस्था यस कोषको मुख्य संरक्षक रहेको यस कोषमा विभिन्न बैंक, सहकारी संस्था र स्थानीय निकायहरूले पनि संस्थागत रूपमा ठूलो रकम प्रदान गरेका छन् । धेरैजसो व्यापारीहरू, सामाजिक अभियन्ताहरू, पत्रकारहरूले आफ्ना दिवङ्गत आफन्तको स्मृतिमा वा आफ्नो जन्म दिन, विवाह उत्सव जस्ता अवसर पारेर कोषमा रकम जम्मा गर्ने गरेका छन् ।

## कोषको महत्व

पत्रकारिता आफैंमा एउटा जोखिमपूर्ण र अनिश्चितताले भरिएको पेशा हो । प्रतिपक्षको भूमिकामा रहेर राज्यलाई खबरदारी गर्ने पत्रकारहरू आर्थिक रूपमा असुरक्षित हुँदा त्यसको असर समाचारको गुणस्तर र स्वतन्त्रतामा पर्न सक्छ । कोषको उद्देश्य पत्रकारहरू कार्यक्षेत्रमा रहँदा वा व्यक्तिगत जीवनमा गम्भीर बिरामी वा दुर्घटनामा पर्दा आर्थिक अभावकै कारण उपचारबाट वञ्चित हुन नपरोस्

भन्ने हो । उपचारको अभावमा कसैको ज्यान नजाओस् । निर्धक्क र सुरक्षित भएर काम गर्ने वातावरण निर्माण गर्नका लागि यो कोषको अत्यन्तै महत्व रहेको छ ।

## कोषका कार्यविधि र सुविधा

कोषको सञ्चालनका लागि स्पष्ट कार्यविधि बनाइएको छ, जुन महासंघको साधारणसभाबाट पारित भएको हो । कार्यविधिमा घाइते र रोगीको वर्गीकरण सहित कुन अवस्थामा कति सहयोग पाउने भन्ने स्पष्ट व्यवस्था छ । सावाँ रकम खर्च नगरी त्यसको ब्याजबाट मात्र उपचार गरिने भएकाले यो कोष दीर्घकालीन र दिगो छ । कार्यविधिमा तोकिएभन्दा बढी सुविधा दिनु पर्ने परिस्थिति आइपरेमा महासंघका अन्य आन्तरिक स्रोतहरू परिचालन गरिने व्यवस्था समेत गरिएको छ ।

पत्रकार सहारा उपचार कोषले विभिन्न ११ वटा शीर्षकमा आर्थिक सहयोग उपलब्ध गराउँदै आएको छ । घाइते वा सिकिस्त बिरामी पत्रकारको उपचार, सदस्य पत्रकारको मृत्यु भएमा आश्रित परिवारलाई, मृत्यु संस्कार (मरिमराउ) खर्च, कोही नभएका पत्रकारको काजकिरिया खर्च, आर्थिक अवस्था कमजोर वा लामो समय सेवा गरी अवकाश लिएकालाई, सुत्केरी वा गर्भवती महिला पत्रकारलाई, परिवारको सदस्यको मृत्यु भएमा (समवेदना-पत्र सहित), बिरामी भेटघाटमा पौष्टिक आहार (उपचार खर्च दिनु नपर्ने अवस्थामा), पत्रकारको श्रीमती वा सन्तानलाई गम्भीर रोग लागेमा, गैरसदस्य तर जिल्लामा क्रियाशील पत्रकारलाई गम्भीर रोग लागेमा, अन्य जिल्लाका पत्रकार झापामा दुर्घटनामा परेमा आर्थिक सहयोग उपलब्ध गराउने गरिएको छ ।

## ज्येष्ठ पत्रकार वृत्ति

यसका साथै ६५ वर्ष माथिका ज्येष्ठ पत्रकारहरूलाई औषधि सेवन तथा पौष्टिक आहारका लागि वार्षिक रूपमा एकमुष्ट १५,००० र ७५ वर्ष माथिका ज्येष्ठ पत्रकारहरूलाई २०,००० रुपैयाँ उपलब्ध गराउने विशेष व्यवस्था गरिएको छ । हाल १३ जनाले नियमित यो सुविधा प्राप्त गरिरहनु भएको छ ।

## सामाजिक प्रभाव र महत्व

यो कोष केवल आर्थिक सहयोगको माध्यम मात्र होइन, यसले पत्रकारहरू माझ एक किसिमको भावनात्मक सुरक्षा र एकताको सन्देश दिएको छ ।

## आर्थिक संकटमा राहत

दुर्घटनामा पर्दा वा अचानक गम्भीर बिरामी हुँदा हातमा रकम नभएर उपचारबाट वञ्चित हुनु पर्ने अवस्थाको अन्त्य भएको छ ।

## पत्रकारितामा निरन्तरता

सामाजिक सुरक्षाको प्रत्याभूति भएपछि नयाँ पुस्ताका पत्रकारहरूलाई यस पेशामा टिकिरहन प्रोत्साहन मिलेको छ ।

## मानवीय संवेदनशीलता

सुत्केरी स्याहारदेखि मृत्यु संस्कारसम्म र ज्येष्ठ पत्रकारको सम्मानदेखि गैरसदस्य सञ्चारकर्मीको उपचारसम्म समेटेर यसले महासंघको अभिभावकीय भूमिकालाई प्रष्ट पारेको छ ।

## सहकार्यको नमूना

सरकारी निकाय, गैरसरकारी संस्था, उद्यमी, व्यवसायी र स्वयम पत्रकारहरूको सहयोगबाट निर्माण भएको यो कोषले सामूहिक प्रयासबाट असम्भव केही छैन भन्ने पुष्टि गरेको छ ।

नेपाल पत्रकार महासंघको झापा जिल्ला शाखाले स्थापना गरेको 'पत्रकार सहारा उपचार कोष' आज नेपालकै गौरवको विषय बनेको छ । झापाली पत्रकारहरूले आफ्नै पौरख र दाताहरूको सद्भावबाट खडा गरेको यो सवा करोडको अक्षयकोषले श्रमजीवी पत्रकारको जीवनमा आइपर्ने स्वास्थ्य संकटमा बलियो सहारा दिएको छ ।

यो अभियानलाई अझ प्रभावकारी बनाउन र यसको लाभ वास्तविक पीडितसम्म पुऱ्याउन महासंघको झापा शाखाले गरिरहेको कार्य प्रशंसनीय छ । यसले देशभरिका अन्य शाखाहरूलाई पनि आफ्ना सदस्यहरूको हितमा यस्तै रचनात्मक र दिगो कार्य गर्न प्रेरित गरेको छ । वास्तवमै, पत्रकार सहारा उपचार कोष झापाको पत्रकारिता इतिहासमा एक स्वर्ण अक्षरले लेखिने अध्याय हो । ❖

*(उपाध्यक्ष : नेपाल पत्रकार महासंघ झापा)*

**पत्रकार सहारा उपचार कोषबाट सहयोग (उपचार, सरहे, परिवार राहत) पाउने पत्रकारको नामावली (२०८१।०९।०९ देखि २०८२।१२।३० सम्म)**

| क्र.सं. | नाम | रकम | कै. |
|---|---|---|---|
| १ | गोविन्दचन्द्र छेत्री | ४५००० | शल्यक्रिया |
| २ | तारामणि सापकोटा | २५००० | शल्यक्रिया |
| ३ | विष्णुप्रसाद पौडेल | २०००० | शल्यक्रिया |
| ४ | लेखनाथ शिवाकोटी परदेशी | २०००० | शल्यक्रिया |
| ५ | सुरज श्रेष्ठ | १५००० | शल्यक्रिया |
| ६ | गगन ढकाल | २०००० | शल्यक्रिया |
| ७ | अर्जुन भण्डारी | २०००० | शल्यक्रिया |
| ८ | सञ्जु शिवाकोटी | २५००० | सुत्केरी राहत |
| ९ | रणध्वज लोहार (सुनसरी) | १५००० | गम्भीर बिरामी |
| १० | लक्ष्मी लुइँटेल | २५००० | शल्यक्रिया |
| ११ | भीमा शिवाकोटी | ११००० | सरहे |
| १२ | सेसेहाङ फियाक | ११००० | सरहे |
| १३ | मुक्तिनाथ पौडेल | ११००० | सरहे |

# झापा मोडल : पत्रकार-पेन्सन



● गोपाल गिरी

### भूमिका

समाजको चेतना निर्माण, लोकतन्त्रको सुदृढीकरण र जनमत निर्माणमा महत्वपूर्ण भूमिका निर्वाह गर्दै सत्य, निष्पक्षता र जनहितका लागि निरन्तर खटिने पत्रकारहरू जीवनको उत्तरार्धमा पुगेपछि भने प्रायः आर्थिक, स्वास्थ्य तथा सामाजिक असुरक्षाको सामना गर्न बाध्य हुने अवस्था देखिन्छ। नेपाली पत्रकारिता क्षेत्रमा 'श्रमजीवी पत्रकार' को परिभाषा केवल समाचार संकलन र सम्प्रेषणमा मात्र सीमित छैन, यो पेशागत असुरक्षा र आर्थिक अभावको पर्याय जस्तै बनेको छ। यस्तो अवस्थामा झापाका पत्रकारहरूको छाता संस्था- नेपाल पत्रकार महासङ्घ, झापा जिल्ला शाखाले राज्यको मुख नताकी आफ्नै सक्रियतामा स्थापना गरेको ' पत्रकार सहारा उपचार कोष' एउटा ठूलो भरोसाको केन्द्र बनेको छ।

१ करोड २१ लाख ५० हजार रुपैयाँभन्दा बढीको यो अक्षयकोषले केवल उपचार मात्र होइन, जीवनको उत्तरार्धमा रहेका ज्येष्ठ पत्रकारहरूका लागि सरकारले कर्मचारीहरूलाई दिने निवृत्तिभरण (पेन्सन) जस्तै सम्मानजनक सुविधा शुरु गरेर देशकै लागि एउटा उदाहरणीय मार्गचित्र कोरेको छ। त्यसो त पत्रकार सहारा उपचार कोषको ब्याजबाट पत्रकारहरू दुर्घटनामा पर्दा, जटिल रोगबाट बिरामी हुँदा तथा महिला पत्रकार सुत्केरी हुँदा उपचार खर्च दिइँदै आएको छ। महासङ्घका सदस्यको मृत्यु भएमा परिवारलाई १ लाख रुपैयाँ हस्तान्तरण गर्न थालिएको छ। त्यस्तै, सदस्यका एका घरका परिवारमा मरिमराउ भए सरहेस्वरुप ११ हजार रुपैयाँ समेत प्रदान गरिन्छ।

### ज्येष्ठ पत्रकारलाई औषधोपचार खर्च : एक नौलो सम्मान

झापा शाखाको यो कोषको सबैभन्दा सबल र मानवीय पक्ष भनेको ६५ वर्ष उमेर नाघेका ज्येष्ठ पत्रकारहरूलाई प्रदान गरिने वार्षिक औषधोपचार खर्च हो। नेपालमा पत्रकारिता गरेर अवकाश पाएपछि जीविकोपार्जन र स्वास्थ्योपचारका लागि छट्पटाउनु पर्ने तीतो यथार्थका बीच यो सुविधाले ठूलो राहत दिएको छ। कोष मार्फत दिइने ज्येष्ठ भत्ता केवल आर्थिक सहयोग मात्रै नभई सम्मानको प्रतीक पनि हो। वर्षौंसम्म समाजको सेवा गरेका पत्रकारहरूको योगदानलाई कदर गर्दै उनीहरूलाई जीवनको उत्तरार्धमा न्यूनतम आर्थिक सुरक्षा प्रदान गर्नु यसको मूल मर्म हो।

कोषको कार्यविधि अनुसार, ६५ वर्षदेखि ७९ वर्षसम्मका ज्येष्ठ पत्रकारलाई वार्षिक १५ हजार रुपैयाँ र ८० वर्ष नाघेका पत्रकारलाई वार्षिक २० हजार रुपैयाँ औषधोपचार खर्चका रूपमा प्रदान गरिन्छ। जसअनुसार पहिलो वर्ष झापाका १९ जना ज्येष्ठ पत्रकारले सो विधि अनुसार औषधोपचार खर्च प्राप्त गरे भने २०८२ सालमा १३ जनाले औषधोपचार खर्च पाएका छन्। झापाका ऊर्जाशाली सिद्धहस्त पत्रकार मोहन काजीले आफ्नो लोकतन्त्र  पोस्ट- मा यो खर्चलाई 'पत्रकारलाई वार्षिक पेन्सन' भनेर लेख्नुभएको छ। वास्तवमा पत्रकारहरूका लागि स्थापित यो कोषलाई पेन्सनको प्रारम्भिक स्वरूपका रूपमा हेरिएको छ। यसले लामो समय समाजलाई सुसूचित गराउन खटिएका पुराना पुस्ताका पत्रकारहरूको आत्मसम्मान मात्र बढाएको छैन, उनीहरूलाई सम्मानपूर्वक जिउने आत्मबल पनि बढाएको छ।

### कोषको प्रभाव र सामाजिक सन्देश

"हामीले दुःख गरेर पत्रकारिता गऱ्यौं, अहिलेका साथीहरूले हाम्रो सुरक्षाको चिन्ता गरिदिएको देख्दा खुशी लाग्छ"- अग्रज पत्रकार गोविन्दचन्द्र छेत्री भन्नुहुन्छ- "महासंघले घरमै आएर औषधोपचार खर्च दिँदा रकमभन्दा पनि हाम्रो कामको कदर भएको महसुस भयो। यो सम्मान हो, यसले बाँच्ने ऊर्जा थपेको छ।" कोषको प्रभाव केवल आर्थिक सहयोगमा मात्र सीमित छैन, यसले पत्रकारिता क्षेत्रमा निम्न सकारात्मक परिवर्तनहरू ल्याएको छ–




*१. पेशागत सुरक्षाको अनुभूति :*

दुर्घटना वा गम्भीर बिरामी पर्दा उपचारका लागि चन्दा उठाउनु पर्ने वा कसैको अगाडि हात फैलाउनु पर्ने बाध्यतालाई यसले धेरै हदसम्म अन्त्य गरेको छ। यसले पत्रकारहरूलाई लगभग ढुक्क भएर कलम चलाउने वातावरण सिर्जना गरेको छ।

**२०८२ सालमा 'ज्येष्ठ पत्रकार वृत्ति' (पेन्सन) प्राप्त गर्ने ६५ वर्षमाथिका पत्रकारहरूको विवरण**

| क्र.सं. | नाम | रकम | उमेर |
|---|---|---|---|
| १ | गोविन्दचन्द्र छेत्री | २०००० | ८२ |
| २ | चिन्तामणि दाहाल | १५००० | ७४ |
| ३ | शिरो सान्दाइ खतिवडा | १५००० | ७३ |
| ४ | केशव आचार्य | १५००० | ७२ |
| ५ | गञ्जबहादुर दाहाल | १५००० | ७१ |
| ६ | विष्णुकुमार भट्टराई | १५००० | ७७ |
| ७ | लक्ष्मी लुइँटेल | १५००० | ७० |
| ८ | चन्द्र भण्डारी | १५००० | ६९ |
| ९ | लक्ष्मण ढकाल | १५००० | ६९ |
| १० | लेखनाथ शिवाकोटी परदेशी | १५००० | ६८ |
| ११ | चूडामणि वशिष्ठ | १५००० | ६८ |
| १२ | लीला बराल | १५००० | ६७ |
| १३ | गोपाल गिरी | १५००० | ६७ |

***२. पत्रकारिताप्रति आकर्षण :***

अक्षयकोषले नयाँ पुस्तालाई पत्रकारितामा लाग्न प्रेरणा मिलेको छ। पत्रकारहरूमा पेशाप्रतिको मोह र जिम्मेवारी बढेको छ। किनकि भविष्यमा पनि सम्मान र सहयोगको ग्यारेन्टीले उनीहरूलाई आफ्नो कर्म गर्न प्रेरित गरिरहन्छ।

***३. दिगोपन र आत्मनिर्भरता :***

अक्षयकोषको ब्याजबाट मात्र सहयोग उपलब्ध गराइने हुनाले यो योजना दिगो छ। राज्यको अनुदान वा वैदेशिक सहयोग कुरेर बस्ने प्रवृत्तिको सट्टा आफैले रकम संकलन गरेर कोष बनाउनु आत्मनिर्भरताको उत्कृष्ट नमूना भएको छ।

***४. पुस्तान्तरण र सम्मानको संस्कार विकास :***

ज्येष्ठ पत्रकारहरूको योगदानलाई संस्थागत रुपमा सम्मान गर्ने अभ्यास स्थापित भएको छ। ज्येष्ठ पत्रकारलाई घरमै पुगेर वा सार्वजनिक कार्यक्रममा सम्मान सहित सुविधा दिँदा नयाँ पुस्तामा अग्रजहरूप्रति गर्नु पर्ने सम्मान र संस्कार अभिवृद्धि भएको छ। नयाँ पुस्ताका पत्रकारमा यसकारण पनि सम्मान संस्कारको बढोत्तरी भएको छ।

***५. साझेदारीको शक्ति र सामाजिक सुरक्षा विस्तार :***

'सहारा नेपाल' जस्ता सहकारी संस्था र स्थानीय दाताहरूसँगको समन्वयले समाजका अन्य क्षेत्रलाई पनि पत्रकारिताको संवेदनशीलता बुझ्न र सहयोग गर्न प्रेरित गरेको छ। सरकारी प्रणाली बाहिर पनि सामाजिक सुरक्षाको अवधारणा सुदृढ भएको छ।

**चुनौती र सुधारका पक्षहरू :**

यद्यपि यो कोष अत्यन्त सराहनीय छ, तथापि यसको दिगो व्यवस्थापनका लागि केही चुनौतीहरू पनि छन्-

कोषको आर्थिक स्रोतलाई वृद्धि गर्दै लैजानु, लाभग्राहीहरूको पारदर्शी छनोट र उपचार खर्चको लागि वैज्ञानिक वितरण प्रणाली, महासंघको सदस्यता नलिएका तर क्रियाशील पत्रकारलाई समेट्नु, भत्ताको रकमलाई समयानुकूल वृद्धि गर्नु र राज्य तथा स्थानीय तहसँग सहकार्य विस्तार गर्नु।

यी पक्षहरूमा सुधार गर्दै लगिएमा कोष अझ प्रभावकारी बन्न सक्छ।

**निष्कर्ष :**

झापाले शुरु गरेको यो 'सहारा' अभियान अहिले कोशी प्रदेश हुँदै देशभरि नै चर्चा र सिकोको विषय बनेको छ। पत्रकारहरू केवल सूचनाका संवाहक मात्र होइनन्, उनीहरू पनि सामाजिक सुरक्षाका हकदार हुन् भन्ने कुरा यसले प्रमाणित गरेको छ। यदि हरेक जिल्ला वा प्रदेशले झापाको यो 'उपचार कोष' मोडललाई अनुशरण गर्ने हो भने, नेपाली पत्रकारिताको भविष्य अझ सुरक्षित र मर्यादित बन्ने निश्चित छ। ज्येष्ठ पत्रकारहरूलाई पेन्सन जस्तो भत्ता उपलब्ध गराउने यो अभ्यास अन्य जिल्लाहरूका लागि पनि अनुकरणीय बन्न सक्छ। त्यस दिशामा झापाको यो प्रयास साँच्चै प्रशंसनीय र प्रेरणादायी छ।

नेपालमा पत्रकारितालाई अझै पनि 'मिसन' र 'सेवा' का रूपमा हेरिन्छ, तर यसमा संलग्न जनशक्तिको 'सुरक्षा' लाई सधैं ओझेलमा पारिँदै आएको छ।

यस्तो पृष्ठभूमिमा झापा जिल्ला शाखाले खडा गरेको 'पत्रकार सहारा उपचार कोष' केवल एउटा आर्थिक कोष मात्र होइन, यो श्रमजीवी पत्रकारहरूको आत्मसम्मान र भरोसाको बलियो खम्बा हो। राज्यले गर्नु पर्ने सामाजिक सुरक्षाको काम एउटा जिल्ला शाखाले आफ्नै बुतामा सफलतापूर्वक सम्पन्न गरेर देखाउनु गौरवको कुरा हो।

विशेषगरी, जीवनको ऊर्जाशील समय समाजलाई सुसूचित गराउन खर्चिएका ज्येष्ठ पत्रकारहरूलाई 'पेन्सन'स्वरूप औषधोपचार खर्च प्रदान गर्ने यो कार्यले पत्रकारितामा एउटा नयाँ र मानवीय संस्कृतिको विकास गरेको छ।

झापाको यो 'सहारा मोडल'लाई देशभरका अन्य जिल्ला र प्रदेशहरूले पनि अनुशरण गर्न सकेमा नेपाली पत्रकारिता क्षेत्र अझ मर्यादित, सुरक्षित र आकर्षणको केन्द्र बन्ने निश्चित छ। यो अभियानले सिकाएको पाठ प्रष्ट छ– 'जब पत्रकार सुरक्षित हुन्छन्, तब मात्र स्वतन्त्र र निष्पक्ष पत्रकारिता सम्भव हुन्छ।' ❖

*(सम्पादक : नागरिक एफएम)*

नेपाल पत्रकार महासंघ झापा शाखाको यो पहल केवल आर्थिक सहयोगमा सीमित छैन । यसले महिला पत्रकारप्रति संस्थाको उत्तरदायित्व र सम्मान स्पष्ट रूपमा देखाएको छ । यस्तो कार्यले महिला पत्रकारलाई पेशामा निरन्तर लागिरहनका लागि प्रेरणा दिने गरेको छ ।



# पत्रकार महिलालाई सुत्केरी सुविधा

## महासंघ झापाद्वारा आत्मबल बढाउने कार्य



● सञ्जु शिवाकोटी

सुत्केरी अवस्था कुनै पनि महिलाका लागि अत्यन्त संवेदनशील र चुनौतिपूर्ण समय हो । शारीरिक थकानसँगै मानसिक दबाब र आर्थिक व्यवस्थापनको चिन्ता यस अवधिमा स्वाभाविक रूपमा जोडिन्छ । म स्वयम् आमा बनेपछि यो यथार्थ झन् गहिरोसँग महसूस गरें । अझ पत्रकारिता जस्तो पेशामा रहेका महिलाका लागि यो समय अझ कठिन हुन सक्छ ।

न्यून तलब, त्यहीमाथि समयमै तलब नपाउनु महिला पत्रकारहरूको ठूलो समस्या बनेको छ । तलब ढिलो हुनु भनेको केवल आर्थिक समस्या मात्र होइन, मानसिक तनावको कारण पनि हो । यही संवेदनशीलतालाई बुझ्दै नेपाल पत्रकार महासंघ झापा शाखाले सुत्केरी भएका महिला पत्रकारलाई आर्थिक सहयोग प्रदान गर्दै आएको छ ।

महासंघले दुई सन्तानसम्मका आमालाई लक्षित गर्दै २५ हजार रुपैयाँ सहयोग दिने व्यवस्था गरेको छ । २५ हजार रुपैयाँ ठूलो नदेखिए पनि सुत्केरी अवस्थाको संवेदनशील समयमा यसको महत्व निकै ठूलो हुने रहेछ । औषधि, पोषण, हेरचाह र अन्य आवश्यक खर्च व्यवस्थापनमा यसले केही भए पनि सहजता ल्याउने रहेछ ।

बच्चा जन्मिएर अस्पतालमै रहेको बेला महासंघ झापा शाखाका अध्यक्ष एकराज गिरीबाट आएको फोन मेरो लागि विशेष क्षण बनेको थियो । स्वास्थ्य अवस्था बुझ्दै, "बधाई छ, कागजात तयार गरेर बुझाउनुहोला" भन्ने उहाँको सरल तर आत्मीय शब्दले मनमा छुट्टै खुशी जगायो । त्यसरी फोन आउँछ भन्ने पनि लागेको थिएन । त्यो केवल औपचारिक जानकारी थिएन, संस्थाले आफ्ना सदस्यप्रति देखाएको माया, जिम्मेवारी र सद्भावको अनुभूति थियो । सुत्केरी अवस्थाको थकान र जिम्मेवारीबीच यस्तो आत्मीयता पाउनु आफैंमा ठूलो कुरा हो भन्ने लाग्यो ।

हालसम्म महासंघ झापा शाखाबाट पाँच जना महिला पत्रकारले यो सुविधा प्राप्त गरेका रहेछौं। मातृत्व र पेशागत जिम्मेवारीलाई सँगसँगै सम्हाल्नु सहज विषय होइन रहेछ । आजको दिनमा पत्रकारिता पेशा त्यही माथि महिलाको लागिअझै चुनौतीपूर्ण छ । पेशा अनि पारिवारिक जिम्मेवारी निर्वाह गर्नुपर्ने अवस्थामा यस्तो सहयोगले महिला पत्रकारलाई आत्मबल दिएको छ । भावनात्मक र व्यावहारिक प्रभाव देखाएको छ ।

नेपाल पत्रकार महासंघ झापा शाखाको यो पहल केवल आर्थिक सहयोगमा सीमित छैन । यसले महिला पत्रकारप्रति संस्थाको उत्तरदायित्व र सम्मान स्पष्ट रूपमा देखाएको छ । यस्तो कार्यले महिला पत्रकारलाई पेशामा निरन्तर लागिरहनका लागि प्रेरणा दिने गरेको छ ।

आजको आवश्यकता भनेको यस्ता पहलहरू अझ विस्तार हुनु हो, ताकि महिला पत्रकारहरूले सुरक्षित र सम्मानजनक वातावरणमा आफ्नो पेशागत यात्रालाई निरन्तरता दिन सकून् । सुत्केरी अवस्थाजस्तो संवेदनशील समयमा गरिएको सानो सहयोगले पनि ठूलो आत्मबल दिन सक्छ भन्ने सन्देश यसले दिएको छ । यस अर्थमा, नेपाल पत्रकार महासंघ झापा शाखाको यो कदम महिला पत्रकारप्रति सम्मान र सहकार्यको उदाहरणीय अभ्यासका रूपमा स्थापित हुँदै गएको छ भन्दा फरक नपर्ला ।

# सबल संस्थागत यात्रामा नेपाल पत्रकार महासंघ झापा



● रश्मिशेखर सुवेदी

लोकतन्त्रको स्वास्थ्य मापन गर्ने एउटा प्रमुख सूचक हो– स्वतन्त्र, जिम्मेवार र पेशागत पत्रकारिता । नेपालको लोकतान्त्रिक यात्रामा पत्रकारिताले निर्वाह गरेको भूमिका केवल सूचना सम्प्रेषणमा मात्र सीमित छैन; यो समाजको चेतना, उत्तरदायित्व र शासन प्रणालीको पारदर्शितासँग प्रत्यक्ष जोडिएको छ । विशेषतः मोफसल पत्रकारिता – जहाँ स्रोत, पहुँच र संरचनागत सुविधा सीमित हुन्छन्; त्यसले अझ ठूलो जिम्मेवारी वहन गरिरहेको छ । यसै सन्दर्भमा नेपाल पत्रकार महासंघ झापा शाखाले पत्रकारिताको विकास, संस्थागत सुदृढीकरण र पत्रकारहरूको क्षमता अभिवृद्धिमा खेलेको भूमिका अध्ययनयोग्य र अनुकरणीय देखिन्छ ।

झापा जिल्ला पूर्वी नेपालको एक महत्वपूर्ण सामाजिक-राजनीतिक केन्द्रको रूपमा स्थापित छ । यहाँको पत्रकारिता इतिहास पनि निकै समृद्ध छ । स्थानीय स्तरबाट शुरु भएका साना प्रकाशनहरूदेखि डिजिटल मिडियासम्मको विस्तारले झापाली पत्रकारिताले समयसँगै आफूलाई अद्यावधिक गर्दै आएको प्रमाणित गर्छ । तर, यो यात्रा सहज भने कहिल्यै थिएन । आर्थिक अभाव, राजनीतिक दबाव, प्रविधिको कमी र पेशागत असुरक्षा जस्ता चुनौतीहरूबीच पत्रकारहरूले आफ्नो धर्म निभाउँदै आएका हुन् ।

नेपाल पत्रकार महासंघ झापाले यिनै चुनौतीहरूलाई सम्बोधन गर्दै संस्थागत विकासको स्पष्ट मार्गचित्र बनाएको छ । महासंघको भौतिक पूर्वाधार विस्तार, कार्यालय व्यवस्थापन, सूचना-प्रविधिको प्रयोग र अभिलेख व्यवस्थापनमा देखिएको प्रगति उल्लेखनीय छ । व्यवस्थित कार्यालय, अभिलेख प्रणाली र डिजिटल अभिगम्यताले न केवल महासंघको कार्यक्षमता बढाएको छ, यसले पत्रकारहरूमा पेशागत आत्मविश्वास पनि अभिवृद्धि गरेको छ ।

संस्थागत विकासको अर्को महत्वपूर्ण आयाम हो– सदस्यहरूको क्षमता अभिवृद्धि । झापा शाखाले नियमित रूपमा पत्रकारिता तालिम, कार्यशाला, अन्तरक्रिया तथा मिडिया एथिक्स सम्बन्धी कार्यक्रम सञ्चालन गर्दै आएको छ । नयाँ पुस्ताका पत्रकारहरूलाई डिजिटल पत्रकारिता, तथ्य परीक्षण, अनुसन्धानात्मक रिपोर्टिङ र डेटा पत्रकारितामा दक्ष बनाउने प्रयास सराहनीय छ । यसले सीप विकास मात्र होइन, पत्रकारितामा व्यावसायिकता र उत्तरदायित्वको संस्कार समेत निर्माण गरिरहेको छ । साथै, पत्रकारहरूलाई अनुशासित र जिम्मेवार बन्न निरन्तर सन्देश प्रवाह गरिरहेको छ । यद्यपि, जिम्मेवारीबोध कति सुदृढ भएको छ भन्ने विषय भने आत्ममूल्याङ्कनको दायरामा नै पर्छ ।

विशेष रूपमा उल्लेखनीय कार्यक्रम हो– “पत्रकार सहारा उपचार कोष” । एक करोड २० लाख रुपैयाँभन्दा बढीको कोष स्थापना गरिएको यस पहलले पत्रकारहरूको सामाजिक सुरक्षामा महत्वपूर्ण योगदान पुऱ्याएको छ । पत्रकारहरू प्रायः असुरक्षित वातावरणमा काम गर्छन्, जहाँ स्वास्थ्य बीमा र सामाजिक सुरक्षा जस्ता सुविधा सीमित हुन्छन् । यस्तो अवस्थामा यो कोषले आपतकालीन स्वास्थ्य सहयोग प्रदान गर्दै आएको छ । साथै, ६५ वर्ष उमेर पुगेका अग्रज पत्रकारहरूलाई वार्षिक भत्ता प्रदान गर्ने कार्यले संस्थाको सामाजिक उत्तरदायित्वलाई थप मजबुत बनाएको छ । यसले आर्थिक सहयोग मात्र होइन, पत्रकारहरूमा संस्थाप्रति भरोसा र आत्मीयता पनि बढाएको छ ।

तर, यस्ता प्रयासहरूबीच केही चुनौतीहरू पनि विद्यमान छन् । कोषको दिगो व्यवस्थापन, पारदर्शिता र पहुँच विस्तारमा अझ स्पष्ट नीति र कडाइका साथ सुधार आवश्यक देखिन्छ । सबै पत्रकारहरूलाई समेट्ने गरी पहुँच विस्तार गर्नु, नियमित अडिट र सार्वजनिक प्रतिवेदन मार्फत पारदर्शिता सुनिश्चित गर्नु अपरिहार्य छ । साथै, दीर्घकालीन रूपमा स्वास्थ्य बीमा प्रणालीसँग सहकार्य गर्ने दिशामा समेत पहल गर्न सकिन्छ ।

झापा शाखाले अनुसन्धानात्मक पत्रकारितालाई पनि प्रोत्साहन दिएको देखिन्छ । भ्रष्टाचार, सार्वजनिक सेवा प्रवाह र स्थानीय सरकारको कार्यसम्पादन जस्ता विषयमा खोजमूलक रिपोर्टिङले समाजमा सकारात्मक दबाब सिर्जना गरेको छ । यस्ता प्रयासहरूले पत्रकारितालाई केवल सूचना दिने माध्यमबाट परिवर्तनको संवाहकको रूपमा रूपान्तरण गर्न सहयोग पुऱ्याएका छन् ।

यद्यपि, मोफसल पत्रकारितामा अझै पनि विज्ञापन बजारको सीमितता, सञ्चारमाध्यमको आर्थिक दिगोपन र राजनीतिक प्रभावजस्ता चुनौतीहरू कायम छन् । पत्रकारहरूको न्यून पारिश्रमिक, अस्थायी नियुक्ति र पेशागत असुरक्षाले गुणस्तरीय पत्रकारितामा असर पार्ने खतरा रहन्छ । यस सन्दर्भमा महासंघले नीति निर्माण तहमा अझ सशक्त दबाब सिर्जना गर्दै श्रम अधिकार, न्यूनतम पारिश्रमिक र सामाजिक सुरक्षाको सुनिश्चितताका लागि अग्रसर हुनुपर्ने आवश्यकता देखिन्छ ।

अर्कोतर्फ, डिजिटल युगमा सूचना प्रवाहको तीव्रता र ‘फेक न्यूज’ को बढ्दो जोखिमले पत्रकारितामा नयाँ चुनौती थपेको छ । यसलाई सामना गर्न तथ्य परीक्षण, स्रोत प्रमाणीकरण र नैतिक पत्रकारिताको अभ्यासलाई अझ सुदृढ गर्न आवश्यक छ । झापा शाखाले यस दिशामा गरेका प्रयासहरू सकारात्मक छन्, तर यसलाई अझ व्यापक बनाउँदै लैजानुपर्ने आवश्यकता छ । क्यामेरा र मोबाइल बोकी युट्युब र सामाजिक सञ्जाल मार्फत

भ्रम फैलाउने र स्वघोषित पत्रकार बन्नेहरूलाई पत्रकारिताले कसरी हेर्ने र राज्यले के गर्ने भन्ने विषय अहिले गम्भीर छ । जसको कारण सही सूचना जनसमक्ष पुग्न गाह्रो भइरहेको छ । यसले नागरिकमा भ्रम सिर्जना गरिरहेको छ । यस तर्फ गम्भीर भएर सोच्न आवश्यक छ । र, कतिपय पत्रकारको बिल्ला भिरेर विचलन तर्फ लागेकाहरूलाई कसरी व्यवस्थित गर्ने भन्ने सवाल पनि निकै चुनौतीपूर्ण छ ।

अन्ततः नेपाल पत्रकार महासंघ झापा शाखाको यात्रा केवल यसको विकासको कथा मात्र होइन; यो मोफसल पत्रकारिताको संघर्ष, समर्पण र सम्भावनाको प्रतिविम्ब हो । यी भौतिक संरचना, संस्थागत सुदृढीकरण, क्षमता अभिवृद्धि कार्यक्रम र सामाजिक सुरक्षाका पहलहरूले यस शाखालाई नेपालमै एक उदाहरणीय संस्थाको रूपमा उभ्याएको छ । यो झापाका पूर्वज, अग्रज र वर्तमान पत्रकारहरूकै योगदान, संघर्ष र सोचको परिणाम हो ।

अबको चुनौती भनेको यी उपलब्धिहरूलाई दिगो बनाउँदै अझ समावेशी, पारदर्शी र उत्तरदायी संस्थागत संरचना निर्माण गर्नु हो । पत्रकारिता केवल पेशा मात्र होइन, समाजसेवा पनि हो र मूलतः यो लोकतन्त्रको मेरुदण्ड हो । जब पत्रकार सुरक्षित, सक्षम र जिम्मेवार हुन्छन्–त्यसबेला मात्र समाज सुसूचित, सशक्त र लोकतान्त्रिक बन्छ ।

नेपाल पत्रकार महासंघ झापा शाखाको अनुभव र अभ्यासलाई अन्य जिल्लाहरूले पनि अनुकरण गर्दै देशव्यापी रूपमा पत्रकारिताको स्तर उकास्न योगदान गर्न सकून् ! ❖

*(प्रदेश परिषद् सदस्य : नेपाल पत्रकार महासंघ झापा)*



# 'बोर्डर' पत्रकारिता
# आरोप, अभाव र जोखिम



• मुक्ति पौडेल

पूर्वी क्षितिजबाट उदय हुने सूर्यको पहिलो किरणले जब देशलाई स्पर्श गर्छ, त्यही उज्यालोसँगै नेपालको एउटा संवेदनशील ढोका पनि ब्यूँझन्छ– झापाको मेचीनगर ।

मेची नदीको बहावले नेपाल र इण्डियाबीच दुई देशको भूगोल मात्र छुट्याउँदैन; यसले राजनीति, व्यापार, सुरक्षा र सामाजिक सम्बन्धहरूको जटिल कथा पनि भनिरहेको हुन्छ । यही कथाको बीचमा उभिएको काँकरभिट्टा– जहाँ नेपाल र इण्डियाको सीमारेखा केवल नक्सामा होइन, हरेक दिनको जीवनशैली, अर्थतन्त्र र मनोविज्ञानमा पनि महसूस गरिन्छ । यही ठाउँमा उभिएर सत्य लेख्नु, सूचना संकलन गर्नु र सार्वजनिक हितका सवाल उठाउनु - बाहिरबाट जति सजिलो देखिन्छ, भित्रभित्रै त्यति नै जोखिम, दबाब र अपमानको भारी बोकेको पेशा हो ।

### आक्षेपको बोझ

मेचीनगरमा सक्रिय पत्रकारहरूको संख्या धेरै ठूलो छैन, तर उनीहरूले बोक्नु पर्ने जिम्मेवारी भारी छ । विडम्बना के छ भने, उनीहरूको सबैभन्दा ठूलो संघर्ष खबरको खोजीमा हुने जोखिम मात्र होइन, समाजले लगाउने आरोपको बोझ पनि हो । 'बोर्डरका पत्रकार त मालामाल हुन्छन्' भन्ने एकप्रकारको पूर्वाग्रह यहाँको पत्रकारितामाथि टाँसिएको स्थायी लेबल जस्तै बनेको छ । यो भनाइ केवल हल्का मजाक होइन, यसले एउटा इमानदार पत्रकारको चरित्र र निष्ठामाथि सीधा प्रश्न उठाउँछ । यथार्थ भने बिल्कुलै फरक छ– सीमावर्ती क्षेत्रमा पत्रकारिता गरेर जीवन धान्नु नै कठिन छ । विज्ञापनको अभाव, न्यून पारिश्रमिक र अस्थिर आयले यहाँका पत्रकारहरू आर्थिक संकटसँग जुधिरहेका छन् । यस्तो अवस्थामा 'मालामाल'को आरोप बोकेर खाली खल्तीमा राष्ट्रको आवाज उठाउनु – यो विवशता मात्र होइन, अदम्य साहसको उदाहरण पनि हो ।

सीमा क्षेत्रको पत्रकारितामा अर्को गम्भीर विरोधाभास देखिन्छ – स्थानीय पत्रकारप्रतिको उपेक्षा र बाहिरबाट आउने पत्रकारप्रतिको विशेष व्यवहार । बाहिरबाट 'भ्रमण' वा 'रिपोर्टिङ'का नाममा आउने पत्रकारहरूलाई भने सहज पहुँच, सौहार्दपूर्ण व्यवहार र प्रशासनिक सहयोग उपलब्ध हुन्छ । जसले स्थानीय पत्रकारहरूलाई दोहोरो पीडा दिन्छ – एकातिर पेशागत चुनौती, अर्कोतिर आफ्नै भूमिमा उपेक्षित भएको अनुभूति ।

यहाँका पत्रकारहरूले वर्षौंदेखि भोगेका समस्या, संकलन गरेका तथ्य र उठाएका प्रश्नहरू प्रायः जवाफदेहीहरूको नजरमा 'असहज' बन्छन् । उनीहरूले उजागर गर्ने बेथिति नै उनीहरूका लागि बाधा बन्छ । उनीहरू जनताका सवाल बोकेर कार्यालयको ढोका ढकढक्याउँदा जवाफको सट्टा खप्की पाउँछन्, जुन लोकतान्त्रिक अभ्यासकै लागि चिन्ताजनक संकेत हो ।

सीमा क्षेत्र भनेको केवल व्यापार र आवतजावतको केन्द्र मात्र होइन, यो अवैध गतिविधिको पनि संवेदनशील थलो हो । तस्करी, अवैध ओसारपसार र भन्सारका छिद्रहरू बारे रिपोर्टिङ गर्नु यहाँका पत्रकारका लागि पेशागत दायित्व हो । तर, यही दायित्वले उनीहरूलाई जोखिमको घेराभित्र पुऱ्याउँछ । जब कुनै पत्रकारले यस्ता विषयमा कलम चलाउँछ, ऊ केवल समाचार लेखिरहेको हुँदैन; उसले शक्तिशाली स्वार्थ समूहहरूलाई चुनौती दिइरहेको हुन्छ । नतिजास्वरूप, धम्की, दबाब र कहिलेकाहीँ प्रत्यक्ष आक्रमणको जोखिम पनि बेहोर्नु पर्छ ।

अझ पीडादायक पक्ष त के छ भने, यस्तो जोखिमपूर्ण काम गरेपछि पनि समाजकै केही हिस्साबाट 'सेटिङ मिलेन होला र लेखेको होला' भन्ने तुच्छ टिप्पणी सुन्नु पर्छ । यसले पत्रकारिताको मनोबल मात्र होइन, सत्यप्रतिको विश्वासलाई समेत कमजोर बनाउने खतरा हुन्छ । यी सबै दबाब, आरोप र अभावबीच पनि मेचीनगरका पत्रकारहरू आफ्नो पेशाबाट पछि हटेका छैनन् । उनीहरू केवल समाचारका संवाहक होइनन्; उनीहरू आफ्नो स्वाभिमान जोगाउने संघर्षमा निरन्तर उभिएका पात्रहरू हुन् ।

चाहेमा उनीहरूले गलत तत्वहरूसँग सम्झौता गरेर आर्थिक रूपमा सहज जीवन रोज्न सक्थे । तर, उनीहरूले त्यो बाटो रोजेनन् । उनीहरूले अभाव स्वीकारे, तर आफ्नो कलमको मूल्य घट्न दिएनन् । यही नै उनीहरूको वास्तविक शक्ति हो; आर्थिक सम्पन्नता होइन, नैतिक दृढता ।

काँकरभिट्टा र मेचीनगरको पत्रकारिता केवल समाचार लेख्ने कर्म होइन, यो राष्ट्रको सिमानामा उभिएर गरिने अघोषित पहरेदारी हो । यहाँका पत्रकारहरूले उठाउने प्रश्नहरू, उजागर गर्ने समस्या र प्रस्तुत गर्ने यथार्थ – यी सबैले सीमा क्षेत्रको वास्तविक तस्वीर देखाउँछन् ।

त्यसैले, "बोर्डरका पत्रकार" भनेर शंका गर्ने वा गिज्याउने प्रवृत्ति बदलिनु आवश्यक छ । यसको सट्टा उनीहरूले भोगिरहेका चुनौतीहरू, जोखिमहरू र योगदानलाई बुझ्ने प्रयास हुनु पर्छ । राज्यले उनीहरूको आर्थिक सुरक्षा सुनिश्चित गर्नु पर्छ भने समाजले सम्मान दिनु पर्छ ।

किनभने, जबसम्म सीमामा बस्ने पत्रकार सुरक्षित र सम्मानित हुँदैनन्, तबसम्म सीमाको सत्य अधुरो रहन्छ । मेची नदी किनारबाट उठ्ने आवाज केवल स्थानीय होइन, त्यो राष्ट्रको धड्कन हो । र, त्यो धड्कनलाई जीवित राख्ने जिम्मा बोकेका यी पत्रकारहरूको स्वाभिमान नै मेचीनगरको साँचो पहिचान हो । ❖

*(कोषाध्यक्ष : नेपाल पत्रकार महासंघ झापा)*

# सीमा क्षेत्रको पत्रकारिता



● लक्ष्मी उप्रेती

पत्रकारिता आफैंमा एउटा चुनौती र संघर्षपूर्ण पेशा हो । यसमा अवसरका पनि प्रशस्त सम्भावना हुन्छन् भने सँगै चुनौतीको पनि निक्कै सामना गर्नु पर्छ । त्यसमा पनि सीमा क्षेत्रमा रहेर गरिने पत्रकारिता त झनै चुनौतीपूर्ण छ । हुन त सीमा क्षेत्रमा गरिने पत्रकारितामा अवसरका सम्भावना पनि प्रशस्त हुन्छन् । सीमा क्षेत्रबाट गरिने पत्रकारितामा सम्भावना र चुनौती दुबै छन् । एक शब्दमा सम्भावना र चुनौतीको दोसाँधमा छ – सीमा क्षेत्रबाट गरिने नेपाली पत्रकारिता ।

नेपाली पत्रकारितामा देखिएका प्रमुख चुनौतीहरूमध्ये सीमामा बसेर गरिने पत्रकारिता पनि हो भन्दा फरक नपर्ला । यो चुनौतीको सामना पत्रकारिताले कसरी गर्ने ? सीमा क्षेत्रबाट गरिने पत्रकारितामा समस्या र चुनौती छन् भनेर चूप लागेर बस्न चाहिं हुँदैन । किनकि पत्रकारले त्यो गरे लक्ष्यमा पुगिंदैन, त्यसैले पनि हरेक सञ्चारकर्मी सम्भावनाको खोजीमा लाग्नुको विकल्प छैन । जहाँ समस्या र चुनौती छ, त्यहीं सम्भावना र अवसर पनि रहन्छ भन्ने कुरा कसैले पनि बिर्सनु हुँदैन । यसकारण पनि सीमामा बसेर पत्रकारिता गरीरहेका सञ्चारकर्मीमा पत्रकारितामा निराशा आउनु हुँदैन ।

पूर्व, पश्चिम बंगाल (इण्डिया), पश्चिम मोरङ जिल्ला, उत्तर इलाम जिल्ला, दक्षिण बिहार, इण्डिया सीमा रहेको नेपालको सुदूरपूर्व झापा जिल्ला उत्तर तर्फ इलामको रोङ गाउँपालिकाबाट शुरु भएर पूर्वोत्तर बंगाल र पूर्व-दक्षिणमा इण्डियाको बिहार राज्यसँग जोडिएको खुला सीमा उत्तरको तिरिङदेखि दक्षिणको गौरीगञ्जसम्मको १ सय ४४ दशमलव २ किलोमिटर नाका छ । यो दूरीमा बसेर गरिने पत्रकारिता अन्य क्षेत्रबाट गरिने पत्रकारिताभन्दा थोरै फरक छ ।

नेपाल-इण्डिया खुला सीमाले दुई देशबीच ऐतिहासिक, सांस्कृतिक तथा आर्थिक सम्बन्धलाई मजबुत बनाएको छ । पूर्वी नेपालको प्रमुख नाका काँकरभिट्टा यस सम्बन्धको एक महत्वपूर्ण केन्द्र हो । दैनिक हजारौं मानिसको आवागमन, व्यापारिक गतिविधि, पर्यटन तथा सामाजिक अन्तर्क्रियाले यस क्षेत्रलाई अत्यन्तै सक्रिय बनाएको छ । यस्तो गतिशील गतिविधिको केन्द्रमा रहेर गरिने पत्रकारिता स्वभावतः फरक, चुनौतीपूर्ण र अवसरले भरिपूर्ण हुन्छ नै । सीमावर्ती क्षेत्रमा पत्रकारिता गर्नु भनेको केवल स्थानीय घटनाक्रम रिपोर्ट गर्नु मात्र होइन; यसमा राष्ट्रिय तथा अन्तर्राष्ट्रिय सन्दर्भलाई समेत जोडेर हेर्नु पर्ने हुन्छ । त्यसैले सीमा जस्तो क्षेत्रमा कार्यरत पत्रकारहरूले स्थानीय र वैश्विक दृष्टिकोणबीच सन्तुलन कायम गर्दै काम गर्नु पर्ने हुन्छ । सीमामा बसेर गरिने पत्रकारिताले अन्तर्राष्ट्रिय महत्व बोकेको हुन्छ ।

काँकरभिट्टा नेपाल-इण्डिया सीमाको प्रमुख प्रवेशद्वार भएकाले यहाँको पत्रकारिताले अन्तर्राष्ट्रिय महत्व बोकेको हुन्छ । इण्डियासँग प्रत्यक्ष सम्पर्कमा रहेको यस क्षेत्रमा हुने साना-ठूला घटनाहरूले दुई देशबीचको सम्बन्धमा प्रभाव पार्न सक्छन् । भन्सार, व्यापार, आप्रवासन, सुरक्षा सम्बन्धी गतिविधि तथा कूटनीतिक चासोका विषयहरू यहाँ दैनिक रूपमा देखिन्छन् । यसले पत्रकारहरूलाई अन्तर्राष्ट्रियस्तरका विषयमा काम गर्ने अवसर प्रदान गर्दछ । सीमा क्षेत्रमा हुने गतिविधिलाई सही रूपमा प्रस्तुत गर्न सकेमा राष्ट्रिय मात्र नभई अन्तर्राष्ट्रिय सञ्चारमाध्यममा समेत स्थान पाउन सकिन्छ ।

आर्थिक र व्यापारिक समाचारको केन्द्र पनि बन्न सक्छ- सीमा क्षेत्र । काँकरभिट्टा पूर्वी नेपालको प्रमुख व्यापारिक नाका भएकाले यहाँ आर्थिक पत्रकारिताको ठूलो सम्भावना रहेको छ । आयात-निर्यात, भन्सार राजश्व, साना तथा मझौला व्यवसाय, यातायात तथा पर्यटनसँग सम्बन्धित समाचारहरू यहाँ प्रशस्त पाइन्छन् । सीमावर्ती व्यापारमा हुने उतारचढाव, नीतिगत परिवर्तन, राजश्व संकलन तथा स्थानीय बजारमा पर्ने प्रभाव बारे गहिरो अध्ययन गरी पत्रकारहरूले महत्वपूर्ण विश्लेषणात्मक सामग्री तयार गर्न सक्छन् । यसले नीति निर्माताहरूलाई समेत मार्गदर्शन गर्न सक्छ ।

सामाजिक र सांस्कृतिक विविधताको दस्तावेजीकरण हो- सिमानामा गरिने पत्रकारिता । सीमावर्ती क्षेत्रको अर्को महत्वपूर्ण पक्ष भनेको यहाँको सांस्कृतिक विविधता हो । नेपाली र इण्डियन नागरिकबीचको पारिवारिक सम्बन्ध, साझा भाषा-संस्कृति, चाडपर्व तथा परम्पराहरूले यस क्षेत्रलाई विशिष्ट बनाएको छ । पत्रकारिताले यस्ता सामाजिक यथार्थलाई उजागर गर्ने महत्वपूर्ण भूमिका खेल्न सक्छ । मानव कथा, आदान-प्रदान तथा सीमावर्ती जीवनशैलीका विविध आयामहरूलाई प्रस्तुत गरेर समाजको वास्तविक चित्रण गर्न सकिन्छ ।

### चुनौतीपूर्ण सुरक्षा अवस्था :

यद्यपि सीमावर्ती क्षेत्रमा पत्रकारिता गर्नु जोखिमरहित भने छैन । खुला सीमाका कारण यहाँ अवैध गतिविधि पनि हुने गर्छन् । जस्तै : तस्करी, मानव बेचबिखन, लागूऔषध कारोबार आदि । यस्ता संवेदनशील विषयमा रिपोर्टिङ गर्दा पत्रकारहरूले प्रत्यक्ष वा अप्रत्यक्ष रूपमा सुरक्षा जोखिमको सामना गर्नु पर्ने हुन्छ । कहिलेकाहीं यस्ता अवैध गतिविधिमा संलग्न समूहहरूले पत्रकारमाथि दबाब वा धम्की दिन सक्ने सम्भावना रहन्छ । यसले स्वतन्त्र र निष्पक्ष पत्रकारितामा अवरोध पुऱ्याउन सक्छ ।

राजनीतिक तथा कूटनीतिक संवेदनशीलता पनि हुन्छ । सीमावर्ती क्षेत्रमा प्रकाशित समाचारहरूले कहिलेकाहीं दुई देशबीचको सम्बन्धमा असर पार्न सक्छन् । त्यसैले यहाँका पत्रकारहरूले तथ्यको पुष्टि, भाषा प्रयोग र समाचारको सन्तुलनमा विशेष ध्यान दिनु पर्ने हुन्छ । गलत वा अपुष्ट समाचारले अनावश्यक विवाद निम्त्याउन सक्छ । त्यसैले जिम्मेवार र तथ्यमा आधारित पत्रकारिता अपरिहार्य हुन्छ ।

ग्रामीण तथा सीमावर्ती क्षेत्रका पत्रकारहरूले अझै पनि पर्याप्त स्रोतसाधनको अभाव झेलिरहेका छन् । आधुनिक प्रविधि, इन्टरनेटको गुणस्तर, तालिम तथा संस्थागत सहयोगको कमीले उनीहरूको कामलाई कठिन बनाएको छ । ठूला शहरमा उपलब्ध सुविधा सीमावर्ती क्षेत्रमा सहज रूपमा उपलब्ध नहुँदा पत्रकारहरूले सीमित साधनमै

काम गर्नु पर्ने अवस्था छ । यसले गुणस्तरीय पत्रकारितामा असर पार्न सक्छ ।

सीमावर्ती क्षेत्रमा सूचना प्रवाह तीव्र हुने भएकाले अफवाह फैलिने सम्भावना पनि बढी हुन्छ । विशेषगरी सामाजिक सञ्जालको प्रयोग बढेसँगै अपुष्ट तथा भ्रामक सूचना छिटो फैलिन सक्छ । यस्तो अवस्थामा पत्रकारहरूको भूमिका झन् महत्त्वपूर्ण हुन्छ- सत्य तथ्यको पुष्टि गर्ने, गलत सूचनालाई खण्डन गर्ने र विश्वसनीय समाचार प्रवाह गर्ने ।

सीमास्तम्भको अभाव, दशगजा अतिक्रमण, सैन्य तनाव, कमजोर सुरक्षा व्यवस्था लगायत सीमा क्षेत्रको तनावका मुख्य कारण र असर हुन् । यी र यस्तै विषयमा रिपोर्टिङ गर्न जाँदा सञ्चारकर्मीहरूले निक्कै समस्या झेल्नु परेका घटना प्रशस्त छन् । यसलाई सञ्चारकर्मीहरूले चुनौती ठाने पनि यस विषयमा गहिरिएर रिपोर्टिङ गर्ने हो भने निक्कै ज्ञान र अनुभव पनि बटुल्न सकिन्छ । सत्य तथ्य घटनाहरूमा आधारित रही सञ्चारमाध्यमबाट आम नागरिकलाई जानकारी गराउनु नै पत्रकारिता हो । तर, कहिलेकाहीं सञ्चारकर्मीमाथि हिंसा र धम्की पनि आउने गरेका छन् । पत्रकारहरू जोखिम मोलेर रिपोर्टिङ गरिरहेका हुन्छन् ।

यसकारण पनि नेपाली सञ्चारकर्मीहरूले पटक-पटक उठाउदैं आएको आवाज हो – 'पत्रकारहरूको पेशागत सुरक्षाको सुनिश्चिततासँगै व्यावसायिक दक्षता अभिवृद्धि, सञ्चारगृहको संस्थागत विकास एवम् सञ्चारमैत्री वातावरण निर्माणको आवश्यकता ।' किनभने, विशेषगरी भ्रष्टाचार वा अपराध उजागर गर्ने पत्रकारहरू हत्या, कुटपिट वा सामाजिक बहिष्कारको शिकार बन्ने गरेको थुप्रै घटना नेपाली पत्रकारिताले व्यहोरेको छ ।

मोफलसलमा बसेर पत्रकारिता गर्ने सञ्चारकर्मीमा विधागत पत्रकारिताको विकास भएको छैन । त्यसकारण सीमामा बसेर गरिने पत्रकारितामा उत्पन्न कठिनाइ, अप्ठ्यारा, सम्भावना, चुनौती लगायतका विषयमा पत्रकारहरूलाई डिजिटल मिडिया, नयाँ प्रविधिको प्रयोग लगायतका क्षमता अभिवृद्धि गर्ने खालका विभन्न प्रशिक्षण र तालिमको आवश्यकता पर्दछ । जसका कारण चुनौतीभन्दा अवसर बढी पैदा होलान् । यस्ता प्रशिक्षण र तालिमले सञ्चारकर्मीलाई घटना, विषय र प्रस्तुतिलाई नयाँ स्वरुपमा पस्किन पनि सहज हुन्छ ।

कहिलेकाहीं दुबै देशका सुरक्षाकर्मीका कारण सीमा क्षेत्रमा विवाद भएका घटनाहरू पनि प्रशस्तै छन् । यस्तो बेलामा दुबै देशका नागरिकहरूले सुरक्षाको माग गर्दछन् । नाकामा कुटपिट गर्ने र लुटपाटका घटना हुने गरेका र त्यस बखत सीमा क्षेत्रमा प्रभावकारी सुरक्षाको व्यवस्थाको माग स्थानीयले गर्दै आएका छन् । स्थानीय सञ्चारमाध्यम नै आम जनताको पहिलो र प्रभावकारी माध्यम भएकाले सुसूचित समाज, उत्तरदायी शासन र सशक्त नागरिक समाज निर्माणमा पत्रकारिता जगतको अहम् भूमिका रहन्छ नै । सीमा क्षेत्रबाट गरिने पत्रकारितामा समस्या र चुनौती छन् भनेर चूप लागेर कहीं पनि पुगिंदैन, सम्भावनाको खोजीमा लाग्नुको विकल्प छैन । यसकारण पनि सीमा क्षेत्रमा हुने जस्तासुकै घटनालाई पाठक समक्ष सञ्चारमाध्यम मार्फत सञ्चारकर्मीले बाहिर ल्याउनु पर्छ । तर, बहुआयामिक चुनौती समाधान नगरी पूर्णतया जनमुखी, निष्पक्ष र सशक्त पत्रकारिता सम्भव नहुने रहेछ ।

कति ठाउँमा त दुई देशको सीमा नाका खुला भएकाले नेपाली रोजगार र किनमेलका लागि नाका वारि-पारि जाने गर्दछन् । यस क्रममा पनि कहिलेकाहीं नाकामा समस्या पैदा हुने गरेको छ । अन्तर्राष्ट्रिय सीमा सम्झौता अनुसार दशगजा क्षेत्रमा भौतिक संरचना निर्माण गर्न र प्रयोग गर्न नपाउने प्रावधान भए पनि नेपाल-इण्डिया सिमानामा पर्ने दशगजा क्षेत्रमा कुनै पक्षले निर्वाध रुपमा घर-टहरा लगायतका संरचना निर्माण गर्ने गरेका समाचार पटक-पटक प्रकाश भएका छन् ।

तर, त्यस्ता घटनाका बारेमा स्थानीयबासी खुलेर सञ्चारकर्मीसँग बोल्न चाहदैनन् । अनि पत्रकारले आफ्नो गोप्य स्रोत परिचालन गरेर समाचार बाहिर ल्याउनु पर्छ । त्यस बखत उनीहरूले निक्कै जोखिम मोल्नु पर्छ । नाकामा हुने विभिन्न व्यवहारका कारण धेरैले घरै छोड्नु पर्ने अवस्था समेत उत्पन्न हुन्छ । तर, पत्रकारले सजिलै ती घटनालाई बाहिर ल्याउने सक्ने अवस्था हुँदैन । त्यसो हुँदा पत्रकारहरूको भौतिक तथा पेशागत सुरक्षा नै अहिलेको मुख्य चुनौती हो ।

पत्रकारितालाई राज्यको चौथो अंगका रुपमा व्याख्या गरिएको छ । कार्यपालिका, न्यायपालिका र व्यवस्थापिकापछिको चौथो अंग हो- पत्रकारिता । पत्रकारहरूको सुरक्षा, हक अधिकार, प्रवर्द्धन तथा संरक्षण गर्नु राज्यको पहिलो कर्त्तव्य हो । तर, राज्य त्यो कर्त्तव्यमा कति जिम्मेवार छ त ? एक पटक पछाडि फर्केर हेर्ने कि ? यो विषयमा गम्भीर विमर्श र मन्थन गर्नु जरुरी छ ।

सीमा समस्या र विवाद समयमै नसुल्झिँदा सीमामा बसोबास गर्ने नागरिकहरू भौतिक र मानसिक तनाव खेप्न समेत बाध्य हुन्छन् । सीमा क्षेत्रबाट हुन सक्ने अवैध घुसपैठ लगायत अन्य आपराधिक कार्यलाई रोक्नका निम्ति सीमा क्षेत्रमा दुबै तर्फका सुरक्षाकर्मी बीचको सहकार्य र समन्वयमा सिमानामा संयुक्त रूपमा गस्ती र खबर आदानप्रदान समेत हुन्छ । तर, कहिलेकाहीं उनीहरूकै कारण समसया समेत आउने गरेका घटना निक्कै छन् । त्यस बखत सञ्चारकर्मी त्यहाँ सजिलै पुग्न सक्ने र घटनाका विषयमा बुझेर सत्य तथ्य कुरा बाहिर ल्याउन सक्ने अवस्था हुँदैन । त्यो सीमामा बसेर गरिने पत्रकारिताको समस्या हो । पत्रकारिताको पछिल्लो चासो र चिन्ताको विषय पनि यही हो ।

पत्रकारिताको अवस्था, चुनौती र सम्भावनाका विषयमा सूक्ष्म बहस र विश्लेषण सहित अघि बढ्नु पर्ने आवश्यकता पनि अहिले छ । पत्रकारिताको विकास र दायरा बढेसँगै समस्या र चुनौती पनि बढिरहेका छन् । आफ्नो प्रतिकूल समाचार आए सञ्चारकर्मी विरुद्ध लाग्ने र अनुकूल आए खुशी हुने हाम्रो समाजको रोग नै हो । सीमा क्षेत्रलाई व्यवस्थित गर्न र हुन सक्ने अवैध घुसपैठलाई रोक्न सीमा जोडिएका दुबै देशका सुरक्षाकर्मीले अन्यसँग समन्वय गरी सूचना आदानप्रदान गरी सीमामा आवतजावत गर्ने गरी वारपार गर्नेलाई निगरानी गर्ने कार्य समेत कडाइका साथ गरेका हुन्छन् । तर, कहिलेकाहीं अनावश्यक रुपमा उनीहरू विवादमा पर्ने गर्दछन् ।

सीमा क्षेत्रमा देखिएको आपराधिक क्रियाकलाप नियन्त्रण गर्ने स्थानीय प्रशासनको मुख्य दायित्व त हो । नियन्त्रणका नामा कहिलेकाहीं भने सर्वसाधारण दुःख पाउन बाध्य हुन्छन् । यसकारण पनि नेपाल-इण्डिया सिमानामा परम्परादेखि चलिआएको परम्परागत आवतजावत असहज वा हैरानीमुक्त होस् भन्ने तर्फ पनि सचेत हुँदै त्यसप्रकारको आवतजावतलाई सहजीकरण गर्ने कार्यमा स्थानीय प्रशासन, पत्रकारदेखि नागरिक समाज लाग्नु पर्ने हुन्छ ।

**निष्कर्ष :**

समग्रमा, सीमावर्ती क्षेत्रमा गरिने पत्रकारिता अवसर र चुनौतीको सम्मिश्रण हो । यहाँ अन्तर्राष्ट्रिय महत्वका विषयहरूमा काम गर्ने अवसर छ भने सुरक्षा, दबाब, स्रोत अभाव तथा सूचनाको विश्वसनीयता जस्ता चुनौतीहरू पनि उत्तिकै छन् । यस्ता क्षेत्रमा कार्यरत पत्रकारहरूलाई सुरक्षित वातावरण, आवश्यक तालिम, आधुनिक प्रविधि तथा संस्थागत सहयोग उपलब्ध गराउनु अत्यावश्यक छ । यसले मात्र सीमावर्ती पत्रकारितालाई अझ प्रभावकारी, जिम्मेवार र विश्वसनीय बनाउन सक्छ । ❖

*(सम्पादक : मेरो मेचीनगर डट कम)*

# नेपाल प्रेस युनियन झापा
# हिजो र आज



• गिरिराज भट्टराई

> कुनै पनि संगठन आलोचनाभन्दा पर हुँदैन। नेपाल प्रेस युनियन पनि यसको अपवाद होइन। राजनीतिक निकटताको आरोप, गुटबन्दी र नेतृत्व चयनमा विवाद – यी विषयहरू समय–समयमा उठ्दै आएका छन्। तर, आलोचना नै सुधारको आधार हो। यदि युनियनले यी विषयहरूलाई आत्मसमीक्षाको अवसरका रूपमा लिन्छ भने यसको भविष्य अझ सशक्त हुन सक्छ।

नेपालको पत्रकारिता इतिहासलाई नियाल्दा झापाली पत्रकारिता पनि अग्र पंक्तिमा आउँछ। झापाली पत्रकारिताले समाचार संकलन र प्रकाशन/प्रसारण सँगसँगै नागरिक अधिकारका लागि समेत कलम चलाएको पाइन्छ। पत्रकारिताको शुरुवातमा अग्रजहरूको संघर्ष, त्याग र योगदानले झापाको पत्रकारिता आजको अब्बल स्थानमा आएको हो। झापाली पत्रकारिताको यही संघर्षको उज्यालो यात्रामा एउटा महत्वपूर्ण नाम हो - नेपाल प्रेस युनियन। र, त्यो यात्राको अग्रपंक्तिमा उभिएको जिल्ला हो - झापा।

झापा, जसले राजनीतिक चेतनालाई मात्र होइन; पत्रकारिताको पेशागत चेतनालाई पनि उर्वरता दिएको छ। यही माटोमा २०४८ सालमा डिकमान विरहीको नेतृत्वमा नेपाल प्रेस युनियनको झापा शाखा स्थापना भएको थियो।

त्यसबेला पत्रकारिता गरिरहेका जुझारु युवाहरू, जो प्रजातन्त्र नै नागरिक स्वतन्त्रताको अग्रणी अवस्था हो भन्ने सोच राख्थे, प्रजातान्त्रिक अवस्थामा मात्रै पत्रकारिता पनि फस्टाउँछ भन्ने सोच राख्थे; तिनै जोशिला युवाहरू डिकमान विरही, गोविन्दचन्द्र छेत्री, चिन्तामणि दाहाल, लोकराज ढकाल, कृष्ण दाहाल, कृष्ण धरावासी, केशव आचार्य सहितका युवाहरूले २०४८ साल जेठ १३ गते झापाको बिर्तामोडमा भेला भएर विरहीको नेतृत्वमा नेपाल प्रेस युनियन झापा शाखाको औपचारिक स्थापना गरेको इतिहाँस छ।

त्यस अघि निरङ्कुश पञ्चायती शासनसत्ता विरुद्ध संघर्ष गरेका प्रजातन्त्रका पहरेदार मिसन पत्रकारहरूद्वारा स्थापित लोकतान्त्रिक मूल्य पद्धतिप्रति प्रतिबद्ध नागरिक संस्थाका रुपमा नेपाल प्रेस युनियनको स्थापना भएपछि झापामा पनि त्यसको शाखाको रुपमा सँगठन स्थापना गरिएको स्मरण गर्नु हुन्छ- युनियन झापाका संस्थापक चिन्तामणि दाहाल।

नेपाल प्रेस युनियन-झापाको त्यो स्थापना कुनै औपचारिक कार्यक्रम मात्र थिएन; त्यो समयको आवाज थियो। स्वतन्त्रता, अधिकार र पेशागत सम्मानको आवाज पनि थियो।

त्यस समयका पत्रकारहरूसँग अहिलेको जस्तो आधुनिक सुविधा थिएन र अहिलेको जस्तो लेखन स्वतन्त्रता पनि थिएन। हरेक विषयमा जोखिम मोलेर काम गर्नु पर्ने अवस्था थियो। हातमा कलम र कापीका केही पाना भए पनि टाउकोमाथि अनिश्चितताको बादल मडारिएको परिवेशमा काम गर्नु पर्ने अवस्थामा युनियनले लेखन स्वतन्त्रता चाहने झापाली प्रजातन्त्रवादी पत्रकारहरूलाई एउटा साझा आश्रय दिएको अर्का संस्थापक गोविन्दचन्द्र छेत्री सम्झनु हुन्छ।

युनियनको झापा शाखा स्थापना भएपछि यसैलाई छाता बनाएर अन्य पत्रकारहरूलाई पनि सँगठित गर्ने कामको थालनी भयो। त्यो समयमा नेतृत्वको निरन्तरको मेहनत र साधनाले युनियन आजको विशाल र लोभलाग्दो संगठनको अवस्थामा स्थापित हुन पुगेको हो।

विरहीपछि लोकराज ढकालले दुई कार्यकाल नेतृत्व सम्हाल्दै संगठनलाई स्थायित्व दिनु भयो। गोविन्दचन्द्र छेत्रीले पनि दुई कार्यकाल नेतृत्व गर्दै सँगठनलाई सुदृढ बनाउनु भयो। त्यसपछि भीम नेम्बाङ, कृष्ण हमागाई, इन्दू पूर्वेली जस्ता नेतृत्वहरूले आ-आफ्नो समयको जिम्मेवारी बहन गर्दै युनियनलाई अगाडि बढाउँदै लग्नु भयो।

युनियनले लोकतन्त्र र समावेशितालाई आफ्ना दस्तावेजहरूमा मात्रै सीमित गरेको छैन, व्यवहारमै कार्यान्वयन समेत गरेको प्रमाण भेटिन्छ। पत्रकारितामा महिलाहरूलाई समावेश मात्रै गराउने

हैन कि नेतृत्वमै स्थापित गर्नु पर्छ भन्ने मान्यता रहेको नेपाल प्रेस युनियन झापाको एक कार्यकाल इन्दू पूर्वेलीले सफल नेतृत्व गरी संगठनलाई अझ सशक्त बनाउनु भयो । यस्तो गर्विलो इतिहास बोकेको युनियन झापाको हालको अध्यक्ष बनेर नेतृत्व सम्हाल्ने अवसर पाउनु मेरो लागि सौभाग्यको कुरा हो ।

नेपाल प्रेस युनियन, झापा शाखाको नेतृत्व गर्दै आएका नामहरू केवल पद मात्रै लिएका व्यक्ति नभएर त्यस्तो इतिहासका पात्र हुनुहुन्छ, जसले आफ्नो समयमा पत्रकारिता मार्फत समाजलाई जागृत राख्नु भयो र संगठनलाई जुझारु बनाउनु भयो । उहाँहरूको योगदानले झापा शाखालाई केवल जिल्लास्तरीय संगठन मात्रै नभई राष्ट्रिय प्रभाव भएको संस्था बनाएको छ ।

नेपाल प्रेस युनियनको लोगो र झण्डा आज देशभर प्रयोगमा छन् । तर, यसको कथा झापासँग जोडिएको छ । २०५५ सालमा दाङको घोराहीमा सम्पन्न चौथो महाधिवेशनका क्रममा लोगो र झण्डा तयार गर्ने जिम्मेवारी झापा शाखाले लिएको थियो । त्यो जिम्मेवारी केवल लोगोको डिजाइन बनाउने मात्रै थिएन; त्यो त सँगठनको आत्मा कोर्ने काम थियो । गोविन्दचन्द्र क्षेत्री, लोकराज ढकाल, चिन्तामणि दाहाल, डिकमान विरही, केशव आचार्य, कृष्ण हुमागाईं, केशव धिताल र लक्ष्मी लुइँटेलले मिलेर लोगो र झण्डाको मोडल तयार गरे । त्यो लोगो देख्दा केवल रङ र आकृति मात्रै देखिए पनि त्यस रङ र आकृतिभित्र नेपाली पत्रकारिताको आदर्श, प्रतिबद्धता र संघर्षको प्रतिविम्ब राखिएको छ । आज पनि त्यो लोगो र झण्डा यथावत प्रयोगमा हुनु, झापाको सिर्जनात्मक योगदानको जीवन्त प्रमाण हो ।

युनियनको झापा शाखा केवल जिल्लामै मात्र सीमित नरही यसले केन्द्रीय नेतृत्वमा पनि आफ्नो जबर्जस्त उपस्थिति स्थापित गरेको छ । दुई पटक नेपाल प्रेस युनियनको नेतृत्व झापाले सम्हालेको इतिहास छ । तारा बराल र भरत भूर्तेल जस्ता व्यक्तित्वहरूले सँगठनलाई चलायमान बनाउँदै नयाँ ऊर्जा दिनुभएको थियो ।

युनियन नेतृत्वहरूले युनियनलाई केवल एउटा संगठन मात्र नभएर युनियन भनेको पत्रकारिताको आन्दोलनको रूप हो भन्ने आदर्श स्थापित गर्नु भयो । उहाँहरूको कार्यकालमा युनियनले पत्रकारहरूको हक-हित, प्रेस स्वतन्त्रता र लोकतान्त्रिक मूल्यहरूको संरक्षणमा उल्लेखनीय भूमिका निर्वाह गरेको छ ।

नेपाल पत्रकार महासंघको नेतृत्वमा पनि नेपाल प्रेस युनियनको भूमिका अहम् रहँदै आएको छ । झापा जिल्लामा त झन् युनियनले पटक-पटक महासंघको नेतृत्व सम्हाल्दै संस्थालाई अगाडि बढाएको छ ।

युनियन झापाको यो समन्वय केवल संगठनबीचको सहकार्य मात्रै नभएर यो पत्रकारिताको साझा उद्देश्यप्रतिको प्रतिबद्धताको रुपमा देख्न सकिन्छ । विभिन्न विचारधाराका पत्रकारहरूलाई एकताबद्ध गर्दै एउटै मञ्चमा उभ्याउन नेपाल प्रेस युनियन झापाले पटक-पटक नेतृत्व लिएको छ ।

नेपाल प्रेस युनियनको इतिहास संघर्षले भरिएको छ । पञ्चायती व्यवस्थाको अवशेष, राजनीतिक अस्थिरता र प्रेसमाथि हुने हस्तक्षेप - यी सबै चुनौतीबीच युनियन उभिएको छ ।

विशेषतः २०६२-'६३ सालको जनआन्दोलनका क्रममा युनियन अग्रपंक्तिमा देखिएको थियो । जनआन्दोलनको त्यो समय पत्रकारिता केवल पेशा मात्रै भएन; पत्रकारिता त्यो समय सत्ताको निरंकुशता विरुद्ध नागरिक प्रतिरोधको सशक्त माध्यम बनेको थियो । थुप्रै पत्रकारहरू पक्राउ परे, धम्की खेपे, तर युनियन पछि हटेन । यसले प्रेस स्वतन्त्रताको पक्षमा राष्ट्रिय र अन्तर्राष्ट्रिय स्तरमा आवाज उठायो ।

स्थापनाकालमा सीमित सदस्यबाट शुरु भएको युनियन झापा आज सयौं पत्रकारहरूको साझा संस्था बनेको छ । नेपाल प्रेस युनियन झापा शाखाले संगठन विस्तार सँगसँगै पत्रकारहरूको क्षमता अभिवृद्धिका लागि विभिन्न तालिम, गोष्ठी सहित नागरिक आवाज मुखर गर्ने अन्तरक्रिया र विभिन्न अभियानहरू सञ्चालन गर्दै आएको छ । "एक गाउँ-एक पत्रकार" जस्ता अभियानहरूले ग्रामीण पत्रकारितालाई सशक्त बनाएको छ ।

समय बदलिएको छ । पत्रकारिता पनि बदलिएको छ । डिजिटल प्रविधिको विस्तार, सामाजिक सञ्जालको प्रभाव र सूचना प्रवाहको तीव्रताले पत्रकारिताको स्वरूप नै परिवर्तन गरेको छ । आज पत्रकारहरू केवल समाचार लेख्ने मात्र होइनन्; उनीहरू विश्लेषक, सामग्री निर्माता र डिजिटल प्लेटफर्मका सक्रिय प्रयोगकर्ता पनि हुन् । तर, यससँगै चुनौतीहरू पनि बढेका छन् - फेक न्यूज, नियमन हुन नसकेका अनलाइन मिडिया र पेशागत असुरक्षा । नेपाल प्रेस युनियनले यी चुनौतीहरूलाई सम्बोधन गर्न आफ्नो भूमिका पुनः परिभाषित गर्नु पर्ने देखिन्छ ।

कुनै पनि संगठन आलोचनाभन्दा पर हुँदैन । नेपाल प्रेस युनियन पनि यसको अपवाद होइन । राजनीतिक निकटताको आरोप, गुटबन्दी र नेतृत्व चयनमा विवाद - यी विषयहरू समय-समयमा उठ्दै आएका छन् । तर, आलोचना नै सुधारको आधार हो । यदि युनियनले यी विषयहरूलाई आत्मसमीक्षाको अवसरका रूपमा लिन्छ भने यसको भविष्य अझ सशक्त हुन सक्छ ।

आज पनि झापामा नेपाल प्रेस युनियन झापाली पत्रकारिताको अग्रपंक्तिमा छ । उदीयमान पत्रकारहरूलाई संगठित गर्ने, उनीहरूलाई तालिम दिने र पेशागत रूपमा सक्षम बनाउने काममा झापा शाखा सक्रिय छ । यो निरन्तरता केवल परम्परा मात्रै नभएर अघिल्लो पुस्ताले बनाएको बाटोलाई अझ फराकिलो बनाउने जिम्मेवारी पनि रहेको भन्ने बोध अहिको नेतृत्वले समेत गरेको छ ।

नेपाल प्रेस युनियनको यात्रा 'हिजो' को संघर्ष र 'आज' को यथार्थको संगम हो । यसले लोकतन्त्र, प्रेस स्वतन्त्रता र पत्रकारहरूको अधिकारका लागि महत्वपूर्ण भूमिका खेलेको छ । २०४८ साल जेठ १३ गते नेपालका प्रजातान्त्रिक विचारधारामा आस्थावान पत्रकारहरूको ऐतिहासिक भेलाले एउटा महत्वपूर्ण निर्णय गऱ्यो – पत्रकारहरूको पेशागत अधिकार सुनिश्चित गर्ने, उनीहरूलाई एकताबद्ध बनाउने र संगठित शक्तिका रूपमा अघि बढाउने। यही दृढ संकल्पका साथ नेपाल प्रेस युनियनको स्थापना भएको गर्विलो इतिहास हामी माझ छ।

सीमित पत्रकारहरू सदस्य भई प्रारम्भ भएको युनियनको इतिहास जतिसुकै पीडादायी भए पनि आज गर्व गर्न लायक भइसकेको छ । २०४६ सालपछि सञ्चार क्षेत्रका लागि उर्वर रहेको नेपालको राजनीतिक परिवेशमा युनियनको स्थापना मात्र भएन; हजारौं युवाहरूलाई व्यावसायिक सञ्चारकर्मी बनाउने कार्य पनि युनियन मार्फत भएको देखिन्छ । नेपालको सञ्चार क्षेत्रलाई ग्रामीण भेगसम्म पुऱ्याउने कार्यमा नेपाल प्रेस युनियनको योगदान अविस्मरणीय छ । ❖

*(अध्यक्ष : नेपाल प्रेस युनियन, झापा शाखा)*

# झापामा प्रेस चौतारी



● प्रदीप परियार

> *पछिल्लो समय पत्रकारहरूमाथि सामाजिक सञ्जालबाट भइरहेका साइबर आक्रमण विरुद्ध सशक्त रुपमा आवाज उठाइरहेको छ। यो अभियानमा सबै पत्रकार सम्बद्ध संघ–संगठनहरूको भूमिका आवश्यक छ। व्यावसायिक पत्रकारितामा नेतृत्वदायी भूमिका निर्वाह गरिरहेको प्रेस चौतारी झापा सबैसँगको सहकार्यलाई रचनात्मक बनाउँदै जाने योजना बमोजिम कार्यरत छ।*

***'पत्रकारिता लोकतन्त्रको चौथो अंग मात्र होइन, यो लोकतन्त्र चल्ने इन्धन पनि हो'***

*- वाल्टर क्रोनकाइट*

नेपाली पत्रकारितामा 'प्रेस चौतारी नेपाल' व्यावसायिक पत्रकारहरूको ठूलो संगठनका रुपमा स्थापित छ। देशभरका पत्रकारहरू संगठित प्रेस चौतारी बलियो र सक्रिय संगठनको रूपमा परिचित छ। सबै जिल्लामा व्यावसायिक पत्रकारहरूलाई संगठित गर्दै व्यावसायिक पत्रकारितामा जोड दिँदै आएको संगठनले झापामा पत्रकारहरूको क्षमता विकासलाई प्राथमिकता दिएको छ। झापामा १५० जना पत्रकारहरू संगठित रहेको प्रेस चौतारी युवा पुस्ताका पत्रकारहरूले नेतृत्व गरिरहेको संगठन हो।

पत्रकारितालाई मुख्य पेशा बनाउने पत्रकारहरूको आशा र भरोसाको संगठन प्रेस चौतारी विशेषगरी नयाँ प्रविधि, न्यू मिडिया र खोज पत्रकारितामा पत्रकारहरूलाई क्षमता विकास गर्दै आइरहेको छ। नयाँ पुस्ताका पत्रकारहरूलाई पत्रकारितामा सक्रिय बनाउने र अग्रजहरूका अनुभव सुन्ने कार्यभार सहित यो संगठन अघि बढेको छ।

प्रेस चौतारीमा आबद्ध पत्रकारहरूले जिल्लाको पत्रकारिताको अगुवाई गरिरहेको अवस्था छ। सक्रिय पत्रकारितासँगै पत्रकारका अधिकारका सवालमा अग्रमोर्चामा रहेको प्रेस चौतारी २०८१ साल माघ ११ गते सम्पन्न दशौं जिल्ला अधिवेशनपछि तीन वर्षे कार्ययोजना निर्माण गरेर क्रियाशील बनेको छ। पत्रकारको काम मुख्यतः पत्रकारिता कर्म नै हो। त्यसपछि पत्रकारको क्षमता विकास, अधिकारका सवाल, पत्रकारहरूको सुरक्षा र आन्तरिक एकतालाई बलियो बनाउन क्रियाशील छ। कार्ययोजना मार्फत पत्रकारिता तालिम, अग्रजको सम्मान, अन्तर संगठनहरूसँगको सहकार्यलाई चौतारीले जोड दिएको छ।

दशौं जिल्ला अधिवेशनपछि नियमित रुपमा पत्रकारको क्षमता विकासका लागि तालिम सञ्चालन गरिरहेको यो संगठनले पत्रकारमाथि हुने कुनै पनि किसिमका अन्याय विरुद्ध सशक्त आवाज उठाइरहेको छ। पत्रकारितामा जीवन गुजारेका अग्रजहरूका अनुभव सुन्न 'अग्रजलाई सुनौं' कार्यक्रमलाई निरन्तरता दिँदै आएको छ। जसमा पत्रकारितामा अग्रजहरूले गरेका संघर्ष, विगतको पत्रकारितालाई नजिकबाट सुन्ने अवसर प्राप्त भएको छ। सम्पादकहरूको भेला आयोजना गरेर अन्तरसंवाद गरेको छ।

प्रेस चौतारी झापाका संस्थापक-अध्यक्ष नेत्रप्रसाद पाठकको स्मृतिमा लेखनवृत्ति प्रदान गरिँदै आएको छ। विभिन्न विधामा समाचार लेख्ने पत्रकारहरूलाई ६/६ महिनमा लेखनवृत्ति प्रदान गर्ने कार्यक्रम शुरु भइसकेको छ। पत्रकार रमा दाहाल र सन्तोष शर्माले लेखनवृत्ति प्राप्त गरिसक्नु भएको छ। हरेक ६ महिनामा लेखनवृत्ति प्रदान गर्ने कार्यक्रमले खोजमूलक समाचार लेखनलाई प्रेरित गरिरहेको छ।

यस्तै, पत्रकारको उपचारमा सहयोग गर्न प्रेस चौतारी झापाले पत्रकार उपचार सहयोग कोष स्थापना गरेको छ। कोषवृत्तिका लागि पत्रकार भीमा शिवाकोटीको संयोजकत्वमा अभियान सञ्चालन भइरहेको छ। कार्यविधि बमोजिम कोषबाट उपचार कोषमा आबद्ध पत्रकारहरूलाई उपचार खर्च प्रदान गर्ने कार्यक्रमलाई निरन्तरता दिँदै आएको छ। संगठनले पुरस्कार कोष स्थापना गरेर उदीयमान पत्रकारहरूलाई प्रोत्साहन गर्नका लागि पुरस्कृत गर्दै आएको छ। हरेक कार्यकालमा एक जना पूर्वअध्यक्षलाई अभिनन्दन गर्ने कामको थालनी गरिएको छ। संगठन निर्माणमा योगदान गर्ने पूर्वअध्यक्षहरूको सम्मानले नयाँ पुस्तालाई अग्रजहरूप्रति सम्मान जागृत गरेको छ।

जिल्लामा सक्रिय अन्य पत्रकारजन्य संघ-संठगनसँगको सम्बन्धलाई थप मजबुत बनाउँदै आपसी एकतालाई सुदृढ गर्ने काम भइरहेको छ। विचारमा स्पष्टता र

अडिग पत्रकारहरूको संगठन प्रेस चौतारी व्यावसायिक सुरक्षाका मुद्दाहरूमा सदैव सहकार्यका लागि हातेमालो गर्ने प्रणका साथ क्रियाशील रहन्दै आएको छ ।

अहिले प्रेस चौतारी पत्रकारिता क्षेत्रको विकृति विसंगतिलाई सुधार गर्न अन्य संघ-संगठनहरूसँग छलफलमा केन्द्रित छ । पत्रकारितामाथि चौतर्फी आलोचना भइरहेको बेला यस क्षेत्रमा सुशासनको वकालत गर्दै संगठनलाई क्रियाशील बनाउने योजना बमोजिम काम गरिरहेको छ ।

नेपाल पत्रकार महासंघको नेतृत्वदायी भूमिकामा संगठनका सदस्यहरूलाई स्थापित गर्ने काम भइरहेको छ । नेतृत्व विकासका लागि संघ-संगठनहरूमा सक्रिय बनाउने योजना बमोजिम कार्ययोजनाका कार्यक्रमहरू सञ्चालन गर्न प्रायः सबै सदस्यहरूलाई समेत जिम्मेवारी प्रदान गरिएको छ ।

समग्रमा झापाको पत्रकारितामा प्रेस चौतारीमा आबद्ध पत्रकारहरूको अगुवाई छ । सक्रियताकै कारण सामाजिक रुपमा स्थापित हुन पनि सहयोग पुगिरहेको छ । खोज समाचार होस् वा नागरिकको सूचनाको हक प्रत्याभूत गराउने सवालमा होस्, संगठनमा आबद्ध पत्रकारहरूले निर्वाह गरिरहेको भूमिका प्रशंसनीय छ ।

पत्रकार जहाँ, जुनसुकै नेतृत्वमा रहे पनि समाचार लेखेर मात्र स्थापित हुन सकिन्छ भन्ने मान्यतालाई आत्मसात गरिएको छ । समाचार नलेख्ने पत्रकार स्वाभाविक रुपमा सामाजिक हिसाबले निष्क्रिय साबित हुने छ । त्यसैले पनि प्रेस चौतारीमा आबद्ध सबै पत्रकारहरू समाचार लेखनमा क्रियाशील हुनुहुन्छ, व्यावसायिक पत्रकारितामा सक्रिय हुनुहुन्छ ।

अहिले सञ्चारमाध्यममा न्यू मिडियाको प्रयोग बढ्दो छ । परम्परागत पत्रकारितालाई समयले नै अस्वीकार गर्ने परिस्थिति निर्माण भएको छ । यस तर्फ पनि ध्यान दिएर पत्रकारहरूलाई प्रविधिमा दक्ष बनाउन प्रेस चौतारी कार्यक्रमिक हिसाबले सक्रिय छ । अर्का तर्फ, अनलाइन मिडियाको प्रभाव बढिरहेको छ । नयाँ पुस्ता अनलाइन मिडियामा क्रियाशील छ । यसलाई विश्वसनीय बनाउन प्रेस चौतारी झापा संस्थागत रुपमै क्रियाशील भइरहेको छ ।

सबै क्षेत्रमा अब्बल नेतृत्व स्थापित गर्न नसके परिणाम प्राप्त गर्न सकिन्न । त्यसका लागि पत्रकारहरू समाचार खोज, अनुसन्धानमा अब्बल हुनु पर्छ । समाजले पत्रकारको कामलाई पनि नजिकबाट नियालिरहेको कुरा बिर्सन हुँदैन । त्यसका लागि संगठनले खोज, अनुसन्धानका लागि प्रेरित गरिरहेको छ ।

पछिल्लो समय पत्रकारहरूमाथि सामाजिक सञ्जालबाट भइरहेका साइबर आक्रमण विरुद्ध सशक्त रुपमा आवाज उठाइरहेको छ । यो अभियानमा सबै पत्रकार सम्बद्ध संघ-संगठनहरूको भूमिका आवश्यक छ । व्यावसायिक पत्रकारितामा नेतृत्वदायी भूमिका निर्वाह गरिरहेको प्रेस चौतारी झापा सबैसँगको सहकार्यलाई रचनात्मक बनाउँदै जाने योजना बमोजिम कार्यरत छ ।

कोभिड महामारी र त्यसपछि उत्पन्न आर्थिक मन्दीबाट समस्यामा परेका सञ्चारमाध्यमको संरक्षण हाम्रो अर्को प्राथमिकताको विषय हो । यो परिस्थितिमा नयाँ सरकारले सरकारी विज्ञापन सरकारी सञ्चारमाध्यममा मात्र प्रकाशन गर्नुपर्ने गरी परिपत्र गरेको अवस्था छ । निजी सञ्चारमाध्यमलाई कमजोर बनाउने सरकारी नीतिप्रति हाम्रो विरोध छ । निजी मिडिया सिध्याउने सरकारको रणनीति रहेको हाम्रो बुझाइ छ । उक्त परिपत्रलाई सच्याएर सरकारले सञ्चारमाध्यमको संरक्षण गर्ने नीति अवलम्बन गर्नु पर्छ भन्ने हाम्रो माग हो ।

सरकारी परिपत्रपछि पनि सञ्चारमाध्यमहरूलाई प्रदान गरिने लोककल्याणकारी सूचना 'बिल नगर्ने' शर्तमा प्रकाशन गर्नु होला भन्ने विज्ञापन बोर्डको सूचनाले समग्र मिडिया क्षेत्रलाई धराशायी बनाउने निश्चित छ । हामीले विगतदेखि नै लोककल्याणकारी विज्ञापन वापत सरकारले प्रदान गर्ने सुविधा वृद्धिको माग गरिरहेका छौं । त्यो माग आज पनि कायम छ । त्यति मात्र होइन, अनलाइन सञ्चारमाध्यमहरूलाई समेत वर्गीकरण गरेर उक्त सुविधा प्रदान गरिनु पर्छ ।

अन्त्यमा, सञ्चार क्षेत्रमा कुनै पनि बेथिति भए सच्याउनु पर्छ भन्ने मान्यतामा हामी अडिग छौं, तर सञ्चारमाध्यमको मुख थनेर लोकतन्त्रलाई कमजोर बनाउने सपना किमार्थ पूरा हुन दिने छैनौं । त्यसका लागि प्रेस चौतारी अग्रमोर्चामा रहेर सबै पत्रकारसँगको सहकार्यमा सरकारको गलत कदम विरुद्ध आवाज उठाउन तयार छ । वाल्टर क्रोनकाइटले भनेझैं 'पत्रकारिता लोकतन्त्रको चौथो अंग मात्र होइन, यो लोकतन्त्र चल्ने इन्धन पनि हो ।' इन्धन नरहे लोकतन्त्र रहने छैन । यसतर्फ प्रेस चौतारी सचेत छ । ❖

*(अध्यक्ष : प्रेस चौतारी, झापा)*

---



*'म अझै विश्वस्त छु कि यदि तपाईंको चाहना संसार परिवर्तन गर्नेछ भने सबैभन्दा छिटो हतियार पत्रकारिता हो'*

**– टोम स्टोपार्ड**

*विश्वविख्यात बेलायती नाटककार*

# प्रेस सेन्टर नेपाल : हिजो-आज



• पुष्पलाल खड्का

सम्पूर्ण जनपक्षीय र प्रगतिशील श्रमजीवी पत्रकारहरूलाई संगठित गर्ने, उनीहरूको हक, हित र अधिकारका लागि काम गर्ने तथा राष्ट्रिय मुक्ति र जनमुक्ति आन्दोलनका पक्षमा प्रचार आन्दोलनलाई संगठित गर्ने लगायतका प्रमुख उद्देश्य राखेर २०६१ साल पूसमा रोल्पाको इरिबाङमा युद्ध पत्रकारका रुपमा क्रियाशील जनपक्षीय पत्रकारहरूको राष्ट्रिय भेला आयोजना गरिएको थियो । माओवादी केन्द्रका अध्यक्ष पुष्पकमल दाहाल 'प्रचण्ड'को प्रमुख आतिथ्यमा सम्पन्न सो भेलाले जनपक्षीय पत्रकारितालाई आन्दोलनात्मक ढंगले अघि लैजाने निर्णय गर्दै क्रान्तिकारी पत्रकारहरूको अलग्गै संगठन निर्माण गर्नु पर्ने आवश्यकता बोध गरायो ।

सो भेला लगत्तै माघ १५ गते रुकुमको लिबाङमा महेश्वर दाहालको संयोजकत्वमा २१ सदस्यीय अखिल नेपाल क्रान्तिकारी पत्रकार संघ, नेपाल आयोजक समिति गठन भयो । गठनपछि संघले जनताको आन्दोलनका पक्षमा जनयुद्धको एक सशक्त मोर्चाको भूमिका निर्वाह गर्‍यो । जसमा एउटा हातमा कलम र अर्को हातमा बन्दुक बोकेर युद्धका मैदानमा लड्दै गरेका युद्ध संवाददाताहरूको सहभागिता थियो ।

दोस्रो जनआन्दोलन पश्चात् शान्ति प्रक्रिया मार्फत देशको राजनीति नयाँ बाटोमा अघि बढेपछि २०६३ साल फागुन २९ र ३० गते संघको काठमाडौंमा प्रथम राष्ट्रिय भेला सम्पन्न भयो । भेलाले संगठनको नाम अखिल नेपाल क्रान्तिकारी पत्रकार संघलाई परिमार्जित गरेर क्रान्तिकारी पत्रकार संघ बनायो । सो भेलाले संघको विधान र प्रतिवेदन पारित गर्नुका साथै क. महेश्वर दाहालको नेतृत्वमा ३३ सदस्यीय केन्द्रीय समिति चयन गर्‍यो ।

वि.स.२०६७ फागुन १७ गते क्रान्तिकारी पत्रकार संघको केन्द्रीय एकता भेला सम्पन्न भयो । भेलाले संगठनको विधान संशोधन गर्नुका साथै १०१ सदस्यीय दोस्रो राष्ट्रिय सम्मेलन आयोजक समिति गठन गर्‍यो । त्यसपछि एकैचोटि २०७३ साल जेठ १९ गते अखिल नेपाल क्रान्तिकारी पत्रकार संघ, क्रान्तिकारी पत्रकार महासंघ सहित विभिन्न संगठन र व्यक्तिगत तवरले समेत अलग अवस्थामा रहेका क्रान्तिकारी पत्रकारहरूको राष्ट्रिय एकता भेला भयो । भेलाले एकीकृत संगठनको नाम 'प्रेस सेन्टर नेपाल' राख्ने निर्णय गर्‍यो; जुन नाम नै हालसम्म कायम छ ।

उक्त भेलाले गोविन्द आचार्यको संयोजकत्वमा ४९९ सदस्यीय राष्ट्रिय महाधिवेशन आयोजक समिति गठन गरी विधानलाई संघीय संरचना बमोजिम संशोधन गर्‍यो । भेला पश्चात् ७ वटा भौगोलिक प्रदेशमा अधिवेशन मार्फत प्रेस सेन्टर नेपालको निर्वाचित कार्यसमितिहरू गठन भए । त्यो गठनबाटै प्रेस सेन्टर संघीयता अनुसार प्रादेशिक संरचनामा जाने पत्रकारहरूको पहिलो संगठन बन्न पुग्यो ।

सोही भेलाबाट पारित विधानले राज्यको पुनर्संरचनालाई बलियो बनाउने गरी संगठनको संरचनालाई स्थानीय तहसम्म लैजाने महत्वपूर्ण निर्णय गर्‍यो । यस निर्णयबाट स्थानीय तहमा पत्रकारहरूको संगठन बनाउने पनि हाम्रो संगठन नै पहिलो बन्यो ।

वि.स. २०७३ असोज १३-१४ गते काठमाडौंमा प्रेस सेन्टर नेपालको एकताको राष्ट्रिय महाधिवेशन सम्पन्न भयो । संगठनका संयोजक गोविन्द आचार्यको अध्यक्षता र नेकपा (माओवादी केन्द्र)का अध्यक्ष पुष्पकमल दाहाल 'प्रचण्ड'को प्रमुख आतिथ्यमा भएको सो एकताको महाधिवेशनले महेश्वर दाहालको अध्यक्षतामा ९९ सदस्यीय केन्द्रीय समिति चयन गर्‍यो । उक्त महाधिवेशनलाई प्रेस सेन्टर नेपालको दोस्रो महाधिवशन मानिएको छ ।

वि.स.२०७६ पूस १२ गते प्रेस सेन्टर नेपाल र प्रेस चौतारी नेपालको एकता भेला भयो । दुई संगठनको एकतापछि संगठनको नाम प्रेस संगठन नेपाल रह्यो । प्रेस संगठन नेपालको एकताको प्रथम राष्ट्रिय भेलाबाट प्रेस सेन्टर नेपालका अध्यक्ष महेश्वर दाहालको संयोजकत्वमा २४९ सदस्यीय केन्द्रीय समिति र लेखा तथा अनुशासन आयोग गठन गर्‍यो । संगठनको सहसंयोजकमा प्रेस चौतारी नेपालका अध्यक्ष गणेश बस्नेत रहनुभयो ।

प्रेस संगठन नेपालको प्रथम एकता भेला प्रेस सेन्टरका अध्यक्ष महेश्वर दाहालको अध्यक्षतामा भएको र सो भेलाबाट महेश्वर दाहाल संयोजकमा चुनिनु भएकोले उक्त भेलालाई प्रेस सेन्टर नेपालको तेस्रो महाधिवेशनको रुपमा लिइयो ।

### पुनर्गठन र पुन: प्रेस सेन्टर नेपाल

प्रेस संगठन नेपालको गठन भएको एक वर्षपछि तात्कालीन प्रधानमन्त्री केपी ओलीले २०७७ साल पूस ५ गते गरेको प्रतिनिधिसभाको विघटनलाई प्रेस संगठन नेपालले असंवैधानिक र प्रतिगामी भएको ठहर गर्दै प्रतिगमनको विरुद्धमा संघर्ष गर्‍यो । प्रेस संगठनभित्रको सानो समूहले मात्र प्रतिनिधिसभा विघटनलाई सही भनेको थियो । सोही एजेण्डामा संगठनका सहसंयोजक गणेश बस्नेतले प्रेस संगठनमा विभाजन ल्याउँदै आफ्नो संयोजकत्वमा सानो समूह लिएर प्रेस संगठनको घोषणा गर्नु भयो । संगठनबाट बस्नेत सहित केही बाहिरिएपछि २०७७ साल फागुन ११ गते प्रेस संगठन नेपालको केन्द्र, प्रदेश र जिल्लाका सबै समितिहरूको पुनर्गठन भएको थियो ।

वि.स. २०७७ फागुन २३ गते सर्वोच्च अदालतले नेकपालाई भंग गर्दै नेकपा (माओवादी केन्द्र) र नेकपा (एमाले) पुनर्स्थापित गरिदिएपछि प्रेस संगठन

नेपालको पुनर्गठित समितिमा रहनुभएका तात्कालीन प्रेस चौतारी नेपालबाट एकतामा जोडिनुभएका साथीहरू प्रेस संगठन नेपालबाट अलग हुनुभयो। हामीले हाम्रै नेतृत्वमा रहेकाले नेकपा (माओवादी केन्द्र) को पुनर्स्थापना भएपछि पनि संगठनको नाम 'प्रेस संगठन नेपाल' नै कायम गरेर संगठनात्मक गतिविधि अगाडि बढायौँ।

संगठनको महाधिवेशन तयारीका सम्बन्धमा प्रेस संगठन नेपालको केन्द्रीय समितिको बैठक २०७८ साल असोज १६ गते काठमाडौंमा भयो। बैठकले संगठनको केन्द्रीय समितिलाई चौथो महाधिवेशन आयोजक समितिमा रुपान्तरण गर्दै प्रेस संगठन नेपालको नामलाई परिवर्तित गरी पुनः 'प्रेस सेन्टर नेपाल' रहने गरी संगठनको अन्तरिम विधान पारित गऱ्यो। महेश्वर दाहालको संयोजकत्वमा आयोजक समिति गठन गरियो।

संगठनको चौथो महाधिवेशन २०७८ साल मंसीर १८ देखि १९ सम्म चितवनको भरतपुरमा सम्पन्न भयो। महधिवेशनले विष्णु सापकोटा 'जुगल'को नेतृत्वमा १ सय ९९ सदस्यीय केन्द्रीय समिति निर्वाचित गऱ्यो। त्यसैगरी, संगठनको २०७९ साल साउन १३-१४ गते काठमाडौंमा सम्पन दोस्रो पूर्ण बैठकबाट महासचिवमा सन्तोष पौडेल सहित १ वरिष्ठ उपाध्यक्ष, १९ उपाध्यक्ष, १० उपमहासचिव, २६ सचिव, १ कोषाध्यक्ष र एक सहकोषाध्यक्ष रहेको ६१ सदस्यीय पदाधिकारी चयन गऱ्यो।

संगठनको २०८१ साल चैत्र १६-१७ गते काठमाडौंको थापागाउँस्थित काठमाडौं ब्यांकेटमा भएको पाँचौं महाधिवेशनले कमल गिरीको नेतृत्वमा गठित कार्यसमिति हालसम्म कार्यरत छ।

## झापाको सन्दर्भ

झापामा जनयुद्धताका ६० को दशकमा पारस तिम्सिनाको संयोजकत्वमा क्रान्तिकारी पत्रकार संघ गठन भएको थियो। तत्कालीन समयमा राज्य पक्षबाट चरम दमन मात्र नभएर माओवादी निकट भन्ने बित्तिकै ज्यानै लिने अवस्था भएकाले भूमिगत रहेर काम गर्नु पर्ने अवस्था थियो। पारस तिम्सिनापछि झापाको नेतृत्व तारामणि सापकोटाले गर्नु भयो। दयाराम दाहाल 'सुलभ' झापाको नेतृत्वमा नरहे पनि उहाँले सङ्गठन निर्माणमा महत्वपूर्ण भूमिका निर्वाह गर्नु भएको थियो। सापकोटा लामो समय नेतृत्वमा रहेर काम गरेपश्चात् टीकाराम उप्रेती अध्यक्ष बन्नु भयो। त्यसयता, झुलन रेग्मी र राजु पाठकले झापाको सङ्गठनको नेतृत्व गरिसक्नु भएको छ। २०८१ साल पूस १३ गते भएको १० औं जिल्ला अधिवेशनबाट पुष्प खड्का नेतृत्वको समितिले काम गरिरहेको छ।

प्रेस सेन्टर नेपालले २०६५ सालमा पत्रकार देवकुमार आचार्य (डी कौडिण्य) को स्मृतिमा स्थापित पत्रकारिता पुरस्कार प्रत्येक वर्ष एक जना जनपक्षीय पत्रकारलाई वितरण गर्दै आएको छ। जनपक्षीय पत्रकार आचार्यलाई २०५९ साल साउन ७ गते नेपाली सेनाले चारआली ब्यारेकमा हत्या गरेको थियो। साउन ७ गते आचार्यको स्मृति दिवसको अवसरमा वितरण गरिने पुरस्कार हालसम्म चन्द्र भण्डारी, लीला बराल, दिपीन राई, बिमल लामिछाने, केशव भट्टराई, जीएन शर्मा, राजु पाठक, लीलाराज खड्का, दीपक अधिकारी, झुलन रेग्मी, डिकेश लामा र उद्धव पुरीलाई प्रदान गरिसकिएको छ।

प्रारम्भमा ५ हजार रुपैयाँबाट शुरु गरिएको पुरस्कारको राशि हाल ४० हजार रहेको छ। पुरस्कारलाई दिगो बनाउन अक्षय कोष स्थापना गरेका छौं र कोषमा रकम जम्मा गर्ने कार्यलाई निरन्तरता दिइरहेका छौं।

प्रेस सेन्टर संख्यात्मक रुपमा अन्य संगठनभन्दा सानो भए पनि महासंघको नेतृत्वमा दर्बिलो उपस्थिति जनाइरहेको छ। सेन्टरको तर्फबाट महासंघमा पहिलो पटक पारस तिम्सिना नेपाल पत्रकार महासंघ झापा शाखाको कार्यसमिति सदस्यमा (२०६३-'६७) काम गर्नु भएको थियो। दिपेनवाला राई- सचिव, झुलन रेग्मी- सदस्य, निर्मला तिम्सिना- सदस्य (२०६७-'७०), तारामणि सापकोटा उपाध्यक्ष हुँदै २०७३-२०७७ सम्म नेपाल पत्रकार महासंघ झापा जिल्ला शाखाको नेतृत्व गर्नु भएको थियो। डिकेश लामा र राजु पाठक- सचिव तथा चिरञ्जीवी घिमिरे, पार्थ मण्डल, सन्तोष शर्मा लगायतले कार्यसमिति सदस्यको जिम्मेवारी पूरा गर्नु भएको छ।

प्रेस सेन्टर नेपालले पत्रकारहरू बिरामी हुँदा उपचारमा सहयोग गर्दै आएको छ। समय-समयमा समसामयिक विषयमा अन्तरक्रिया गर्दै आएको प्रेस सेन्टर नेपाल झापाले गत वर्ष बिर्तामोडको विकासमा सञ्चारको भूमिका विषयक अन्तरक्रिया गरी पालिकामा प्रतिवेदन पेश गरेको थियो। सङ्गठन निर्माणसँगै सदस्यहरूको क्षमता अभिवृद्धिमा प्रेस सेन्टर झापा निरन्तर क्रियाशील छ। ❖

*(अध्यक्ष : प्रेस सेन्टर नेपाल, झापा)*



*'पत्रकारिता भनेको शक्तिशालीलाई प्रश्न गर्ने र आवाजविहीनलाई आवाज दिने माध्यम हो'*

– George Orwell

# झापा : पत्रकारिता र फोनिज



● अर्जुन राजवंशी

**पृष्ठभूमि :**

पत्रकारिता "आवाजविहीनहरूको आवाज" मात्र रहेन । विकास र सरकारको खबरदारी मात्रमा पनि सीमित रहेन । पत्रकारिता पहिचानसँग जोडिन पुगेको छ । सुशासन र सामाजिक न्यायको मेरुदण्ड बन्न पुगेको छ । पत्रकारिता "माध्यम" मात्र भएर बसेन । नागरिकको हात-हातमा पुगिसकेको छ । असंख्य हातहरूमा पुगिसकेको नेपाली पत्रकारिताको चुनौति स्वयम् पत्रकारिताको 'सिद्धान्त' र 'मूल्य-मान्यता' बन्न पुगेको छ । पत्रकारिताको 'सिद्धान्त' र 'मूल्य-मान्यता'मा आएको विचलनबाट झापाली पत्रकारिता अछुतो रहन सकेको छैन । 'नैतिकता'को प्रश्न आफैलाई गर्दै, 'सिद्धान्त' र 'मूल्य-मान्यता'हरूलाई आत्मसात गर्दै झापाली पत्रकारहरू हिजोको जस्तै भोलिका दिनमा पनि नागरिकको 'सच्चा' खबरेदार बन्न चाहिरहेका छन् । संघर्षको यो मैदानमा नेपाल आदिवासी जनजाति पत्रकार महासंघ (फोनिज) झापा 'सतिसाल' झैं उभिएको छ ।

पञ्चायत विरुद्ध लड्दै झापाली पत्रकारितालाई 'हुर्कन र बढ्न' योगदान दिएका डिकमान विरही, अमृतलाल श्रेष्ठहरू आदिवासी जनजाति पत्रकारहरूको 'आइडल'का रुपमा स्थापित छन् । आदिवासी जनजाति पत्रकारहरूको त्यो सादगी, त्यो नैतिकता अनि घरदेखि पत्रिकाका पानासम्म संघर्षका ती क्षणहरू आजको बदलिएको पत्रकारिताले 'बिर्सने' छुट पाउनु हुँदैन ।

नेपाली पत्रकारिता क्षेत्रमा झापा, अग्रणी जिल्लाको रुपमा स्थापित छ । यो 'सम्मान'का खातिर आदिवासी जनजाति पत्रकारहरू शम्भुलाल श्रेष्ठ, डिकमान सुनुवार 'विरही', ईश्वरीमान श्रेष्ठ, अमृतलाल श्रेष्ठ, केपी कन्दङ्वा, नितु सुब्बा, नरबहादुर लिम्बू, माया देवान, भीम नेम्बाङ लगायतले गरेका संघर्ष र योगदान सधैं स्मरणीय रहने छ ।

संविधानको प्रस्तावनामा उल्लेखित 'पूर्ण प्रेस स्वतन्त्रता', धारा-१९ मा रहेको 'सञ्चारको हक' तथा धारा-२७ को 'सूचनाको हक' आदिवासी जनजाति समुदायको लागि आज पनि व्यवहारत: सहज बनिसकेको अवस्था छैन । संविधान कार्यान्वयन गर्दै 'समानता र समावेशिता'का लागि आदिवासी जनजातिहरूको पत्रकारिताले लामो यात्रा गर्नुको विकल्प छैन ।

**झापामा फोनिज :**

पछिल्लो समय, झापाली पत्रकारितामा आदिवासी जनजाति पत्रकारहरूको उपस्थिति बढ्दै गएको पाइन्छ । स्थानीयदेखि मेनस्ट्रिम मिडियासम्म आदिवासी जनजाति पत्रकारको उपस्थितिले झापाली पत्रकारितालाई 'ब्राण्डिङ' गर्न सहज बनाएको छ । नेपाल आदिवासी जनजाति पत्रकार महासंघ (फोनिज) झापामा ७६ जना सदस्य आबद्ध छन् । तीमध्ये नेपाल पत्रकार महासंघ, झापा जिल्ला शाखाको सदस्यता प्राप्त गर्नेको संख्या ४५ जना छ । यो संख्या पत्रकार महासंघ झापाको कूल सदस्य संख्याको २० प्रतिशत हो । संख्यात्मक रुपमा आदिवासी जनजाति पत्रकारको संख्या सन्तोषजनक मान्न सकिन्छ । तर, झापाली पत्रकारिताको नेतृत्वमा आदिवासी जनजाति पत्रकारको उपस्थिति अझै पनि संवैधानिक बाध्यताभन्दा माथि उठ्न सकेको छैन । यो, पछाडि परेको, अल्पसंख्यक, सीमान्तकृत एवम् लोपोन्मुख जाति समुदायको प्रतिनिधित्व गर्ने आदिवासी जनजाति पत्रकारहरूका लागि विडम्बना हो ।

झापामा आदिवासी जनजाति पत्रकारहरू संगठित भएकै पनि अढाई दशक नाघिसकेको छ । यस दौरान, पत्रकार महासंघ झापाले १५ वटा नेतृत्व फेरिसकेको छ । १५ वटा नेतृत्वले ३५ वर्षसम्म झापाली पत्रकारितालाई डोहोर्‍याउँदा भीम नेम्बाङले एक कार्यकाल सम्हाल्ने अवसर पाएका थिए ।

आदिवासी जनजाति पत्रकारहरू संगठित हुने क्रममा झापामा २०५६ साल मंसीर ६ गते, सोमबार आदिवासी जनजाति पत्रकार संघ (अनिज) गठन भएको थियो । संस्थापक-अध्यक्षको रुपमा दिपीन राईले नेतृत्व गरेका थिए । उनले २०५६-२०६० सालसम्म अनिजको नेतृत्व गरेका थिए । २०६०-२०६६ सालसम्म रमेश समदर्शी राई, २०६६-२०७० सालसम्म इन्द्रजीत मुखिया, २०७०-२०७४ सालसम्म गणेशमान मुखिया, २०७४-२०७८ सालसम्म विशाल नेम्बाङ, २०७८-२०८१ सालसम्म भूमिका फियाक लिम्बूले फोनिज झापाको नेतृत्व गरेका थिए । २०८१ चैतदेखि म (अर्जुन राजवंशी)ले फोनिज झापाको नेतृत्व गरिरहेको छु ।

तत्कालीन समयमा आदिवासी जनजाति पत्रकार संघ (अनिज) को गठन २०५६ साल असार ३१ गते भएको थियो । अनिजलाई जिल्ला प्रशासन कार्यालय काठमाडौंमा २०५६ साल साउन २७ गते दर्ता गरिएको हो । पोखरामा सम्पन्न अनिजको पाँचौं राष्ट्रिय महाधिवेशन (२०७० जेठ २६-२७) ले अनिजबाट फोनिजमा रुपान्तरण गरेको हो ।

फोनिज झापाले स्थापनादेखि नै आदिवासी जनजाति पत्रकारको क्षमता अभिवृद्धिमा जोड दिंदै आएको छ । संवैधानिक व्यवस्था, पत्रकारिताका 'सिद्धान्त' र आचार-संहिता तथा विभिन्न सामाजिक विषयहरूमा अन्तर्क्रिया, छलफल एवम् तालिम कार्यक्रमहरू नियमित रुपमा सञ्चालन गर्दै आएको छ । फोनिज झापाले जिल्लामा क्रियाशील अन्य पत्रकार सम्बद्ध संघ-संगठनहरूसँग पनि बलियो सम्बन्ध स्थापित गर्दै आएको छ ।

संस्थागत इतिहासलाई संरक्षण गर्नुका साथै फोनिज झापाले समग्र जिल्लाको पत्रकारिता क्षेत्रमा योगदान पुर्‍याउने अग्रज पत्रकारलाई 'डिकमान विरही स्मृति पत्रकारिता पुरस्कार' तथा नवागन्तुक पत्रकारलाई प्रोत्साहन गर्न ' उदीयमान पत्रकारिता पुरस्कार' वितरण गर्दै आएको छ । यस क्रममा 'डिकमान विरही स्मृति पत्रकारिता पुरस्कार'बाट जिल्लाका अग्रज पत्रकारहरू अमृतलाल श्रेष्ठ, नकुल काजी (पाण्डे), दिपीन राई, मदन ढकाल, रमेश समदर्शी राई, भीम नेम्बाङ, माधव विद्रोही, इन्द्रसिंह राजवंशी, कमन देवान, भीमा शिवाकोटी र विष्णु सुब्बा पुरस्कृत भइसकेका छन् । फोनिज झापाले 'उदीयमान पत्रकारिता पुरस्कार'बाट भारती राई, इन्द्र चौधरी, सुजन प्रधान, इन्जिना सुब्बा, शारदा खवास, पुष्पा जबेगू, रिताष्मा मुखिया सुनुवार, सबिना साम्पाङ राई, ध्रुव राजवंशी, भगीहाङ नेम्बाङ, मीना नेम्बाङ, सुभला तामाङ, लीला राई, डिल्लीश्वर मुसाहाङ, गंगामाया बेघा, विष्णु श्रेष्ठ, सजन राई र रविकिरण बान्तवा राईलाई प्रदान गरेको छ । ❖

*(अध्यक्ष : फोनिज, झापा)*



# वर्तमानको आवश्यकता स्वतन्त्र पत्रकारिता



● नरेन्द्र ढकाल

राज्यका प्रमुख तीन अङ्गहरू - कार्यपालिका, न्यायपालिका र व्यवस्थापिकालाई चेक एण्ड ब्यालेन्स गर्न सक्ने भएकाले नै पत्रकारितालाई चौथो अङ्ग भनिएको हो । तीनै अङ्गलाई निरन्तर खबरदारी गर्ने भएकाले पत्रकारितालाई जहिले पनि सत्ता पक्षको स्थायी प्रतिपक्षीका रुपमा लिने गरिन्छ । ती तीन अङ्गभित्र हुन सक्ने विकृति, विसंगति, भ्रष्टाचार, अनियमितता विरुद्ध आवाज उठाउने तागत भएकाले नै पत्रकारिता क्षेत्र स्थायी प्रतिपक्षी हो । जनता र राज्यप्रति उत्तरदायी बनाउन सञ्चार जगतले महत्वपूर्ण भूमिका निर्वाह गरिरहेको हुन्छ । तथापि आवाजविहीनहरूको आवाज बन्नु पर्ने पत्रकारिता क्षेत्र कत्तिको स्वतन्त्र छ भन्ने प्रश्नको चौघेरामा पर्न थालेको छ ।

जहानियाँ राणा शासन र निरंकुश पञ्चायती व्यवस्था विरुद्ध पत्रकारले लामो समय मिसन पत्रकारिताका माध्यमबाट योगदान दिए । बहुदलीय प्रजातन्त्र स्थापनाका प्रारम्भिक चरणसम्म पनि नेपाली पत्रकार र पत्रकारिताको शान र मानमा त्यति घुनपुत्लो लागिसकेको थिएन । माओवादी जनयुद्धलाई सघाउन र २०५८ सालपछि राजाको शासनलाई परास्त गर्न धेरै पत्रकार र आम समाचारमाध्यमले विशेष सहयोग गरेको इतिहास साक्षी छ । अहिले भने नेपाली पत्रकार र आम समाचार माध्यमलाई हेर्ने दृष्टिकोण बदलिसकेको छ । जसरी बहुदलीय व्यवस्था स्थापनाको छोटै समयमा संसदीय राजनीतिक दलहरूले मुलुकमा विभिन्न विकृति भित्र्याएर आफैंप्रतिको जनविश्वास गुमाउँदै आए, त्यसरी नै धेरै पत्रकार र आम समाचार माध्यमले पनि पहिलेको इज्जतमा दाग लगाउन पछि परेनन् । संविधानमा नै पूर्ण प्रेस स्वतन्त्रता लेखिएपछि त झन् पत्रकारिताको स्वतन्त्रता नै हरण भयो ।

पत्रकारितालाई समाजको ऐना मान्दै आएको समाजले आज त्यो ऐनामा कालो पोत्न थालेको छ । तर, हामी पत्रकारहरूले पत्तै पाएका छैनौं या बुझे पनि लाज छोपिरहेका छौं । आफैं आत्मसमीक्षा गर्न जरुरी छ । खासगरी ७० को दशकमा मौलाएका अनलाइन माध्यमहरूको अराजक शैलीका कारण नेपाली पत्रकारिता झन्-झन् बदनाम अवस्थामा पुगेको छ । नेपाली पत्रकारिताभित्र मौलाएका बार्गेनिङ, चरित्रहत्या, समाचार चोरी र साभार, एकपक्षीयता, समाचारको अङ्ग नै नपुगेका सामग्री सम्प्रेषण, अनुमानका सूचना, पूर्वाग्रह, विज्ञापनलाई समाचार बनाउने जस्ता विभिन्न नकारात्मक प्रवृत्तिहरूका कारण समाजले पत्रकारलाई हेर्ने दृष्टिकोण झन् नकारात्मक बन्दै गएको छ । त्यहीमाथि सामाजिक सञ्जाल र त्यसमा पनि अराजक युट्युबरका कारण वास्तविक पत्रकारको पहिचान गुम्दै मात्रै छैन; समाजले युट्युबलाई नै वास्तविक मिडिया र त्यस्ता युट्युबरलाई नै खाँटी पत्रकार भनेर बुझ्न थालेको छ । यसले स्वतन्त्र पत्रकारितालाई ठूलो समस्यामा मात्र पारेको छैन, धेरै पत्रकारहरू यो क्षेत्रबाट पलायन हुने अवस्था सिर्जना भएको छ । यहाँ अग्रज या वरिष्ठ पत्रकार भनिएकाहरू नै स्वच्छ, स्वतन्त्र, सन्तुलित पत्रकारिताको विरुद्धमा उभिएका छन् । पत्रकार स्वतन्त्र हुनु पर्छ भन्दा उनीहरूले स्वतन्त्र भनेको विचारविहीन हो भन्दै कुतर्क गर्ने गरेका छन् । स्वतन्त्र हुँदैमा कोही पनि विचारविहीन हुँदैन ।

राजनीतिक दलको भ्रातृ संगठन हुँदा स्वतन्त्र पत्रकारिता गुम्दै गएको हो । आज पार्टी पत्रकारिताले गर्दा समग्र पत्रकारहरू बदनामीको शिकार भएका छन् भने अराजक फेसबूके र अराजक युट्युबरका कारण वास्तविक पत्रकारहरू संकटमा रहेका छन् । बोल्न र लेख्न पाइयो भन्दैमा हामीकहाँ जे मन लाग्छ- त्यही लेख्ने,

बोल्ने क्रम बढेर गएको छ । दल र यस्तै संगठनको नेतृत्व गर्दै पत्रकारितालाई दलीयकरण गरेर दलको पक्षपोषण गरिरहेकाहरूले नै स्वतन्त्र, सन्तुलित पत्रकारिता मारेर दलीय स्वार्थमा काम गर्ने र फेरि तिनैले स्वतन्त्र र सन्तुलित पत्रकरिताको प्रशिक्षण, तालिम दिँदै हिंडेका छन् ! आफू नहुञ्जेलसम्म अरूलाई धारेहात लगाउँदै कुरा काट्ने तिनै कथित विज्ञ र प्राज्ञ आफू बनेपछि उल्टै कुतर्क गर्छन् । पत्रकारिता स्वतन्त्र हुनुपर्छ भन्दा विचारविहीन भन्छन् ।

पत्रकारभन्दा दलको खाँटी कार्यकर्ताको परिचय दिएर स्वतन्त्र पत्रकारिताको गफ हाँक्नेहरू पनि यो समाजमा प्रशस्त भेटिन्छन् । आज तिनै दलका कार्यकर्ताहरूले ठूलो र जिम्मेवार पत्रकार भन्दै समाजलाई दिग्गभ्रमित बनाइरहेका छन् । कार्डहोल्डर अधिकांश पत्रकार वर्ष दिनमा एउटै समाचार, लेख लेख्दैनन् । उनीहरू नै स्वतन्त्र पत्रकारिताको विषयमा बहस गर्दै हिंड्ने गर्छन् ! अनेक पेशाकर्ममा आबद्ध रहेका र कोही पत्रकार आचार-संहिता विपरीत हाकाहाकी आफूलाई दलको भातृ संगठनको नेता घोषणा गर्दै पत्रकारिता स्वतन्त्र र निष्पक्ष हुनु पर्छ भन्ने कार्यकर्ताहरूबाट समाजले के अपेक्षा राखोस् त ?

पत्रकार महासंघको चुनावमा उठ्दा होस्, आफ्नै दलको भातृ संगठनको नेता बन्नुपर्दा होस्, अनेक नियुक्ति खानुपर्दा होस् या कुनै फाइदा लिनुपर्दा होस्, निधारमा दलको टीका लगाउँछन् अनि तिनै मुखले स्वतन्त्र र निष्पक्ष पत्रकारिताको नारा लगाउँछन् ! कुनै दल तथा संगठनमा आबद्ध नभई स्वतन्त्र पत्रकारहरूको संगठनलाई उनीहरू विचार नभएको भन्दै नवप्रवेशी पत्रकारहरूलाई दलगत संगठनमा आउनु पर्ने दबाब सिर्जना गरिरहन्छन् । यसले स्वतन्त्र पत्रकारिता गर्छु भन्नेहरूलाई अलमलमा पारेको हुन सक्छ । तर, दलगत पत्रकारभन्दा एक स्वतन्त्र पत्रकार कति शक्तिशाली हुन्छ भन्ने कुरा बुझ्न जरुरी छ । दलको झण्डा ओढेर पत्रकारिता गर्नुभन्दा पत्रकारिता नगरेकै बेश हुन्छ ।

'आफ्नो हात-जगन्नाथ' भनेजस्तो केही पत्रकार र मिडिया यस्ता छन्, जो आफ्नै प्रचार-प्रसार गर्छन्, मानौं कि-ती मिडिया जनताका सार्वजनिक पूँजी होइनन् । उनीहरूकै प्रचार-प्रसारका लागि खोलिएका हुन् । आफैं सम्पादक भएका सञ्चार माध्यममा आफ्नै समाचार तथा तस्वीरहरू प्रकाशन गर्दै मैले जे गरे पनि हुन्छ, आखिर मेरै मिडिया हो भन्नेहरूका कारण पनि स्वतन्त्र पत्रकारितामाथि प्रश्न खडा भएको छ । यी र यस्तो पत्रकारिताले हाम्रो विश्वसनीयता कहाँ छ ? कहाँ छ सन्तुलन ? समग्रमा, अहिलेको अवस्थामा केही अपवाद बाहेक नेपालमा व्यावसायिक, सन्तुलित र विश्वसनीय पत्रकार र पत्रकारिता छन् भन्नु भ्रम छर्नु मात्र हो ।

> ***झापामा पनि स्वतन्त्र पत्रकारिताका सवालहरू उठ्ने गरेका छन् । तर, दलगत रुपमा जकडिएको पत्रकारितालाई स्वतन्त्र रुपमा अघि बढाउन निकै कठिन छ । मानिसको आस्था र विचारमा स्वतन्त्रता हुन्छ । तर, त्यसो भन्दैमा दलगत संगठनमा नै आबद्ध हुनु पर्छ भन्ने होइन । त्यसले आफ्नो आस्था र विचारलाई छुट्टै राखेर पत्रकारितामा भने स्वतन्त्र भएर आबद्ध बनौं ।***

डिजिटल युगमा, जहाँ जानकारीले अभूतपूर्व गतिमा यात्रा गर्छ, विस्तृत र व्यापक रिपोर्टिङको मूल्यलाई अतिरञ्जित गर्न सकिँदैन । सामाजिक सञ्जाल प्लेटफर्महरूले खुलासा गर्ने घटनाहरूमा द्रुत झलकहरू प्रदान गर्दा, गहिरो विश्लेषणका लागि क्षमताले सुसज्जित समाचारहरूले सूक्ष्म र महत्वपूर्ण भूमिका खेल्छन् । तर, हतारो पत्रकारिताले समाजमा भ्रम सिर्जना गर्न सक्छ । त्यसबेला भने गहिरो विश्लेषण र खोज गरिएका विषयले प्राथमिकता पाउन मुश्किल पर्न सक्छ । वास्तविकताको उजागर भएपछि त्यसको पक्ष र विपक्षमा बहस हुनु स्वाभाविकै होला । तर, पत्रकार नै पक्ष र विपक्षमा लागेर स्वतन्त्र रुपमा गरिएको पत्रकारितालाई निष्तेज पार्ने खेलमा लाग्नु कत्तिको नैतिकवान हो ? निष्पक्ष पत्रकारिताको आह्वान विश्वव्यापी मञ्चमा मात्रै होइन, नेपालको अनुपम सन्दर्भमा लचिलो, सुसूचित समाज निर्माण गर्नका लागि आधारभूत आवश्यकता हो ।

भाइरल हुने होडमा यौन हिंसाका पीडित, बालबालिका, ज्येष्ठ नागरिक वा अन्य संवेदनशील अवस्थाका व्यक्तिको पहिचान खुलाउँदै सार्वजनिकीकरण गर्ने छुट प्रेस स्वतन्त्रताको विषय बन्न सक्दैन । कतिपय अनलाइन र युट्युब च्यानलले सन्सनी फैलाउने र भाइरल हुने होडमा वीभत्स शवहरू, रगताम्मे दृश्यहरू वा हिंसालाई बढावा दिने सामग्री पस्केर मानवीय संवेदना भुलेको पाइन्छ र आफूलाई प्रेस स्वतन्त्रताको हिमायती ठानेको पाइन्छ । हरेक नागरिकलाई स्वविचार प्रकट गर्ने स्वतन्त्रता छ भन्दैमा ती सबै 'पत्रकारिता' हुन सक्दैन । सामाजिक सञ्जालमा कसैले लेखेको स्टाटस वा हालेको भिडियोको जवाफदेहिता पाइँदैन भनेर पत्रकारले लेखेको प्रत्येक शब्दको जवाफदेहिता पनि खोज्नु पर्दैन भन्ने होइन । त्यसैले पत्रकारिता तटस्थ, स्वतन्त्र, निष्पक्ष र जवाफदेही हुनै पर्छ ।

झापामा पनि स्वतन्त्र पत्रकारिताका सवालहरू उठ्ने गरेका छन् । तर, दलगत रुपमा जकडिएको पत्रकारितालाई स्वतन्त्र रुपमा अघि बढाउन निकै कठिन छ । मानिसको आस्था र विचारमा स्वतन्त्रता हुन्छ । तर, त्यसो भन्दैमा दलगत संगठनमा नै आबद्ध हुनु पर्छ भन्ने होइन । त्यसले आफ्नो आस्था र विचारलाई छुट्टै राखेर पत्रकारितामा भने स्वतन्त्र भएर आबद्ध बनौं । पत्रकार आवाजविहीनहरूको आवाज बन्न सक्नु पर्छ, न कि आवाजविहीनहरूको आवाज दबाउने माध्यम । पैसा र पावरको भरमा सत्यलाई दबाएर असत्यलाई सत्य साबित गर्न खोज्नु त्यो समाजका लागि ठूलो घातक कर्म हो । त्यसैले निष्पक्ष, स्वतन्त्र र जवाफदेही पत्रकारितामा कटिबद्ध भएर लागौं । स्वतन्त्र पत्रकारितालाई पहिलो प्राथमिकतामा राखौं । स्वतन्त्र पत्रकारितासँगै प्रेस स्वतन्त्रता कमजोर भयो भने सबै प्रकारका स्वतन्त्रताका हक कमजोर हुँदै जान्छन् र लोकतन्त्र पनि कामजोर हुन्छ भन्ने कुरा सबैले बुझौं । त्यसैले आजैबाट स्वतन्त्र पत्रकारिता शुरु गरौं । ❖

*(अध्यक्ष : स्वतन्त्र पत्रकार संघ झापा)*

# झापामा प्रेस क्लबहरू



● तीर्थ तिम्सिना

प्रेस स्वतन्त्रता, मानव अधिकार तथा प्रजातन्त्रका लागि भएका विभिन्न आन्दोलन र संघर्षहरूबाट हासिल उपलब्धिलाई संस्थागत गर्न, आम नागरिकलाई जागरुक र सचेत बनाउन आमसञ्चारको भूमिका महत्वपूर्ण त छँदैछ; दायित्व पनि गहन छ । सञ्चारमाध्यमलाई देश र नागरिकको हित अनुकूल प्रभावकारी बनाउँदै सञ्चारकर्मीहरूको पेशागत हक, अधिकार र व्यावसायिक सुरक्षाको समेत पैरवी गर्ने उद्देश्य सहित आम सञ्चारकर्मीहरूको साझा छाता संस्था 'नेपाल पत्रकार महासंघ' सहित विभिन्न संघ-संगठनहरू स्थापना भएका छन् । अप्ठ्यारोमा परेका पत्रकारहरूलाई आर्थिक वा भौतिक सहयोग गर्ने र पेशागत मर्यादा कायम राख्न यी संस्थाहरूले अभिभावकको भूमिका निर्वाह गर्ने गरेका छन् ।

राजनीतिक आन्दोलनहरूबाट प्राप्त प्रेस स्वतन्त्रता र नागरिक अधिकारलाई जोगाउन सञ्चारमाध्यमले पहरेदारको काम गर्दै आएका छन् । त्यसका अतिरिक्त आधारभूत पत्रकारिता, पेशागत दक्षता अभिवृद्धि सम्बन्धी सैद्धान्तिक र प्रयोगात्मक रुपमा फिल्ड भिजिट कार्यशाला तथा डिजिटल तालिमले नयाँ र वर्षौंदेखि क्रियाशील पत्रकारहरूको कार्यक्षमतामा निखार ल्याउने गरेको छ । यसो गरिनु किन पनि अपरिहार्य छ भने, सञ्चारकर्मीहरू जति सक्षम र एकताबद्ध हुन्छन्, नागरिकहरू त्यति नै सूचित र सचेत बन्न सक्छन् ।

स्थापित पत्रकार सम्बद्ध संस्था, संघ-संगठन तथा प्रेस क्लबहरूले सूचना सञ्चार कर्ममा सक्रिय पत्रकारहरूलाई पेशागत हिसाबले संगठित गर्ने, सीप र क्षमता विकासका अतिरिक्त हक-हितका लागि क्रियाशील रहने, प्रोत्साहित गर्ने, पुरस्कृत गर्ने साथै स्थानीयस्तरमा भएका गतिविधिलाई समाचारको रुपमा सम्प्रेषण गर्न प्रेरित गर्दै आइरहेको पाइन्छ । नेपाली पत्रकारिताको उर्वर भूमि रहेकै कारण झापा जिल्लाका प्रेस क्लबहरू पनि क्रियाशील छन् ।

पालिकास्तरमा स्थापित सञ्चारकर्मीहरूको छाता संस्था 'प्रेस क्लब'हरूले समेत तालिम, अन्तरक्रिया, गोष्ठी, कार्यशालाहरू सञ्चालन गर्दै आएका उनीहरूको कार्यक्षमता बढाउन सहयोग गर्ने काम गर्दै आएका छन् । यसका अलावा खेलकूदका माध्यमबाट सञ्चारकर्मीहरू बीच भाइचारा अभिवृद्धि गर्न अन्तरक्लब मिडिया कप प्रतियोगिता पनि गर्दै आइरहेका छन् ।

सञ्चारमाध्यमलाई असहयोग हुने वा प्रतिबन्ध लगाउने खालका आचार-संहिता विरुद्धमा आपत्ति जनाउने र प्रेस स्वतन्त्रताको रक्षाका लागि आवाज उठाउने कार्यहरू पनि गर्दै आइरहेका प्रेस क्लबहरूले सञ्चारकर्मीहरूलाई एकताबद्ध बनाउँदै समाजको सकारात्मक परिवर्तनमा महत्वपूर्ण योगदान पुऱ्याउँदै आएका छन् । वास्तवमा, एउटा बलियो प्रेस क्लब हुनु भनेको समाजमा सत्य र न्यायको पक्षमा बोल्ने आवाजलाई संगठित पार्नु पनि हो ।

### पत्रकार मञ्च-दमक

दमक क्षेत्रमा कार्यरत पत्रकारहरूको साझा संस्थाका रूपमा यो स्थापित छ । २०६६ साल असारमा गञ्जबहादुर दाहालको अगुवाईमा स्थापना भई पछि दर्ता गरिएको दमक पत्रकार मञ्चलाई हाल टीकाराम उप्रेतीले नेतृत्व गरिरहनु भएको छ । ३० जनाभन्दा बढी सदस्य आबद्ध यस मञ्चले स्थानीय पत्रकारहरूलाई एकीकृत गर्दै तालिम तथा विभिन्न क्षेत्रमा सहभागिता गराउँदै आएको सचिव चिरञ्जीवी घिमिरेको कथन छ ।




### प्रेस क्लब-भद्रपुर

झापाको पुरानो प्रेस क्लबका रुपमा 'प्रेस क्लब भद्रपुर'लाई चिनिन्छ । संस्थाका रुपमा यो २०६७ साल साउन १६ गते पञ्जीकृत भएको हो । अग्रज पत्रकार राजबाबु शंकरले २०७९ साल असार ११ देखि नेतृत्व गर्दै आउनुभएको यो क्लबमा हाल ४१ जना सञ्चारकर्मी आबद्ध हुनुहुन्छ । जिल्लाको मात्रै नभएर प्रदेशकै अग्रज एवम् ज्येष्ठ पत्रकारहरू यसै क्लबमा आबद्ध हुनुहुन्छ । गोविन्दचन्द्र छेत्री र नकुल काजी ८२ वर्षको उमेरमा पनि अझै पत्रकारितामा क्रियाशील हुनुहुन्छ ।

जिल्लाभरिमा आफ्नै कार्यालय भवन भएको यो मात्र एउटा क्लब हो । नेपाल पत्रकार महासंघ, झापा जिल्ला शाखाको

सदरमुकाम चन्द्रगढी (भद्रपुर-८) स्थित भवनको माथिल्लो तलामा यस क्लबले आफ्नै कार्यालय निर्माण गरेको छ। एउटा प्रेक्षालय, २ वटा कार्यकक्ष र एउटा पुस्तकालय कक्ष सहित स्थानीय मिडियाहरूको संयुक्त कार्यालय रहेको नवनिर्मित उक्त क्लब कार्यालयको २०८२ साल साउन १६ गते कोशी प्रदेशका मुख्यमन्त्री हिक्मतकुमार कार्कीले उद्घाटन गर्नुभएको थियो।

यस क्लबले पत्रकारहरूको क्षमता अभिवृद्धि गर्ने साथै पेशागत सीप विकास तालिमको आयोजना गर्दै आइरहेको छ। क्लबसँग सहकार्य गर्दै भद्रपुर नगरपालिकाले स्थानीय दर्तावाल मिडियालाई वार्षिक रुपमा लोककल्याणकारी विज्ञापन प्रदान गर्न र पुरस्कारहरू समर्पण

**पालिकास्तरमा स्थापित सञ्चारकर्मीहरूको छाता संस्था "प्रेस क्लब"हरुले समेत तालिम, अन्तरक्रिया, गोष्ठी, कार्यशालाहरू सञ्चालन गर्दै आएका उनीहरूको कार्यक्षमता बढाउन सहयोग गर्ने काम गर्दै आएका छन् ।**

गर्न २०८१ सालको असोज २१ गते कार्यविधि प्रमाणीकरण गरेको छ।

यसका साथै नगरपालिकाले वार्षिक रुपमा उदीयमान १ जनालाई १५ हजार रुपैयाँको प्रोत्साहन पत्रकारिता पुरस्कार र १ जनालाई ३१ हजार रुपैयाँको नगर विकास पत्रकारिता पुरस्कार तथा हरेक ३ वर्षमा भद्रपुर क्षेत्रका अग्रज पत्रकारहरूमध्येबाट १ जना ज्येष्ठ पत्रकारलाई ५१ हजार रुपैयाँ सहित 'दीर्घसेवा सम्मान' समर्पण गर्दै आइरहेको छ।

साथै, भट्टराई कुलवंश प्रतिष्ठान, नगर समिति-भद्रपुरसँग क्लबको द्विपक्षीय सम्झौता अनुरुप २/२ वर्षमा १ जना नगर क्षेत्रका पत्रकार पुरस्कृत हुँदै आएका छन्। पुरस्कार-संस्थापक सामाजिक एवम् धार्मिक व्यक्तित्व गणेशप्रसाद भट्टराई दम्पतीले अक्षयकोषमा राख्नुभएको २ लाख ५० हजार रुपैयाँको ब्याजबाट पुरस्कार प्रदान गर्ने गरिएको छ।

### कनकाई सुरुंगा प्रेस क्लब

सुरुंगा (कनकाई नगरपालिका)मा २०७२ सालमा प्रेस क्लब अस्तित्वमा आएको हो। तीर्थराज खरेलको नेतृत्वमा सञ्चालनमा आएको सुरुंगा प्रेस क्लबपछि २०७६ सालतिर कनकाई प्रेस क्लबको नाममा अर्को पनि क्लब स्थापना गरिएपछि ती २ वटा प्रेस क्लबलाई मर्ज गरेर दुबै क्लबको अपनत्व झल्कनेगरी 'कनकाई सुरुंगा प्रेस क्लब' नामाकरण भएको हो। २०८२ सालदेखि यस क्लबको नेतृत्व लीलाराज झपालीले गरिरहनु भएको छ।

### मेचीनगर प्रेस क्लब

मेचीनगर क्षेत्रका पत्रकारहरू संगठित भएको 'मेचीनगर प्रेस क्लब' २०७१ सालमा स्थापना भएर क्रियाशील छ। संस्थापक-अध्यक्ष सन्तोष आचार्य रहनुभएको सो क्लबको अध्यक्ष हाल प्रकाश पौडेल हुनुहुन्छ। सीमावर्ती क्षेत्र भएकाले यहाँका पत्रकारहरूले सीमा सुरक्षा, तस्करी र पर्यटनका विषयमा विशेष रुपमा कलम चलाउँदै आउनुभएको छ। यस क्लबमा हाल ४० जना सदस्य रहनु भएको छ। क्लबले सदस्यहरूको दुर्घटना बीमा, एआई तालिम, इण्डो-नेपाल मिडिया कप, पत्रकारको एकाघरमा सुख-दु:खमा सरिक हुने जस्ता कार्यहरू गर्दै आएको छ।

### सताक्षी प्रेस क्लब

झिलझिले (शिवसताक्षी नगरपालिका-८) मा रहेको यो क्लब २०७१ साल पूसमा दर्ता भएको हो। छविलाल दवाडी २ कार्यकाल अध्यक्ष रहेपछि यस क्लबको हाल दोस्रो कार्यकालको नेतृत्व पनि सेलिङ केसी (कृष्णचन्द्र सेलिङ)ले गरिरहनु भएको छ। सताक्षी प्रेस क्लबमा हाल ११ सञ्चारकर्मी आबद्ध रहेको अध्यक्ष सेलिङको भनाइ छ।

### बुद्धशान्ति प्रेस क्लब

बुद्धशान्ति क्षेत्रका पत्रकारहरूको साझा संस्था 'बुद्धशान्ति प्रेस क्लब' २०७७ सालमा स्थापना भएको हो। यस क्लबको संस्थापक-अध्यक्ष, हाल बुद्धशान्ति गाउँपालिका-१ का वडा अध्यक्ष, अनिल वाग्ले हुनुहुन्थ्यो। २२ जना सदस्य रहेको यस प्रेस क्लबलाई हाल तीर्थराज तिम्सिनाले नेतृत्व गरिरहनु भएको छ। यस क्लबले झापा मिडिया कप, होली मिलन कार्यक्रम, पत्रकार दुर्घटना बीमा, वर्षेनी क्यालेण्डर छपाई, स्थानीय स्तरमा भएका पर्यटकीय क्षेत्रहरूको प्रचार-प्रसारसँगै पत्रकारहरूलाई तालिम दिँदै आएको छ।

### अर्जुनधारा प्रेस क्लब

अर्जुनधारा नगरपालिका क्षेत्रमा कार्यरत पत्रकारहरूको संस्था 'अर्जुनधारा प्रेस क्लब' २०७८ सालमा स्थापना भएको हो। संस्थापक-अध्यक्ष कुमार भट्टराई रहनुभएको यस क्लबको नेतृत्व हाल रमेश समदर्शीले गरिरहनु भएको छ।

आफ्नै जग्गा रहेको यस क्लबको भवन पनि निर्माणाधीन अवस्थामा रहेको जनाइएको छ। पत्रकारहरूलाई क्षमता अभिवृद्धि तालिम गराउँदै आएको क्लबले स्थानीय तह र विभिन्न संघ-संस्थाहरूसँगको सहकार्यमा सामाजिक कार्यक्रमहरू पनि गर्दै आएको छ।

### गौरादह प्रेस क्लब

गौरादह प्रेस क्लब २०७८ सालमा स्थापना भएको प्रेस क्लब हो। यसको अध्यक्ष पत्रकार सुदीप अधिकारी हुनुहुन्छ। यो क्लब पनि स्थानीय सञ्चारकर्मीहरूलाई संगठित गर्न र पेशागत प्रवर्द्धनको उद्देश्यमा केन्द्रित छ।

### ग्रामीण प्रेस क्लब-झापा

ग्रामीण क्षेत्रका पत्रकारहरूलाई संगठित गर्ने लक्ष्य लिएको यस क्लबको स्थापना २०८२ सालको माघ अन्तिम साता भएको हो। हल्दिबारी र बाह्रदशी गाउँपालिका क्षेत्रका सञ्चारकर्मीहरू आबद्ध यो क्लबका अध्यक्ष नेत्रबिक्रम बिमलीका अनुसार, क्लबको पहलमा हल्दिबारी गाउँपालिकाले स्थानीय सञ्चार नीति पारित गरी लागू समेत गरिसकेको छ।

### प्रेस क्लब दमक

जिल्लाकै कान्छो यो क्लबको तदर्थ समितिको नेतृत्व पत्रकार डिकेश लामाले गर्दै हुनुहुन्छ। दर्ताको चरणमा रहेको प्रेस क्लब-दमकले स्थानीय सञ्चारकर्मीहरूको पेशागत हक-हित र दक्षतालाई प्राथमिकता दिने लक्ष्य राखेको छ। ❖

*(अध्यक्ष : बुद्धशान्ति प्रेस क्लब, बुद्धशान्ति (झापा)*

# झापामा नारी सञ्चार गृह



● स्वस्तिका आचार्य

पत्रकारिता समाजको ऐना हो । जसले समाजमा भएका घटना, विचार र सूचना संकलन गरेर त्यसलाई सत्य, निष्पक्ष र जिम्मेवार ढंगले जनतासम्म पुर्‍याउने काम गर्छ । पत्रकारिता पेशा आफैंमा चुनौतिपूर्ण छ । त्यसमा पनि महिलाहरूलाई पत्रकारितामा प्रवेश गर्नु र यही पेशामा हिंडिरहनु झन् चुनौतिपूर्ण छ ।

वि.स. १९५५ मा 'सुधासागर'को प्रकाशन भएपछि नेपालमा पत्रकारिताको शुरुवात भएको पाइन्छ । त्यसको १३ वर्षपछि २००८ सालमा साधना प्रधान र कामक्षादेवीको सम्पादकत्वमा 'महिला' मासिक पत्रिकाको शुरुवात भएको इतिहास पाइन्छ ।

झापाको सन्दर्भमा भने वि.स. २०३४ मा 'विवेचना' साप्ताहिकबाट पत्रकारिताको शुरुवात गर्नु भएकी झापा, बाहुण्डाँगी निवासी राधा शर्मा, झापाको पहिलो महिला पत्रकार हुनुहुन्छ । २०३५-३६ सालतिर 'युगज्ञान' साप्ताहिकको प्रकाशक भएर वेदकुमारी रेग्मीले त्यो बेलामा पत्रकारितालाई उठाउन महत्वपूर्ण भूमिका खेल्नु भएको थियो ।

वि.स.२०४७ को संविधानले जनताको सूचनाको अधिकार सुनिश्चित गरेपछि विस्तारै पत्रकारिता क्षेत्रको विकास हुँदै गयो र पत्रकारहरूको संख्या बढ्दै गयो तुलनात्मक रुपमा कम भए पनि महिला पत्रकारहरूको सहभागिता देखिन थाल्यो ।

आमसञ्चारको द्रुत विकासले एफ.एम. रेडियोहरू सञ्चालनमा आउन थालेपछि सञ्चारमा महिलाहरू जोडिन थाले । पत्रकारहरूको छाता संस्था पत्रकार महासंघ, विभिन्न वैचारिक तथा पेशागत संघ-संगठनहरूमा सहभागी हुँदै कतै नेतृत्व समेत लिन पनि सफल भएका छन् । तर, महिलाहरू आफैं संगठित भएर आफ्ना हक अधिकारको आवाज उठाउन थालेको भने धेरै भएको छैन । अन्य क्षेत्रहरूमा झैं पत्रकारितामा पनि संवैधानिक व्यवस्था अनुरुप ३३ % सहभागिता छैन ।

संवैधानिक अधिकार र सामाजिक अवसर प्राप्त गर्दै आफ्नो छुट्टै पहिचान स्थापित गर्नु झापामा क्रियाशील सक्रिय महिला पत्रकारहरूको अगुवाईमा १३ वर्ष अघि नारी सञ्चार गृहको स्थापना भयो । आफ्नो अधिकार रक्षा सँगसँगै पेशागत दक्षता, सीप, क्षमता अभिवृद्धि एवम् सार्वजनिक विषयवस्तु समेतलाई समेट्दै समाजमा एक उदाहरणीय संस्था बनाउनु पर्छ भन्ने उद्देश्यका साथ २०६९ साल भदौ १८ गते जिल्ला प्रशासन कार्यालय झापामा विधिवत् दर्ता भएको हो ।

स्थानीय क्षेत्रबाट महिला पत्रकारलाई संगठित गर्ने झापामा पहिलो संस्थाको रुपमा नारी सञ्चार गृह रहेको छ । साबित्रा दाहाल संस्थापक-अध्यक्ष रहेको कार्यसमितिमा सावित्रा ढुंगाना (सचिव), निर्मला तिम्सिना (कोषाध्यक्ष) तथा अम्बिका भण्डारी, कोपिला खड्का, भवानी क्षेत्री, माया पकुवाल, लीला अनमोल, सुशीला संग्रौला, इन्दू पूर्वेली र भीमा शिवाकोटी सदस्य रहनुभएको थियो ।

संस्थापक कार्यसमितिमा रहनु हुने महिला पत्रकारहरूमध्ये एकाध बाहेक सबै जना पत्रकारितामा सक्रिय हुनुहुन्छ । पछिल्लो पुस्ताका लागि उदाहरण बन्दै मार्गदर्शन गरिरहनु भएको छ । जसको फलस्वरूप यसले आफ्नो छुट्टै पहिचान बनाउन सफल भएको छ । महिला पत्रकारहरूलाई पत्रकारितामा आकर्षित गर्न, टिकाउन, बिकाउन, पेशागत सुरक्षा प्रदान गर्न, पहिचान स्थापित गर्दै नेतृत्वमा अघि बढाउन एउटा छुट्टै, तर सशक्त संस्थाको परिकल्पना गरेर जन्मिएको नारी सञ्चार गृहमा हालसम्म संस्थापक-अध्यक्ष सावित्रा दाहाल, पूर्वअध्यक्षहरू- अम्बिका भण्डारी र भीमा शिवाकोटी, निवर्तमान अध्यक्ष रेजिना गौतम सहित संस्थापक-सदस्यहरू र सांगठनिक अगुवा रहनुभएका अभिभावकको छहारी पाइरहेको छ ।

विभिन्न सरोकारवाला निकाय, स्थानीय तह, प्रहरी, प्रशासन नेपाल पत्रकार महासंघ, पत्रकारका विभिन्न पेशागत तथा वैचारिक संघ-संगठन र महिलाका संघ-संस्थाहरूसँगको सहकार्यमा सार्वजनिक चासोका विषयहरूका साथै पत्रकारहरूको क्षमता अभिवृद्धि र पेशागत दक्षताका लागि विभिन्न तालिमहरू सञ्चालन गर्दै अग्रभागमा रहेर आफ्ना गतिविधि सञ्चालन गरिरहेको छ ।

संस्थाको दिगो जग बसाल्नका निम्ति दीर्घकालीन सोच र बहुउद्देश्यीय लक्ष्य राखेर अक्षयकोष स्थापना गर्ने निर्णय गर्‍यो र सोही बमोजिम विभिन्न स्थानीय तह र दाताहरू समक्ष प्रस्ताव लिएर जाने क्रम चलिरह्यो । प्रत्येक वर्ष तिहारको उपलक्ष्यमा मौलिकताको सरंक्षण गर्दै देउसी-भैलो खेल्दै, स्थानीय व्यवसायी, समाजसेवी, संस्थाका पदाधिकारी तथा सदस्यहरू सबैले आ-आफ्नो शुभकार्यमा नारी सञ्चार गृहको अक्षयकोषलाई सहयोग गर्नुभयो, जसको फलस्वरूप स्थापनाको १२ वर्ष पूरा हुँदा ५३ लाख ५० हजारको अक्षयकोष स्थापना गर्ने नारी सञ्चार गृह सफल भयो । अक्षयकोष स्थापनार्थ सहयोग गर्नु हुने सबै जना धन्यवादको पात्र हुनुहुन्छ ।

अक्षयकोषबाट प्राप्त आयले पुरस्कार वितरण, लेखनवृत्ति प्रदान, उपचारमा सहयोग, विपत्मा सारथि, सदस्यहरूको एकाघरमा भएको मृत्युमा सहयोग, सुत्केरी पोषण लगायतमा खर्च गरिँदै आएको छ ।

पत्रकारितामा साधना गर्ने र लामो समय योगदान दिने एक जना पत्रकार महिलालाई नगद १ लाख १ हजार रुपैयाँको "नारी सञ्चार साधना प्रत्रकारिता पुरस्कार" प्रदान गर्ने गरिएको छ । पत्रकारको संस्थाले पत्रकार महिलालाई प्रदान गरिने यो पुरस्कार सम्भवतः नेपालकै पहिलो र ठूलो राशिको पुरस्कार हो ।

यस्तै, नवप्रतिभालाई पत्रकारितामा आकर्षित गर्न र प्रोत्साहन गर्न प्रत्येक वर्ष १ जना पत्रकार (पुरुष/महिला) लाई नगद २५ हजारको "नारी सञ्चार प्रोत्साहन पत्रकारिता पुरस्कार" प्रदान गरिँदै आएको छ ।

पत्रकारिता गरिरहेका र साहित्य-लेखनमा आबद्ध महिलाहरू सदस्य बन्न सक्ने प्रावधानले महिलाहरूलाई पत्रकारितामा लाग्न प्रेरित गरेको छ । आ.व. २०८१-'८२ सम्म नारी सञ्चार गृहमा नवीकृत ५० जना सदस्य रहँदा नेपाल पत्रकार महासंघ, झापा जिल्ला शाखामा ३९ जना महिला साधारण सदस्यमध्ये वर्तमान कार्यसमितिमा १ महिला उपाध्यक्ष र ४ सदस्य सहित ५ जना रहेका छन् ।

वर्तमान अवस्थामा पत्रकारितामा महिला सहभागिता बढे तापनि विभिन्न शारीरिक र मानसिक अवस्था, पारिवारिक जिम्मेवारी, लैंगिक विभेद, न्यून पारिश्रमिक, डिजिटल हिंसा - यी यावत् कारणले गर्दा पत्रकारिता पेशामा महिला पत्रकारहरू टिक्न ठूलो चुनौति छ ।

पत्रकारिता पेशा आफैंमा चुनौतिपूर्ण छ, यही चुनौतिलाई अवसरमा बदल्दै महिला पत्रकारहरू अघि बढ्नुको विकल्प छैन । ❖

*(अध्यक्ष : नारी सञ्चार गृह झापा)*

# झापामा पर्यटन :
# पत्रकारिता र भविष्यको मार्गचित्र



• बिनोद पाण्डे

पूर्वी नेपालको प्रवेशद्वारका रूपमा परिचित झापा जिल्ला धार्मिक, सांस्कृतिक र प्राकृतिक विविधताले भरिपूर्ण एक महत्वपूर्ण पर्यटकीय गन्तव्यका रूपमा स्थापित हुँदै गएको छ। ऐतिहासिक तथा धार्मिक दृष्टिले महाभारतकालसँग जोडिएका अर्जुनधारा, किच्चकबध, कृष्णथुम्की र सताक्षीधाम जस्ता स्थलहरूले झापाको पहिचानलाई अझ गहिरो बनाएका छन्। त्यस्तै, कचनकवल स्तम्भ - नेपालकै सबैभन्दा होचो भू-भाग – आफैंमा अनौठो आकर्षणको केन्द्र बनेको छ।

सांस्कृतिक दृष्टिले झापा समावेशी जिल्ला हो। यहाँ सन्थाल, राजवंशी, धिमाल, मेचे, राई, लिम्बू, क्षेत्री, बाहुन लगायत सबैखाले जाति-समुदायहरू बसोबास गर्दै आएका छन्। यसले यहाँको सांस्कृतिक विविधता, पर्व र परम्परागत कलामा विशेष रङ्ग भरेको छ। धार्मिक, सांस्कृतिक र जातीय विविधताको मेलले झापालाई केवल पर्यटकीय नभई सांस्कृतिक अध्ययनका लागि पनि महत्वपूर्ण गन्तव्य बनाएको छ।

प्राकृतिक दृष्टिकोणले हेर्दा झापा तराईको फाँट, चुरे पहाड र घना जंगलले भरिएको जिल्ला हो। मेचीनगर, अर्जुनधारा, कनकाई, शिवसताक्षी नगरपालिका र बुद्धशान्ति गाउँपालिकामा फैलिएका वन क्षेत्र, चुरे पहाड र जैविक विविधताले प्राकृतिक पर्यटनको ठूलो सम्भावना बोकेका छन्। उता कचनकवल, बाह्रदशी, झापा गाउँपालिका, गौरीगञ्ज र कमल गाउँपालिकाले कृषि उत्पादन - विशेषगरी धान, मकै मार्फत कृषि पर्यटनको पहिचान निर्माण गरिरहेका छन्।

भद्रपुर, बिर्तामोड, दमक र गौरादह जस्ता शहरहरूमा विकसित होटल तथा सेवा संरचनाले पर्यटकलाई सहज बसोबासको सुविधा प्रदान गरिरहेका छन्। झापामा हाल सञ्चालनमा रहेका तीन वटा स्टार होटल र करीब ५ सयभन्दा बढी मझौला तथा साना होटलहरूले पर्यटन पूर्वाधारको बलियो संकेत दिन्छन्। साथै, झापा हुँदै नेपालका अन्य चर्चित पर्यटकीय गन्तव्य तर्फ जाने पर्यटकका लागि यो जिल्ला 'ट्रान्जिट हब'को रूपमा पनि विकसित भइरहेको छ।

आन्तरिक पर्यटनका दृष्टिले पातालगंगा, शान्तिनगर गौंडा, कालिका, बाँसबाडी, सालबाडी, कैदले, कञ्चनगढ, जामुनखाडी, ह्याप्पील्याण्ड, दोमुखा लगायतका क्षेत्रहरू लोकप्रिय गन्तव्यका रूपमा स्थापित भएका छन्। वन उपभोक्ता समिति र स्थानीय सरकार र निजी क्षेत्रको लगानी र सहकार्यमा सञ्चालित यस्ता स्थलहरूले समुदाय-आधारित पर्यटनलाई पनि प्रवर्द्धन गरिरहेका छन्।

यति धेरै सम्भावना हुँदाहुँदै पनि झापाको पर्यटन क्षेत्रले अपेक्षित गति लिन नसकेको प्रमुख कारण प्रभावकारी प्रचार-प्रसारको अभाव हो। पूर्वाधार विकाससँगै ब्राण्डिङ, डिजिटल प्रवर्द्धन र कथा-आधारित प्रस्तुति कमजोर रहँदा पर्यटन व्यवसाय र स्वरोजगारको अवसर पूर्ण रूपमा विस्तार हुन सकेको छैन।

यही सन्दर्भमा, झापामा पर्यटन पत्रकारितालाई सशक्त बनाउने उद्देश्य सहित "पर्यटन पत्रकार मञ्च झापा" गठन हुनु सकारात्मक कदम हो। यस मञ्चमा आबद्ध ११ जना सक्रिय पत्रकारहरूले पर्यटनलाई प्राथमिकतामा राखेर काम शुरु गरेका छन् भने अन्य दर्जनौं पत्रकारहरू पनि यस क्षेत्रमा रुचि राख्दै सक्रिय छन्। मञ्चले पर्यटन कार्यालय-काँकडभिट्टा, ट्राभल्स, होटल तथा होमस्टे व्यवसायीसँग सहकार्य गर्दै सूचना, प्रचार र नीति बहसलाई अघि बढाउने प्रयास थालेको छ।

### पर्यटन पत्रकारिताको भूमिका

पर्यटन पत्रकारिता केवल समाचार लेख्ने कार्य मात्र होइन; गन्तव्यको कथा भन्नु, सम्भावना उजागर गर्नु र चुनौतीहरू पहिचान गर्नु पनि हो। झापाको सन्दर्भमा पत्रकारहरूले निम्न भूमिकामा सक्रिय हुन आवश्यक देखिन्छ :

- स्थानीय भाषा, संस्कृति र पहिचानलाई समेटेर आकर्षक सामग्री उत्पादन,
- डिजिटल प्लेटफर्म मार्फत अन्तर्राष्ट्रिय दर्शकसम्म पहुँच विस्तार,
- पर्यटकका अनुभव, समीक्षा र कथा प्रस्तुत गर्दै विश्वास निर्माण,
- नीति निर्माण तहलाई दबाब सिर्जना गर्दै पर्यटनमैत्री वातावरण निर्माण।

### सम्भावना र चुनौती

झापाको पर्यटन विकासमा इण्डियाका बिहार र पश्चिम बंगालसँगको सीमापार सहकार्य अत्यन्त महत्वपूर्ण अवसर हो। नजिकको बजार, सांस्कृतिक समानता र सहज पहुँचका कारण इण्डियन पर्यटक झापाका लागि प्रमुख स्रोत बन्न सक्छन्।

तर, चुनौतीहरू पनि कम छैनन्। एकीकृत पर्यटन योजना अभाव, गुणस्तरीय सेवा र तालिमको कमी, डिजिटल मार्केटिङमा कमजोर उपस्थिति, वातावरणीय संरक्षण र दिगोपनका प्रश्न छन्।

झापा विगत एक दशकदेखि पर्यटन मार्फत आर्थिक समृद्धिको आधार निर्माण तर्फ अघि बढिरहेको छ। अबको आवश्यकता भनेको पूर्वाधारसँगै प्रभावकारी प्रचार, समन्वय र दिगो रणनीति हो। पर्यटन पत्रकारिता, व्यवसायी र स्थानीय सरकारबीचको सहकार्यलाई मजबुत बनाउन सके झापा केवल आन्तरिक मात्र नभई अन्तर्राष्ट्रिय स्तरको आकर्षक गन्तव्य बन्न सक्ने प्रबल सम्भावना रहेको छ। ❖

*(अध्यक्ष : पर्यटन पत्रकार मञ्च, झापा)*

# झापामा खेल पत्रकारिता



● हिमाल खरेल

नेपालमा विधागत पत्रकारिताको इतिहास त्यति लामो छैन । जिल्लाहरूमा त विधागत पत्रकारिता खासै प्रयोगमा आएकै छैन । अन्य विधाजस्तै खेलकूद पत्रकारिता पनि झापामा किशोरावस्थामा मात्रै छ । विश्वमा खेलकूद पत्रकारिता संस्थागत भएकै सय वर्ष भइसक्यो । नेपालमा २०५२ सालमा संस्थागत रुपमा नेपाल खेलकूद पत्रकार मञ्च स्थापना भएको थियो । इन्टरनेशनल स्पोर्ट्स प्रेस एसोसिएशन (एआइपीएस) नै खेल पत्रकारहरूको सर्वोच्च संस्था हो । सन् १९२४ मा फ्रान्सको पेरिसमा भएको सम्मर ओलम्पिकका दौरान एआइपीएसको स्थापना भएको थियो । नेपाल सहित विश्वका १६१ देशका ९ हजार ५ सय खेल पत्रकार एआइपीएसमा आबद्ध छन् ।

नेपालमा खेलकूद पत्रकारहरू संगठित भएको ११ वर्षपछि एआइपीएसको सदस्य बनेका हुन् । नेपाल खेलकूद पत्रकार मञ्चका सदस्यले समाचार लेखन र प्रस्तुति मात्र गरिरहेका छैनन्, पछिल्ला २० वर्षयता खेल र खेलाडीलाई सम्मान गर्ने हेतुले स्पोर्ट्स् अवार्ड पनि प्रदान गर्दै आएको छ । झापामा भने २०६६ सालमा मञ्चको समन्वय शाखा गठन भएको थियो ।

झापाका अनुभवी पत्रकार रमेश समदर्शी राईको नेतृत्वमा खेल क्षेत्रमा चासो राख्ने ७ जना पत्रकारहरू मञ्च झापाको सदस्य थिए । २०७२ सालदेखि २०८० सम्म सक्रिय रहेको मञ्च पछिल्ला वर्षहरूमा निष्क्रिय छ । पछिल्ला दुई वर्ष मञ्चका गतिविधि शून्यजस्तै छन् । तर, खेल पत्रकारिताको माहोल भने बढिरहेको छ । न्यूज सञ्जाल, झापा टुडेजस्ता पोर्टलहरूले खेल समाचारलाई बढी प्राथमिकता दिने गरेका छन् ।

झापामा हुने देशकै ठुला प्रतियोगिताहरूले पनि झापाली पत्रकारलाई खेलप्रति चासो र झुकाव राख्न सहयोग गरेका छन् । झापा गोल्डकप, भद्रपुर झापा गोल्डकप, झापा महिला गोल्डकप जस्ता फूटबल प्रतियोगिताहरू नेपालमै प्रतिष्ठित र सर्वाधिक रुचाइएका खेल गतिविधि हुन् । झापामा हुने फूटबल, क्रिकेट, भलिबल प्रतियोगिताले स्थानीयस्तरमै प्रत्यक्ष प्रसारण गर्ने प्लेटफर्मको विकास पनि भइसकेको छ । खेलकूद टाइम्स, स्पोर्ट्स नेपाल, गेम अफ नेपाल जस्ता सामाजिक सञ्जालहरू खेलकूद गतिविधिको प्रत्यक्ष प्रसारण गर्नकै लागि स्थापना भएका हुन् । र, उनीहरूले लगातार काम गरिरहेका पनि छन् ।

झापामा खेलकूदका प्रतियोगिता अत्यधिक हुन थालेपछि खेलकूदकै समाचार र अन्य गतिविधि समेट्ने र संस्थागत रुपमा खेल पत्रकारिताको शुरुवात गर्ने उद्देश्यका साथ अनलाइन न्यूज पोर्टल सञ्चालनमा ल्याउने तयारी पनि गरिएको छ । झापामा १५ जना हाराहारीका सञ्चारकर्मी खेल पत्रकारितामा बढी सक्रिय रहँदै आएका छन् । उनीहरूको पहिलो प्राथमिकतामा खेल समाचार र खेलकूदका गतिविधि कभर गर्नु रहेको छ ।

झापामा सञ्चारमाध्यममा पनि खेल समाचारले मनग्ये स्थान पाउने गरेका छन् । अखबारमा खेल समाचारको स्थान अन्तिम पृष्ठमा हुने विश्वव्यापी चलन नै हो । तर, कतिपय अवस्थामा अखबारका पहिलो पृष्ठमा पनि खेल समाचारले स्थान पाउनु खेल पत्रकारिताको महत्व बुझेको भन्ने हो । अनलाइनका कभर स्पेसमा पनि खेल समाचारले स्थान पाउने गरेका छन्, जसले झापालाई खेल पत्रकारिताप्रति अझ विकासशील र सक्रिय बनाउँदै लगेको साबित हुन्छ ।

खेलकूदका गतिविधि भइरहने भएर पनि झापामा खेल पत्रकारिताप्रति चासो र सक्रियता छ । पछिल्लो पुस्ताका युवा पत्रकारहरू विधागत पत्रकारितामा इच्छुक देखिन्छन् । तर, सूचना र प्रविधिको फड्कोसँगै नेपालमा खेल पत्रकारितामा आउने र छिट्टै जाने ट्रेण्ड रहेकाले चुनौति छन् । नेपालमा खेलकूद पत्रकारितामा राम्रा सम्भावना बोकेका व्यक्तिहरू आए पनि लामो समय काम नगर्ने प्रवृत्तिका कारण खेलकूद पत्रकारिता सोचेजस्तो विकास भएको देखिंदैन । नेपालमा जस्तै झापामा पनि खेलकूद पत्रकारिता अझै पनि इभेन्ट बेसिसमा हुँदै आएको छ ।

झापा आफैँमा पनि खेलकूदमा नेपालकै रेकर्डधारी जिल्ला हो । तर, यो विषय झापाका सञ्चारमाध्यममा आउन सकेको छैन । यसको अर्थ खोजमूलक खेल समाचारहरू प्रकाशन/प्रसारण हुन सकेका छैनन् । प्रतियोगिताकेन्द्रित समाचार प्रकाशन र प्रसारणमा आए पनि स्टोरीहरू आउन नसक्नु चाहिँ झापाली खेल पत्रकारितामा लागि विडम्बनाको कुरा हो । खोजमूलक समाचारहरू बाहिर ल्याउन प्रशिक्षण र पेशामा दिगोपनाको ग्यारेन्टी जरुरी छ ।

नेपालको पहिलो ओम्पियन झापाका भूपेन्द्र सिलवाल हुन्, उनी सन् १९६४ को टोकियो ओलम्पिकमा खाली खुट्टा दौडिएका थिए । उनको २०६९ साल असोज ४ गते निधन भइसकेको छ । त्यस्तै, पहिलो महिला ओलम्पियन पनि झापाकै मेनुका राउत हुन् । उनले सन् १९८८ को सियोल ओलम्पिकमा सहभागिता जनाएकी थिइन् । एसियाली खेलकूदमा नेपालमै पहिलोपटक पदक जित्ने खेलाडी झापाकी सीता राई हुन् । उनले सन् १९९४ मा जापानमा कराते विधामा कास्य पदक जितेर इतिहास बनाएकी थिइन् । त्यस्तै, नेपालको फूटबल इतिहासमा सर्वाधिक अन्तर्राष्ट्रिय गोलको रेकर्ड झापाकै हरि खड्काको नाममा छ ।

आम मानिस जस्तै पत्रकारहरू पनि फूटबल र क्रिकेटलाई बढी महत्व दिइरहेका छन् । अन्य खेल गतिविधि र प्रतियोगिताप्रति त्यति चासो देखिँदैन । रिपोर्टिङ पनि नगण्य नै छ । खेल पत्रकारिताको स्कोप राम्रो भए पनि संस्थागत हुन सकेको छैन । खेलकूद पत्रकारिताको विकासका लागि मिडिया हाउसले पनि लगानी गर्न आवश्यक छ । दर्शकहरूलाई स्टेडियमसम्म ल्याउन सक्ने रिपोर्टहरू तयार गर्न पत्रकारहरूलाई तालिमको व्यवस्था गर्दै सक्रिय बनाउनु पर्ने देखिन्छ । ❖

*(सम्पादक : झापा टुडे डट कम)*




# झापामा चलचित्र पत्रकारिता



● एकराज प्रधान

झट्ट हेर्दा 'चलचित्र' भन्ने बित्तिकै मनोरञ्जन बुझ्न सकिन्छ । तर, चलचित्रले केवल मनोरञ्जन मात्रै दिँदैन । चलचित्रमा देखिने पात्रले एकातिर समाज र जीवनदर्शन बुझाउँछ भने अर्कोतिर यसमा देखिने परिवेश, संस्कृति, पर्यटकीय र ऐतिहासिक पक्षहरूको महत्व अझ बढी रहने गर्दछ ।

सामान्य रुपमा बुझ्दा चलचित्र 'कथा' हो । स्क्रिप्टको पानामा लेखिएको शाब्दिक कथालाई श्रव्य-दृश्यमा उतार्दै पर्दासम्म पुऱ्याउनु कम जटिल छैन । चलचित्रको यो जटिल सिर्जना यात्रामा कलाकार, प्राविधिक, निर्माता हुँदै लाखौं दर्शक जोडिन पुग्छन् । एउटा चलचित्र निर्माणमा सयौँले प्रत्यक्ष रोजगारी पाउँछन् भने अर्थतन्त्रलाई यसले चलायमान बनाउने गर्दछ । त्यसैले यो एउटा फराकिलो विधा हो ।

वर्षेनी बन्दै आएका अधिकांश नेपाली चलचित्रहरू मेकिङका दृष्टिकोणमा अब्बल प्रमाणित भए पनि व्यावसायिक सफलता भने पाउन सकिरहेका छैनन् । साँघुरो बजार, विदेशी सिनेमासँगको प्रतिस्पर्धा र बढ्दो प्राविधिक चुनौतीहरूका कारण नेपाली चलचित्रहरूले सोचेअनुरुप सफलता पाउन सकेको छैन । तर, चलचित्रको प्रगतिको मानक केवल व्यावसायिक सफलतालाई मात्र मान्नु अन्याय हुने छ । कथा, स्क्रिनप्ले, सिनेमाटोग्राफी, साउण्ड डिजाइन, भीएफएक्स जस्ता प्राविधिक पाटोमा समेत अहिले नेपाली सिनेमामा उल्लेख्य प्रगति भएको देखिन्छ । हिजो एउटा स्टारको भरमा सिनेमा चल्ने नचल्ने निर्धारण हुन्थ्यो भने आज कथाको बलमा पनि सिनेमा अत्यन्तै सफल सावित भएका छन् । यसको उदाहरणका रुपमा गत वर्षको 'पूर्णबहादुरको सारङ्गी' र 'परान'लाई लिन सक्छौं । मन जित्न सके साँझ-बिहान नभनी दर्शक टिकटको लागि लाइनमा उभिन तयार हुन्छन् भन्ने कुरा यी सिनेमाले प्रमाणित गरेका छन् । यसरी हेर्दा दर्शक जागरुक हुँदै गएको र नेपाली चलचित्र क्षेत्र निरन्तर प्रगतिपथमा रहेको बुझ्न सकिन्छ ।

### नेपाली चलचित्र : संक्षिप्त इतिहास

नेपाली चलचित्रको इतिहास ६ दशकअघि ब्ल्याक एण्ड ह्वाइट सिनेमाबाट शुरु भएको थियो । वि.स. २०२२ असोज १४ गते प्रिमियर भई १५ गतेदेखि नेपालको पहिलो चलचित्र ' आमा' सार्वजनिक रुपमा प्रदर्शनमा आएको थियो । हिरासिंह खत्रीले निर्देशन गर्नु भएको यस चलचित्रमा भुवन चन्द, बसुन्धरा भुषाल, शिवशंकर मानन्धरको मुख्य भूमिका रहेको थियो । यसरी 'ब्ल्याक एण्ड ह्वाइट'बाट शुरु भएको नेपाली चलचित्र यात्रा २०३४ सालमा 'कुमारी'बाट रङ्गीन बन्यो । २०५२ सालमा पहिलोपटक सिनेमास्कोप चलचित्र 'राँको' बन्यो । त्यस्तै, २०६९ साल चैत २३ गते रिलिज भएको 'भिजिलान्ते' पहिलो नेपाली थ्रीडी सिनेमा हो ।

यिनै ६ दशकभित्र नेपाली चलचित्र क्षेत्रले नयाँ-नयाँ प्रयोग र विधाहरूलाई निरन्तरता दिँदै आएको छ । गीति चलचित्र 'गौंथली', मौन चलचित्र 'ढुङ्गे युग', एनिमेटेड फिल्म

'सलीना', धार्मिक चलचित्र 'श्रीस्वस्थानी', बायोपिक फिल्म 'आदिकवि भानुभक्त', राजनीतिक व्यक्तित्वको जीवनमा आधारित 'वीर गणेशमान' जस्ता विभिन्न विधाका चलचित्रहरूले नेपाली चलचित्र इतिहासमा महत्वपूर्ण योगदान पुऱ्याएका छन् ।

वि.स. २०६४ मा प्रदर्शनमा आएको ' कागबेनी' नेपालको पहिलो डिजिटल सिनेमा हो । डिजिटल युगमा प्रवेश भएसँगै नेपाली चलचित्र बन्ने क्रम वर्षेनी बढ्दो छ । वर्षको २-४ वटा बन्ने अवस्थाबाट हाल एकै वर्षमा ५० भन्दा बढी सिनेमा प्रदर्शनमा आउने गरेका छन् । जुन सुखद पक्ष हो ।

### नेपालमा चलचित्र पत्रकारिता

चलचित्रलाई केन्द्रमा राखेर गरिने पत्रकारिताको औपचारिक यात्रा वि.स. २०११ बाट शुरु भएको मानिन्छ । त्यसबेला 'सिनेमा' नामक मासिक पत्रिकाले समाचार, समीक्षा र लेखकहरू प्रकाशित गर्न थालेको इतिहास पाउन सकिन्छ । २०५१ सालमा ' चलचित्र पत्रकार संघ'को स्थापना भई सांगठनिक रुपमा चलचित्र पत्रकारितालाई व्यवस्थित गर्ने प्रयास गरिएको थियो । संस्थापक-अध्यक्ष भरत शाक्यको नेतृत्वमा शुरु भएको संघ २०५६ सालबाट पुनर्गठन भएपछि आज 'चलचित्र पत्रकार संघ नेपाल'को रुपमा अघि बढिरहेको छ ।

संघले चलचित्र क्षेत्रको समग्र विकासका निम्ति विभिन्न कार्यहरू गर्दै आएको छ । खासगरी चलचित्र क्षेत्रमा रहेका कमी-कमजोरी औँल्याइदिने, उत्कृष्टलाई पुरस्कृत गर्ने, नीतिगत सुधारमा पहल गर्ने र दर्शकप्रति चलचित्रकर्मीलाई जिम्मेवार बनाउने काममा संघ निरन्तर अग्रसर रहँदै आएको छ । संघले चलचित्र पत्रकारहरूको हक-हित र दक्षता अभिवृद्धि मात्र नभई चलचित्रमा रहेका चुनौतीहरूको समाधान, सम्भावनाको खोजी र चलचित्र उद्योगको उत्थान र सुधारमा महत्वपूर्ण भूमिका खेल्दै आइरहेको छ ।

संघमा हालसम्म भरत शाक्य (२०५६, २०५८), विदुर गिरी (२०६१, २०६७), शान्तिप्रिय (२०६४, २०७०), सन्दीप सापकोटा (२०७३), दिनेश सिटौला (२०७६) र समीर बलामी (२०७९)ले अध्यक्षको रुपमा रही नेतृत्व गरिसक्नु भएको छ । संघद्वारा प्रकाशित 'चलचित्र पत्रकार : इतिहासदेखि वर्तमानसम्म २०८२' पुस्तकमा उल्लेख भएअनुसार संघमा हाल ५८४ भन्दा बढी पत्रकारको आबद्धता रहेको देखिन्छ ।

### झापामा चलचित्र पत्रकार संघ नेपालको अवस्था

मोफसलमा बिट पत्रकारिताको अभ्यास निकै कम रहेको छ । एउटा पत्रकारले सबै बिट नहेरी मोफसलमा टिक्न निक्कै गाह्रो कुरा हो । चलचित्र बिटमा त अझै कम अभ्यास भएको देखिन्छ । कला मनोरञ्जनको क्षेत्रमा छिट्पुट कलम चलाइएको पाइए पनि समग्र चलचित्र क्षेत्रलाई विषय बनाएर पत्रकारिता गर्ने काम भएको पाइँदैन । २०८० साल असोज २४ गते झापामा चलचित्रमा चासो राख्ने पत्रकारहरूको भेलाबाट पहिलो पटक पत्रकार रमेश तिवारीको अध्यक्षतामा संघको तदर्थ समिति गठन भयो ।

संघका कोशी प्रदेश अध्यक्ष नरेन्द्र बस्नेतको अध्यक्षता, केन्द्रीय अध्यक्ष समीर बलामीको प्रमुख आतिथ्य तथा संघका महासचिव रघुनाथ सापकोटाको विशेष आतिथ्यमा भएको भेलाबाट संघको १५ सदस्यीय तदर्थ समिति गठन भएको थियो । यससँगै झापामा चलचित्र पत्रकारिता र यस सम्बन्धी गतिविधि बढेको छ ।

तदर्थ समितिको उपाध्यक्षमा समीर सुवेदी, सचिवमा एकराज प्रधान, सहसचिव सुरज प्रधान, कोषाध्यक्ष शुभला तामाङ, सदस्यहरूमा- सन्तोष न्यौपाने, उद्धव पुरी, सुनिता तामाङ, रविकिरण बान्तवा, सन्तोष शर्मा, अस्मिता साँखी, दिपेन भेटवाल, अभिषेक धमला, नगेन्द्र नेपाल, निराजन निरौला रहेका थिए । समितिले प्रदेश समितिका लागि तुलसी निरौलालाई सिफारिश गरेको थियो ।

संघले चलचित्र पत्रकारिता सम्बन्धी तालिम, अभिमुखीकरण, चलचित्रकर्मी, निर्माण टिमसँग समन्वय, चलचित्र प्रचार-प्रसारमा संयोजन लगायत कार्यमा अग्रसरता देखाउँदै आएको छ ।

संघको २०८२ साल चैत २ गते पहिलो अधिवेशन समेत सम्पन्न भइसकेको छ । चलचित्र पत्रकार संघ नेपालका कोशी प्रदेश संयोजक नरेन्द्र बस्नेतको प्रमुख आतिथ्य तथा कोशी प्रदेश अध्यक्ष सञ्जु राईको विशेष आतिथ्यमा सम्पन्न अधिवेशनले एकराज प्रधानको अध्यक्षतामा नयाँ कार्यसमिति चयन गरेको छ ।

### चलचित्र पत्रकार संघ नेपालको झापा शाखा कार्यसमिति

अध्यक्ष : एकराज प्रधान
उपाध्यक्ष : सुनिता तामाङ
सचिव : सुरज प्रधान
सहसचिव : अभिषेक धमला
कोषाध्यक्ष : अस्मिता साँखी
सदस्यहरू : रविकिरण बान्तवा, भरत प्रसाई, सरोज भट्टराई, टीकाराम बाँस्तोला, सोफिया खड्का, राजेश आचार्य, देव बाँस्कोटा, सविना लिम्बु, वीरेन्द्र तिवारी, सपना रिमाल, विजयराज भट्टराई र सन्देश सहनी । ❖

*(अध्यक्ष : चलचित्र पत्रकार संघ झापा)*



*'सत्य लेख्ने साहस नै पत्रकारको सबैभन्दा ठूलो शक्ति हो'*
– Mahatma Gandhi




## नेपाल पत्रकार महासंघ झापा शाखाको ३६ औं स्थापना दिवस

# १४ औं पद हस्तान्तरण तथा 'सञ्चारकर्मी डायरी' विमोचन

२०८१ साल पुस ९ गतेका दिन नेपाल पत्रकार महासंघ झापा जिल्ला शाखाको ३६ औं स्थापना दिवसको अवसरमा १४ औं पद हस्तान्तरण कार्यक्रम तथा सञ्चारकर्मी डायरी विमोचन सम्पन्न भएको छ ।

बिर्तामोडस्थित इन्द्रेणी ब्यांक्वेटमा आयोजित कार्यक्रमका बीच महासंघ झापाले स्थापना दिवस सहितका कार्यक्रम गरेको हो । प्रमुख अतिथि नेपाल पत्रकार महासंघका पूर्वमहासचिव तथा झापाका अग्रज सञ्चारकर्मी चन्द्र भण्डारीले कार्यक्रमको उद्घाटन गरेका थिए । प्रमुख अतिथि भण्डारी सहित कार्यक्रमका अतिथिहरूले महासंघको झापा शाखामा आबद्ध २२० सञ्चारकर्मीको व्यक्तिगत विवरण सहितको 'सञ्चारकर्मी डायरी'को विमोचन गरेका हुन् ।

नेपाल पत्रकार महासंघ झापा शाखाका अध्यक्ष एकराज गिरीको अध्यक्षतामा भएको कार्यक्रममा स्वागत उपाध्यक्ष केशव भट्टराईले गरेका थिए । सो अवसरमा झापा शाखालाई उत्कृष्ट बनाउन प्राविधिक सहयोग पुऱ्याएको भन्दै पत्रकारहरू सन्तोष शर्मा, सन्तोष अधिकारी, प्राविधिक रुपा मुखिया, महासंघकी कर्मचारी अनुषा चुडाललाई सम्मान गरिएको थियो ।

सो अवसरमा नवनिर्वाचित महासंघका पदाधिकारीहरू, प्रदेश परिषद् सदस्य र राष्ट्रिय परिषद सदस्यलाई समेत प्रमाण-पत्र प्रदान गरिएको थियो । २०८१ साल मंसीर २८ गते सम्पन्न निर्वाचनबाट निर्वाचित महासंघको जिल्ला कार्यसमिति, राष्ट्रिय परिषद् सदस्य र प्रदेश परिषद् सदस्यहरूलाई प्रमाण-पत्र वितरण तथा पद हस्तान्तरण गरिएको हो ।

निर्वाचन समिति संयोजक शिरो सान्दाइ (शिरोमणि खतिवडा)ले नवनिर्वाचित समितिको नाम घोषणा गर्दै प्रमाण-पत्र प्रदान गरेका थिए । सोही अवसरमा महासंघ झापा शाखाले निर्वाचन समिति संयोजक खतिवडा सहित निर्वाचन अधिकृत अधिवक्ताद्वय दीपेन्द्र भट्टराई र लक्ष्मी खनाल कोइराला तथा प्राविधिक-प्रमुख विगम श्रेष्ठलाई कदर-पत्र प्रदान गरेको थियो ।

महासंघ झापा शाखाको निर्वाचनमा सचिव पदमा राजु पाठक र प्रदीप परियारको मत बराबरी आएसँगै गोला प्रथाबाट पहिलो कार्यकाल पाठक र दोस्रो कार्यकाल परियारले सञ्चालन गर्ने समेत टुंगो लगाइएको छ ।

कार्यक्रममा अग्रज पत्रकार तथा महासंघ झापा शाखाका पूर्वअध्यक्ष गोविन्दचन्द्र छेत्री, प्रेस काउन्सिल नेपालका सदस्य गणेश पोखरेल सहित महासंघका कोशी प्रदेश उपाध्यक्ष अम्बिका भण्डारी, प्रदेशका निवर्तमान कोषाध्यक्ष विमल लामिछाने, फोनिजका केन्द्रीय सदस्य दिपीन राई, पत्रकार गिरिराज भट्टराई, प्रदीप परियार, शम्भुजीत दाहाल, राजेन्द्र गौतम, लीला अनमोल लगायतले शुभकामना मन्तव्य दिएका थिए । कार्यक्रमको सञ्चालन डिकेश लामा र राजु पाठकले संयुक्त रुपमा गरेका थिए । ❖











# पत्रकारिता क्षेत्रको सबलीकरणका लागि झापाका स्थानीय तहसँग अन्तरसंवाद

२०८१ चैत ६ का दिन झापाको बिर्तामोडमा आयोजित 'पत्रकारिता क्षेत्रको सबलीकरणमा स्थानीय तहको भूमिका' विषयक अन्तरसंवाद कार्यक्रम सम्पन्न भएको छ। कार्यक्रममा झापाका स्थानीय तहले पत्रकारिताका क्षेत्रको सबलीकरणका लागि आ-आफ्नो तर्फबाट सहयोग गर्ने प्रतिबद्धता जनाएका छन्। लोकतन्त्रको मेरुदण्डका रुपमा रहेको पत्रकारिता क्षेत्रको विकास र प्रवर्द्धनका लागि आफूहरूले सहयोग गरिरहेको र आगामी दिनमा समेत गर्ने उनीहरूले प्रतिबद्धता जनाए।

प्रदेश सरकारको आन्तरिक मामिला तथा कानून मन्त्रालयको सहकार्यमा पत्रकार महासंघ कोशी प्रदेशको आयोजना तथा पत्रकार महासंघ झापाको समन्वयमा भएको सो अन्तरसंवाद कार्यक्रमको औचित्यमाथि प्रकाश पार्दै पत्रकार महासंघ कोशी प्रदेश अध्यक्ष भरत खड्काले स्थानीय सञ्चारमाध्यम बन्द हुनुका साथै पत्रकार पलायन हुने क्रम बढेको बताए।

'स्थानीय सरकारको प्रवक्ताको रुपमा रहेको स्थानीय सञ्चारमाध्यमको सबलीकरण गर्न जरुरी छ', उनले भने, 'जसका लागि नीति निर्माण गर्न जरुरी छ, अन्तरसंवादको माध्यमबाट स्थानीय सञ्चारमाध्यमको सबलीकरण कार्यक्रम गरेका हौं।' कोशी प्रदेशका १४ वटै जिल्लामा कार्यक्रम गरिने उनले बताए।

कार्यक्रममा महासंघ झापा शाखाका अध्यक्ष एकराज गिरीले विषयकेन्द्रित प्रस्तुतिकरणका क्रममा कोभिड महामारीपछि झापामा ५ वटा दैनिक पत्रिका र ८ वटा एफएम बन्द भएको बताए। उनले- धेरै जना पत्रकार विस्थापित भएको र हाल महासंघमा २ सय २० जना सदस्य रहेको जानकारी दिए।

अन्तरसंवाद कार्यक्रममा कनकाई नगरपालिकाका नगर-प्रमुख राजेन्द्रकुमार पोखरेलले-खोज पत्रकारितामा जोड दिँदै जनप्रतिनिधिहरूले गरेका राम्रा-नराम्रा दुवै कामको खोजी गरिनु पर्ने बताए। उनले स्थानीय सञ्चारमाध्यमलाई नगरपालिकाले सकेको सहयोग गर्दै आएको जानकारी पनि दिएका थिए।

शिवसताक्षी नगरपालिकाका प्रमुख मेगाहाङ थोप्रा (रोशन)ले- राष्ट्रियता र लोकतन्त्र मजबुत बनाउन मिडियाको भूमिका महत्वपूर्ण











रहेको चर्चा गर्दै राष्ट्रियता कमजोर हुने खालका समाचार सामग्री प्रकाशित नगर्न सञ्चारकर्मीलाई आग्रह समेत गरे ।

'नगरपालिकाले २० लाख रुपैयाँ छुट्याएर स्थानीय सञ्चारमाध्यमको विकासका लागि काम गरिरहेको' बताएका भद्रपुर नगरपालिकाका प्रमुख गणेश पोखरेलले भने, 'सामाजिक सञ्जालका कारण घर-घरमा पत्रकार हुने अवस्था आएको छ, यो विषयमा पत्रकार महासंघले विशेष योजना ल्याउन जरुरी छ ।'

बिना अनुमति महाकालीदेखिका पत्रिकामा सूचना छापेर बिल पठाउने गरेको दिग्दारी सुनाउँदै नगर-प्रमुख पोखरेलले- यस्तो गलत संस्कारको अन्त्य गर्नु पर्नेमा जोड समेत दिए ।

स्थानीय सञ्चारमाध्यमलाई सूचना दिन चाहेर पनि दिन नसकिएको बताएका गौरादह नगरपालिकाका प्रमुख छत्रपति सुवेदीले- 'खरीद ऐनमा राष्ट्रिय मिडियामा सूचना दिनु पर्ने उल्लेख छ । अब त्यसलाई परिमार्जन गरेर स्थानीय मिडियालाई दिने नियम बनाउन जरुरी छ ।'

हल्दिबारी गाउँपालिकाका अध्यक्ष रवीन्द्र लिङ्देनले- 'निश्चित मापदण्ड बनाएर स्थानीय सञ्चारमाध्यम व्यवस्थित गर्नु पर्ने' बताउँदै गाउँपालिकालाई सरकारले जिल्लाभरिमै सबभन्दा कम दिने बजेट दिएका कारण दिन मन लागेर पनि सञ्चारमाध्यमहरूलाई दिन सक्ने अवस्था नरहेको विवशता सुनाउँदै थप भने, 'पार्टी पत्रकारिता गरेर अरुलाई खुइल्याउने काम चैं पत्रकारहरूले गर्नु हुँदैन ।'

बुद्धशान्ति गाउँपालिकाका अध्यक्ष मनोज प्रसाईंको भनाइ थियो- 'मिडियाले जथाभावी एकलौटी ढंगले समाचार सम्प्रेषण गर्दा जनप्रतिनिधिहरूको बदनाम भइरहेको छ । वास्तविकता नबुझी असम्बन्धित व्यक्तिको कुरालाई आधार बनाएर समाचार आउनु गलत हो । सरोकारवाला पक्षसँग बुझेर मात्र समाचार लेख्न म आग्रह गर्छु ।'

दमक नगरपालिकाकी उपप्रमुख रेगिना भट्टराईले नगरपालिकाले नीति तथा कार्यक्रममै समेटेर स्थानीय सञ्चारमाध्यमलाई वार्षिक ३० लाख रुपैयाँ उपलब्ध गराउँदै आएको बताइन् ।

'पत्रकारहरूले राजनीतिक दलको प्रवक्ताका रुपमा समाचार लेख्नु हुँदैन' भन्दै उनले जोड दिइन्- 'मिडियाद्वारा जनप्रतिनिधि र राजनीतिक दलप्रति वितृष्णा फैलाउने काम अन्त्य हुन जरुरी छ ।'

झापा गाउँपालिकाकी कार्यवाहक अध्यक्ष अञ्जुदेवी थपलियाले- सत्य र निष्पक्ष



समाचार नलेखिएको केही प्रसंग सुनाउँदै भनिन्- 'जनप्रतिनिधि र पत्रकार दुबै सुध्रिनु पर्ने आवश्यकता छ ।'

बिर्तामोड नगरपालिकाका उप-प्रमुख नगेन्द्रप्रसाद संग्रौलाले- स्थानीय सञ्चारमाध्यमलाई नगरपालिकाले लोककल्याणकारी विज्ञापन उपलब्ध गराउँदै आएको बताए ।

'शुरुमा ६० लाख रुपैयाँ छुट्याएका थियौं । यस वर्ष आर्थिक अभावका कारण ५० लाख छुट्याएका छौं' भन्दै उनले- 'सबै प्रकारको आन्दोलनमा सञ्चार क्षेत्रको भूमिका महत्वपूर्ण रहेको स्मरण गर्दै हाल मिडियाहरू धराशायी हुने अवस्था सिर्जना हुनु लोकतन्त्रकै उपहास भएको टिप्पणी समेत गरे ।

अर्जुनधारा नगरपालिकाकी उप-प्रमुख खड्गमाया पराजुलीले- स्थानीय सञ्चारमाध्यमलाई बजेट दिने गरेको बताउँदै पत्रकारहरूले व्यक्तिगत कुरा सुनेर नभई तथ्यपरक समाचार लेख्नु पर्नेमा जोड दिइन् ।

कमल गाउँपालिकाकी उपाध्यक्ष प्रमिला न्यौपानेले- मिडियालाई विगतदेखि नै सहयोग गर्दै आएको उल्लेख गर्दै मिडियाले 'भ्यूज'लाई भन्दा 'कन्टेन्ट'लाई महत्व दिनु पर्नेमा जोड दिनु पर्ने बताइन् ।

कचनकवल गाउँपालिकाका उपाध्यक्ष नवराज भट्टराईले भने- सकारात्मक आलोचना जरुरी छ । गलत भइरहेको छ भने त्यसलाई पनि लेख्नु पर्छ ।

कार्यक्रममा अग्रज पत्रकार माधव विद्रोहीले- स्थानीय तहहरूले महत्वपूर्ण काम गरिरहेको हुँदा स्थानीय तहका सकारात्मक कुरालाई बाहिर ल्याएर आम नागरिकमा व्याप्त निराशा चिर्नु पर्ने उल्लेख गर्दै सामाजिक सञ्जालका कारण समाजमा निराशा बढेको बताए ।

पत्रकार महासंघ कोशी प्रदेशकी महासचिव हेमा चेम्जोङले सञ्चालन गरेको कार्यक्रमको अन्त्यमा पत्रकार महासंघ कोशी प्रदेश उपाध्यक्ष अम्बिका भण्डारीले धन्यवाद ज्ञापन गरेकी थिइन् । अन्तरसंवाद कार्यक्रममा स्थानीय तहका नगर-प्रमुख, अध्यक्ष, उप-प्रमुख, उपाध्यक्ष, प्रमुख प्रशासकीय अधिकृत लगायतको सहभागिता रहेको थियो । ❖







# स्थापना दिवसमा बृहत् स्वास्थ्य शिविर

२०८१ चैत १५ गते नेपाल पत्रकार महासंघको ७० औं स्थापना दिवसको अवसरमा महासंघ झापा शाखाको आयोजनामा 'नसर्ने रोगहरुको परीक्षण (स्क्रीनिङ) तथा स्वास्थ्य प्रवर्द्धन कार्यक्रम' सम्पन्न भयो ।

उच्च रक्तचाप, मधुमेह, क्यान्सर र श्वास-प्रश्वास सम्बन्धी रोगको संक्रमण बढ्दै गएको, हरेक ४ जनामध्ये एक जना यसखाले समस्या देखा पर्ने गरेको तथा महिलामा पाठेघर तथा स्तन क्यान्सर र पुरुषमा फोक्सोमा बढी समस्या देखिनुमा अस्वस्थकर खानपान, अधिक अल्कोहल सेवन, शून्य शारीरिक व्यायाम र जनचेतनाको कमी भएको जनस्वास्थ्यविद्‌ले औंल्याइएका थिए ।

जिल्ला स्वास्थ्य कार्यालय र बिर्तामोड नगरपालिकाको स्वास्थ्य शाखाको सहकार्यमा आयोजित सो स्वास्थ्य शिविरमा बिर्तामोड नगर अस्पतालका मेडिकल सुपरिटेन्डेण्ट डा. सुनील अधिकारी सहितका स्वास्थ्यकर्मीहरूले बीएमआई (बडी मास इन्डेक्स), रक्तचाप, मधुमेह (सुगर), मृगौला, पाठेघरको मुखको जाँच लगायत सेवा प्रदान गरेका थिए । शिविर बिर्तामोड-८ स्थित गरामनी स्वास्थ्य चौकीमा आयोजना गरिएको थियो ।

नसर्ने रोगहरूको परीक्षण गर्दा १६० जनामध्ये ६१ जनामा मोटोपन, १४ जनामा मधुमेह, २२ जनामा उच्च रक्तचाप र २ जनामा आङ खस्ने समस्या पहिचान भएको छ ।

महासंघका झापा शाखा अध्यक्ष एकराज गिरीको अध्यक्षतामा भएको शिविर उद्घाटन सत्रमा उपाध्यक्ष तथा कार्यक्रम संयोजक विनिशा गौतमले स्वागत, उपाध्यक्ष सुब्रत न्यौपानेले धन्यवाद ज्ञापन र सचिव प्रदीप परियारले कार्यक्रम सञ्चालन गरेका थिए । ❖






# सञ्चारकर्मी हत्याको विरोध

# पत्रकार महासंघ झापा आन्दोलित

राजावादीहरूले काठमाडौंको तिनकुनेमा २०८१ साल १५ गते गरेको विरोध सभाका क्रममा सञ्चारकर्मी सुरेश रजकको रहस्यमय हत्या र मिडिया हाउसमाथि भएको आक्रमणको विरोधमा नेपाल पत्रकार महासंघको आह्वानमा देशभरका सञ्चारकर्मी आन्दोलित भए ।

सञ्चारकर्मी हत्याको विरोधमा नेपाल पत्रकार महासंघको झापा जिल्ला शाखाले पनि चैत १६ गते बिर्तामोडमा प्रदर्शन गर्‍यो । बिर्तामोडको मुक्ति चोकमा भेला भएका झापाका सञ्चारकर्मीहरूले 'प्रेस स्वतन्त्रताको सम्मान गर, सञ्चारकर्मीको हत्या र सञ्चार गृह आक्रमण गर्नेलाई कारवाही गर, प्रेस स्वतन्त्रता जिन्दावाद, सञ्चारकर्मीको हत्यारालाई कारवाही गर, सञ्चारकर्मीमाथिको आक्रमण बन्द गर' लगायतका प्ले-कार्ड बोकी नारा-जुलुस सहित विरोध प्रदर्शन गरेका थिए ।

सञ्चारकर्मीहरूको बिर्तामोडस्थित हनुमान सेन्ट्रलबाट शुरु भएको र्‍याली पश्चिम वानस्टप मल, इलाका प्रहरी कार्यालय जाने बाटो हुँदै मुक्ति चोकमा आएर कोणसभामा परिणत भएको थियो । कोणसभालाई नेपाल पत्रकार महासंघ झापा शाखाका पूर्वअध्यक्षहरू कृष्ण हुमागाईं, मोहन काजी, गणेश पोखरेलका साथै झापा बारको तर्फबाट पत्रकार महासंघ झापा शाखाका पूर्वअध्यक्ष समेत रहेका तारामणि सापकोटा, मानवअधिकारकर्मी डा.रुपक खनालले सम्बोधन गर्दै सञ्चारकर्मी हत्यामा संलग्नलाई तत्काल कानूनी कारवाहीको माग गरे ।

आन्दोलनकै क्रममा चैत १७ गते सञ्चारकर्मीले विरोधस्वरुप कालोपट्टी बाँधेर काम गर्ने र चैत १८ गते प्रमुख जिल्ला अधिकारीलाई ज्ञापन-पत्र बुझाउने कार्यक्रम तय गरिएको थियो ।

महासंघका झापा जिल्ला अध्यक्ष एकराज गिरीले सञ्चारकर्मीको जिउधनको सुरक्षाका लागि सम्पूर्ण सञ्चारकर्मीहरू एकताबद्ध भएर लाग्नु पर्नेमा जोड दिँदै मृतक सञ्चारकर्मी रजकलाई न्याय दिलाउन महासंघ निरन्तर लाग्ने प्रतिबद्धता व्यक्त गरे ।

विरोध र्‍यालीमा ऐक्यबद्धता जनाउने सञ्चारकर्मी सम्बद्ध संघ-संगठनहरू प्रेस चौतारी, प्रेस युनियन, प्रेस सेन्टर, फोनिज, नारी सञ्चार गृह, सञ्चारिका समूह, बिर्तामोड नगरका उपप्रमुख नगेन्द्रप्रसाद संग्रौला, बिर्तामोड उद्योग वाणिज्य संघ सबैलाई धन्यवाद व्यक्त गरिएको सो कार्यक्रम शाखाका सचिव प्रदीप परियारले सञ्चालन गरेका थिए । ❖










# सुरेश रजकका हत्यारालाई कार्वाही र पत्रकारको सुरक्षा माग गर्दै ज्ञापन–पत्र

२०८१ साल चैत १८ गते नेपाल पत्रकार महासंघ, झापा जिल्ला शाखाको नेतृत्वमा पत्रकार सुरेश रजकका हत्यारालाई कार्वाहीको माग गर्दै झापाका प्रमुख जिल्ला अधिकारी गोपाल कुमार



अधिकारीलाई ज्ञापन-पत्र बुझाइयो।

ज्ञापन-पत्र बुझ्दै प्रजिअ अधिकारीले पत्रकारहरूको सुरक्षा प्रशासनले गर्ने भन्दै पत्रकार र सञ्चारमाध्यममाथि कसैले धाकधम्की दिए खबर गर्न आग्रह गरेका थिए।

राजावादी समर्थकहरूको काठमाडौं, तिनकुनेमा आयोजित विरोधसभा हुने क्रममा कार्यक्रमस्थल छेउको घरबाट भिडियोग्राफी गर्न पुगेका सञ्चारकर्मी रजकको जलेर मृत्यु भएको रहस्यमय घटनाको अविलम्ब छानवीन गरी सो अपराधमा संलग्नलाई सख्त कारवाहीको माग गरिएको ज्ञापन-पत्र बुझेपछि प्रजिअ अधिकारीले यस्तो बताएका थिए।

हत्यामा संलग्नलाई फौजदारी अभियोगमा कारवाही गर्न र उनको परिवारलाई क्षतिपूर्ति दिन, सञ्चारमाध्यम र सञ्चारकर्मीमाथि आक्रमण गर्ने सबैलाई कानूनी कठघरामा ल्याउन तथा क्षति पुर्‍याइएका सञ्चारगृह र सञ्चारकर्मीलाई यथोचित क्षतिपूर्तिका साथै घाइते पत्रकारको उपचारको प्रबन्ध मिलाउन नेपाल पत्रकार महासंघ झापा शाखाले झापा जिल्ला प्रशासन कार्यालय मार्फत नेपाल सरकारलाई ज्ञापन-पत्र बुझाएको हो।

शाखा अध्यक्ष एकराज गिरीले पढेर प्रजिअ अधिकारीलाई हस्तान्तरण गरिएको ज्ञापन-पत्र बुझाउने टोलीमा पत्रकार महासंघको कार्यसमिति, पूर्वअध्यक्षहरू, संघ-संगठनको नेतृत्व, भद्रपुर सहितका प्रेस क्लब अध्यक्ष तथा प्रतिनिधिहरू र झापाली सञ्चारकर्मीहरू सामेल थिए। चैत १८ गते नै दमकस्थित इलाका प्रशासन कार्यालयमा पनि महासंघका प्रतिनिधिहरूको नेतृत्वमा ज्ञापन-पत्र बुझाइएको थियो। ❖






# प्रेस स्वतन्त्रताका लागि झापाका राजनीतिक दलहरूको साझा प्रतिबद्धता

विश्व प्रेस स्वतन्त्रता दिवस (मे ३) को अवसर पारेर नेपाल पत्रकार महासंघ, झापा जिल्ला शाखाले २०८२ साल बैशाख २० का दिन 'प्रेस स्वतन्त्रताका लागि राजनीतिक दलहरूको प्रतिबद्धता' विषयक अन्तरसंवाद कार्यक्रम सम्पन्न गरेको छ ।

बिर्तामोडमा एकै थलोमा उपस्थित झापाका १० राजनीतिक दलका अध्यक्ष तथा प्रतिनिधिहरूले प्रेस स्वतन्त्रताका लागि ५ बुँदे लिखित प्रतिबद्धता जनाए ।

पत्रकार महासंघ झापा शाखाका अध्यक्ष एकराज गिरीको अध्यक्षतामा भएको कार्यक्रममा दलका नेताहरूले सत्य-तथ्यमा आधारित व्यावसायिक र मर्यादित पत्रकारितामा समेत जोड दिए ।

प्रेस स्वतन्त्रताका लागि सुझाव दिएका दलका नेताहरूलाई सञ्चारकर्मीहरूले पनि स्वतन्त्र र निष्पक्ष पत्रकारिताका लागि प्रतिबद्ध रहन आग्रह गरेका थिए ।

सञ्चार क्षेत्र र राजनीतिक दलहरू बीच नियमित अन्तरक्रिया हुनु पर्नेमा समेत जोड दिएका ती दलका जिल्लास्तरीय नेताहरूले संविधानप्रदत्त पूर्ण प्रेस स्वतन्त्रताको व्यवहारमै कार्यान्वयनका लागि प्रतिबद्धता व्यक्त गर्दै हस्ताक्षर समेत गरेका थिए । नेपाल पत्रकार महासंघका पूर्वकेन्द्रीय महासचिव चन्द्र भण्डारी, महासंघ झापा शाखाका पूर्वअध्यक्ष माधव विद्रोही लगायतले दलका नेताहरूलाई प्रेस स्वतन्त्रताप्रति जिम्मेवार बनाउन महासंघले महत्वपूर्ण कार्यक्रम आयोजना गरेको बताए ।

उपाध्यक्ष सुब्रत न्यौपानेले स्वागत सहित औचित्यमाथि प्रकाश पारेको कार्यक्रमको सञ्चालन सचिव राजु पाठकले गरेका थिए भने पत्रकारहरू प्रदीप परियार, विनोद पाण्डे लगायतले जिज्ञासा राखेका थिए । कार्यक्रममा महासंघ झापा शाखाका पूर्वअध्यक्षद्वय गणेश पोखरेल र तारामणि सापकोटा तथा शिरो सान्दाइ सहित ९० भन्दा बढी सञ्चारकर्मीको सहभागिता थियो । ❖

## यस्तो छ प्रतिबद्धता

विश्व प्रेस स्वतन्त्रता दिवसको अवसरमा २०८२ साल बैशाख २० गते (सन् २०२५ मे ३) नेपाल पत्रकार महासंघ झापा शाखाद्वारा आयोजित 'प्रेस स्वतन्त्रताका लागि राजनीतिक दलहरूको प्रतिबद्धता' विषयक अन्तरसंवादमा सहभागी हामी राजनीतिक दलहरूको तर्फबाट निम्न साझा प्रतिबद्धता व्यक्त गर्दछौं–

१. संविधानप्रदत्त पूर्ण प्रेस स्वतन्त्रताको व्यवहारमै कार्यान्वयनका लागि प्रतिबद्ध छौं । साथै, प्रेस स्वतन्त्रताको सम्मान, रक्षा र कार्यान्वयनका लागि सरकार सहित सबै सरोकारवालाको ध्यानाकर्षण गराउँदछौं ।

२. राज्यका तीनै तहमा सञ्चार सम्बन्धी कानूनहरू पूर्ण रुपमा बनाएर कार्यान्वयन गर्न ध्यानाकर्षण गराउँदछौं । साथै, झापा जिल्लाका १५ वटै स्थानीय सरकारलाई एक वर्षभित्र सञ्चार कानून निर्माण र कार्यान्वयन गर्न अपील गर्दछौं ।

३. २०८१/१२/१५ गते काठमाडौंको तिनकुनेमा भएको पत्रकार सुरेश रजकको हत्याको छानवीन गर्न, परिवारलाई क्षतिपूर्ति दिन, घाइते पत्रकारको निःशुल्क उपचार र क्षति पुर्‍याइएका सञ्चारमाध्यमलाई उचित क्षतिपूर्तिको व्यवस्थाका लागि सरकारको ध्यानाकर्षण गराउँदछौं ।

४. पत्रकारको क्षमता वृद्धि तथा पत्रकार महासंघको संस्थागत विकास गर्दै मर्यादित र व्यावसयिक पत्रकारिताको विकासका लागि महासंघ र स्थानीय सरकारबीचको सहकार्यमा जोड दिँदै त्यसका लागि राजनीतिक दलहरूको तर्फबाट आवश्यक सहयोग गर्ने प्रतिबद्धता व्यक्त गर्दछौं ।

५. झापाका पत्रकारको सामाजिक सुरक्षाका लागि महासंघले स्थापना गरेको पत्रकार सहारा उपचार कोषको वृद्धिका लागि झापाका राजनीतिक दलहरूका तर्फबाट समेत पहल गर्ने प्रतिबद्धता व्यक्त गर्दै कोषमा सहयोगका लागि सबै पक्षलाई अपील गर्दछौं । ❖




# सरकारलाई दबाब दिन अन्तरक्रिया

२०८२ साल बैशाख ६ गते नेपाल पत्रकार महासंघ, झापा जिल्ला शाखाको आयोजनामा महासंघ झापाका पूर्वअध्यक्षद्वय, सम्पादकहरू, पत्रकार सम्बद्ध संघ-संगठनका अध्यक्षहरू र सञ्चार गृहका सञ्चालकहरूसँग अन्तरक्रिया सम्पन्न भयो ।

बिर्तामोडस्थित महासंघको कार्यालयमा भएको कार्यक्रम अध्यक्ष एकराज गिरीको अध्यक्षतामा भएको थियो ।

सो अवसरमा २०८१ साल चैत १५ गते काठमाडौंको तिनकुनेमा भएको हिंसात्मक प्रदर्शनमा पत्रकार सुरेश रजकको हत्या, सञ्चारकर्मी र सञ्चार गृहमाथि आक्रमण गरी क्षति पुर्‍याइएको विषयमा दोषीलाई कार्वाही, पीडित परिवारलाई न्याय, घाइतेलाई उपचार तथा क्षतिपूर्ति र पत्रकारहरूको सुरक्षाको माग गर्दै महासंघको नेतृत्वमा सरकारको ध्यानाकर्षण गराइएको थियो । सरकारले पत्रकारका मागप्रति बेवास्ता गरेपछि थप दबाब सिर्जना गर्न आयोजित अन्तरक्रियामा महासंघ झापा शाखाका पूर्वअध्यक्षहरू कृष्ण हुमागाईं र तारामणि सापकोटा सहित सहभागी विभिन्न संगठन र सञ्चार गृहका प्रतिनिधिहरूले माग पूरा गराउन दबाब सिर्जनाका लागि सशक्त आन्दोलनको विकल्प नरहेको सुझाव दिएका थिए । ❖





# झापाका १५ वटै पालिकामा ७ बुँदे ज्ञापन-पत्र













नेपाल पत्रकार महासंघ, झापा जिल्ला शाखाले ७ बुँदे माग सहित जिल्लाका १५ वटै पालिकामा ज्ञापन-पत्र बुझायो ।

महासंघ झापा शाखा अध्यक्ष एकराज गिरीको नेतृत्वमा पदाधिकारी तथा कार्यसमिति सदस्यहरूको टोलीले २०८२ साल जेठको पहिलो र दोस्रो साता पालिकाहरूमा ज्ञापन-पत्र बुझाएको थियो ।

ज्ञापन-पत्र मार्फत झापा शाखाले पालिकामा सञ्चार सम्बन्धी आवश्यक नीति तथा सबै कानूनहरू सञ्चारमैत्री रुपमा निर्माण गरी एक वर्षभित्रमा कार्यान्वयन गर्नु पर्ने माग गरेको छ ।

त्यस्तै, सञ्चारमाध्यमहरूको संरक्षण, सञ्चालन र विकासका लागि स्थानीय सूचना तथा विज्ञापन, लोककल्याणकारी सन्देशमूलक विज्ञापन स्थानीय (जिल्लाभित्रका) सञ्चारमाध्यमलाई उपलब्ध गराउनु पर्ने माग गरिएको ज्ञापन-पत्रमा पालिका क्षेत्रमा कार्यरत सबै सञ्चारकर्मीको यसै वर्षबाट वार्षिक नवीकरण हुने गरी स्वास्थ्य बीमा गरिदिनु पर्ने, पत्रकारको सीप, क्षमता विकास तथा मिडिया साक्षरताका लागि पर्याप्त बजेट विनियोजन गरिदिनु पर्ने माग राखिएको थियो ।

स्थानीय सरकारका असल अभ्यास तथा विकासका महत्वपूर्ण कामहरू बारे खोजमूलक अध्ययन र लेखनवृत्ति कार्यक्रमका लागि आवश्यक बजेट विनियोजनको माग सहित महासंघ शाखाले ज्ञापन-पत्र बुझाएको हो ।

साथै, सञ्चारकर्मीको सामाजिक सुरक्षाका लागि नेपाल पत्रकार महासंघ झापा शाखाले स्थापना गरेको पत्रकार सहारा उपचार कोषमा अनुदान सहयोग, पत्रकार महासंघको भौतिक विकास तथा सञ्चार उपकरण खरीदमा आवश्यक सहयोग प्रदान गरिदिनु पर्ने माग समेत गरेको छ ।

बिर्तामोड नगरपालिका प्रमुख पवित्रा महतारा प्रसाईं, अर्जुनधाराका नगर-प्रमुख बलदेवसिंह गोम्देन र उपप्रमुख खड्गमाया पराजुली, मेचीनगर प्रमुख गोपाल बुढाथोकी र उपप्रमुख मीना उप्रेती, भद्रपुर नगर-प्रमुख गणेश पोखरेल, कनकाई नगर-प्रमुख राजेन्द्र पोखरेल, गौरादहका नगर-प्रमुख छत्रपति सुवेदी, दमक नगरपालिकाका कार्यवाहक प्रमुख भीमप्रसाद पौडेल, शिवसताक्षीका नगर-प्रमुख मेगाहाङ थोप्रालाई ज्ञापन-पत्र बुझाइएको थियो ।

त्यस्तै, गाउँपालिकाहरूमा हल्दिबारी गाउँपालिकाका अध्यक्ष रवीन्द्र लिङ्देन, बुद्धशान्तिका अध्यक्ष मनोज प्रसाईं, बाह्रदशीका अध्यक्ष देवेन्द्र चम्लागाईं, गौरीगञ्जकी अध्यक्ष फूलवती राजवंशी, कमलका अध्यक्ष हुकुमसिंह राई, झापाकी कार्यवाहक अध्यक्ष अञ्जुदेवी थपलिया र कचनकवलका उपाध्यक्ष नवराज भट्टराईलाई ज्ञापन-पत्र बुझाइएको थियो । ❖






BILLIRAM NEPAL
















# बिटु केसीको 'धीत' को परिचर्चा

२०८२ साल जेठ १७ गते झापाको बिर्तामोडमा पत्रकार तथा गजलकार बिटु केसीको गजल संग्रह 'धीत' को परिचर्चा कार्यक्रम सम्पन्न भएको छ ।

नेपाल पत्रकार महासंघ झापा जिल्ला शाखाको आयोजनामा केसीको दोस्रो कृति 'धीत' को परिचर्चा गरिएको हो ।

महासंघ झापा शाखाका अध्यक्ष एकराज गिरीको अध्यक्षतामा भएको कार्यक्रममा 'धीत' को परिचर्चा साहित्यकार शिव प्रणत र विवश बलिभद्र कोइरालाले गरेका थिए । महासंघका पूर्वकेन्द्रीय महासचिव चन्द्र भण्डारी, महासंघ झापा शाखाका पूर्वअध्यक्ष केशव आचार्यले शुभेच्छा मन्तव्य राखेका थिए ।

नेपाल पत्रकार महासंघ झापा शाखाका पूर्वअध्यक्ष तथा स्रष्टाका पति तारा बरालले औचित्यमाथि प्रकाश पारेको कार्यक्रममा स्वागत महासंघ झापा शाखा उपाध्यक्ष विनिशा शर्माले गरेकी थिइन् । कार्यसमिति सदस्य स्वस्तिका आचार्यले सञ्चालन गरेको कार्यक्रममा स्रष्टा केसीले झापासँगको आफ्नो सम्बन्ध प्रकाश पार्दै सबैलाई धन्यवाद ज्ञापन गरिन् ।

कार्यक्रमका बीच महासंघ झापाका संस्थापक-सचिव तथा पूर्वअध्यक्ष बराललाई दीर्घ सेवा सम्मान प्रदान गरिएको थियो । महासंघ झापा शाखाले स्थापना गरेको पत्रकार सहारा उपचार कोषमा योगदान गरेकोमा बराल दम्पतीलाई महासंघका शाखा अध्यक्ष गिरी, पूर्वकेन्द्रीय महासचिव चन्द्र भण्डारी, झापा शाखाका पूर्वअध्यक्षद्वय केशव आचार्य र कृष्ण हुमागाईंले सम्मान-पत्र प्रदान गरेका थिए । सम्मान-पत्रको वाचन महासंघ कार्यसमिति सदस्य इशा प्रधानले गरेकी थिइन् ।

अग्रज पत्रकार, सक्रिय पत्रकार, साहित्यकार, विभिन्न संघ-संस्थाका प्रतिनिधि लगायतको बाक्लो उपस्थिति रहेको कार्यक्रममा साहित्यकारहरू मोक्ष खतिवडा, टीका चापागाईं, खगिन्द्रा खुशी, भगवती ढुंगेल र अम्बिका कँडरियाले 'धीत'भित्रका गजल वाचन गरेका थिए ।

गजल संग्रह 'धीत' काठमाडौंमा विमोचन गरिएको थियो । यसअघि केसीका 'मायाको मात' मुक्तक संग्रह र 'आधा मन' नामक गीति एल्बम सार्वजनिक भइसकेका छन् । ❖








# करफोकमा त्रिदिवसीय पर्यटन पत्रकारिता तालिम

२०८२ जेठ १९ देखि २१ गतेसम्म इलामको सूर्योदय नगरपालिका-१२ मा पर्ने करफोकमा नेपाल पत्रकार महासंघ झापा जिल्ला शाखाको आयोजना, पर्यटन कार्यालय-काँकरभिट्टाको सहकार्य तथा पर्यटन पत्रकार मञ्च-झापाको समन्वयमा ' पर्यटन पत्रकारिता तालिम' सञ्चालन भयो ।

पत्रकारहरूको क्षमता विकासका लागि ३ दिने तालिम आयोजना गरिएको तालिमको प्रतिनिधिसभा सदस्य महेश बस्नेतले उद्घाटन गरेका हुन् । नेपाल पत्रकार महासंघ, झापा शाखाका अध्यक्ष एकराज गिरीको अध्यक्षतामा उद्घाटन कार्यक्रम भएको थियो ।

कोशी प्रदेश पर्यटन वर्ष-२०८२ को अवसरमा पत्रकारहरूको क्षमता विकासका निम्ति तालिम आयोजना गरिएको हो । तालिममा झापा, इलाम, पाँचथर र ताप्लेजुङका ४० जना पत्रकार सहभागी थिए ।

तालिमको उद्घाटन गर्दै बस्नेतले प्रकृति र संस्कृतिको प्रवर्द्धन गरे मात्र पर्यटनको विकास सम्भव रहेको बताए । पर्यटकीय क्षेत्रको विकासका लागि तीन तहकै सरकारको समन्वय अनिवार्य रहेको र सडकले पर्यटकीय क्षेत्रलाई जोड्न सके मात्र यस क्षेत्रको प्रवर्द्धन गर्न सकिने बस्नेतको धारणा थियो ।

आर्थिक समृद्धिको सम्भावना पर्यटन क्षेत्रमा देखिएको बताएका उनले गोल्डेन ट्रेङ्गुलरको रुपमा रहेको काठमाडौं, पोखरा र चितवनका कारण अन्य क्षेत्रबाट पर्यटकहरू आउन नसक्ने हुँदा पुर्वले पश्चिम बंगालका पर्यटकहरूलाई आकर्षित गर्ने कार्यक्रम ल्याउन सुझाव दिए ।

भर्जिन ल्याण्डलाई प्रवर्द्धन गर्दै पर्यटकहरू ल्याउन सकिने सम्भावना देखिएको बताउँदै बस्नेतले सन्दकपुरमा वर्षेनी ३ लाख इण्डियन पर्यटकहरू आउने भए पनि फाइदा लिन नसकिएको चर्चा गरेका थिए ।

उनले सीमा सडकलाई चिवाभञ्ज्याङसम्म जोड्न सके पर्यटकहरूलाई ल्याउन सहज हुने भनाइ राख्दै तीनै तहका सरकारको समन्वयबाट मात्र कोशी पर्यटन वर्ष सफल हुन सक्ने राय दिँदै अहिलेको अवस्थामा कोशी सरकार एक्लै हिंडेकाले सहकार्य गरेर अघि बढ्न सुझाव पनि दिए ।

अग्रज पत्रकार चन्द्र भण्डारीले क्रस बोर्डर पर्यटनको बारेमा आफ्नो अनुभव सुनाएको कार्यक्रममा सहजीकरण गर्दै पत्रकार केदार शर्माले मौलिक र रैथाने खानाको बारेमा आफ्नो धारणा राखे ।

पर्यटन कार्यालयका अधिकृत निरज कट्टेलले कार्यालयले पर्यटनको क्षेत्रमा गरेको गतिविधि र कानूनी जटिलताको बारेमा आफ्नो प्रस्तुति दिएका थिए । कार्यक्रममा नेपाल पत्रकार महासंघका पूर्वमहासचिव चन्द्र भण्डारी, पर्यटन कार्यालय काँकरभिट्टाका पर्यटन अधिकृत निरज कट्टेल, करफोक खलंगा सामुदायिक होमस्टेकी अध्यक्ष कोपिला पोखरेल, परिकल्पनाकार चन्द्र सापकोटा, पर्यटन पत्रकार मञ्च झापाका अध्यक्ष विनोद पाण्डे लगायतले शुभकामना व्यक्त गरेका थिए ।

उद्घाटन कार्यक्रममा स्वागत उपाध्यक्ष सुब्रत न्यौपाने तथा सञ्चालन सहसचिव तिलक योञ्जनले गरेका थिए ।

पत्रकार विराट अनुपम, पर्यटनकर्मी कृष्ण शाहले सहजीकरण गरेको दोस्रो दिनको तालिम सत्रमा करफोकमा एक सातादेखि बसिरहेकी पर्यटक बेलायती नागरिक सु चेम्बरलेनले आफ्नो अनुभव सुनाइन् । ४४ वर्षअघि र अहिलेको पोखराको वातावरणीय अतिक्रमणबाट दिक्क भएर इलाम आएको बताउँदै प्लाष्टिकजन्य फोहोर व्यवस्थापनमा ध्यान दिनु पर्ने महत्वपूर्ण सुझाव दिइन् । उनले नेपालको पर्यटनमा 'दया, संस्कार र सुरक्षा' रहेको भन्दै प्रशंसा समेत गरिन् ।

सूर्योदय नगरपालिकाका प्रमुख रणबहादुर राईले आफ्नो नगरपालिकाले अघि सारेका कन्यामदेखि श्रीअन्तुसम्मको 'टी-ट्रेल' (स्वीस सरकार, प्रदेश र नगरपालिकाको साझेदारीमा), श्रीअन्तुमा 'सुतेरै झुल्के घाम हेर्ने' एकीकृत बस्ती विकास र इलामेली चियाको बजारीकरण जस्ता महत्वाकांक्षी योजना बारे विस्तृत जानकारी दिए।

तालिमको तेस्रो दिन पदमार्ग संयोजक अनिता बोगटीले स्वीस सरकारको विकास सहयोग अन्तर्गत सञ्चालित 'पदमार्गमा आधारित पर्यटन विकास परियोजना'को अवस्था, रणनीति र आगामी ४ वर्षे योजना बारे प्रकाश पारिन्।

सो अवसरमा पर्यटन कार्यालय-काँकरभिट्टाका प्रमुख छवि खतिवडाले पर्यटन कार्यालयले गरिरहेको प्रयास, कोशी प्रदेश सरकारको भूमिका, होमस्टे प्रवर्द्धन र बाह्य पर्यटकको आगमन दर बढाउने नीतिगत प्रयास बारे चर्चा गरे। करफोक खलंगा सामुदायिक होमस्टेकी अध्यक्ष कोपिला पोखरेलले १० जना महिलाको अग्रसरतामा सञ्चालित होमस्टेको सफलताको कथा, द्ययययपष्लना।अफ मार्फत बाह्य पर्यटक बढ्दै गएको अनुभव र पर्यटकले गरेको विश्वास बारे प्रेरणादायी अनुभव सुनाइन्।

महासंघ झापा शाखाका अध्यक्ष गिरीको अध्यक्षतामा तेस्रो दिन समापत्र सत्र भयो। पर्यटन कार्यालय काँकरभिट्टाका प्रमुख छवि खतिवडा, महासंघ इलाम शाखा अध्यक्ष भीम चापागाईं, पाँचथर शाखाका उपाध्यक्ष सरोज शर्मा, पर्यटन पत्रकार मञ्च झापाका अध्यक्ष पाण्डे, सहभागीहरू ताप्लेजुङबाट रेडियो तमोरकी सुनिता रसाइली, झापाबाट कान्तिपुर टेलिभिजनकी रमा दाहाल, इलामबाट नेपाल टेलिभिजनका विजयशेखर भट्टराईले आफ्ना अनुभव सुनाएका थिए। ❖
















# डिजिटल पत्रकारिता, पत्रकार आचार–संहिता जागरण तथा स्थानीय तह रिपोर्टिङ प्रशिक्षण

२०८२ असार १४ गते झापाको बिर्तामोडमा डिजिटल पत्रकारिता, पत्रकार आचार-संहिता जागरण तथा स्थानीय तह रिर्पोटिङ बहस सम्बन्धी द्विदिवसीय बहस/ प्रशिक्षण सम्पन्न भएको छ ।

नेपाल पत्रकार महासंघ झापा शाखाको आयोजना, कोशी प्रदेशको आन्तरिक मामिला तथा कानून मन्त्रालयको सहयोग र प्रेस काउन्सिल नेपालको सहकार्यमा आयोजित प्रशिक्षणमा नेपाल पत्रकार महासंघका पूर्वकेन्द्रीय अध्यक्ष शिव गाउँले र प्रेस काउन्सिल नेपालका मुख्य अधिकृत झविन्द्र भुसालले सहजीकरण गरे ।

झापाका अग्रज, युवा तथा नयाँ पुस्ताका गरी १ सय २५ जना बढीको सहभागिता रहेको बहस/ प्रशिक्षण कार्यक्रममा अहिलेको डिजिटल समयमा पत्रकारितामा देखिएको विकृति र त्यसलाई रोक्दै विश्वसनीय बनाउन पत्रकारले खेल्नु पर्ने भूमिकाका विषयमा प्रशिक्षण दिएका गाउँलेले पत्रकारितालाई जिम्मेवार बनाउनु पर्ने धारणा व्यक्त गरे ।

मुख्य अधिकृत भुसालले पत्रकारले प्रकाशन तथा प्रसारण गरेका सामग्रीहरूको प्रेस काउन्सिल नेपालले निगरानी गर्ने भएकाले पत्रकार जिम्मेवार बन्नु पर्नेमा जोड दिए ।

नेपाल पत्रकार महासंघ झापा शाखाका अध्यक्ष एकराज गिरीको अध्यक्षतामा भएको कार्यक्रममा नेपाल पत्रकार महासंघका पूर्वकेन्द्रीय महासचिव चन्द्र भण्डारी, प्रेस काउन्सिलका सदस्य पदमराज जोशी, नेपाल पत्रकार महासंघका केन्द्रीय सचिव वैकुण्ठ पराजुली, आर्थिक मामिला तथा कानून मन्त्रालयका उपसचिव एवम् सञ्चार तथा सूचना प्रविधि महाशाखा प्रमुख चूडामणि लुइँटेल र पत्रकार महासंघ कोशी प्रदेशकी उपाध्यक्ष अम्बिका भण्डारीले मन्तव्य राखेका थिए ।

मन्त्रालयका महाशाखा प्रमुख लुइँटेलले पत्रकार महासंघको कोशी प्रदेश समिति र प्रदेशका १४ वटै जिल्ला शाखाहरूसँग समन्वय गरेर मन्त्रालयले पत्रकारको क्षमता विकासका क्षेत्रमा काम गरिरहेको बताउँदै प्रदेशका पत्रकारहरूको स्वास्थ्य बीमा कार्यक्रम लागू गर्न लागिएको जानकारी दिएका थिए । झापामा भएको प्रशिक्षण उपलब्धिमूलक भएको र आफूले समेत नयाँ कुरा सिक्ने मौका पाएको भन्दै उनले खुशी पनि व्यक्त गरे ।

कार्यक्रममा पत्रकार महासंघ झापा शाखाका पूर्वअध्यक्ष कृष्ण हुमागाईं, गणेश पोखेल, तारामणि सापकोटा लगायतको आतिथ्य रहेको थियो । शाखा उपाध्यक्ष सुब्रत न्यौपानेले स्वागत र सचिव राजु पाठकले सञ्चालन गरेको कार्यक्रममा प्रेस काउन्सिल र पत्रकारसँग सम्बन्धित प्रश्नोत्तर समेत भएको थियो ।

कार्यक्रमका अतिथिहरूलाई मायाको चिनो प्रदान गरिएको थियो भने सहभागीहरू सबैलाई ५ सय मूल्यको 'नेपाली मिडियाको इतिहास : छापादेखि डिजिटलसम्म' नामक अत्यन्त उपयोगी पुस्तक प्रदान गरिएको थियो ।

पत्रकारहरूको क्षमता विकासका लागि आन्तरिक मामिला तथा कानून मन्त्रालय कोशी प्रदेशको सहयोगमा महासंघ झापाले खरीद गरेर सो पुस्तक वितरण गरेको थियो । ❖






# स्वागत तथा छलफल

२०८२ साल भदौ १ गते अमेरिकाको टेक्सासस्थित हेम-सरिता फाउण्डेशनका संस्थापक हेम पाठक र नेपाल पत्रकार महासंघ झापा शाखाबीच सहयोग आदानप्रदानका विषयमा छलफल भयो ।

महासंघको शाखा कार्यालय-बिर्तामोडमा भएको भेटघाटमा फाउण्डेशनले भ्रष्टाचार विरुद्ध कलम चलाउने पत्रकारलाई हरेक वर्ष पुरस्कृत गर्न महासंघको झापा शाखासँगको सहकार्यमा ५ लाख ५ हजार रुपैयाँको अक्षय कोष सहित स्थापना गरेको 'टंकप्रसाद-रमादेवी पाठक पत्रकारिता पुरस्कार'लाई अझ व्यवस्थित बनाउने, फाउण्डेशनका आगामी नयाँ कार्यक्रम र योजनाहरूका विषयमा छलफल भयो ।

फाउण्डेशनका सदस्यहरू यज्ञ पाठक र परशुराम पाठकका साथै शाखाका पदाधिकारी तथा कार्यसमिति सदस्यहरूको पनि सहभागिता रहेको छलफल कार्यक्रममा महासंघको झापा शाखा अध्यक्ष एकराज गिरी, पूर्वअध्यक्ष कृष्ण हुमागाईं, उपाध्यक्ष सुब्रत न्यौपाने, सचिव राजु पाठकले महासंघका काम र भइरहेका पहल बारे जानकारी गराउँदै फाउण्डेशनसँगको सहकार्यलाई अझ प्रभावकारी बनाउने विषयमा प्रतिबद्धता जनाएका थिए । ❖






# जिल्ला प्रशासन कार्यालयमा झापाली पत्रकारको धर्ना

२०८२ साल भदौ १२ का दिन झापा जिल्लाका पत्रकारहरू सडकमा उत्रिए । कोशी प्रदेश सरकारले प्रदेश संसद्मा प्रस्तुत गरेको विधेयक अनुमोदनको तयारी अवस्थामा छ र उक्त विधेयकमा संविधानमै उल्लेख भएको प्रेस स्वतन्त्रता विरोधी थुप्रै प्रावधान राखिएकाले उक्त विधेयक सच्याउन माग गर्दै पत्रकार सडकमा उत्रिएका हुन् ।

नेपाल पत्रकार महासंघ कोशी प्रदेश समितिको आह्वानमा झापा सहित १४ वटै जिल्लाको प्रशासन कार्यालयमा पत्रकारहरूले विरोधस्वरुप धर्ना दिएका छन् । झापा जिल्ला प्रशासन कार्यालयको मूल गेटमा झापाका पत्रकारहरूले बिहान ११ देखि १२ बजेसम्म धर्ना दिएका थिए ।

धर्नापछि महासंघका पूर्वकेन्द्रीय महासचिव चन्द्र भण्डारी, महासंघको कोशी प्रदेश समिति उपाध्यक्ष अम्बिका भण्डारी र महासंघका झापा अध्यक्ष एकराज गिरीले मन्तव्य व्यक्त गर्दै विधेयकमा रहेका प्रेस स्वतन्त्रता विरोधी बुँदाहरू नसच्याएसम्म आन्दोलन नरोकिने बताए । ❖






# मौन विरोध प्रदर्शन

२०८२ साल भदौ २७ का दिन झापाको बिर्तामोडस्थित मुक्ति चोकमा नेपाल पत्रकार महासंघ झापा शाखा र बार एसोसिएशनको आयोजनामा मौन ऱ्याली निकालियो । शान्ति र लोकतन्त्रका लागि पेशागत सञ्जाल (पापड) र नागरिक अगुवाहरूले शान्तिपूर्ण मौन विरोध प्रदर्शन गरेका हुन् ।

देशव्यापी मौन विरोध प्रदर्शन अन्तरगत बिर्तामोडको मुक्ति चोकबाट शान्तिपूर्ण ऱ्याली गरिएको थियो । नेपाल पत्रकार महासंघ झापाका अध्यक्ष एकराज गिरीको नेतृत्वमा विभिन्न संघ-संस्थाका प्रतिनिधि, पत्रकारहरू लगायतको उपस्थितिमा शान्ति र लोकतन्त्रको लागि सेभ द नेशन, सेभ द कन्स्टिच्यूशन लेखिएका प्लेकार्ड बोकेर मौन ऱ्याली निकालिएको थियो ।

मुक्ति चोकबाट अधुवा खोलाको पुल हुँदै पुनः मुक्ति चोकमा पुगेर शान्तिपूर्ण मौन विरोध जनाउँदै ऱ्याली समापन भएको थियो । ❖









# खबरदारीसहित मनाइयो संविधान दिवस

२०८२ असोज ३ गते पत्रकार महासंघ झापा शाखाले खबरदारीका साथ संविधान दिवस-२०८२ मनायो । महासंघ झापाले बिर्तामोडमा प्रभातफेरी सहित कोणसभा गरेर संविधान दिवस मनाएको हो ।

हनुमान कम्प्लेक्स अगाडिबाट निकालिएको र्‍याली मुक्ति चोक, अधुवा खोलाको पुल, इलाका प्रहरी कार्यालय बिर्तामोड हुँदै पुनः मुक्ति चोकमा आई कोणसभामा परिणत भएको थियो । पत्रकार महासंघ झापाको नेतृत्वमा, विभिन्न संघ-संस्थाका प्रतिनिधि, सञ्चारकर्मीहरू सहभागी र्‍यालीमा सहभागीहरूले "प्रेस स्वतन्त्रता जिन्दावाद, संविधान दिवस जिन्दावाद, संविधानको रक्षा गर, प्रेस स्वतन्त्रताको ग्यारेन्टी गर, भ्रष्टाचारको अन्त्य, सुशासन र शान्ति हाम्रो चाहना" जस्ता नारा लगाएका थिए ।

कोणसभामा पत्रकार महासंघ कोशी प्रदेश उपाध्यक्ष अम्बिका भण्डारी, झापा अध्यक्ष एकराज गिरी, मानव अधिकार सञ्जाल झापा संयोजक रुपक खनालले सम्बोधन गर्दै लामो संघर्षपछि संविधानसभाबाट जारी भएको लोकतान्त्रिक संविधानको सबै पक्षबाट सुरक्षा हुनु पर्ने धारणा राखेका थिए । ❖






# झापाकी पहिलो पत्रकार महिलासँग भेटघाट

२०८२ साल कार्तिक १८ गते झापाकी प्रथम महिला पत्रकार राधा शर्मा अमेरिकाबाट नेपाल आएको अवसरमा बिर्तामोडस्थित नेपाल पत्रकार महासंघको कार्यालयमा भेटघाट तथा नेपाल र अमेरिकाको पत्रकारिता सम्बन्धी अनुभव आदानप्रदान भयो ।

महासंघ कार्यसमिति र नारी सञ्चार गृहको कार्यसमितिसँगको संयुक्त भेटघाटमा उनले २०३४ सालदेखि आफूले पत्रकारिता गर्दाको अनुभव सुनाइन् ।

अहिलेको पत्रकारितामा सुधारको आवश्यकतामा जोड दिँदै पत्रकारहरू राजनीतिक दलको कार्यकर्ता बन्न छोडेर व्यावसायिक पत्रकारिताको विकासमा लाग्नु पर्नेमा जोड दिइन् । महासंघ झापाका अध्यक्ष एकराज गिरी, नारी सञ्चारकी अध्यक्ष स्वस्तिका आचार्य लगायतले झापाको पत्रकारिता र संस्थागत प्रयास बारे जानकारी गराए । ❖






## मैत्रीपूर्ण फूटबल प्रतियोगितामा सहभागिता

*१८ औं गणतन्त्र दिवसको अवसरमा २०८२ साल जेठ १५ गते बिर्तामोड नगरपालिकाको अनारमनी, बिर्ताबजारस्थित डोमालाल राजवंशी रंगशालामा अखिल नेपाल खेलकूद महासंघ-झापा र अखिल क्रान्तिकारीद्वारा आयोजित मैत्रीपूर्ण फूटबल प्रतियोगितामा नेपाल पत्रकार महासंघको तर्फबाट सहभागिता जनाइयो ।*

# लैंगिक हिंसा न्यूनीकरणमा डिजिटल सुरक्षा कार्यशाला




२०८२ मंसीर १४ गते झापाको बिर्तामोडमा डिजिटल सुरक्षा सम्बन्धी कार्यशाला सम्पन्न भएको छ । लैंगिक हिंसा विरुद्धको १६ दिने अभियान अन्तर्गत लैंगिक हिंसा न्यूनीकरणका लागि कार्यशाला सम्पन्न भएको हो ।

नेपाल पत्रकार महासंघ झापा शाखाको महिला विभाग र नारी सञ्चार गृह झापाको संयुक्त आयोजनामा भएको कार्यक्रममा राष्ट्रिय महिला आयोगकी सदस्य तथा प्रवक्ता कृष्णकुमारी खतिवडाले लिंगका आधारमा हिंसा हुन नहुने जिकीर गर्दै जुनसुकै उमेरका महिलाहरू पनि पीडित भइरहेको उनको भनाइ थियो ।

अहिले पनि नेपालमा महिलाको नेतृत्व स्वीकार गर्न नसकिएको र महिलाहरू पुरुषको आज्ञापालक मात्र भइरहेको खतिवडाले बताइन् ।

त्यस्तै, कार्यक्रममा झापाका प्रमुख जिल्ला अधिकारी शिवराम गेलाल, नेपाल पत्रकार महासंघ कोशी प्रदेश उपाध्यक्ष अम्बिका भण्डारी, मानवअधिकारवादी डा. रुपक खनाल, नेपाल पत्रकार महासंघ झापाका अध्यक्ष एकराज गिरी लगायतले बढ्दो लैंगिक हिंसा र न्यूनीकरणका लागि सरोकारवालाको भूमिका बारे धारणा राखेका थिए ।

कार्यक्रममा प्रहरी नायव उपरीक्षक खगेन्द्र खड्का र अधिवक्ता कोपिला खड्काले लैंगिक हिंसाको अवस्था र कानूनी



उपचार बारे तथ्यांकगत प्रस्तुति दिएका थिए ।

सहभागीको तर्फबाट अधिवक्ता रञ्जिता कार्की, महिला उद्यमी पार्वता खरेल बिमली, पत्रकार प्रदीप परियार, उमाकान्त खनाल, अधिकारकर्मी दीपक दास लगायतले लैंगिक हिंसा बारे जिज्ञासा राखेका थिए ।

कार्यशालाको अध्यक्षता महासंघ उपाध्यक्ष विनिशा शर्मा गौतम र गृहकी अध्यक्ष स्वस्तिका आचार्यले गरेका थिए भने सञ्चालन गृहकी सचिव दीपा सापकोटाले गरेकी थिइन् । कार्यक्रममा सहभागीले हिंसा न्यूनीकरणका लागि सामूहिक प्रतिबद्धता समेत जनाएका छन् ।

❖

# लैङ्गिक हिंसाविरुद्धको १६ दिने अभियान

## "UNITE TO END DIGITAL VIOLINCE AGAINST ALL WOMEN AND GIRLS"

## "प्रविधिको सही प्रयोग गरौ : लैङ्गिक हिंसा अन्त्य गरौ"

## डिजिटल प्रविधिको प्रयोग गरी लैंगिक हिंसा अन्त्य गर्न सार्वजनिक अपील तथा प्रतिबद्धता

लैंगिक हिंसा कुनै पनि समाजमा स्वीकार्य हुन सक्दैन । यसले व्यक्तिको अधिकार, मर्यादा र सुरक्षामा गम्भीर आघात पुऱ्याउँदछ । बदलिँदो विश्वको प्रविधिमैत्री वातावरणमा डिजिटल माध्यमको दुरूपयोगका कारण उत्पीडन तथा हिंसाका नयाँ रूपहरू देखा परिरहेका छन् । जस्तैः अनलाइन दुर्व्यवहार, साइबर बुलिङ, असुरक्षित डाटा प्रयोग, गैर-सहमतिको सामग्री प्रसारण, हैरानीपूर्ण सन्देश र डिजिटल निगरानी आदि । त्यसैले,सुरक्षित र समान डिजिटल वातावरण निर्माण गर्नु आजको प्रमुख आवश्यकता हो ।

### हामी सबैको सार्वजनिक अपिल

हामी सरोकारवाला निकाय, सामाजिक संघ संस्था, पत्रकार, मानवअधिकारकर्मीका तर्फबाट डिजिटल प्रविधिको जिम्मेवार, सुरक्षित र न्यायपूर्ण उपयोगको माध्यमबाट लैंगिक हिंसा अन्त्य गर्न निम्न कुरामा सबैलाई अपिल गर्दछौं :

- अनलाइन तथा अफलाइन सबै किसिमका लैंगिक हिंसा, भेदभाव, हैरानी र दुरूपयोगविरुद्ध आवाज उठाऔं ।
- डिजिटल माध्यममा कसैको पहिचान, गोपनियता वा व्यक्तिगत डाटा दुरूपयोग गर्ने कार्य तत्काल रोकौं ।
- अनलाइन हिंसा वा दुरूपयोग देखेमा 'सेफ रिपोर्टिङ' प्रणाली प्रयोग गरौं र पीडितलाई सहयोग गरौं ।
- सामाजिक सञ्जाल प्रयोग गर्दा सुरक्षित पासवर्ड, दुई-चरणीय प्रमाणीकरण, गोपनीयता सेटिङजस्ता सुरक्षात्मक उपाय अवलम्बन गरौं ।
- युवा, विद्यार्थी तथा उपयोगकर्तालाई साइबर सुरक्षा, डिजिटल लैंगिक हिंसा र सुरक्षित प्रयोग सम्बन्धी सीप प्रदान गर्न सामुदायिक तथा संस्थागत तहमा कार्यक्रमहरू विस्तार गरौं ।
- डिजिटल सामग्री प्रवाह गर्दा सम्मानजनक भाषा, समावेशी व्यवहार र जिम्मेवार नागरिकको कर्तव्य पालन गरौं ।

### हाम्रो प्रतिबद्धता

**हामी यो सार्वजनिक मञ्चमा प्रतिबद्धता व्यक्त गर्दछौं कि:**

- डिजिटल प्रविधिलाई परिवर्तन, सशक्तिकरण र न्यायको उपकरणका रूपमा प्रयोग गर्नेछौं ।
- लैंगिक समानता र मानव अधिकारको संरक्षणका लागि अनलाइन-अफलाइन सबै ठाउँमा सक्रिय रहन्छौं ।

डिजिटल हिंसाविरुद्ध शून्य सहनशीलता अपनाउनेछौं ।

- पीडितहरूलाई सहयोग गर्न, उनीहरूको सुरक्षा र सम्मान सुनिश्चित गर्न निरन्तर सहयोग गर्नेछौं ।
- समाजमा डिजिटल रूपान्तरणसँगै सुरक्षित, समतामूलक र हिंसामुक्त संस्कृतिको विकासका लागि अभियान सञ्चालन गरिरहने छौं ।

*१४ मंसीर २०८२ (बिर्तामोड, झापा)*






# भ्रष्टाचारविरुद्ध कलम चलाउने पत्रकारलाई 'टंकप्रसाद-रमादेवी पाठक पत्रकारिता पुरस्कार'

## लैंगिक हिंसाविरूद्ध १६ दिने अभियानका लागि लेखनवृत्ति

२०८२ साल मंसीर २३ गते भ्रष्टाचार विरुद्ध र सुशासन प्रवर्द्धनका लागि कलम चलाउँदै आएका झापाका ३ जना पत्रकारलाई टंकप्रसाद-रमादेवी पाठक पत्रकारिता पुरस्कार वितरण गरिएको छ ।

५० हजार ५ सय ५५ रुपैयाँको उक्त पुरस्कार प्रेस काउन्सिल नेपालका अध्यक्ष डा.कुमार शर्मा आचार्यको प्रमुख आतिथ्यमा बिर्तामोडमा नेपाल पत्रकार महासंघ झापाद्वारा आयोजित कार्यक्रमका बीच वितरण गरिएको हो ।

अमेरिकाको टेक्सासस्थित हेम-सरिता फाउण्डेशन र नेपाल पत्रकार महासंघ झापा शाखाको सहकार्यमा स्थापित उक्त पुरस्कार २०८१ सालका लागि पूर्वाञ्चल दैनिकका सहसम्पादक सुरेन्द्र भण्डारी, जनआन्दोलन साप्ताहिककी सम्पादक इन्दू पूर्वेली गौतमलाई संयुक्त रुपमा प्रदान गरियो भने २०८२ बाट नयाँ पत्रिका दैनिकका झापा समाचारदाता चिरञ्जीवी घिमिरे पुरस्कृत भएका छन् ।

पुरस्कृत भण्डारी र गौतम झापाको बिर्तामोडलाई कर्मथलो बनाएर पत्रकारिता गरिरहेका छन् भने घिमिरे दमकलाई कर्मथलो बनाएर पत्रकारितामा सक्रिय छन् । यसअघि सो पुरस्कारबाट राजबाबु शंकर पुरस्कृत भएका थिए । पुरस्कारका लागि ५ लाख ५ हजार रुपैयाँको अक्षय कोष स्थापना गरिएको छ । सोही अक्षय कोषको ब्याजबाट प्रत्येक वर्ष महासङ्घले पुरस्कार वितरण गर्दै आएको छ ।

डा. आचार्य, मुख्य अधिकृत फणिन्द्र भुसाल, महासंघ कोशी प्रदेश अध्यक्ष भरत खड्का, झापाका पूर्वअध्यक्ष केशव आचार्य र पुरस्कृत प्रतिभा घिमिरेले मन्तव्य राखेका थिए ।



सोही कार्यक्रमका बीच महासंघले लैंगिक हिंसा विरुद्ध १६ दिने अभियानको सामाचार लेखनका लागि पत्रकार जोस्ना श्रेष्ठ र रञ्जिता खड्कालाई जनही ५ हजार रुपैयाँको लेखनवृत्ति प्रदान गरिएको थियो ।

महासंघ झापा शाखाका अध्यक्ष एकराज गिरीको अध्यक्षतामा भएको कार्यक्रममा प्रेस काउन्सिलका अध्यक्ष

महासंघका सचिव राजु पाठकले सञ्चालन गरेको कार्यक्रममा स्वागत उपाध्यक्ष सुव्रत न्यौपानेले र प्रतिभाको संक्षिप्त परिचय महासंघकी उपाध्यक्ष विनिशा शर्माले प्रस्तुत गरेकी थिइन् ।

उक्त कार्यक्रमपछि झापाका सञ्चारमाध्यमका समस्याहरू बारे अन्तरक्रिया गरिएको थियो । ❖

# पत्रकार महासंघ झापा शाखाको ३७ औं स्थापना दिवसमा रक्तदान र झण्डोत्तोलन

२०८२ साल पुस ९ गते नेपाल पत्रकार महासंघ झापा जिल्ला शाखाको ३७ औं स्थापना दिवसको अवसरमा रक्तदान र कार्यालयमा झण्डोत्तोलन कार्यक्रम सम्पन्न भएको छ ।

झापामा रगतको अभाव देखिएको हुँदा मानवीय सेवामा टेवा पुऱ्याउने उद्देश्यले आफ्नो स्थापना दिवसलाई शाखाले रक्तदान कार्यक्रम गरेर मनाएको हो ।

झापाका अध्यक्ष एकराज गिरीको अध्यक्षता र नेपाल रेडक्रस सोसाइटी झापाका सभापति लोकराज ढकालको प्रमुख आतिथ्यमा बिर्तामोडस्थित अतिथि सदनमा भएको कार्यक्रममा ५५ जनाले रक्तदान गरेका थिए ।

प्रमुख अतिथि ढकालले दानमध्येको महादान रक्तदानको आयोजना गरेर पत्रकार महासंघ-झापा शाखाले मानवताको सेवामा महत्वपूर्ण पुण्य कार्य गरेको भन्दै प्रशंसा गरेका थिए ।

ब्लड डोनर्स सोसाइटी झापाको सहकार्य र नेपाल रेडक्रस सोसाइटी झापा शाखा तथा बिर्तामोड उपशाखाको प्राविधिक सहयोगमा रक्तदान सम्पन्न भएको थियो ।

कार्यक्रममा महासंघ झापा शाखाका पूर्वअध्यक्षहरू तारा बराल, कृष्ण हुमागाईं, गणेश पोखरेल, चेम्बर अफ् कमर्श झापाका अध्यक्ष ओमकृष्ण विमली, रोटरी क्लब अफ् बिर्तामोड मिडटाउनकी अध्यक्ष पुष्पाञ्जली सिन्हा, प्रेस सेन्टर झापाका अध्यक्ष पुष्प खड्का, सञ्चारिका समूह झापाकी अध्यक्ष लीला अनमोल लगायतले शुभकामना व्यक्त गरेका थिए ।

अतिथि वक्ताहरूले व्यावसायिक, मर्यादित, तथ्यपरक पत्रकारितामा जोड दिए । उपाध्यक्ष सुब्रत न्यौपानेले स्वागत गरेको कार्यक्रमको सञ्चालन सचिव राजु पाठकले गरेका थिए ।

झापा ब्लड डोनर्स सोसाइटीका अध्यक्ष विष्णु आचार्य, संस्थापक रमेश दाहाल लगायतका अभियानकर्मीले कार्यक्रममा संयोजनकारी भूमिका निर्वाह गरेका थिए ।

कार्यक्रममा नेपाल प्रहरी, सशस्त्र प्रहरी, जेन-जी युनाइटेड मुभमेन्ट नेपाल झापा, पत्रकार र विद्यार्थी लगायत समाजका विभिन्न क्षेत्रका व्यक्तिले रक्तदान गरेका थिए ।

उक्त कार्यक्रममा पत्रकार तथा हल्दिबारी प्रेस क्लबका अध्यक्ष नेत्रबिक्रम विमलीले १२० औं पटक रक्तदान गरेका थिए ।

यसैबीच, सोही दिन स्थापना दिवसको अवसरमा महासंघको बिर्तामोडस्थित कार्यालय भवनमा झण्डोत्तोलन गरिएको थियो । ❖















नेपाल पत्रकार महासंघ झापा
३७ औं स्थापना दिवस
रक्तदान कार्यक्रम
९ पुस २०८२
अतिथिसदन, बिर्तामोड




# निर्वाचन आचार-संहिता तथा मतदाता शिक्षाबारे अन्तरक्रिया

२०८२ साल फागुन १ गते निर्वाचन आचार-संहिता तथा मतदाता शिक्षा बारे झापाका सञ्चारकर्मीहरूसँग अन्तरक्रिया कार्यक्रम सम्पन्न भएको छ।

नेपाल पत्रकार महासंघ झापा जिल्ला शाखा, जिल्ला निर्वाचन कार्यालय झापा र संवाद समूहको संयुक्त आयोजनामा भएको कार्यक्रम नेपाल पत्रकार महासंघ झापा शाखा अध्यक्ष एकराज गिरीको अध्यक्षतामा भएको थियो।




कार्यक्रममा मुख्य निर्वाचन अधिकृत उमेशप्रसाद लुइँटेल, झापाका प्रमुख जिल्ला अधिकारी शिवराम गेलाल, निर्वाचन आचार-संहिता अनुगमन अधिकृत सहायक प्रमुख जिल्ला अधिकारी तेजप्रकाश प्रसाईं, जिल्ला निर्वाचन कार्यालय झापाका प्रमुख तुलसीप्रसाद नेपालले निर्वाचन तयारी, आचार-संहिता अनुगमनको अवस्था तथा मिडियाको भूमिका र अपेक्षा बारे बताएका थिए।



कार्यक्रममा नेपाल पत्रकार महासंघ, झापा शाखा अध्यक्ष गिरीले सञ्चारकर्मी र सञ्चारमाध्यमले पालना गर्नु पर्ने निर्वाचन आचार-संहिता बारेमा सहभागीहरूलाई जानकारी गराएका थिए। कार्यक्रममा महासंघ कोशी प्रदेश उपाध्यक्ष अम्बिका भण्डारी, झापाका पूर्वअध्यक्षहरू चिन्तामणि दाहाल, मोहन काजी, गणेश पोखरेल, तारामणि सापकोटा सहित जिल्लाका ९३ जना सञ्चारकर्मीको सहभागिता थियो। महासंघका शाखा उपाध्यक्ष सुब्रत न्यौपानेले धन्यवाद ज्ञापन गरेको कार्यक्रमको सञ्चालन सचिव राजु पाठकले गरेका थिए। ❖



# पत्रकार महासंघ झापा पुरस्कृत

२०८२ साल फागुन २ गते नेपाल पत्रकार महासंघ, झापा जिल्ला शाखालाई नगद ५१ हजार सहित 'भरत भूर्तेल स्मृति पत्रकारिता पुरस्कार-२०८२' प्रदान गरिएको छ ।

समाजमा सकारात्मक सन्देश प्रवाह र पत्रकारको दिगो हितमा उत्कृष्ट कार्य गरेको भन्दै इलामको रोङ गाउँपालिका-५ मा पर्ने इरौंटार, पाखागाउँमा आयोजित समारोहमा पत्रकार महासंघ झापा शाखाका अध्यक्ष एकराज गिरीलाई उक्त सम्मान-पत्र तथा नगद पुरस्कार प्रदान गरिएको हो ।

पवित्रा-भेषराज खतिवडा स्मृति प्रतिष्ठान, बुद्धशान्ति-५ (झापा) द्वारा आयोजित कार्यक्रमका प्रमुख अतिथि वरिष्ठ पत्रकार तीर्थ कोइराला, प्रतिष्ठानका अध्यक्ष छविलाल खतिवडा र भूर्तेल परिवारका सदस्यहरूले सामूहिक रुपमा पत्रकार महासंघ झापा जिल्ला शाखालाई उक्त सम्मान समर्पण गरेका थिए ।

पत्रकार महासंघ झापा शाखाले २०८१ साल वैशाख ३ गते १ करोड ११ लाख ११ हजार १ सय ११ रुपैयाँको पत्रकार सहारा उपचार अक्षयकोष घोषणा गरी पत्रकारको सामाजिक सुरक्षामा महत्वपूर्ण योगदान पुऱ्याएको भन्दै सम्मान गरिएको थियो ।

'पत्रकारिताको क्षेत्रमा समर्पित यस संस्थाले अत्यन्त सराहनीय कार्य गर्दै नेपाल पत्रकार महासंघ झापा शाखालाई कोशेढुंगाको रुपमा स्थापित गर्न सफल रहेकोले श्री पवित्रा-भेषराज खतिवडा स्मृति प्रतिष्ठानद्वारा स्थापित नवौं भरत भूर्तेल स्मृति पत्रकारिता पुरस्कार-२०८२ द्वारा सम्मानित एवम् पुरस्कृत गर्न पाउँदा हामी गौरवान्वित छौं' -सम्मान पत्रमा भनिएको छ ।

६५ वर्षमाथिका ज्येष्ठ पत्रकारलाई उक्त अक्षय कोषको ब्याजबाट वार्षिक वृत्ति प्रदान गरिँदै आएको जानकारी दिँदै महासंघ झापा शाखाका अध्यक्ष गिरीले कोषमा अब १ करोड २० लाख ५१ हजार रुपैयाँ पुगेको बताए ।

प्रतिष्ठानका अध्यक्ष छविलाल खतिवडाको



२०४६ साल पुस ९ गते स्थापित नेपाल पत्रकार महासंघको झापा शाखाले समाजलाई सुसूचित गर्दै पत्रकारहरूको भलाइका निम्ति महत्वपूर्ण कार्य गर्दै आएको भन्दै कार्यक्रममा प्रशंसा गरिएको थियो । पत्रकारिताको क्षेत्रमा कार्यरत पत्रकारहरू बिरामी तथा घाइते हुँदा उपचार खर्च, सुत्केरी राहत, सदस्यका परिवारमा मरिमराउ हुँदा सरहे सहयोग तथा अध्यक्षतामा भएको कार्यक्रममा विभिन्न क्षेत्रमा उत्कृष्ट योगदान पुऱ्याउने संस्था र व्यक्तिलाई समेत सम्मान गरिएको थियो ।

अग्रज पत्रकार चन्द्र भण्डारीको संयोजकत्वमा सदस्यहरू शिवकुमार पौडेल, जय भण्डारी र शिरो सान्दाइ रहेको छनोट समितिले पुरस्कृत प्रतिभा र संस्थाको छनोट गरेको प्रतिष्ठानका सचिव तथा ज्येष्ठ पत्रकार शिरो सान्दाइ खतिवडाले गरेका थिए । ❖

# झापामा निर्वाचन रिपोर्टिङ र पत्रकार आचार-संहिता अभिमुखीकरण



२०८२ साल फागुन १४ गते नेपाल पत्रकार महासंघ, झापा जिल्ला शाखाको आयोजनामा निर्वाचन रिपोर्टिङ र पत्रकार आचार-संहिता अभिमुखीकरण कार्यक्रम भद्रपुरमा सम्पन्न भएको छ ।

आन्तरिक मामिला तथा कानून मन्त्रालय कोशी प्रदेशको सहयोग तथा नेपाल पत्रकार महासंघ कोशी प्रदेश समितिको सहकार्यमा भएको कार्यक्रमको उद्घाटन नेपाल पत्रकार महासंघ झापा शाखाका अध्यक्ष एकराज गिरीको अध्यक्षतामा भएको थियो ।

चन्द्रगढीस्थित प्रेस क्लब-भद्रपुरको सभाकक्षमा आयोजित कार्यक्रममा निर्वाचन रिपोर्टिङ र पत्रकार आचार-संहिता अभिमुखीकरणको सहजीकरण नेपाल पत्रकार महासंघ झापा शाखाका निवर्तमान उपाध्यक्ष केशव भट्टराई र फोनिज झापाका पूर्वअध्यक्ष गणेशमान मुखियाले गरेका थिए ।



कार्यक्रममा शाखाका पूर्वअध्यक्षद्वय गोविन्दचन्द्र छेत्री र चिन्तामणि दाहाल, प्रेस चौतारी नेपाल झापाका अध्यक्ष प्रदीप परियार, सञ्चारिका समूह नेपाल झापाकी अध्यक्ष लीला अनमोल लगायतले सुझाव तथा मन्तव्य व्यक्त गरेका थिए । उपाध्यक्ष सुब्रत न्यौपानेले स्वागत मन्तव्य, उपाध्यक्ष विनिशा गौतमले धन्यवाद ज्ञापन गरेको कार्यक्रमको सञ्चालन सचिव राजु पाठकले गरेका थिए ।

प्रेस क्लव भद्रपुरका अध्यक्ष राजबाबु शंकर, अग्रज पत्रकार गोपाल गिरी, नेपाल प्रेस युनियन झापाका उपाध्यक्ष इश्वर अधिकारी, ग्रामीण प्रेस क्लब झापाका अध्यक्ष नेत्रबिक्रम विमली, रासस झापाका कार्यालय प्रमुख दीपक चन्द लगायतको आतिथ्य रहेको अभिमुखीकरणमा जिल्लाका सक्रिय ४० पत्रकारको सहभागिता थियो । ❖






# सुरक्षित निर्वाचन रिपोर्टिङ
# पत्रकारलाई प्रेस ज्याकेट

२०८२ साल फागुन २१ गते प्रतिनिधिसभा सदस्य निर्वाचनको सन्दर्भमा सुरक्षित र व्यवस्थित रिपोर्टिङ सुनिश्चित गर्न नेपाल पत्रकार महासंघ, झापा जिल्ला शाखाले उल्लेखनीय भूमिका निर्वाह गरेको छ।

निर्वाचन अवधिभर पत्रकारहरूको सुरक्षालाई प्राथमिकतामा राख्दै महासंघको शाखाले विभिन्न कदमहरू अघि बढाउन सहजीकरण गरेको हो।

शाखाका अनुसार, जिल्लाभर कार्यरत २ सय पत्रकारका लागि प्रेस ज्याकेटको व्यवस्था गरिएको थियो। अर्जुनधारा नगरपालिकाको सहयोगमा उपलब्ध भएका ती ज्याकेटले पत्रकारलाई पहिचान सहित सुरक्षित रूपमा फिल्डमा खट्न सहयोग पुऱ्याएको शाखा अध्यक्ष एकराज गिरीले जानकारी दिए।

पत्रकारलाई प्रेस ज्याकेट वितरण कार्यक्रमको समन्वयात्मक भूमिका निर्वाह गरेका सहसचिव तिलक योञ्जनका अनुसार, प्रेस ज्याकेट लगाएर पत्रकारहरू निर्वाचन रिपोर्टिङका लागि विभिन्न मतदान केन्द्रमा खटिएका थिए। साथै, महासंघले सबै पत्रकारलाई संयमित र जिम्मेवार ढंगले समाचार संकलन तथा सम्प्रेषण गर्न अपील गरेको थियो।

निर्वाचनको दिन फिल्डमा खट्ने पत्रकारहरूका लागि महासंघ झापा शाखाको सिफारिशमा सवारी-पासको समेत व्यवस्था गरिएको थियो, जसले











आवतजावतलाई सहज बनाएको थियो ।

महासंघ झापा शाखाले निर्वाचन अघि, निर्वाचनको दिन र निर्वाचन पश्चात् पनि निरन्तर अनुगमन गर्दै पत्रकारहरूको सुरक्षा र कार्यसम्पादनलाई प्रभावकारी बनाउन पहल गरेको थियो ।

निर्वाचन रिपोर्टिङ तथा पर्यवेक्षणका लागि झापामा देशका विभिन्न जिल्ला तथा देश बाहिरबाट समेत उल्लेख्य संख्यामा सञ्चारकर्मी तथा पर्यवेक्षकहरूको उपस्थिति थियो । ❖








# पत्रकार महासंघ झापा सम्मानित



झापाका सबै प्रतिनिधिसभा सदस्य निर्वाचन क्षेत्रमा स्वच्छ, स्वतन्त्र, निष्पक्ष वातावरणमा निर्वाचन सम्पन्न गराउन पत्रकार महासंघबाट महत्वपूर्ण भूमिका निर्वाह भएको भन्दै नेपाल पत्रकार महासंघ, झापा जिल्ला शाखालाई सम्मान गरिएको छ ।

मुख्य निर्वाचन अधिकृतको कार्यालय-झापाले २०८२ साल फागुन २८ गते भद्रपुरमा एक कार्यक्रमका बीच कदर-पत्र सहित महासंघ, झापा शाखालाई सम्मान गरेको हो ।

मुख्य निर्वाचन अधिकृत उमेशप्रसाद लुइँटेल र झापाका प्रमुख जिल्ला अधिकारी शिवराम गेलालले प्रदान गरेको सो सम्मान नेपाल पत्रकार महासंघ झापा शाखाका तर्फबाट अध्यक्ष एकराज गिरीले ग्रहण गरेका थिए ।


निर्वाचन आयोग, नेपाल
ELECTION COMMISSION, NEPAL
मुख्य निर्वाचन अधिकृतको कार्यालय
भद्रपुर, झापा
कदर-पत्र

श्री पत्रकार महासंघ झापा,

संवत २०८२ फाल्गुण २१ गते सम्पन्न प्रतिनिधि सभा सदस्य निर्वाचन, २०८२ मा तपाईले झापा जिल्लाको सबै निर्वाचन क्षेत्रमा निर्वाचन स्वच्छ, स्वतन्त्र, निष्पक्ष वातारणमा सम्पन्न गर्न, गराउन निर्वाह गर्नुभएको महत्वपूर्ण भूमिकाको उच्च प्रशंसा गर्दै यो कदर-पत्र प्रदान गरिएको छ । तपाईको उत्तरोत्तर प्रगतिको कामनासहित हार्दिक धन्यवाद ज्ञापन गर्दछु ।

उमेशप्रसाद लुइँटेल
मुख्य निर्वाचन अधिकृत

मिति : २०८२ फाल्गुण २८

पत्रकार महासंघ झापा शाखाले निर्वाचनको पूर्वतयारी र निर्वाचनका सन्दर्भमा निर्वाह गरेको समन्वयकारी भूमिका तथा झापाका सञ्चारकर्मी तथा सञ्चारमाध्यमले निर्वाह गरेको भूमिकाको कार्यक्रममा प्रशंसा गरिएको थियो ।

महासंघ झापा शाखा अध्यक्ष गिरीले यो सम्मान महासंघको मात्र नभएर निर्वाचन सम्पन्न गर्न महत्वपूर्ण भूमिका निर्वाह गर्ने सबै सञ्चारकर्मी र सञ्चारमाध्यमको साझा सम्मान भएको बताए ।




महासंघ अध्यक्ष गिरीले झापामा विभिन्न शंकाका बीच निर्वाचन शान्तिपूर्ण र व्यवस्थित रुपमा सम्पन्न गर्न भूमिका निर्वाह गर्ने मुख्य निर्वाचन अधिकृत तथा निर्वाचन अधिकृतहरू, प्रमुख जिल्ला अधिकारी सहित सुरक्षा निकाय, कर्मचारी लगायत सबैको टिमवर्क र कामको प्रशंसा गर्दै धन्यवाद ज्ञापन गरे । ❖

## झापामा पत्रकारिताको शुद्धीकरण र सदृढीकरणको पहल

# ११ बुँदे संकल्प-पत्र पारित




२०८२ साल चैत १६ गते नेपाल पत्रकार महासंघको ७१ औं स्थापना दिवसको सन्दर्भमा झापाको काँकरभिट्टामा 'पत्रकारिताको शुद्धीकरण र सदृढीकरण' विषयक अन्तरक्रिया सम्पन्न भयो ।

नेपाल पत्रकार महासंघ झापा शाखाको आयोजना र मेचीनगर नगरपालिकाको सहकार्यमा भएको कार्यक्रमको उद्घाटन प्रमुख अतिथि महासंघका कोशी प्रदेश समिति अध्यक्ष भरतबहादुर खड्काले गरेका थिए । काँकरभिट्टा खानेपानी कार्यालयको सभाकक्षमा आयोजना गरिएको कार्यक्रममा झापाका क्रियाशील १०७ जना पत्रकारको सहभागिता थियो ।

नेपाल पत्रकार महासंघ झापा शाखाका अध्यक्ष एकराज गिरीको अध्यक्षतामा भएको कार्यक्रममा प्रमुख अतिथि खड्का, नेपाल पत्रकार महासंघका केन्द्रीय पूर्वमहासचिव चन्द्र भण्डारी, कोशी प्रदेश समिति उपाध्यक्ष अम्बिका भण्डारीले शुभकामना व्यक्त गरेका थिए । त्यस क्रममा पत्रकारिताको शुद्धीकरण र सदृढीकरणका लागि ११ बुँदे 'झापा संकल्प-पत्र २०८२' पारित गरिएको छ ।

वक्ताहरूले पत्रकारिताको शुद्धीकरण र सुदृढीकरणका लागि आचार-संहिताको पूर्णपालना, पत्रकारको क्षमता विकास लगायतका विषयमा जोड दिएका थिए ।

कार्यक्रमको दोस्रो सत्रमा विषयकेन्द्रित अन्तरक्रिया गरिएको थियो । झापा शाखाका पूर्वअध्यक्ष मोहन काजीको संयोजकत्वमा गठित संकल्प-पत्र तयारी समितिले प्रस्ताव गरेको ११ बुँदे संकल्प-पत्र सहभागीहरूको सुझाव लिएर संशोधन सहित पारित गरिएको थियो । संकल्प-पत्रमा पत्रकार आचार-संहिताको पूर्ण पालना, पत्रकारिताको स्वच्छता र व्यावसायीकरण, क्षमता विकास लगायतका विषय समेटिएको छ ।

उक्त समितिमा महासंघ झापा शाखाका पूर्वअध्यक्ष तारामणि सापकोटा, अग्रज पत्रकार लोकराज ढकाल, शाखाका सल्लाहकार डिकेश लामा, उपाध्यक्ष विनिशा शर्मा र कोषाध्यक्ष मुक्ति पौडेल रहेका थिए ।

अन्तरक्रियामा महासंघ झापा शाखाका पूर्वअध्यक्षद्वय चिन्तामणि दाहाल र गणेश पोखरेल, सल्लाहकार राजेन्द्र गौतम, प्रेस चौतारी झापाका अध्यक्ष प्रदीप परियार, प्रेस युनियन झापाका सचिव तथा फोनिज झापाका अध्यक्ष अर्जुन राजवंशी, नारी सञ्चार गृहकी अध्यक्ष स्वस्तिका आचार्य, सञ्चारिका समूह झापाकी अध्यक्ष लीला अनमोल लगायतले पत्रकारिता क्षेत्रको सुधारका लागि सुझावहरू दिएका थिए । पत्रकारहरू सन्तोष आचार्य, गगन ढकाल, प्रवीण अधिकारी, राजबाबु शंकर, युवराज आचार्य, विजय भट्टराई, अनिल ढुंगाना, शिशिर चम्लागाईं, सावित्रा दाहाल, उत्तम रिजाल, खगेन्द्र घिमिरे, देवेन्द्र प्रसाईं, उमाकान्त खनाल लगायतले विभिन्न समस्या तथा सुझावहरू राखेका थिए ।

अन्तरक्रियाको आचार-संहिता उपाध्यक्ष सुब्रत न्यौपानेले प्रस्तुत गरेका थिए । सचिव राजु पाठकले सञ्चालन गरेको कार्यक्रममा स्वागत कोषाध्यक्ष मुक्ति पौडेलले गरेका थिए । ❖



# नेपाल पत्रकार महासंघ झापा
# पत्रकारिताको शुद्धीकरण एवम् सुदृढीकरणका लागि
# झापा संकल्प पत्र-२०८२

**प्रस्तावना :**

लोकतन्त्रको मेरुदण्ड, राज्यको चौथो अंग र समाजको ऐनाका रूपमा स्थापित पत्रकारिता जगत जनउत्तरदायी हुनुपर्छ भन्ने मान्यतामा हामी अडिग छौं । आम नागरिक र राज्यबीचको सेतु बन्दै कठिन परिस्थितिमा पनि सत्य, तथ्य र सन्तुलित सूचना सम्प्रेषण गर्नु हाम्रो परम दायित्व हो । नेपालको संविधान २०७२ ले प्रत्याभूत गरेको पूर्ण प्रेस तथा अभिव्यक्ति स्वतन्त्रताको रक्षा गर्दै व्यावसायिक पत्रकारिताको माध्यमबाट विधिको शासन र नागरिक सर्वोच्चता कायम राख्न हामी प्रतिबद्ध छौं ।

पछिल्लो समय सूचना प्रविधिको तीव्र विकाससँगै पत्रकारितामा धेरै चुनौतीहरु थपिएका छन् । कतिपय विकृति, विसंगति र आचरणगत विचलनले यो मर्यादित पेशाको साखमा गम्भीर प्रश्न उठेको छ । पुराना पुस्ताको अनुभव र नयाँ पुस्ताको प्राविधिक सामर्थ्यबीच तादाम्यता मिलाउँदै, जेनजी पुस्ताले उठाएको सुशासन र भ्रष्टाचारमुक्त समाजको चाहनालाई आत्मसात गर्न अब ढिला गरिनुहुन्न । अतः पत्रकारितालाई स्वार्थसमूहको छाँयाबाट मुक्त राखी प्रविधिमैत्री बनाउँदै शुद्धीकरण र पत्रकारको वृत्ति विकासका लागि सुदृढीकरण गर्न मिति २०८२ चैत्र १६ गते नेपाल पत्रकार महासंघ, झापा शाखाद्वारा मेचीनगरको काँकडभिट्टामा आयोजित यो विशेष भेला निम्न ११ बुँदे संकल्प जारी गर्दछ ।

**१. आचारसंहिताको पूर्ण पालना र नैतिक निष्ठाको सवाल :**

नेपाल पत्रकार महासंघ र प्रेस काउन्सिल नेपालद्वारा जारी ‘ पत्रकार आचारसंहिता’लाई हाम्रो पेशागत धर्मको अभिन्न अंग मान्दै यसको अक्षरशः पालना गर्नेछौं । सस्तो लोकप्रियता भन्दा तथ्यको गहिराइमा पुगेर सत्य पस्कने कुरामा हामी विचलित हुने छैनौं । नागरिक पत्रकारिताको अभ्यास बढ्दै गइरइरहेको सन्दर्भमा स्वच्छ र व्यावसायिक पत्रकारिताको विकासका लागि पूर्ण सहयोग र टेवा दिनेछौं । अनलाइन वा सामाजिक सञ्जालमार्फत पोस्ट भइसकेका प्रकाशित वा प्रशारित समाचार सामग्री आर्थिक लेनदेनका लागि बार्गेनिङ गर्ने वा डिलिट गर्ने अमर्यादित तथा डिजिटल संहिता विपरीत कार्य गर्ने छैनौं ।

**२. अनुचित सम्बन्ध र व्यावसायिक दूरीको सवाल :**

प्रहरी, प्रशासन, भन्सार, मालपोत, यातायात तथा अन्य प्रशासनिक र आर्थिक शक्ति केन्द्रहरूसँगको पेशागत मर्यादा बाहिरको अपारदर्शी सम्बन्धलाई पूर्णतः त्याग गर्नेछौं । सूचना लिनेदिने सम्बन्ध बाहेक कुनै पनि प्रकारको व्यक्तिगत वा आर्थिक साँठगाँठलाई पूर्ण निषेध गर्नेछौं । प्रहरी प्रशासनसँग कुनै पनि प्रकारको अवाञ्छित र अनुचित सम्बन्ध राख्ने छैनौं । सुरक्षा निकायका गुप्तचर वा अन्य पदाधिकारीसँग अपारदर्शी साँठगाँठ र सूचनाको दुरुपयोग गरी व्यक्तिगत लाभ लिने जस्ता पत्रकारिताको मर्म विपरीतका कार्य गर्ने छैनौं ।

**३. पेशागत मर्यादा र निष्पक्ष पत्रकारिताको सवाल :**

दलगत स्वार्थ, व्यक्तिगत प्रतिशोध, वैचारिक पूर्वाग्रह र कुनै पनि प्रकारको प्रभावबाट मुक्त रही समाचार संकलन, सम्पादन र सम्प्रेषण गर्नेछौं । पत्रकारिताको शक्तिलाई कसैको पक्षपोषण वा कसैलाई लाञ्छना लगाउने ढंगबाट प्रयोग गर्ने छैनौं । सामाजिक सञ्जाल फेसबुक, एक्स, युट्यूब आदिमा उत्तेजना फैलाउने, हिंसा, विभेद र अपराधलाई प्रश्रय दिने सामग्रीहरू पोस्ट गर्ने छैनौं । पत्रकारहरूबीच नै एकअर्कालाई सामाजिक सञ्जालमा होच्याउने, दोषारोपण गर्ने र सार्वजनिक रूपमा विवाद गर्ने अशोभनीय कार्यहरु गर्ने छैनौं । यदि पत्रकारहरुको कुनै गुनासो वा समस्या भए पत्रकार महासंघ झापाको समन्वयमा आपासी छलफलका माध्यमबाट समाधान गर्नेछौं ।

**४. पेशागत शुद्धताको सवाल :**

नेपाल पत्रकार महासंघको गरिमा जोगाउन महासंघको विधानमा भएको व्यवस्थालाई पूर्णतः कार्यान्वयन गर्नेछौं । महासंघको नयाँ सदस्यता वितरणमा विधानलाई सर्वोपरि मान्दै विधानमा तोकिएको मापदण्ड नपुगेको व्यक्तिहरूको पक्षपोषण गर्ने छैनौं । लामो समयदेखि निष्क्रिय रहेका सदस्यहरूलाई पेशामा सक्रीय बनाउने प्रयास गर्नेक्रममा सक्रिय नहुनेलाई ससम्मान विदाई गर्ने र क्रियाशील नयाँ पुस्ताका पत्रकारहरूलाई महासंघको सदस्यतामा प्रवेशको मार्ग प्रशस्त गर्न सहमत छौं । पत्रकारितामा २० बर्ष भन्दा बढी योगदान गरी पेशामा हाल निष्कृय रहेका अग्रज पत्रकारहरुलाई मानार्थ सदस्यताका लागि महासंघ कोशी प्रदेश समिति र केन्द्रिय समिति समक्ष झापा शाखाको तर्फबाट सिफारिस गर्नेछौं ।

**५.आर्थिक प्रलोभन र विज्ञापनको सवाल :**

अनुचित आर्थिक लाभ, उपहार, सम्मान वा पुरस्कारका लागि कुनै पनि व्यक्ति वा संस्थालाई दबाब दिने वा सोर्सफोर्स लगाउने कार्य गर्ने छैनौं । ‘विज्ञापनलाई समाचार’ र ‘समाचारलाई विज्ञापन’ बनाएर पाठक र दर्शकलाई भ्रमित पार्ने कार्य गर्ने छैनौं । मिथ्या सूचना र भ्रामक समाचारविरुद्ध शून्य सहनशीलता अपनाउनेछौं । पत्रकारितालाई प्रभावित पार्ने खालका गतिविधिबाट आफूलाई पूर्णतः अलग राख्नेछौं । विज्ञापन नदिएको वा व्यावसायिक स्वार्थ पूरा नभएको निहुँमा कसैको पनि व्यक्तिगत चरित्र हत्या हुने गरी प्रतिशोधात्मक ढंगबाट समाचार सम्प्रेषण गर्ने कार्य गर्ने छैनौं । ‘

**६. भूलसुधार र खण्डनको सवाल :**

मानवीय त्रुटिका कारण वा असावधानीवश सम्प्रेषित समाचार तथ्यहीन प्रमाणित भएमा, त्यसबाट मर्का परेको पक्षसँग विना शर्त सार्वजनिक क्षमायाचना गर्दै तत्काल ससम्मान ‘भूलसुधार’ गर्ने उच्च व्यावसायिक संस्कारको प्रदर्शन गर्नेछौं । एउटा सञ्चार माध्यममा

आएको समाचारको आधारहीन खण्डन अर्को माध्यमबाट गर्ने कार्य गर्ने छैनौं। समाचार खण्डनका लागि आयोजना गरिने पत्रकार सम्मेलनहरूको नेतृत्व नगर्ने र समाचारमा चित्त नबुझेमा कानुनी उपचार वा प्रेस काउन्सिलको विधि अपनाउन प्रोत्साहित गर्नेछौं।

### ७. समावेशी र विभेदमुक्त सञ्चार माध्यमको सवाल :

जाति, भाषा, धर्म, लिंग, भूगोल, राजनीतिक आस्था र संस्कृतिका आधारमा कुनै पनि व्यक्ति वा समुदायप्रति घृणा फैलाउने वा विभेद गर्ने कार्य गर्ने छैनौं। सधैं सीमान्तकृत र आवाजविहीनहरूको आवाजलाई प्राथमिकता दिनेछौं।

### ८. संस्थागत सदाचार र नेतृत्वको पारदर्शिताको सवाल :

व्यक्तिगत स्वार्थ सिद्धिका लागि नेपाल पत्रकार महासंघ, पत्रकार सम्बद्ध संघसंगठन तथा आवद्ध सञ्चार गृहको परिचयपत्र र साखको दुरुपयोग गर्ने छैनौं। महासंघ वा अन्य पेशागत संगठनको पदीय हैसियत प्रयोग गरी विज्ञापन संकलन गर्ने वा समाचारको स्रोतमाथि अनुचित प्रभाव पारी व्यक्तिगत लाभ लिने नियत राख्ने छैनौं। महासंघको जिल्ला शाखा, प्रेस क्लब र वैचारिक संघ संगठनहरूको आर्थिक गतिविधिलाई पारदर्शी बनाउन नियमितरुपमा आम्दानी खर्च विवरण सार्वजनिक गर्नेछौं।

### ९. संवैधानिक उपलब्धिको रक्षाको सवाल:

नागरिकको अधिकारका लागि विभिन्न कालखण्डमा भएका संघर्षहरु र शहीदहरुको बलिदानको जगमा नेपाली नागरिकले प्राप्त गरेको संघीय लोकतान्त्रिक गणतन्त्रको रक्षार्थ सदा चनाखो रहँदै तीनै तहका सरकार र राजनीतिक दलहरुको कमी कमजोरीको खबरदारी गर्दै आम नागरिकको हितमा आवाज बुलन्द गर्ने कार्यमा सदैव सचेत र सजग रहनेछौं।

### १०. नयाँ माध्यमको सदुपयोगको सवाल:

नेपाल पत्रकार महासंघ झापा शाखाले समाचार कन्टेट परीक्षण गर्ने संयन्त्र ९ँबअत अजभअप कथकतभ्ँ० निर्माण गर्नेछ। पत्रकारहरुको क्षमता बृद्धिका लागि डिजिटल पत्रकारिताको विकास, नयाँ प्रविधिसम्बन्धी तालिम, कक्षा तथा कार्याशालाहरु संचालन गर्ने, पत्रकारहरुको पेशागत सुरक्षा, सामाजिक सुरक्षा र संचार माध्यमको विकासका लागि पहल गर्ने प्रतिवद्धता गर्दछौं।

### ११. संकल्प पत्र कार्यान्वयनको सवाल:

नेपाल पत्रकार महासंघ झापा शाखामा सम्बद्ध र संचार माध्यममा आवद्ध सबै पत्रकारहरुको छलफल र सुझावको आधारमा तयार पारिएको यी ११ बुँदालाई कार्यान्वयन र पालना गर्नका लागि साझा संकल्प पत्र पारित गरी जारी गर्दछौं।

### अन्त्यमा,

नेपाल पत्रकार महासंघको ७१ औं स्थापना दिवशका अवसरमा महासंघ कोशी प्रदेश समितिका अध्यक्ष भरतबहादुर खड्काको विशेष उपस्थितिमा आयोजित भेलाको यो संकल्प पत्र मस्यौदा समितिका संयोजक : मोहन काजी तथा सदस्यहरु तारामणि सापकोटा, लोकराज ढकाल, डिकेश लामा, बिनिशा शर्मा र मुक्ति पौडेल एवम् सहयोग गर्ने मेचीनगर नगरपालिका कार्यालय तथा सहभागी सबैमा यो भेला धन्यवाद ज्ञापन गर्दछ। ❖



## महासंघद्वारा १३ जना ज्येष्ठ पत्रकारलाई वार्षिक पेन्सन

२०८२ साल चैत १६ गते नेपाल पत्रकार महासंघको ७१ औं स्थापना दिवसको अवसरमा नेपाल पत्रकार महासङ्घ झापा जिल्ला शाखाले १३ जना ज्येष्ठ पत्रकारलाई पेन्सनस्वरुप वार्षिक भत्ता वितरण गरेको छ।

शाखाद्वारा स्थापित 'पत्रकार सहारा उपचार कोष'को ब्याजबाट २०८० सालदेखि ६५ वर्षदेखि ७५ वर्षसम्मका पत्रकारलाई वार्षिक वृत्तिस्वरुप १५ हजार रुपैयाँ र सोभन्दा माथि उमेरका ज्येष्ठ पत्रकारलाई वार्षिक २० हजार रुपैयाँका दरले रकम प्रदान गरिँदै आएको छ।

वार्षिक वृत्तिस्वरुप वार्षिक भत्ता पाउने ज्येष्ठ पत्रकारहरूमा गोविन्दचन्द्र छेत्री, केशव आचार्य, चिन्तामणि दाहाल, चन्द्र भण्डारी, गञ्जबहादुर दाहाल, लक्ष्मण ढकाल, शिरोमणि खतिवडा, विष्णुकुमार भट्टराई, चूडामणि वशिष्ठ, लेखनाथ परदेशी, लीला बराल, गोपाल गिरी र लक्ष्मी लुइँटेल छन्।

सोही कार्यक्रममा केही समय अघि हर्नियाको शल्यक्रिया गराएका ज्येष्ठ पत्रकार लक्ष्मी लुइँटेललाई २५ हजार रुपैयाँ उपचार खर्च समेत प्रदान गरिएको थियो। ❖










Regd. No. CDO. 405/052/053

नेपाल अर्थोपेडिक संघ
NEPAL ORTHOPAEDIC ASSOCIATION (NOA)

Date : 2082-12-12

EXECUTIVE COMMITTEE (2025-2027)
President: Dr. Bimal Kumar Pandey
President Elect: Prof. Dr. Amit Joshi
Immediate Past President: Prof. Dr. Arjun Lamichhane
Senior Vice President: Prof. Dr. Deepak Kumar Dutta
Vice President: Dr. Janith Lal Singh
General Secretary: Dr. Nagmani Singh
Treasurer: Dr. Ram Krishna Dahal
Joint Secretary: Dr. Kiran Gurung
Joint Treasurer: Dr. Sagar Panthi
Members: Dr. Nabin Poudel, Dr. Arjun Prasad Dumre, Dr. Anil Regmi
Scientific Committee Chairman: Dr. Vijayendra Adhikari
Nepal Orthopaedic Association Journal (NOAJ) Editor-in-Chief: Dr. Bibek Banskota
Research Committee Chairman: Dr. Laxman Rijal
Media Manager: Dr. Sushil Sharma
Regional Chapter Representative: Prof. Dr. Navin Kumar Karn (Morang Chapter), Dr. Hemant Gupta (Bharatpur Chapter), Prof. Dr. Bhola Shrestha (Gandaki Chapter), Prof. Dr. Dinesh Shrestha (Nepalgunj Chapter), Dr. Rajendra Shah (Madhesh Chapter), Dr. Pramod Joshi (Far Western Chapter), Dr. Gopal Prasad Gnawali (Lumbini Chapter), Dr. Laxmi Prasad Mainali (Mechi Chapter)

Mr Ekraj Giri
Chairman
FNJ and FNJ family jhapa.

Subject: Letter of Appreciation for Gracing Orthocon 2026 as Guest

Dear Mr Giri,

On behalf of the Nepal Orthopaedic Association (NOA), we would like to express our sincere gratitude and appreciation for your gracious presence as the honoured guest at Orthocon 2026, held successfully in Birtamod, Jhapa.

Your esteemed participation, valuable words of encouragement, and continued support significantly contributed to the success and prestige of the conference. The motivation and recognition extended by your office towards the orthopaedic community were deeply appreciated by all delegates, faculty members, and organizing teams.

Orthocon 2026 served as an important academic and professional platform for knowledge exchange, skill enhancement, and strengthening collaboration among orthopaedic surgeons from across the country. Your presence added great honor to the event and inspired the participants.

We are truly thankful for your time, support, and commitment towards advancing healthcare initiatives in the region. We look forward to your continued encouragement and cooperation in future academic endeavors of the Association.

With sincere regards,

Dr Bimal Kr Pandey, President
Dr Nagmani Singh, General Secretary
Dr Laxmi Psd Mainali, Organising President
Dr Rupesh J Belbas, Organising Secretary

NMA Building, Siddhi Sadan, Exhibition Road, GPO Box No. 20779, Kathmandu, Nepal. Tel. No.: 5325860, 5331646
E-mail: ortho@noa.org.np, Web: www.noa.org.np

# नेपाल अर्थोपेडिक संघद्वारा महासंघ झापालाई सम्मान

२०८२ साल चैत १६ गते नेपाल अर्थोपेडिक संघ मेचीले एक महिना अघि झापामा सम्पन्न गरेको अर्थोकोन सम्मेलनको समीक्षा गर्दै सम्मेलनमा सहयोग पुऱ्याउने संघ-संस्थाहरूलाई कदर-पत्र प्रदान गरेको छ ।

त्यस क्रममा नेपाल पत्रकार महासंघ झापा जिल्ला शाखालाई कदर-पत्रद्वारा सम्मान गरिएको हो । मेची च्याप्टर अध्यक्ष डा.लक्ष्मीप्रसाद मैनालीको अध्यक्षतामा बिर्तामोडमा आयोजित कार्यक्रममा प्रमुख जिल्ला अधिकारी शिवराम गेलालले महासंघ झापा शाखाका अध्यक्ष एकराज गिरीलाई कदर-पत्र प्रदान गरेका थिए । ❖






# निर्णय सच्याउन माग गर्दै सञ्चारमन्त्री र मुख्यमन्त्रीलाई ज्ञापन

सरकारी सूचना तथा विज्ञापन सरकारी सञ्चारमाध्यममा मात्र प्रकाशन/ प्रसारण गर्ने निर्णय सच्याउन माग गर्दै नेपाल पत्रकार महासंघको झापा जिल्ला शाखाले सञ्चार मन्त्री र मुख्यमन्त्रीलाई ज्ञापन-पत्र बुझाएको छ ।

शाखाले चैत २६ गते संघीय सञ्चार मन्त्री र कोशी प्रदेशका मुख्यमन्त्रीलाई झापाका प्रमुख जिल्ला अधिकारी मार्फत ७ बुँदे माग सहितको ज्ञापन-पत्र बुझाएको हो ।

शाखा अध्यक्ष एकराज गिरीको नेतृत्वमा पूर्वअध्यक्षहरू चिन्तामणि दाहाल, मोहन काजी लगायत सञ्चारकर्मीहरूको टोली झापा जिल्ला प्रशासन कार्यालय पुगेर प्रजिअ शिवराम गेलाललाई ज्ञापन-पत्र बुझाएका हुन् । अध्यक्ष गिरीले महासंघको आन्दोलन र मागहरू बारे नेपाल पत्रकार महासंघ केन्द्रीय समिति र कोशी प्रदेश समिति-बिराटनगरलाई बोधार्थ दिइएको संक्षिप्त जानकारीपछि सचिव राजु पाठकले ज्ञापन-पत्र वाचन गरेर बुझाउने कार्यक्रममा शाखाको कार्यसमिति सहित विभिन्न सञ्चारमाध्यमका सम्पादक तथा सञ्चालकहरूको सहभागिता थियो ।

सोही दिन महासंघ झापा शाखाको आयोजनामा प्रेस क्लब-भद्रपुरको प्रेक्षालयमा पत्रकार सम्बद्ध संघ-संगठनका पदाधिकारी र सदस्यहरूको सहभागितामा अन्तरक्रिया गरिएको थियो । कार्यक्रममा सहभागी सञ्चारकर्मीहरूको सामूहिक आवाज 'यही चैत १८ गते प्रधानमन्त्री तथा मन्त्रिपरिषद् को कार्यालयको लेटरहेडमा सचिवस्तरीय निर्णय भन्दै सबै संघीय मन्त्रालय, आयोग र सचिवालय, प्रदेश र स्थानीय तहहरूलाई जारी गरिएको परिपत्रप्रति आपत्ति जनाउँदै सरकारले सो निर्णय नसच्याए सडक आन्दोलनमा जानु पर्छ' भन्ने थियो ।

### पत्रकार महासंघका मागहरू

'सरकारी सूचना तथा विज्ञापन सरकारी सञ्चारमाध्यम मार्फत मात्र प्रकाशन तथा प्रसारण गर्ने' बारेको उक्त निर्णय र परिपत्र तत्काल खारेज गर्न, उक्त परिपत्रलाई आधार बनाइ झापाका केही स्थानीय तहले अर्को निर्णय नभएसम्मका लागि भन्दै रोक्का गरेको लोककल्याणकारी विज्ञापनको भुक्तानी व्यवस्था तत्काल गर्न, संघीयताको भावना अनुसार स्थानीय विज्ञापन अनिवार्य रूपमा स्थानीय सञ्चारमाध्यममा प्रकाशन/प्रसारणका लागि तत्काल व्यवस्था मिलाउन, सरकारी विज्ञापन वितरणलाई पारदर्शी, समानुपातिक र समावेशी बनाउँदै निजी, सामुदायिक तथा सरकारी सबै सञ्चारमाध्यममा न्यायोचित रूपमा वितरण गर्न, अनलाइन सञ्चारमाध्यमको समेत वर्गीकरण गरी लोककल्याणकारी विज्ञापन प्रकाशन गर्ने व्यवस्था मिलाउन लगायत छन् । ❖



# नेपाल पत्रकार महासंघ झापा शाखाले
# स्थापना गरेका पुरस्कारहरू

पत्रकारितामै जीवन समर्पण गर्नु हुने, लामो समय योगदान गर्नु हुने अग्रजहरूको सम्मान तथा पेशामा क्रियाशीलहरूलाई प्रोत्साहित गर्न नेपाल पत्रकार महासंघ झापा जिल्ला शाखाले विभिन्न पुरस्कार स्थापना गरेको छ। नेपाल पत्रकार महासंघ झापा शाखाले तत्कालीन सभापति केशव आचार्य र तत्कालीन निवर्तमान सभापति गोविन्दचन्द्र छेत्रीको अगुवाईमा नेपाली पत्रकारिताको शुरुवातकर्ता मोतीराम भट्टको स्मृतिमा 'मोती पत्रकारिता पुरस्कार', झापाका जेठा पत्रकार/सम्पादक श्यामकृष्ण उपाध्यायको स्मृति र उहाँद्वारा सम्पादित झापाको पहिलो पत्रिका २०१० साल मंसीर १२ गतेदेखि प्रकाशित 'केटो'को सम्मानमा तत्कालीन सभापति चिन्तामणि दाहालको कार्यकालमा 'केटो' पत्रकारिता पुरस्कार र नेपालको संविधान-२०७२ ले समेत हरेक क्षेत्रमा ग्यारेण्टी गरेको समावेशिताको विषयलाई आत्मसात गर्दै अध्यक्ष एकराज गिरीको कार्यकाल अन्तर्गत २०७९ साल कार्तिक २५ को साधारणसभाको निर्णय बमोजिम २०८० सालबाट वितरण हुने गरी सक्रिय समावेशी पत्रकारिता पुरस्कार र उदीयमान पत्रकारिता पुरस्कार स्थापना गरिएको छ। ❖

## 'मोती पत्रकारिता पुरस्कार' (राशि १,०१,१११)

नेपाली पत्रकारिताको प्रारम्भकर्ता मोतीराम भट्टको स्मृतिमा 'मोती पत्रकारिता पुरस्कार' स्थापना गरिएको हो। मोतीराम भट्टले वि.स. १९४३ देखि नेपाली पत्रकारिताको शुरुवात गर्नु भएको हो। उहाँले नेपाली भाषामा पहिलो पत्रिका 'गोर्खा इण्डिया जीवन' प्रकाशित गर्नु भएको थियो। उक्त पत्रिका इण्डियाको बनारसबाट प्रकाशित भएको थियो। मोतीरामकै सक्रियतामा वि.स. १९५५ मा नेपालकै पहिलो पत्रिकाको रूपमा 'सुधासागर'को प्रकाशन शुरु भयो।

'सुधासागर'पछि नेपाली भाषामा नेपालमै प्रकाशित भएको दोस्रो पत्रिका 'गोर्खापत्र' हो। झापामा मोतीरामको स्मृतिमा पत्रकारिता पुरस्कार स्थापना भएकोमा झापाली पत्रकारको रचनात्मक सोच, कार्य र पत्रकारिताको गरिमालाई उच्च बनाउन भएको योगदानको प्रशंसा गर्दै त्यसताका गोरखापत्र दैनिकले सम्पादकीय समेत प्रकाशित गरेको थियो। पुरस्कारको राशि शुरुमा १ हजार रहेको थियो। विभिन्न समयमा पुरस्कारको राशि वृद्धि गर्दै ५१ हजार पुऱ्याइएकोमा नेपाल पत्रकार महासंघ झापा शाखाको २०७९ साल कार्तिक २५ गतेको साधारणसभाको निर्णय बमोजिम यस पुरस्कारको राशि १,०१,१११ (एक लाख एक हजार एक सय एघार रुपैयाँ मात्र) पुर्याइएको छ।

यस पुरस्कारबाट अग्रज पत्रकारहरू नकुल काजी, डिल्लीराम निर्भीक, मदन ढकाल, डिकमान विरही, गञ्जबहादुर दाहाल, लीला बराल, चन्द्र भण्डारी, माधव विद्रोही र गोविन्दचन्द्र छेत्री पुरस्कृत हुनुभएको छ। यो पुरस्कार २५ वर्षदेखि पत्रकारितामा क्रियाशील तथा नेपाली पत्रकारिता र प्रेस तथा अभिव्यक्ति स्वतन्त्रतामा विशिष्ट योगदान पुर्याउने अग्रज पत्रकारमध्ये एक जनालाई प्रदान गरिन्छ।

## 'केटो पत्रकारिता पुरस्कार' (राशि २५,५५५)

'केटो' २०१० साल मंसीर १२ गतेदेखि प्रकाशित हुन थालेको झापा जिल्लाको पहिलो पत्रिका हो। मासिक रूपमा प्रकाशित भएको यो पत्रिका प्राप्त अभिलेख अनुसार तत्कालीन मेची अञ्चलकै जेठो मानिन्छ। श्यामकृष्ण उपाध्याय उक्त पत्रिकाको सम्पादक हुनुहुन्थ्यो। २०५५ सालमा झापाका जेठा सम्पादक श्यामकृष्ण उपाध्यायको स्मृतिमा 'केटो' पत्रकारिता पुरस्कार स्थापना गरिएको हो। उक्त पुरस्कार पहिलो पटक रामनाथ बास्कोटाको कार्यकालमा (२०५८ सालबाट) वितरण शुरु भएको हो। शुरुमा पुरस्कारको राशि ५ सय रुपैयाँ रहेको थियो। विभिन्न समयमा पुरस्कारको राशि वृद्धि गरी १५ हजार पुर्याइएकोमा नेपाल पत्रकार महासंघ झापा शाखाको २०७९ साल कार्तिक २५ गतेको साधारणसभाको निर्णय बमोजिम २५,५५५ (पच्चीस हजार पाँच सय पचपन्न रुपैयाँ मात्र) पुर्याइएको छ। यस पुरस्कारबाट पत्रकारहरू गोपाल गड्तौला, रमेश समदर्शी राई, तीर्थ सिग्देल, यादव पौडेल, दीपक अधिकारी, डिकेश लामा र गीता ढुंगाना पुरस्कृत हुनुभएको छ। यो पुरस्कार १० वर्षदेखि पत्रकारितामा क्रियाशील युवा पत्रकारमध्ये एक जनालाई प्रदान गरिन्छ।

## 'सक्रिय समावेशी पत्रकारिता पुरस्कार' (राशि २५,५५५)

नेपालको संविधान-२०७२ ले समेत हरेक क्षेत्रमा ग्यारेण्टी गरेको समावेशिताको विषयलाई आत्मसात गर्दै नेपाल पत्रकार महासंघ झापा शाखाको २०७९ साल कार्तिक २५ गतेको साधारणसभाको निर्णय बमोजिम 'सक्रिय समावेशी पत्रकारिता पुरस्कार' स्थापना गरिएको छ। पुरस्कारको राशि हाललाई २५,५५५ (पच्चीस हजार पाँच सय पचपन्न रुपैयाँ मात्र) कायम गरिएको छ। यो पुरस्कार १५ वर्षदेखि पत्रकारितामा क्रियाशील महिला, दलित, आदिवासी, जनजाति, मधेशी, मुस्लिम, सीमान्तकृत, पछाडि पारिएका समुदायका पत्रकारमध्ये एक जनालाई प्रदान गरिन्छ। लक्षित समुदायका सवाललाई केन्द्रविन्दुमा राखेर रिपोर्टिङ गर्ने, उनीहरूको सशक्तिकरणमा टेवा पुर्याउने पत्रकार पनि यो पुरस्कारका लागि योग्य मानिन्छन्। पुरस्कार २०८० सालको अधिवेशनबाट वितरण शुरु गरिएको थियो।

## 'उदीयमान पत्रकारिता पुरस्कार' (दुई जनालाई) (राशि ११,१११)

व्यावसायिक पत्रकारिताको अभ्यासमा प्रवेश गरी क्रियाशील उदयीमान पत्रकारहरूलाई प्रोत्साहित गर्न नेपाल पत्रकार महासंघ, झापा शाखाले 'उदीयमान पत्रकारिता पुरस्कार' स्थापना गरेको हो । पुरस्कारको राशि हाललाई जनही ११,१११ (एघार हजार एक सय एघार रुपैयाँ मात्र) कायम गरिएको छ । यो पुरस्कार कम्तीमा ५ वर्षदेखि पत्रकारितामा क्रियाशील उदीयमान पत्रकारमध्ये २ जनालाई प्रदान गरिन्छ । २०८० सालको अधिवेशनबाट यो पुरस्कार वितरण शुरु भयो ।

## 'टंकप्रसाद-रमादेवी पाठक पत्रकारिता पुरस्कार' (राशि ५०,५५५)

भ्रष्टाचार विरुद्ध कलम चलाउने झापाका एक जना पत्रकारलाई हरेक वर्ष ५० हजार ५ सय ५५ रुपैयाँ सहित पुरस्कृत गर्न यो पुरस्कार स्थापना गरिएको हो । यो पुरस्कारको संस्थापक 'हेम-सरिता फाउण्डेशन, टेक्सास, अमेरिका' रहेको छ । पुरस्कार-संस्थापक संस्था र नेपाल पत्रकार महासंघ, झापा जिल्ला शाखाबीच भएको दुईपक्षीय सम्झौता बमोजिम ५ लाख रुपैयाँको अक्षयकोषबाट पुरस्कार स्थापना गरिएको हो ।

हेम-सरिता फाउण्डेशन संस्थापकका पिता टंकप्रसाद पाठक र माता रमादेवी पाठकको नामबाट हरेक वर्ष भ्रष्टाचार विरुद्ध तथा सुशासन प्रवर्द्धनका लागि पत्रकारिता मार्फत महत्वपूर्ण योगदान गर्ने पत्रकारलाई यो पुरस्कार प्रदान गरिँदै आएको छ । अक्षयकोषको ब्याजबाट प्रदान गरिने यो पुरस्कार भ्रष्टाचार विरुद्धको अन्तर्राष्ट्रिय दिवस (डिसेम्बर ९ तारिख) का दिन समर्पण गरिँदै आएको छ ।

## 'लैङ्गिक समानता पत्रकारिता पुरस्कार' (राशि २५,000)

लैङ्गिक समानता हासिल गर्न समाजलाई अभिप्रेरणा गर्ने, समतामूलक समाज निर्माणमा भूमिका खेल्दै पैरवीयुक्त, खोजमूलक र प्रभावशाली समाचार/आलेख प्रकाशन/कार्यक्रम प्रसारण गरी पत्रकारिता गर्ने मध्येबाट एक जना पत्रकारलाई प्रोत्साहित गर्ने उद्देश्यले हरेक वर्ष २५,००० राशि (पच्चीस हजार रुपैयाँ मात्र) सहित पुरस्कृत गर्न 'लैङ्गिक समानता पत्रकारिता पुरस्कार' स्थापना गरिएको छ । समानताको पक्षधर तथा विभेदमुक्त समाजका लागि घरपरिवार गाउँ-टोलमा सदैव प्रेरणा प्रदान गर्नु हुने झापा बिर्तामोड-१ निवासी माता मनमाया र पिता केदार बजगाँईको स्मृतिमा छोरा-बुहारी विपिन (विश्वेश्वर) र विनिता (होमकला) बजगाईंद्वारा महासंघ झापा शाखामा २ लाख ५१ हजार रुपैयाँ अक्षयकोष सहित पुरस्कार स्थापना गरिएको हो ।



*'पत्रकारले केवल समाचार लेख्दैन, उनी समाजको दिशा देखाउने दीपक हुन्'*
– Walter Cronkite

# नेपाल पत्रकार महासंघ झापाका सदस्यहरुको विवरण

| क्र. सं. | नाम थर | सम्पर्क नम्बर | इमेल | कार्यरत सञ्चार माध्यम | कार्यरत पद | सदस्यता प्राप्त मिति |
|---|---|---|---|---|---|---|
| १ | केशवप्रसाद आचार्य | ९८५२६७१६१२ | acharya.keshav67@gmail.com | जनआन्दोलन साप्ताहिक | प्रधान सम्पादक | ०५६ |
| २ | गोपाल गिरी | ९८४२६५२८२७ | girigopal99@gmail.com | नागरिक एफएम | सम्पादक | ०५६ |
| ३ | चिन्तामणि दाहाल | ९८५२६७७९१० | chintamanizee@gmail.com | नागरिक एफएम | समाचार प्रमुख | ०५६ |
| ४ | माधव विद्रोही | ९८४२६७७३८४ | madhabbidrohi@gmail.com | स्वाधीन सम्वाद साप्ताहिक | सम्पादक | ०५६ |
| ५ | राजबाबु शंकर | ९७४९२४३३९७ | samachar2072@gmail.com | साप्ताहिक समाचार | सम्पादक/प्रकाशक | ०५६ |
| ६ | गोविन्दचन्द्र छेत्री | ९८४२६३७०८४ | chhetrigov@gmail.com | द हिमालयन टाइम्स/ नयाँ सन्दर्भ साप्ताहिक | सम्वाददाता/ प्रधान सम्पादक | ०५६ |
| ७ | गञ्जबहादुर दाहाल | ९८५२६७०८७० | purbasandesh@yahoo.com | पूर्व सन्देश दैनिक | सम्पादक/प्रकाशक | ०५६ |
| ८ | लोकराज ढकाल | ९८५२६७२६९८ | lokrajdhakal@gmail.com | जनआन्दोलन साप्ताहिक | सल्लाहकार सम्पादक | ०५६ |
| ९ | तीर्थराज सिग्देल | ९८४२६६२७२४ | birtamode@gmail.com | जनआस्था साप्ताहिक | सम्वाददाता | ०५६ |
| १० | कृष्ण हुमागाई | ९८५२६७२७५५ | humagain2012@gmail.com | जय लोकतन्त्र साप्ताहिक | सम्पादक | ०५६ |
| ११ | लेखनाथ भट्टराई | ९८५२६७१६३३ | lethbhat@gmail.com | स्वतन्त्र लेखक | स्तम्भकार | ०५६ |
| १२ | लेखनाथ शिवाकोटी | ९८१५९९६६२१ | weeklybarun@gmail.com | वरुण साप्ताहिक | कार्यकारी सम्पादक | ०५६ |
| १३ | भीम नेम्वाङ | ९८४२७५५१२१ | bhimgntv@gmail.com | सरोकार टेलिभिजन | प्रतिनिधि | ०५६ |
| १४ | लक्ष्मी लुइँटेल | ९८५२६७१६६१ | laxmiluitel1998@gmail.com | स्वतन्त्र पत्रकार | | ०५६ |
| १५ | चन्द्र भण्डारी | ९८५२६७२३४४ | kanchannews@gmail.com | कञ्चनजंगा एफएम | प्रबन्ध निर्देशक | ०५६ |
| १६ | लीलाप्रसाद बराल | ९८५२६७७३१० | lb.kantipur@gmail.com | स्वतन्त्र पत्रकार | स्तम्भकार | ०५६ |
| १७ | लक्ष्मण ढकाल | ९८४२७११२४० | dhakallaxman099@gmail.com | पूर्वाञ्चल दैनिक | डेस्क सम्पादक | ०५६ |
| १८ | मोहन काजी | ९८५२६७३६२३ | kazia.janasamsad@gmail.com | लोकतन्त्र पोष्ट | प्रधान सम्पादक | ०५६ |
| १९ | दिपीन राई | ९८५२६७११३१ | yalamber.times@gmail.com | यलम्बर टाइम्स साप्ताहिक | सम्पादक | ०५६ |
| २० | रमेश समदर्शी राई | ९८५२६७२७५७ | samadarshi7@gmail.com | न्यूज सञ्जाल डट कम | सम्पादक | ०५६ |
| २१ | गोपाल काफ्ले | ९८५२६७४३९३ | kafleg2004@gmail.com | साझामञ्च डट कम | सम्पादक | ०५६ |
| २२ | इन्द्रजीत मुखिया सुनुवार | ९८५२६७२६५६ | indrajit.mukhiya7@gmail.com | आँगन एफएम | प्रबन्ध निर्देशक | ०५६ |
| २३ | गणेश पोखरेल | ९८५२६७२५६४ | pokhrelg@gmail.com | रेडियो भिजन | सञ्चालक | ०५८।११ |
| २४ | छविराज ढकाल | ९८४४६७८८३० | chhabidhakal50@gmail.com | पूर्वाञ्चल दैनिक | सम्वाददाता | ०५८।११ |
| २५ | बिष्णु सुब्बा | ९८५२६७०१३७ | yagya.press@gmail.com | रासस, प्रदेशवाणी डट कम | सम्वाददाता | ०५८।११ |
| २६ | तारामणि सापकोटा | ९८५२६७१८०१ | tmsapkota@gmail.com | स्वतन्त्र पत्रकार | लेखक | ०५८।११ |
| २७ | सावित्रा दहाल भट्टराई | ९८५२६७७१२० | sabitradb32@gmail.com | स्वाधीन सम्वाद | कार्यकारी सम्पादक | ०५८।११ |
| २८ | टीकाराम नेपाल नेति | ९८५२६४०००० | netinayak@gmail.com | सूर्योदय टेलिभिजन | कार्यक्रम प्रस्तोता | ०५८।११ |
| २९ | एकराज गिरी | ९८४२६३४१६१ | yekrajgiri@gmail.com | पूर्वाञ्चल दैनिक | प्रधान सम्पादक | ०५८।११ |
| ३० | राजेन्द्र प्रसाद गौतम | ९८४२६३४१५४ | krpd31@gmail.com | सप्तकोशी डट कम | प्रदेश ब्युरो प्रमुख | ०६१।८।१० |
| ३१ | लीला अनमोल | ९८५२६७२७९२ | anudiwas@gmail.com | रेडियो बिराट | प्रबन्ध निर्देशक | ०६१।८।१० |
